शीलवती

अयोध्या प्रसाद श्रीवास्तव
Ph: +977-84420494
www.ayodhyashrivastav.com

Copyright disclaimer: All Rights Reserved with Ayodhya Prasad Shrivastav. No part of this book may be reproduced, copied, modified or adapted, without the prior written consent of the author, unless otherwise indicated for stand-alone materials.

श्री
लेखकका - दुई शब्द

नारीमा महासरस्वती, महालक्ष्मी र महाकाली तीन वटै दैवी गुणहरु को वास रहेकोले पतिको निम्ति चरित्र, सन्तानको निम्ति ममता, समाजको निम्ति शील, सहयोगीको निम्ति दया र जीवमात्रमा करुणाद्र महाप्रकृतिको नाम नारी हो । तसर्थ समाजिक रथका दुइ पांग्रा मध्ये पुरुष रुपी पांग्रा भन्दा नारी रुपी पांग्रा निःसंदेह अधिक भारिलो र महत्वपूर्ण रहेको हुँदा नारीको भूमिका, दायित्व र कर्तव्यनिष्ठता बढी गम्भीर हुने गर्दछ । यस कारण कुनै नारी विशेषको यी कुनै भूमिका र गुणमा अपर्याप्तता अथवा विचलन आउँछ भने कुनै स्वार्थी पुरुष अथवा समाजको अन्य कुनै तत्वको जाल परिपंचको शिकार हुनुपर्ने अवस्था श्रृजित हुन्छ । अझ घर देखि बाहिर निस्केर समाजमा पुरुष सरह सेवा दिने कुनै कामकाजी महिलाले यदि पश्चिमा नारीहरुको खुल्लापन र पुरुष सहवासको अनियन्त्रित स्वतन्त्रताको किञ्चित मात्र पनि आभास पाएकी छन् र उनमा यदि स्वतन्त्रालाई मर्यादित राख्न सकने क्षमताको अभाव छ र शीलको मात्रा अधिक भएको कारणबाट सम्पर्कमा आउने वासनाको लोभी पुरुषको क्षणिक इच्छाको सहज परिपूर्ति हुने अवस्था छ भने तिनको पतनको बाटो फराकिलो हुन पुग्दछ जसमा अन्य निर्दोषहरु पनि जबरजस्ती धकेलिन पुग्न सक्दछन् ।

तसर्थ नारी जातिले पुरुषको लम्पंटता, धूर्तता र स्वार्थीपन देखि बच्नकालागि बढी शीलवती नहुने र चारित्रिक पतन पराभवको बाटोलाई उच्च मनोबलका साथ तिरस्कार गर्न सक्ने हुनुपर्दछ । यो समयको मांग हो र यो नितान्त आवश्यक पनि छ भन्ने कुराको पुष्ट्याईको लागि लेखकले विसौं शताब्दीको उत्तरार्धको समयलाई यस कारण छनौट गरेको हो कि त्यस्तो शान्त र सुन्दर समाजमा त अति शीलवतताले पतिताको अवस्था श्रृजित गर्न सक्दछ भने सिनेमा, टेलीवीजन, मोबाइल र इन्टरनेट जस्ता साधनहरुबाट अश्लीलता, उत्तावलोपन र यौन स्वतन्त्रता तथा भोगवादी संस्कृतिको खुल्ला प्रशारण भैरहेकोले मानिसको मानसिक अवस्था विकृत हुँदै गएको समाजलाई सन्तुलित र मर्यादित राख्ने नारीको जिम्मेदारी झन् बढ्दै गएको छ । यसलाई मद्देनजर राख्दै सुहृदय पाठक वर्गले लेखकको उद्देश्य अनुसार कथा वस्तुको प्रस्तुती गर्नुपर्ने बाध्यतालाई हृदयंगम गरी क्षमा गरिदिनु हुनेछ भन्ने आशा लिएको छु ।

अझ अर्को मननीय कुरा के छ भने श्रृष्टिको प्रारम्भ देखि आज सम्म जुनसुकै राज्य,साम्राज्य,भूखण्ड र जस्तो सुकै शासन व्यवस्था र जस्तो सुकै राम्रो नराम्रो सरकार वा रामराज्य नै किन नहोस्,गोरो, कालो, जंगली, सभ्य,असभ्य,शिक्षित,अशिक्षित,विकसित,अविकसित,कुनै पनि समाजमा जहिले पनि नारी कै शोषण हुन्छ,नारीकै बलात्कार हुन्छ र नारीलाई नै वेश्या बनाइन्छ । किन ? किन भने नारीहरु प्रतिरोधमा शीलवती हुन्छन् भन्ने जनधारणाले गहिरो जरा जमाएको छ । यसको

समूल नाश गर्नकोलागी नारी वीरांगना हुनु परेको छ र अन्यायको प्रतिकारमा उदार नहुने कला सिक्न पनि जरुरी छ,अन्यथा कुनै पुरुष द्धारा कलंकको टीका पहिराईएकी कुनै नारीले त्यही टीकोलाई श्रृंगार बनाएर जीवन भर आफूलाई ढांट्न र समाजलाई ठगन बाध्य हुनु पर्दछ ।

यो उपन्यासमा उदाहरण स्वरुप पतनको दुखान्त दृश्य देखाएर त्यस्ता दुर्घटना देखि बच्न नैतिक उत्थान र स्वस्थ समाजको निर्माणमा सहयोग पुर्‍याउन उद्देश्य लिइएको छ । लेखकले सं.२०५०/२/१८ एकादशीका दिन लेखन शुरु गरेर २०५१/७/२ आश्विन पूर्णिमामा समाप्त गरेको प्रारम्भमा यो पुस्तकको कलेवर अत्यधिक मोटो भएको तर बहुत प्रयत्नका बावजूद व्यवसायिक प्रकाशकहरुबाट कठोर निराशा प्राप्त भएपछि सुरक्षित राखिएको उपन्यासको पाण्डुलिपिबाट हाल धेरै काँट छाँट गरेर यसको आकार छोट्याइएको छ र यसलाई अझै छोट्याउन पनि सकिन्थ्यो होला तर यो पुस्तकमा इतिहासको यौटा काल खण्डको समाजको मूल्य मान्यता, आर्थिक र शैक्षिक अवस्था, यातायात र संचार जस्ता क्षेत्र समेत समग्र समाजकै चित्रण गरेर ऐतिहासिक सामाग्री समेत प्रस्तुत गर्ने उद्देश्य लिइएकोले पुस्तकको यो आकार कायम रहन गएको हो ।

सामाजिक हितको लागि निजी प्रयाशमा भए पनि पुस्तक प्रकाशनमा ल्याउन मेरी छोरी कंचनलता, गुंजनलता,छोरा पंकज तथा आशुतोषबाट निरंतर आग्रह भैरहेको समयमा मेरा पूज्य गुरु प्रधानाध्यापक श्री बुद्धिनाथ ज्ञवाली ज्यूले लेखन र प्रकाशन कार्यलाई निरंतरता दिन पटक पटक प्रेरित र उत्साहित गर्नु भएकोले यो पुस्तक जन समक्ष आउन सकेको हो ,तर पुस्तक प्रकाशनगृहमा पुगेर छलफल भैरहेको अवस्था त्यहां पुगनु भएका केही साथीहरुले हीजो अचानक वहांको निधनको सूचना दिनुभएकोले म हतप्रभ र दुखित छु र गुरुदेव प्रति श्रद्धांजली अर्पित गर्दछु । पुस्तक प्रकाशनको लालसा रादने मेरा सन्तान प्रति स्नेह आशीष रहेको छ । साथै यसको लेखनमा राती प्रकाश व्यवस्था र सहज अवस्था बनाई सहयोग दिने मेरी सहधर्मिणी उमा देवी को सेवा प्रति आभार प्रकट गर्नै पर्दछ । पुस्तक कम्प्यूटर टाइप गर्ने अमन चौधरी लगायत मेरा मित्र र सहयोगीहरु जो सबैको नाम लेखन यहाँ संभव छैन, ती सबैमा हार्दिक कृतज्ञता ज्ञापन तथा पुस्तक प्रकाशक,मुद्रक र शुभेक्षा प्रकटकर्ता सज्जनहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

यो पुस्तकको स्थान पात्र र घटना सहित सम्पूर्ण कथा वस्तु पूर्ण काल्पनिक हुन् । कसैको जीवन सँग कुनै अंश मिल्न गएमा संयोग नै मान्नु पर्दछ । लेखकको कसैको निन्दा गर्ने वा चित्त दुखाउने किञ्चित मात्र पनि उद्देश्य छैन लेखकले यद्धपि पचीसौं वर्ष देखि लेखन कार्य गरीरहेको भए पनि सिद्धहस्त लेखक नभएको र उपन्यास विधामा पहिलो प्रयाश भएको हुँदा यसमा हुन गएका त्रुटिका लागि क्षमाप्रार्थी छु । पाठकहरुबाट प्राप्त हुने सुझाव र सल्लाहको यथोचित आदर गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

गुलरिया- बर्दिया
२०६९/६/२१

अयोध्या प्रसाद श्रीवास्तव
लेखक

अध्याय १

(१)

"सविताको विहे हुने निश्चित भयो "यो खवर सर्वत्र फैलियो ।

विवाह यौटा व्यक्तिगत सम्वन्धको कुरा भए पनि यो सार्वजनिक चासो को विषय हुने हुँदा सवैको विवाहको यत्रतत्र चर्चा हुने नै गर्दछ तर यो विवाह को कुरा सार्वजनिक चासो हुने कारण केही अर्को नै थियो । यौटी यस्ती केटी जसले सार्वजनिक कल्याणको लागि जीवन समर्पण गर्ने संकल्प लिएकी किही र सम्पूर्ण विश्वलाई नै आफ्नो सेवाको क्षेत्र बनाएर मानवता को सेवा गर्न चाहन्थी त्यसैको विवाह त्यसको आत्माको विपरीत राहुल सँग हुन गइरहेको थियो ।

सविता जसको अर्थ हुन्छ सूर्य, विश्वको सर्वश्रेष्ठ ग्रह, जसको प्रकाशले संपूर्ण जगत चराचरले जीवन पाउँछ , विकसित हुन्छ र आफ्नो संपूर्णता लाई प्राप्त गर्दछ, जसको अभावको कल्पना नै गर्न सकिन्न त्यही महाप्रतापी विश्वचक्षु, विश्वात्मा, विश्वस्वामी, जगतको कल्याण गर्नको लागि आफूलाई निरन्तर तपाई रहने हुनाले महान तपस्वीको रुपमा चिनिएका, जगतलाई गति दिनको लागि एकक्षण पनि आफूले विश्राम नगर्ने हुनाले भगवान भाष्करको रुपमा जगतविख्यात विश्ववंदिता र कल्याणकारी प्रत्यक्ष देव दिवाकर । संपूर्ण प्रकृति का स्वामी । इनै दिनकरको नामको पर्यायवाची सविता को विवाहको चर्चा थियो यत्रतत्र ।

तर सविताको स्थिति विल्कुल भिन्न थियो । वैवाहिक बंन्धनमा बाँधिने सुनिश्चित भएपछि केटीहरुको भाव र मनोदशामा मनोहरता आउँछ, नयाँ नयाँ स्वप्न, कल्पना, जीवन साथी सँगको जीवन यात्राको सुखद कल्पना हुन्छ, आँखाका नानीहरु कुनै दार्शनिक झैं क्षितिज पट्टी उठछन् र टक्क अडिन्छन्, त्यहाँ आफ्नो सुखमय संसार को दर्शन गर्छन र आत्मालाई अनुभूति प्रांप्त हुन्छ ।केही संकोच, केही भय र कता कता माइती वियोगको कल्पनाले पनि मुटु लाई थर्काइ रहेको हुन्छ, तापनि विभिन्न अंगहरुमा मादकता र स्फूर्ति सहजै झल्कन्छ तर यहाँ त त्यस्तो केही पनि थिएन । उनलाई पति मिलन को आशा र सुखद कल्पना थिएन नत माता पिता र माइतीका सम्वन्धिहरु सँग अलगाव भएपछि हुने दुखद क्षणको स्मरण नै थियो यो त यौटा यस्तो सविताको विवाह थियो जसले स्वांस त फेर्थी तर शरीर मा आत्मा नैनभए जस्तो थियो । विना जीवनको शरीर । यस्तो शरीर जसले यौटा यस्तो डुंगाको रुप लिई सकेको थियो जो ठूलो बाढी आएको नदीमा दिशाविहीन बग्दै गएको थियो, विना माझीको । विना माझीको डुंगा, कुनै समयमा पनि डुव्न सक्ने तर डुव्छ नै, यो पनि त निश्चित भन्न सकिदैन । कहिले काहीं किनारामा लाग्न पुग्न पनि सक्दछ, नपुग्न पनि सक्दछ । तात्पर्य के भने यस्तो डुंगाको यात्रीको

सफलता को बारेमा भन्न सकिदैंन भने असफलता को बारेमा पनि त निश्चित रुपमा केही भन्न सकिन्न।

आफ्नो कोठामा लंग चेयरमा बसेर चिन्तनमा लागेकी सविताको ज्योतिहीन आँखा मा दुइ थोपा आँसु जन्मे र तिनीहरु पनि अनजान गन्तव्यको पाथिक जस्तै पलकको ढोका बाट बाहिर हाम फाले, गालामा बग्न थाले, विना माझीको डुंगा जस्तो । उनले विस्तारै दुइ औंला तिनी माथि राखी दिइन् । तिनको प्रवाह र वेग सवै रुक्यो र तिनको अस्तित्व पनि औंलामा नै समाहित भयो । जवानीको जोश र उमंग लिएर अघि सरेका आँसुका थोपाहरु जस्तै उनको जीवन पनि त अंधकारमा तिरोहित हुन पुगेको थियो । ती आँसुका दुइटा थोपा टेलीवीजनको स्क्रीनमा पर्न गएको धुलोलाई सफा गर्ने लेवेन्डर जस्ता सावित भए । आँखाका नानीहरुमा यौटा अथाह वेदना देखा पर्‍यौ र त्यस माथि आतीतका केही छायाहरु उदित हुन थाले । पहिले ती छायाहरु अस्पस्ट नै रहे तर विस्तारै विस्तारै तिनले आकार, स्वरुप र रंग ग्रहण गर्दै गए । अतीतका ती घटनाहरु क्रमबद्ध हुँदै सिनेमा जस्तो सामुन्ने आउन थाले ।

(२)

पहिलो चित्र देखा पर्‍यौ यौटा ५५ वर्षीय वृद्धको । बाबु प्राण नाथ । हो तिनै त हुन । इलामको यौटा ठूलो चिया बागानको मालिक । तमाम जग्गा जमीन भएको जमीनदार प्राणनाथ । श्री सम्पत्तिको प्रचूरता भए पनि उनी सुखी छैनन् भन्ने अरुहरुको विचार थियो । यद्धपि यो जमीनदारीको युग थियो । सामान्य ग्रामीण जनता प्राय जमीनदारहरु माथि नै आश्रित हुन्थे । उद्योग धन्धा कलकारखानाहरु नगन्य नै थिए । सबै कृषिमा आश्रित थिए । आमजनतामा कसैकसै सँग मात्र निजी जग्गा थियो अन्यथा अन्य गाउँलेहरुले जिमीदारको जग्गामा खेती गर्दथे, अन्न उब्जाउँथे र उब्जनीको भाग जिमीदार कहाँ दिन्थे । जग्गा जिमीदारको र श्रम कृषकको हुन्थ्यो । कृषिमा आधुनिकताको नाम नै थिएन । परम्परागत तरीकाले खेती हुन्थ्यो । सिँचाइको व्यवस्था थिएन । आकाशे खेतीमा निर्भरता रहने हुनाले वर्षात नहुने साल कृषक र जमीनदार दुवैको हालत खराव हुन्थ्यो । कृषकको घरमा नत अन्न हुन्थ्यो नत मजदूरले काम नै पाउँथे । यसरी सवै भोक भोकै रहन्थे । रोग ब्याधि, महामारी, अन्य कुनै दैवी प्रकोप या सरकारी कोप हुँदा मानिस जमीनदार को शरण पर्थ्यो ।जमीनदारले सवै अवस्थामा रक्षा गरे वापत जनतासँग वेठ वेगर लिन्थे । आफ्नो निजी खेती तिनीहरुकै मद्दतले गराउँथे तर स्थिति तिनीहरुको पनि चिन्तनीय नै हुन्थ्यो । बैसाख देखि आषाढ सम्मको तीन महिना कालरात्रि सरह हुन्थ्यो । जग्गा धनीहरुको लागि यसै अवधिमा मालपोत तिर्नु पर्दथ्यो र मालपोत तिर्नु त्यस युगमा कुनै हँसी ठट्ठा थिएन । राम्रो वर्षा नभएको र खडेरी परेको साल भुपतिहरु जग्गा धीतो राख्न र विक्री गर्न बाध्य हुन्थे मालपोत निर्दयताका साथ असुल गरिन्थ्यो । मालपोत तिर्न

नसक्नेलाई अड्डाको हाकिमले पकन पठाउँथ्यो । कुनै कुनै ठाउँमा माल अड्डाको सामुन्ने काठको घोडा राखिएको हुन्थ्यो र समयमा मालपोत बुझाउन नसक्ने जग्गा धनीको यौटा खुट्टा घोडा माथि र यौटा भुइँमा राख्न लगाइ खडा राखिन्थ्यो । यो क्रमबाट पनि मालपोत असुली नभएमा जग्गा लिलाम हुन्थ्यो । यस्तो अवस्थामा साहुहरुले खुव मौका छोप्थे ।ठूलो ब्याजमा ऋण दिन्थे ।साहु महाजनहरु मौज मज्जामा थिए। तर पृथ्वीका पुत्रहरुको दुर्दशा हुन्थ्यो। कुनै ब्यक्तिलाई जग्गा दिँदा ऊ जग्गालाई भूत जस्तो मानेर भाग्दथ्यो । त्यो दुर्दशा कसले सहने ? निजी भूमि राखेर फाइदा के ? भूमि बाट अन्नै उव्जाउनु र खानु त छ , स्वामित्वको लाभ के ? त्यो दुर्दशाका अतिरिक्ति हाकिम,कारिन्दा, जमिनदार, प्रहरी र सेना गाउँमा अथवा गाउँकै बाटो भएर निस्कँदा तिनको सेवा चाकरी भोजन छाजन को व्यवस्था गर्नुपर्ने, शिकार खेलाउनु पर्ने र ज्वाई भन्दा हजारौ गुना बढी सेवा गर्नु पर्ने र हात जोडेर उभिइ रहनु पर्ने, उनीहरुको इच्छा अनुसार सेवा गर्न नसकेमा गाली र थप्पड खानु, जुँगा उखेलिनु जस्ता कामहरु सामान्य थिए ।यी काम गरीव मानिसको क्षमता देखि बाहिर थिए । त्यसो हुनाले आम जनता भूमिरुपी प्रेत देखि भयातुर रहन्थ्यो । बरु जमीनदार को थप्पड र गाली खानु बेश तर दिन रातको २४ घंन्टा त्रास त हुँदैन भूमिहिन रहेपछि । यो त्यस समयको आम सोचाइ थियो । यसरी आमजनता दुर्दशा र झंझटबाट बच्नको लागि भू स्वामित्व देखि आफुलाई टाढा राख्दथ्यो र जमीनदार माथि भू स्वामित्वको भार भएकोले सरकारीतन्त्र को भरण पोषणको पूर्ण जिम्मेदारी उसै माथि हुन्थ्यो ।त्यसो हुनाले जमीनदारहरुले जनताको व्यापक शोषण गर्दथे । जनताको शोषण गरेर कर्मचारीहरुको पेट भर्दथे । चाकरी प्रथा नै त्यस बेला मूलमंत्र थियो । योग्यताको कुनै महत्व थिएन ।

कर्मचारीहरुको अवस्था पनि राम्रो थिएन । प्रत्येक वर्ष दशैको समयमा पजनी हुन्थ्यो । जसले धेरै चाकरी पुऱ्याएको हुन्थ्यो र धेरै भेटी चढाएको हुन्थ्यो उसको जागिर थामिन्थ्यो अन्यथा ऊ रित्तो हात घर फर्कन्थ्यो । प्रत्येक कर्मचारी आफु भन्दा माथिको कर्मचारीको निजी सेवक भएर बस्थ्यो । यो प्रथाले ठूलो शोषणको पोषण गर्दथ्यो । प्रत्येक कर्मचारी शोषणको शिकार थियो भने उसले पनि शोषण गर्नै पर्दथ्यो । शोषणको यो क्रम माथि शाशक देखि शुरु भएर तल जनता सम्म जान्थ्यो तर जनता मुनि कोही नभएकोले जनता शोषित मात्र हुन्थ्यो र उसले शोषण गर्ने कुनै आधार थिएन । यो प्रथाले जमीनदारहरुलाई क्रूर बनाइ दिएको थियो । जनता सँग अधिकारीक मात्रामा काम र धन असुलेर त्यसमा आफुले मोज मज्जा गर्दै लिएर माथिका लाई भेटी चढाउने शोषणका एजेण्ट जमीनदारहरुको अत्याचार र व्यभिचारका कथाहरु गाउँ घरमा सामान्य थिए ।जनजीवन नै यस्तै थियो । जीवनको गति नै शोषण थियो ।

तर जमीनदार प्राणनाथ यो संपूर्ण कार्यव्यवहार देखि आफुलाई भरसक टाढा नै राख्दथे। उनको प्रकृति नै भिन्नै थियो। आफ्ना रैतीहरुसँग मानवीय व्यवहार गर्दथे सवैको सुखमा भागीदार हुन्थे ।क्रुरता र अत्याचारको गंधपति आउँदैनथ्यो तिनको व्यवहार बाट । उदारता र दानशीलता मा पनि धेरै अगाडी थिए ,तर उनको धमिक स्वभावले उनलाई

अहिले धेरै संकटमा उभ्याई दिएको थियो । विगत दुइ वर्षदेखि उनको इलाकामा खडेरीको परेको थियो । वर्षा राम्रो नभएको कारणबाट अन्न उत्पादन भएको थिएन । उनको पाँचवटा गाउँका रैतीहरुले थोरै धेरै जुन अन्न उव्जाए ,त्यो तिनीहरुको परिवारको भरण पोषण को लागि नै पर्याप्त हुन सकेको थिएन भने जमीनदार लाई दिनु पर्ने भागको त कुनै प्रश्नै थिएन । पहिलो वर्ष त यो आशामा वित्यो कि अर्को वर्षामा पानीपर्ला तर अर्को वर्षामा पनि अनावृष्टि नै रह्यो शोषणको युगको एक वर्षको खडेरी नै प्राणघातक थियो किनकि जनता सँग संचित खाद्य पदार्थ त रहँदै रहँदैनथ्यो भने अर्को वर्ष पनि खडेरी पर्यौ भने ईश्वरलाई गुहारने बाहेक अन्य उपाय केही हुँदैनथ्यो । अव तेश्रो वर्षाको आगमन भैसकेको थियो र आधा आषाढ गैसकेको थियो । आकाशमा बादलका टुक्राहरु कहिले काही देखा पर्दथे तर एकै छिनमा हराउँथे । यस्तो लाग्दथ्यो जस्तो इन्द्र देवता रिसाएका छन् र इन्द्र देवताको रिस बाट पीडित पृथ्वीका पुत्रहरुको आर्तनादं सहन नसकी पृथ्वीको छाती छिया छिया भएको प्रस्टै देखिन्थ्यो। पृथ्वीका पुत्रहरुले पृथ्वी माताको दुखलाई बुझेका थिए । तिनीहरु रुन्थे आफ्नो आमाको व्यथामा । तिनका आँसु झरझर बग्दथे, दरारमा पर्दथे तर मातालाई त्यसबाट शीतलता प्राप्त हुनु कहाँ हो कहाँ झन् त्यहाँ बाट वेदनाको रुपमा ज्वाला नै निस्कन्थ्यो । माता र पुत्रहरुको यो करुण क्रन्दन देखि इन्द्र देवता त प्रभावित भएनन् तर जमीनदार प्राण नाथ को हृदय छिया छिया भैसकेको थियो पीडितहरुको पीडा देखि । अर्को तिर मालपोत बुझाउने प्रश्न थियो ।

विगत दुइ वर्ष देखि जनता सँग एक मुठ्ठी अन्न प्राप्त भएको थिएन तर उनले ऋण कर्जा गरेर पनि आफ्नो र अरुको भाग समेत मालपोत बुझाई दिएका थिए । तर यस वर्षको आफनै मालपोत दाखील गर्न सकेका थिएनन् । तसर्थ यस वर्ष यस क्षेत्रका साना साना भुपतिहरु लगायत उनलाई पनि पक्राउ पूर्जी आउने कुरा निश्चित थियो र पक्राउ पुर्जी आउनुको सिधा अर्थ थियो अपमान, कष्ट जग्गाको लीलामी । त्यसो हुनाले आज उनले त्यस क्षेत्रको ठूलो साहु कृष्ण लाल सँग गएर कर्जा लिन अठोट गरीसकेका थिए । उनले त्यो कुरा आफ्नो खास खास कारिन्दाहरुलाई राती नै भनी सकेको हुनाले पैदल यात्रा लाई आवश्यक पर्ने भोजन सामग्री र रुपिया लिएर फर्कदा धनको सुरक्षा हुन सक्ने प्रवन्धमा कारिन्दाहरु विहानै देखि लागेका थिए । ३०/३५ जना लठ्ठबाजहरु आफ्नो लठ्ठी लाई पूछपाछ पारी तेल लगाउँदै थिए, लठ्ठी लचकाएर त्यसको शक्तिको अनुमान लगाउँदै थिए कोही कोही भाला चम्काउँदै थिए । प्राणनाथको स्वामीभक्त घोडा हवेलीको आंगनमा ल्याएर बाँधी सकिएको थियो । ऊ दाना खाएर अघाएको र यात्रा गर्ने चाल पाइ सकेकोले यता उता घाँटी ऐठिदै पुच्छर फरफराउँदै विच विचमा हिनहिनाउँथ्यो । सम्भवतः आफ्नो मालिक लाई तैयारीको सुचना दिन चाहन्थ्यो तर प्राण नाथ आफ्नो हवेलीको सामुन्नेको स्यानो शिवालयमा पूजा आराधनामा थिए । नित्यक्रियाबाट निवृत्त भएर मंन्दिरमा गएर दुर्गा पाठ र शिव स्तोत्र पाठ गर्नु त्यसपछि श्रीमदभगवद गीताको स्वाध्याय र चिन्तन मननमा एक आधा घन्टा लाग्नु उनको दिनचर्या को अभिन्न अंग थियो । यस वेला मन्दिर भित्र बाट पाठ गरेर आवाज सुनिदैनथ्यो । ठिक त्यही बेला शिवालयको बाहिर

आंगनबाट कसैले बडो गंभीर र शान्त वाणीमा केही भने जस्तो लाग्यो उनको चिन्तनमा व्यवधान पर्‍यो, ध्यान टुट्यो । कानको शक्ति बाहिर पट्टी आकर्षित भयो । पुनः गंभीर आवाज आयो

"जय शंभू ।"

योगी सन्यासी साधु संतको सेवा गर्न पाए आफुलाई धन्य ठान्ने, मोक्ष प्राप्त हुने कुरामा विश्वास राख्ने प्राण नाथले सन्यासीको आवाज सुनी हतपत बाहिर निस्के तर सन्यासीको रुप , श्रृंगार र आकृति देखेर अवाक र स्तब्ध भए । करीब छ फुटको स्वास्थ्य शरीर, केही श्यावर्ण लिएको । सर्वांग विभूति रमाएको जटाजूट बडो तरीकाले बाँधिएको, लामा कान, उन्नत ललाट जसमा स्वेत चंदनका तेरसो तेरसो तीन वटा रेखा खिचिएका, कम्मरमा दुइ हातको कालो कृष्णजिन लपेटिएको । विशाल नेत्र र आँखाका भौंहरु धनुष जस्तो तन्किएका । गंभीर तर अत्यधिक आकर्षक मुखाकृति, एक पटक मुखमा आँखा पर्न गएमा पलकले झपकन नै विर्सने,वायाँ हात कम्मरमा र दायाँ हातमा विकराल त्रिशूल समातेर भुइँमा ट्याक्क अडाई राखेको, निश्चल उभिएको थियो सन्यासी, साक्षात शंकरको रुप रंगमा । प्राणनाथ लाई दण्डवत गर्ने होसै रहेन, स्तुति गर्ने क्षमता भएन, हात सम्म जोडेर उभिए सन्यासीका सामुन्ने ।

प्राणनाथले जीवन भर साधु सन्यासीहरु सँग आशीर्वाद त पाउने गरेकाथिए तर प्राप्त हुनु पर्ने प्राप्तव्य पाउन सकेका थिएनन् । उनी धन धान्यले परीपूर्ण छन् । चार वटी छोरीहरु जेठी पत्नी बाट जन्मेका छन् । जेठी पत्नीको असामायिक निधन पछि कान्छी पत्नी विवाह गरेका छन् । इनी पनि कुलीन पतिव्रत सत्यवती र धर्मनिष्ठ छिन तर तिनको कोखबाट अहिले सम्म ६ वटा छोराहरु जन्मदै मर्दै गएका छन् र तमाम जोगजप ,तन्त्र, मन्त्र, यज्ञ , तीर्थ व्रत सवै त निष्फल भैसकेका छन्।अब कुनै सन्तान नबाँचनु र आफु वृद्धता तर्फ लम्किनु र अन्त्यमा अर्थीलाई काँध लगाउने कसले ? कुनै यौटै छोरा लाइ भगवानले जीवित राखी दिए त हुन्थ्यो नि । तर विधिको विधान हो । ईश्वरले जे गर्छ त्यसमा मानवको कल्याण नै नीहित हुन्छ भन्ने सोचाई राख्ने र कर्म प्रति मात्र उन्मुख हुने फलको प्राप्तीदेखि निराश भैसकेका प्राणनाथ लाई यसै कारणले मानिसहरुले दुखी प्राणी मान्दथे ।

उनले तीन वटी छोरीको विवाह गरी सकेका थिए , चौथो छोरी किशोरावस्थामा प्रवेश गर्दै थिइ । दुइ चार वर्ष पछि उसको विवाह गरी दिए पछि गृहस्थ धर्म देखि मुक्त हुने आशा थियो । त्यस पछि दुइ बुढा बुढी र आफ्ना गाउँका प्यारा रैती दुनिया । धन संचय गर्ने आवश्यकता छैन भनेर त होला आफ्नो आर्जनको तमाम सम्पत्ति रैती दुनियाको दुख पीडामा खर्च गर्ने गरेका छन् । यही उदारता र दानशीलताले गर्दा कंगाल भैसकेका छन् । घरमा अचानक आवश्यकता पर्न गयो भने कहिले काही २, ४ रुपिया पनि त निस्किदैन ।

ज्वाई तिनै वटा सम्पन्न छन् तर पनि बुढा बुढीको दानशीलता देखि कहिले काँही क्षुब्ध भै हाल्छन् ।संचित रहन सक्ने सम्पत्ति अन्त्यमा ज्वाईहरु कै त हुन्छ । टाढा टाढाका

दाजु भाईहरु टाढा टाढा छन् । कही कसैले बुढा बुढीको वास्ता गरेको छैन । कहिलेकाही दाजु भाईका चिट्ठीहरु पाउँछन प्राण नाथले । चिट्ठी खोलेर पढनु पर्ने प्रायः आवश्यकता कमै हुन्छ । चिट्ठीमा कहिले सुखा पर्‍यो, कहिले छोरी नाती नातिना को विवाह छ, कहिले छोरालाई पढाउन बनारस तिर पठाउनु छ आदि इत्यादी कुरा र गंथन लेखेर केही सहयोग गरी दिने अपील बाहेक अरु के हुन्थ्यो र चिट्ठीमा ? तिनीहरुलाई पनि थाह छ कि प्राणनाथका छोरा छैनन् तिनलाई धनको आवश्यकता के ? बुढा बुढी को खर्चबाट जो जति बच्छ त्यो लिन मा के दोष छ ? अचल सम्पत्ति त बुढाको अन्तिम अवस्थामा छोरीहरुलाई लेखि नै दिनेछन् । प्राणनाथ यो अवस्थामा पनि प्रशन्न नै छन् । ठीकै त हो नि । चल सम्पत्ति रैती दुनिया भाई भातीजाहरुमा खर्च , साधू सन्यासीहरुमा दान पुण्य, अचल को कुरा देखा जाला । वास्तवमा यस्तो जीवन त चिन्तामुक्त जीवन हुन्छ । के को अभाव ?, योगी सन्यासीहरु सँग के भन्ने ? अभावै छैन भने के माग्ने ? त्यसैले त कसैसँग केही माग्दैन् यहाँ सम्म कि आफ्ना लागि भगवान सँग पनि केही भन्दैनन् ।

छैठौ छोरा तीन दिन को मात्रै थियो सन्निपात भयो एकछिनको लागि चिन्ताले उनलाई पनि ढाक्यो तर तत्काल भगवद्‌गीताका पंक्तिहरु आँखाका सामुन्ने नाच्न थाले । जसले यो आत्मा लाई मर्ने भनि ठान्दछ र यसलाई मृत मान्दछ ती दुवैले जान्दैनन् किनकी यो आत्माले न त कसैलाई मार्छ न कसैद्धारा मारिन्छ नै । त्यसैले छोराको लागि चिन्ता किन ? त्यो त वास्तवमा मेरो हुँदै होइन, मेरो भन्ने कुरा त विश्वमा केही नै छैन । तसर्थ लाभ र हानि को कुरा कहाँ बाट आउँछ ? त्यो छोरो पनि त अन्य छोराहरु जस्तै मरेको थियो । तर सुख र दुखलाई समान अवस्थाका मान्ने प्राणनाथ स्थिति प्रज्ञ भैसकेको थिए । शोक तिनीबाट टाढा नै रह्यो ।तिनले न त ईश्वरलाई नै दोषी माने न त संसारलाइ नै । त्यस पछि पनि कइयों अवसर आए, शिद्ध पुरुषहरुको दर्शनलाभ गरे, तमाम तीर्थ व्रतहरु गरे तर न केही माग्नु पर्ने ठाने र न त केही मागे नै । दिनु लिनु ईश्वरीय कृत्य हुन् । ईश्वरले केही कालको लागि शरीर दिन्छन, धन दिन्छन, संसार दिन्छन् तर सवै त नश्वर हुन्छन् । नाश हुने कुरा प्रति के मोह ? त्यस्ता कुरा मागेर के लाभ ? पाए के खुसी र गुम्यो भने हानि के ?

तर यस पटक अवस्था केही भिन्नै थियो । स्थितिप्रज्ञ मानिस पनि ईश्रीय प्रेरणाले कहिले काहीं समभावको अवस्था छोडन पुग्छ । उनलाई पनि त्यस्तै पर्‍यो अचानक उनको भाव भंगिमा र विचारमा परिवर्तन भयो । संन्तान, अझै त्यसमा पुत्र प्राप्तिको लोभले हिन्दु संस्कारमा यौटा आफ्नै पहिचान बनाएको हुनाले यस पटक त्यो लोभ संवरण हुन सकेन । संभवतः जीवनको अन्तिम साध्य फलित हुने आशा देखियो र उनले दृढ स्वरमा विनम्रता पूर्वक भने “भगवन्, पुत्र लाभको आर्शीवाद पाऊँ ।”

“तिम्रा दुइ पुत्र कायम रहने छन् दुइटा छोरा, दुइटा ।”सन्यासीले भन्यो र तत्काल हिडि हाल्यो । जब उनमा चेतना आयो तब सम्म सन्यासी गैसकेको थियो । दायाँ बायाँ हेरे, मन्दिर भित्र खोजे पागल झै चौतर्फी खोजी भयो तर सन्यासी नभेटनु थियो न भेटियो नै । कता कहाँ लुप्त भै सकेको थियो । आखिर सन्यासी न ठहर्‍यो ।

(३)

सन्यासीको कुरा सामान्य हुन गयो । योगी सन्यासीहरु त्यस समयमा प्रायः घुमी रहन्थे । कहिले काही ८/१० जनाको साधु संतहरुको टोली पनि चलीरहन्थ्यो । सामान्य ग्रामीण जनजीवनमा साधु सन्यासी प्रति श्रदा बढी नै हुन्छ त्यसले विभिन्न भेषधारी साधुहरु घुमि रहन्थे । होला कोही फक्कड, कतैबाट आइ पुग्यो होला र कतै लाग्यो होला भन्ने सोचाई भयो ।

प्राणनाथले घरमा प्रवेश गरे दुइ गिलास गाईको शुद्ध दूध र दुइटा रोटीको स्वल्पाहार गरे । नोकर कारिन्दाहरुको टोलीको लागि पूरी तरकारी चटनी अचार को पोका तयार भैसकेको थियो । एक भारी नै थियो । बोकनेले बोके । प्राण नाथ घोडामा चढे । नोकर कारिन्दाहरु कोही अघि कोही पछि पछि लागेर हिँडे । घर बाट विहान हिडेको यो टोली मध्यान्ह हुँदा यौटा गाउँ निर बगैचा मा गएर बस्यो । बगैचामा रहेको इनार बाट पानी तानियो । सवैले हात मुख धोए, एकछिन थकाई मारे ,त्यस पछि सवैलाई भोजन वितरण भयो । भोजन भयो र दिउँसो त्यही आराम गर्नको लागि धमाधम दरीहरु विछन लागे । त्यस युगमा यस्तै यात्रा हुन्थे , महीनौं पन्द्रौं दिनको बाटो हिंडनुपर्दा पनि यस्तै टोलीहरु हिंडने गर्दथे र बाटोमा पर्ने गाउँहरुका बगैचा नै इनको लागि धर्मशाला हुन्थ्यो । कही कही मात्र पथिकहरुको लागि ठूला बडाले पन्थागार बनाईदिएका थिए तर यस्ता पंथागारहरु मुख्य मार्गहरुमा मात्र हुन्थे । दुइ तीन घडीको विश्राम पश्चात टोलीमा पुनः नयाँ जांगर आयो र तिनीहरुले फेरी प्रस्थान गरे । यस्तै कथा पुराण इतिहासका कुराहरु गर्दै बीच बीचमा विश्राम लिदैं यो टोली दीपनगर पुग्यो र साहु कृष्णलाल कहाँ गए । साहुले यथोचित आदर सत्कार गरेर यौटा मन्दिरमा सवैको बासको व्यवस्था मिलाई दिए । गाउँको मन्दिर भए पनि साहूको कृपाले मन्दिरको राम्रो प्राङ्गण, बगैचा, दुइटा पक्की कोठा अतिथिको लागि छुट्टै थिए । सारांश मा ४०,५० यात्रीहरुको लागि शरण स्थली राम्रो थियो । साँझको भोजन साहू कै तर्फबाट भयो । राती सबैले आराम गरे । भोलीपल्ट नित्य क्रियासँग निप्टेर प्राणनाथ र कृष्णलालको बीचमा पहिले घर परिवारको बारेमा त्यसपछि दीनदुनियाको कुरा हुँदा हुँदै अंतमा कुरा वास्तविक बिंदुमा पुग्यो । प्राणनाथले आफ्नो र आफ्नौ रैतीको ब्यथा कथा सुनाए ,सुखा को स्थितिमा ऋण पाउन आग्रह गरे ।

“कति जतिले काम चल्न सक्दछ ?”साहुले सोधे ।

“दुइ हजार भए पुग्छ ।”प्राणनाथले भने ।

“दुइ हजार ? यो त बहुत धेरै भयो ? यतिको रकम के गर्नु हुन्छ ? तिर्न पनि त समस्या पर्ला । एक वर्षमा १२०० । रुपिया त ब्याजै तिर्नु पर्ला र जहाँ सम्म मलाई थाह छ तपाइका रैतीहरु अलछी र बेइमान छन् । तपाईले कडाई गरेर मालपोत असूल गराउनु हुन्न त्यसैले किसानहरु लापरवाह छन् । आधा अषाढ गैसकेपछि बल्ल मकै रहर छर्ने तरखर गर्छन् र भदौं सम्म धान रोपाई गर्छन् । खेती गर्ने उत्सुकता भन्दा अल्छीपन बढी छ । मकै बाली येनतेन भित्र्याउँछन् र कार्तिक बितेपछि बल्ल रवि बालीको लागि तयारी शुरु गर्दछन् । तब सम्म भूमिको चिसोपन हराई सक्दछ र जग्गा बाँझो रहन जान्छ । यो

सबको कारण उदारता हो । आधा भंदा बढी जग्गा बाँझो रहन्छ, खेती गरिएको जग्गामा ५० प्रतिशत भन्दा उब्जनी माथि गएको छैन । गाई वस्तुहरु पालेका छन् तर तिनको पेट भरिने काममा ध्यान दिंदैनन् । त्यसैले दुध घिउको विक्री पनि तपाई को क्षेत्रमा छैन। समष्टि रुपमा हेर्ने र मुल्याङ्कन गर्ने हो भने मकै, धान, गहुँ, चना मसुरो करीब १९/२० रुपिया बोरा,रहर यस वर्ष भाउ धेरै चढेको छ र २६ रुपिया बोरा, तोरी ३५ रुपिया बोरा छ घिउ ३ रुपिया किलो छ । किसानको श्रम फलको मोल भाउ यस्तो छ । हामीले ऋण असुलीमा हाल प्रचलनमा आई सकेको कागजको रुपिया लिंदैनौं । तपाईलाई थाह छ । यो कागजको सुरक्षा गर्नै गाह्रो छ । यसलाई भुइमा गाडन मिल्दैन, बाहिर तिजोरीमा राखदा डांकाले लाने हुन । त्यसो हुनाले हाम्रो लेनदेन कारोवार चाँदीका सिक्का र सुनका अशर्फीहरु कै माध्यमबाट साविक अनुसार चल्दैछ । यो बीसौं शताब्दी भरखैर मध्य कालमा प्रवेश भएको छ र यसले नमालुम किन सुनलाई नै आफ्नो लक्ष्य बनाएर त्यसैको भाउ बढाई दिएको छ । अहिले सुन २५० रुपिया तोला पुगि सक्यो यस्तो महँगाई ? यो सवै विचार गर्नु पर्दछ । लेनदेन मा तपाई जस्तो सत्यवादीले ऋणको भारले भोली दुख पाउन नपरोस भन्ने उद्देश्यले आफन्ते भनेर ई कुराहरुको खुलासा गरी दिएको हुँ । उचित अनुचित म भंदा बढी आफैले बुझ्न सक्नु हुन्छ । ऋण दिनमा मलाई आपत्ति छैन । मेरो त कारोवार नै यही हो । तर असूली प्रति सावधानी राख्नु र आसामीको तौल गर्नु हाम्रो सिद्धान्त भएकोले कुनै कुरा नलुकाई मैले भरसक छोटकरीमा सवै कुरा निवेदन गरको हुँ ।”

प्राणनाथको मुख विदीर्ण भयो ।चारैतिर काला बादलले ढाकेको अनुभव गरे । साहू धेरै बाठो रहेछ । टाढा टाढाका जमीनदारहरुको आर्थिक र सामाजिक स्थीतिको तौल राख्ने गरेको रहेछ । त्यही आधारमा कारोवार गर्दा रहेछ भन्ने कुरा बुझे उनले । तर उनका रैतीहरु अल्छी लापरवाह र बेइमान रहेछन् भन्ने कुरामा तिनको चित्त बुझेन ।

उनले रैतीहरुको इमानदारी, मेहनत र लगनको व्याख्या गरेर दैवी प्रकोपले गर्दा रैती आर्थिक अवस्थाले जर्जर हुन गएका छन् प्रकृतिले साथ दिनासाथ जमीनदारी धन धान्यले भरपूर हुनेछ र ऋण बुझाउन कुनै कष्ट हुनेछैन भन्ने आश्वसन दिनुपर्ने भयो । उनले भूमिका बाँधदै भने अन्य जमीनदार जस्तै मैले बेठ बेगारी लिने गरेको छैन । दशैं तिहार जस्ता पर्वहरुमा भेटी चढाउनु पर्ने गराएको छैन, रैतीका सुख दुख मैले आफ्नै सुख दुख ठानेको हुनाले रैती खुशहाल छन् । नैतिक र चरित्रवान छन्, चोरी बेइमानी ठगी जस्ता कुकृत्यहरु मेरो क्षेत्रमा छैनन् । यस्तो शान्तिको वातावरणमा मानवले आफ्नो चौतर्फी विकासको लागि अधिकतम श्रम गर्ने मौका पाउँछ, आलस्यको स्थान नै हुँदैन, प्रकृतिको मार नपरेको भए मेरा रैती यसरी दुख पाउने थिएनन् तर हामीले यसलाई अर्कै रुपमा लिन्छौं । दुख नपरे सम्म सुखको स्वाद थाह पाउन सकिन्न र दुख वास्तवमा सुखको जनक हो भन्ने मेरो धारणा भएकोले रात्रिलाई देखेर विहान अवश्य हुन्छ भन्ने ठम्माएको छु । रात्रि दिनको प्रथम चरण हो भन्ने मेरो मान्यता छ ।

ऋणको कुरा छुटीसकेको थियो संवाद अब अर्कै मोड लिंदै थियो । साहूले बिचमा कुरा काटदै भने "मेरो मान्यता अर्कै छ, पश्चिम इंगल्यांडमा कुनै विद्वान थियो र त्यसले भन्ने गर्दथ्यो कि मानिस भयको सन्तान हो । उसले जे जति काम गर्दैन त्यो भयले गर्दा गर्दैन र जति काम गर्छ ती सवै काममा स्वार्थ नै आधारित हुन्छ । बिना भयको प्रीति हुँदैन भन्ने कुरा रामले समुन्द्रमा पुल बनाउने समयमा भनि सक्नु भएकोले प्रेम पनि जब भयको आधारमा गरिन्छ भने अन्य कुनै काम त त्यसै पनि भय कै आधारमा हुने कुरा स्वाभाविक नै छ । र जहाँ सम्म तपाईको मालिकपनको प्रश्न छ । यो पनि विचारणीय छ । किन भने जनताको लागि तपाई जतिसुकै दयावान, न्याय प्रेमी, सदगुणी भए पनि ई सवै असर र प्रभाव तत्कालीन हुन् स्थायी प्रभाव यस बाट पर्दैन ठूल ठूला चरित्रवान, दानी र उदारहरु पृथ्वीमा भएका छन् तर तिनको मृत्यु पछि कहाँ कुन ठूलो दुष्प्रभाव पर्‍यो । हाँस्ने हासीरहे , जसको रुने स्थितिमा थियो रोई रहयो, काम गर्नेले काम गर्दै रह्यो , किसान खेत जोत्दै रह्यो , कलकारखाना चल्दै रहे नत सूर्यको गति मंद भयो न त नक्षत्र ताराहरु नै भत्किए । केही क्षणको लागि कुनै कुनै क्षेत्रमा अवरोध देखियो तर पछि तिनको स्थान अरुले ग्रहण गरीहाल्यो । सार्वजनिक जीवन पुनः त्यही गतिमा चल्न थाल्यो । त्यसैले दानवीर शूरवीर, विजेता जो जो भए तिनको सम्वन्ध र जीवनको गति तिनको साथमा सेलाएर गयो । 'म नभएमा दुनियाले दुख पाउँछ 'भन्ने कुरा निरर्थक हो । अब रह्यो कुरा नेतृत्व परिवर्तनको प्रभावको । तपाईको बुढेसकाल छ केही वर्ष पश्चात जब तपाई यो असार संसारबाट विदा हुनु हुन्छ तब तपाईको स्थान कुनै अर्कैले ग्रहण गर्ने निश्चित नै छ । कथम् कदाचित यदि त्यो उत्तरधिकारी तपाईको स्वभाव देखि भिन्न भयो र तपाईको कार्य व्यवहारको आलोचना गर्दै गाउँमा उन्नती नभएको कारणमा तपाईकै व्यवहार लाई नै दोषी ठहरायो भने यही आज तपाईको गुणगान गर्ने जनता उसैको स्वरमा स्वर मिलाएर तपाई लाई तपाईको उत्तरधिकारीले गर्ने आलोचनामा पनि बढाई चढाई आलोचना गर्नेछन् । तात्पर्य के भने जनता सत्ताधारी को साथमा हुन्छ, शक्ति को पछि लाग्छ । चाहे त्यो कूर होस, अत्याचारी होस अथवा जस्तो सुकै होस । त्यसो हुनाले मैले मानवको प्रकृतिलाई नै स्वार्थी ठान्दछु । यौटा उदाहरण दिन्छु तपाईलाई । मानिसले नदी नाला पहाड झील समुन्द्र हरियो वन उपवन आदि प्राकृतिक छटा देखेर त्यसको प्रशंसा गर्दछ वाह क्या राम्रो ? कस्तो मनोहर ? मनमोहक, चित्ताकर्षक, प्रकृतिको अनुपम देन भनेर भन्दछ यसको तात्पर्य यो होइन कि ती वस्तुको उसले केवल निरर्थक प्रशंसा मात्र गरेको हो , यसको सीधा अर्थ हो कि ई वस्तु यो चिज मेरो घरमा, वैठकमा , भएको भए अर्थात मेरो निजी भएको भए क्या आनंद आउँथ्यो कति राम्रो हुने थियो ? यो भाव अन्तरमनमा नभएको भए र वास्तवमा ती वस्तुहरु सँग त्यसको स्वाभाविक निस्वार्थ प्रेम मात्र भएको भए त्यसले ति वस्तु लाई अंगालो हालेर भावविहवल भएर किन नाच्दैन, प्रेमले किन शुद्ध आनंदित हुदैंन ? तिनीसँग अलग हुनु पर्दा किन कराई कराई प्राण नै छुटे जस्तो रुदैंन ? मानवको यो स्वार्थी प्रकृतिलाई हमेशा ध्यानमा राख्नु पर्दछ जहाँ सम्म मलाई लाग्दछ, हुनत यो तपाईको व्याक्तिगत कुरा हो तै पनि आफन्तको नाताले सुझाव

सम्म यो छ कि जनताको लागि आफू मात्र अथाह ऋणको सागरमा डुब्नु उचित हुँदैन । ऋण कहाँ बाट आयो कसरी आयो ? तिर्नु पर्ने हो होइन ? यो सवै कुरा जनतालाई र घरको कुरा हो भने घरका सदस्यलाई बोध हुनुपर्दछ र यसमा उसलाई पनि प्रत्यक्ष सहभागी बनाउनु पर्दछ । यस्तो गर्नु भएन भने त्यही जनताले त्यही परिवार तपाईको प्रतिकूल समयमा तपाईको विपरीत कुरा गरेर ऐयाश, शाह खर्च भविष्य प्रति लापरवाह अविवेकी आदि नमालुम के के भन्नेछन् यहाँ सम्म कि तपाई माथि जनतालाई अल्छी बनाई दिएको छ, कुनै प्रगति नभएको भन्दै जनतालाई चेतनशील नै हुन नदिएको, अन्धकारमा राखेर शासन गर्न खोजेको, जस्ता दोष पनि लगाउने छन् । तसर्थ आफ्नो जिमीदारीको मालपोत र आवश्यक खर्च को लागि ऋण लिने कुरा त उचित हुन्छ तर गैरका लागि अझ त्यसमा पनि तिनीहरुको तर्फबाट सहयोगको लागि अनुनय विनय नै नभएको अवस्थामा ऋण लिएर रैती पाल्नु यो बुद्धिमानी होला जस्तो मलाई लाग्दैन । ”

कुरा फेरी मूल ठाउँमा आई पुगेको थियो साहूको लामो व्याख्यान र सल्लाह वास्तवमा ठिकै जस्तो लाग्यो प्राणनाथलाई । तर आत्मा मानेन । भोका नाङ्गा गरीब गुरुवाहरु म कहाँ आएर मदत होस प्रभु, मरें प्रभु भन्न सक्ने साहस पनि त छैन ती सीधा ग्रामीणहरुमा । जमीनदारीको नामै गन्हाएको छ चारैतिर । यो नाम नै यस्तो भूत हो जसले गरीब कंगाल जनता ,जमीनदारको सामुन्ने पर्न नै डराउँछन् । जीवन यापनको कुनै साधन भएपछि जमीनदार कहाँ कराउन जाँदा जमीनदारका वरीवरी रहने चापलूस, चाकरीबाज हरु सँग जमीनदारले पहिले रिपोर्ट लिन्छ, यो आसामी कहाँ के के छ ? गाई, भैंसी,राँगा ,गोरु ,ठूलो खसी, भेडा अर्थात राम्रो टन्न मोटो घाटो चौपाया छ छैन? छ भने यसलाई एक दुइ मन अन्न पानी दिने र त्यो वस्तु यहाँ चाहिएको छ भनि मागी हाल्ने, आफ्नो घरमा आई सकेपछि नउसले किन मांगेको भनि भन्न सक्दछ न फिर्ता पठाउने आवश्यकता नै हुन्छ । यदि चौपाया छैनन् भने दोपायाको खोजवीन हुन्छ । छोरी, बुहारी ,नातीनी, के कस्ता छन् ? छन् भने जिमीन्दारका उदार कुरा , भगवान जस्तो सवै फलका दाता , भनि प्रशंशा गरि केही चीजवस्तु दिने र फेरी पनि आउनु है संकोच नमान्नु भनि थप आश्वासन पनि दिने र दुइ चार दिन पछि मालिकको घर लिपपोत गर्नु छ , पाहुना आउँनेवाला छन् अथवा मालिक ले ल्याउनु भएको भैंसीलाई अरुले दुहन नै सकेनन् अथवा मालिकिनी आज भोली नमालुन किन उदास रहन्छीन कोही साथी भए समय काट्न सजिलो हुन्थ्यो भनेर चलेवेटीहरु लाई बोलाई जमीनदारको इच्छा तृप्त नभएसम्म तिनीहरु त्यहां रहन्थे । न त तिनको विरोधको कुनै महत्व थियो र न त लोकलज्जा बचाउने कुनै उपाय नै हसन्थ्यो । धनको मात्र होइन श्रम र शरीरको शोषणको साथै आत्माको पनि शोषण हुन्थ्यो । तसर्थ गरीब गुरुवाहरु प्रायः साहू महाजनको चंगुलमा फस्न पुग्दथे र त्यहाँ एक पटक जो फस्यो त्यो संतान दर संतान ऋण को बोझ बाट मुक्त हुन सक्दैनथ्यो अर्थात सामान्य जनताको लागि एकातिर कुवाँ एकातिर खाई भने जस्तै थियो ।साहूको दृष्टिकोण यथार्थवादी थियो । यस्तै आदर्शवादी को त सर्वनाश हुन्छ भन्ने उसको दृढ विश्वास थियो । प्राणनाथ एक छिन त घोरिए तर

उनको आत्माको आवाज र मुटुमा पर्ने चोटले तिनलाई व्यथित पार्‍यो । साहूकै कुरा लाई सकारात्मक रुप दिंदै भने

"तपाइको भनाइ धेरै हद सम्म ठीक छ, दानी त्यागी जो पनि मर्नै पर्दछ र कसैको मरणले कुनै ठूलो भूकंप ल्याउँदै संसारमा । भूकम्पै आए पनि कालान्तरमा त्यो पनि शान्ति त हुन्छ हुन्छ , भने यो नश्वर शरीरलाई विपत्ति देखि अलग राखेर पनि लाभ त केही देखिदैन । नश्वरता प्रकृतिको शास्वत नियम हो भने जनतालाई छोडेर एकलै किन हिंडने ? ऋण तिर्न नसक्ने, बदनामी हुने, जायज्यथा लिलाम हुने इत्यादि भयले यस्तो मा त झन स्थान नै नपाउने भयो यस्तोमा त कर्तव्य अथवा कर्म नै प्रधान हुने भयो होइन साहूजी,? , तपाईले यति ठूलो बंद व्यापार गर्नु हुन्छ, कारोवार छ यसमा पनि त घाटा लागने , टाटै उल्टिने सवै खतरा र सम्भावनाहरु छन् । अनि के तपाईले आफ्नो काम यसै भयले बंद गर्न सक्नु हुन्छ त ? यति खतरा भए पनि तपाईले आफ्नो कर्तव्य गर्दै हुनु हुन्छ भने मेरो कर्तव्यले मलाई पनि आह्वान गर्दैछ ।"

साहू निरुत्तरित जस्ता भए, अझै वार्ता बढाउने विचार त गरे तर निरर्थक ठानेर तथ्यमा मात्र कुरा गर्न सोचेर भने "त्यसो हुनाले साहूको नियम सँग तपाई परिचित नै हुनुहुन्छ होला । हाम्रा केही निश्चित नियम हुन्छन् । ती नियम दोहराई दिनुपर्ने ठान्दछु । किनकी धनको मुख कालो हुन्छ, आफन्तमा पनि कटुता पैदा गरी दिन्छ । तसर्थ मेरो नीति के छ भने लिनुदिनु बाबु छोराको, बख्शीश लाख को । अर्थात लेनदेन हिसाव बाबु छोरामा पनि सफा राख्नु पर्दछ हिसाव गरी सकेपछि बाबुले छोरालाई चाहे लाखौं को धन बख्सीसमा देओस चाहे छोराले बाबुलाई सवै अर्पण गरोस ।"

प्राणनाथले मुस्कुराउँदै भने "यो नियम सँग म बिलकुल सहमत छु । यस्तो व्यवहारमा मनमोटाव हुँदैन ।"

"दोश्रो कुरा, साहूले थप्दै भने, साहूलाई मूल धनचाहे नाती पनाती खनातीको पालामा फिर्ता प्राप्त होस तर ब्याज भने सालसालै तोकिएको समयमा मिल्नै पर्दछ, लिनै पर्दछ, दिनै पर्दछ । यस्तो नभएमा साहू असामीको हिसाव विग्रन्छ र झगडा हुने संभावना हुन्छ । अं तेश्रो नियम कृष्णलालले कुरा अगाडी बढाए, ब्याज लेनदेन को कुरा भएपछि कुनै धनमाल अंसामीसँग भोग बन्धकी लिनु हुँदैन तर दृष्टि बन्धकी अवश्य लिनु पर्दछ ।"

प्राणनाथ ले यो कुराको पनि प्रशंसा नै गरे "यसबाट असामी सचेत रहन्छ र ऋण बुझाउनमा लापरवाही गर्दैन । म तपाईलाई वार्षिक ३ हजार रुपियाको आमदानी प्राप्त हुने दुइटा मौजा दृष्टि बन्धकी राख्दैछु ।"

साहू आसामीका बीच लामो वार्ता पछि लेनदेन निश्चित भैसकेको थियो । साहू कृष्णलाल ले दुई हजार रुपिया दिए । प्राणनाथले त्यसको कागज लेखि दिए ।विहानको भोजन पनि कृष्णलाल कै तर्फबाट भयो । सवैजना ले आंनद सँग खाए । घाम चर्की सकेको थियो त्यसो हुनाले दिनभरि आराम गर्ने बाहेक अरु काम केही भएन । तीन बजेपछि सूर्यको तापमा केही कमी आयो र पाण नाथको टोली कृष्णलाल सँग बडो आत्मीयता पूर्वक विदा भएर हिड्यो ।

प्राणनाथले आफ्नो योजना अर्कै किसिमको बनाएका थिए । फर्कने समयमा सोझो बाटो छोडेर केही घुम्दै आफ्नो जिमीदारीको दुइटा गाउँ अमैया र करेली हुँदै जाने विचार थियो । ती दुइ गाउँबाट ३ वर्ष देखि एकदाना अन्न प्राप्त भएको थिएन । जहिले पनि कारिन्दा हरुले त्यहाँ भोक्मरी र अभावको मात्र सूचना ल्याउने गरेका थिए । यस पटक साहूका कुरा पनि मनमा खेलीरहेको हुनाले वास्तविकता आफ्नै आँखाले हेर्न बुझन र जमीन्दार दयालु छन्, कुनै कडाई गर्दैनन्, आफ्नो खर्चबाट उबर्‍यो भने मात्र जमीन्दारलाई दिनुपर्ला भन्ने भावना उव्जेकोले किसानहरु लापरवाही र अल्छी भएका छन् कि ? त्यो पनि थाह पाउनको लागि सर्वप्रथम अमैया तर्फ हिंडने आदेश भयो टोलीलाई । यो टोलीले हिंडाईमा तीब्रता ल्यायो किनकि बाटोमा २ कोष जति जंगल पर्दथ्यो र डाकाहरुको पनि संभवाना थियो । तसर्थ यात्रा निरापद थिएन । तिव्र हिडाईका बाबजुद पनि यो टोली बेलुका ८ बजे भन्दा पहिले अमैया पुग्नसकेन । अमैयामा अचानक जमीन्दारको आगमनको खवर जंगलको आगो जस्तै घर घरमा फैलियो । जतिमुख त्यति कुरा । हामीहरुको हाल खवर बुझन आएको भन्ने कसैले, कसैले दुइ वर्ष देखि बाली नपाएकोले आफ्ना लठैत कारिन्दा हरुलाई ल्याएका छन् र भोली राँगा गोरु गाई बाखा सव जफत हुन्छन भन्ने कसैले, कसैले महतोको घरको झगडा निप्टाउन आएका छन् भन्ने यस्तै थरी थरीका कुरा शंका उपशंका थियो गाउंमा ।

जमीनदारको टोली गाउँको मुखियाको पाहुना हुन पुगेको थियो । मुखिया देव सिंह प्रौंढ पुरुष थिए । भरपूर परिवार थियो । खेती बारी राम्रै हुन्थ्यो । चौपाया हरुको कमी थिएन । पटनाको बिलायती स्कूलमा कक्षा ४ सम्म पढने मौका पाएका थिए । तसर्थ त्यस क्षेत्रमा उनको विद्‌वताको धाक नै जमेको थियो । टाढा टाढाका गाउँहरुमा पनि क ख ग घ सम्म नचिनेको जनसमाजमा चार पढनु त्यस युगको बहुतै ठूलो कुरा थियो । तमाम जिमीदार बडाहकिम हरु समेत अनपढ हुन्थे । शिक्षाको आश्यकता बारे जनचेतना कति पनि थिएन भने पनि हुन्छ । यस्तोमा लेखपढ गर्न जान्ने मात्रै होइन कि स्कूलमा विशिष्ट शिक्षा नै पाउनु भनेको मामूली कुरा थिएन । स्कूल पाठशालाहरु कहीं कहीं कता कता मात्र थिए तिनमा पनि पठन पाठनको समुचित व्यवस्था थिएन । बनारस पटना, मथुरा तिरका ब्राम्हणहरुलाई ठूला वडाले बोलाएर आफ्नै घरमा राखेर छोराहरुलाई पढाउन लगाउँथे र रामायण पढन सक्नु, संस्कृतका दुइ चार वटा श्लोक कण्ठ गर्न सक्नु, महाभारतको आख्यान बुझन सक्नु नै बहुतै ठूलो उपलब्धि मानिन्थ्यो भने भारत बाट नियमित शिक्षा प्राप्त गरेका मुखिया देव सिह त इतिहास,भूगोल, गणित ,अरबी र फारसी साहित्य, राजनीति पढेका सवै क्षेत्रमा प्रांरभिक ज्ञान प्राप्त गरी सवैका, भारतमा स्वतन्त्राता आन्दोलनका नेताहरु सँग प्रभावित थिए । एशियामा स्वतन्त्रताको लहर चलेको थियो भारत आज हो कि भोली हो स्वतन्त्र भैहाल्ने वातावरण बनी सकेको थियो । अंग्रेज विरोधी तमाम पत्र पत्रिकाहरुको भरमार भैसकेको थियो पूरै एशिया नै राजनीतिको लागि तातो तावा बनी सकेको थियो ।देव सिंहले चोरी चोरी भारतीय पत्र पत्रिका मगाएर पढने गर्दथे । परिणाम स्वरुप राजनीतिक क्षेत्रमा झन् झन् चाख बढ्दै गएको थियो तर पत्र

पत्रिका नेपाल भित्र ल्याउन कुनै सजिलो काम थिएन । भारत मै धर पकडमा परिने ठूलो खतरा थियो । यस खतरा बाट मुक्ति पाउने कुरा सोच्दै थिए । यस्तैमा कुनै मित्रले रेडियो किन्ने सल्लाह दिएको थियो र हालै उनी आफ्ना मित्र मंडलीका साथ भारत गएर यौटा रेडियो खरीद गरी ल्याएका थिए ।

रेडियो आएको खबर सुनेर रेडियो हेर्न गाउँका नर नारीहरुको भीड थियो । काठको यौटा ठूलो बाकशको आकार भएको रेडियोलाई ठूलो बैठकमा टेबुलमा राखियो । दुइटा लामा लामा बाँस घर निर गाडियो र त्यसमा अस्पतालमा घाउमा बाँधने पट्टी जस्तो यौटा पट्टी तन्काएर बाँधियो । गाउँमा बडो हर्ष र कोलाहल थियो । मानिसले रेडियो देख्न पाएका थिए । प्रतिक्षाको घडी बडो मुस्किलले वित्यो साँझको ६ बज्यो । त्यो पनि घडी हेरेर होइन अडकल लगाइयो । घडी साइकल आदि बस्तु हरु गाउँमा पुग्न सकेका नै थिएनन् । रेडियोले स्वाँ स्वाँ गर्‍यो अचानक कुनै स्टेशन लाग्न गयो र प्रशारण शुरु भयो । मानिसले बोलेको गाएको बाजाहरु बजेको थुप्रै मानिस बोलेको सुनेर बाकसमा त्यतिका मानिस र बाजाहरु कसरी अटिए होलान ? अषाढको गर्मी, साँस फेर्ने ठाउँ नभएको कसरी बाँचे होलान ? तिनीहरुले खान्छन के ? सुत्छन कसरी ? बडो आश्चर्य र कौतूहल व्याप्त थियो । वीर सिंहले सवैको जिज्ञासा बुझे र सवैलाइ शान्त रहन भनेर रेडियोको मशीन बारेमा सतही जानकारी दिदै भने–

“यो रेडियो भित्र मानिस छैनन् मशीन मात्र छ । यहाँ राखिएको यो एम्फली फायर हो यो बेट्री हो , बेट्री बाट तातो आगो जस्तो बिजुली निस्कन्छ त्यसले एम्पलीफायरलाई झटका दिन्छ त्यसले यो बाकस भित्रको मशीन लाई क्रियाशील गरी दिन्छ र मशीनले लामो स्वाँस ताने जस्तो गर्दछ । यस्तै ठूल ठूला मशिन रेडियो स्टेशनमा राखेको हुन्छ त्यहाँ बोलेको कुरा र छोडिएको आवाज लाई मशीनले माथि हवामा उडाई दिन्छ त्यही आवाज यहाँ हावामा तानिएर आउँछ ।”

यो कुरा सुनेर मानिसहरु छक्कै परे । यस्तो पनि हुन सक्छ र, मुखियाले ढाँटेका हुन ? ढाँटनु त नपर्ने हो ? तर यस्तो हुन्छ कहाँ ? असम्भव कुरा हो यो अन्तमा गाउँलेहरुमा काने खुसी चल्यो । यसमा मुखियाले भूतप्रेतहरुलाई कैद गरेको छन् र मुखियाले जसो जसो भन्छन तिनीहरु त्यही काम गरी रहेछन् । हो यो नै सवभन्दा संतोषजनक उत्तर भयो । बुढाले माने बालबालिकाले पनि, तरुणहरु अलि अकमकाउँदै थिए, हो कि होइन भन्ने कुरा मनमा खेलीरहेको थियो तर तथ्य उत्तर तिनीहरु सँग पनि नभएकोले र मुखिया बाहिरबाट पढेर आएको ज्योतिष पंचाङ्ग तिथिबार हेर्न सक्ने समेत क्षमता भएको व्यक्ति हुनाले भूतप्रेतलाई मंत्र शक्ति द्धारा नबाँधने त कुरै भएन भन्ने सोचाईले नै प्राथमिकता पायो । यो सोचाईले कौतूहल र उत्सुकताको ठाउँमा भय जगायौ । त्यहाँ बसेर बाजा गीत सुन्ने कि नसुन्ने ? कोहि कोहिले त्यो समूहमा झाँकी छ छैन ? त्यसको मुखाकृति र भाव बुझनको लागि अन्जानमा यता उता आँखा दौडाउन थाले । ठिक्क यसै समयमा जमीनदार आफ्नो टोलीका साथमा पुगेका थिए । अधिकांश मानिसहरु त्यो पिशाच लीला देखि उम्कने निहुँ खोज्दै थिए र जमीनदारको आगमनले तिनीहरुको बाटो सजिलो पारी

दियो बालकहरु भागीहाले युवक र बृद्धहरु यथोचित अभिवादन गर्दै विस्तारै विस्तारै आफ्नो घर तर्फ लागे । त्यसो हुनाले जमीनदारको आगमनको कुरा एकैचोटी गाउँको प्रत्येक घरमा पुग्यो र सवैले जमीनदार आउनुको अटकल काटन लागेका थिए ।

मुखियाले मान्य अतिथिहरुको ठूलो सम्मान गरे । सवैलाई यथोचित भोजन र विश्रामको व्यवस्था भयो । राती बडो बेर सम्म गाउँलेहरुको मान्यता, इमानदारिता र लगनशीलता बारेमा चर्चा भयो । सव थोक ठिक छ, प्रकृतिले नै हामीलाई कंगाल बनाउन लागेको छ भनी मुखियाको निष्कर्षलाई प्राणनाथले चाही नचाही पचाउँदै निद्राको आगोशमा पुगे ।

(४)

असली नैष्ठिक ब्राम्हण । मोती जस्तो रंग । औसत कद उन्नत मस्तक लामो नाक । प्रौढताको परिचय दी राखेका लामाकान, केही तल सम्म झुलिएका । ठूलठूला आँखा, जसमा विचित्रको तेज झल्कीरहेको, चश्मा लागाउनु पर्ने आवश्यकता नभएकोले कागज, कितावमा कहिले काही देखापर्ने अत्यन्त सूक्ष्म सेतो किरा आफु समान अन्य प्रौढहरुलाई देखाएर आफ्नो आँखाको तेजश्विताको परिचय दिने गरेका, सेतो धवल दंत पंक्ति अझै कायमै रहेको । प्राय: गंभीर रहने र चेतनशील देखिने, दूध, दही, मखन, घीउको अत्यधिक शौकिन र कर्ममा विश्वास गर्ने, उदारता, दया र दानशीलता का प्रतिमूर्ति, कम्मरले आफ्नो झुकावमा केही ढिपी कस्न लागे पनि घोडा चढनमा निकै होशियार । छर छिमेकी जिमीन्दार, साहू महाजनहरुले उनको इज्जत गर्दथे । सामान्य जनताले तिनलाई कुनै चमत्कारिक योगी जस्तो मान्दथ्यो प्राणनाथ लाई ।

ऋतु वर्षाको, तर पानी नपरेकोले बैसाख जस्तो देखिने मौसम । विहानी पख । सूर्योदय भएको थिएन । आफ्नो नित्यक्रिया पूजापाठ आदि सबै भ्याएर सेतो घोडामा चढेर उनी एकलै गाउँ भ्रमणमा निकलेका थिए । सहवीरे ओली आफ्नो झोपडीको अगाडी आंगनमा बसेर रोईरहेको देखा पर्‍यो । उसको श्रीमती र बच्चाहरु पनि छाती पिटी पिटी करुण कन्दन गर्दै थिए । त्यही नजीकै त्यसको एकमात्र रांगाको शव पडीरहेको थियो, रांगाको अर्को खुट्टापनि खाली थियो । प्राणनाथले ओली दम्पत्तिको व्यथा एक दृष्टिमा नै बुझिहाले । वर्षायाममा प्राय माहामारीको रुपमा फैलिने भ्यागुता रोगबाट तमाम जनावरहरु मर्ने गरेका छन् । गाउँघरमा यसलाई गाउँको कुनै पापी आत्माको कोप मानेर पुजा गर्ने चलन छ तर पापी आत्माले पूजा पाएर पनि जीवहत्या नगरी दिए त हुन्थ्यो नि । ओलीको यौटा गांगा हिजो र यौटा आज मरेको रहेछ । अब पानी पर्‍यो भने केले खेती गर्ने ? उसले सन्ते साहूको पोर कै ऋण फिर्ता बुझाउन सकेको छैन । ब्याज समेत गरेर १०/१२ रुपिया पुग्यो होला । घरमा अन्नको नाममा अलि कति जौ बाँकी रहेछ । गरीबको आहार जौ, मकै, कोदो, गहुँ नै त हो । दुइटा रोटी बनायो, अलिकति नून खुर्सानी सम्म भएपछि त काम चली नै हाल्छ । यो अन्नले आफ्नो साथी अन्नलाई खोजदैन । त्यसैले त गरीबको सच्चा मित्र हो । तर घरमा यसको भंडार पनि त सकिन लागेको छ बुढाबुढी र

दुइटा छोराहरु धेरै दिन देखि एक छाक मात्र त खाने गरेका छन् । जौ पनि सिद्धियो भने ? साहूले दिनलाई त दिन्छ तर दुइ चार वटा कुरा सुनाईदिहाल्छ । यस्तो समयमा झन रांगा मर्नु ? यो त साक्षात नर्कको बाटो बन्यो । कम महंगो छ र राँगा पनि ? बीस रुपिया भन्दा कममा जोडा आउँदैन । सत्यानाश होस ती लम्फूहरुको, जसले अब राँगालाई पनि खाजा बनाएर खाई दिने गरेको छन् । यसैले त गोरु र रांगाको मुल्य बृद्धि गरी दिएको छ । किसानको त ढाढैं भाँची दिएको छ । प्राणनाथ को घोडा त्यही रुक्यो । घोडा बाट उत्रेर उभिए । ओली परिवार उनलाई देखेर झन् झन् बिलौना गर्न लाग्यो । प्राणनाथले एक पटक सरसरी राँगाको शव तिर हेरे । उनले रोइरहेका ओली परिवारलाई धैर्य बधाउँदै भने खेतीको समयमा भगवानले ठूलो दुख दिएका हुन तर पनि यसलाइ अरुले सही दिदैंन, हिम्मत हार्नु हुदैन र भगवानलाई विर्सनु हुँदैन । तिमीहरुको लागि एक जोडा राँगा किन्ने पैसा मैले दिन्छु । भन्दै प्राणनाथले कम्मरमा बाँधिएको पेटीबाट २०।- रुपिया निकालेर दिए । यो रकम मलाई फिर्ता गर्नु पर्दैन तिमीसँग भएको बखत यस्तै कोही दुखीजनलाई दिदिनु भने ।

ओली बोल्नै सकेन केही बुझ्नै सकेन , घटना स्वप्न जस्तो लाग्यो । जिमीनदारको उदारताको चर्चा त घर घरमा थियो तर जिमीनदार भएको कारणबाट जनताले संदेह तिनी माथि पनि गर्दथ्यो । कुन्नी हात्तीको दाँत जस्तो हो कि ? खाने दाँत अर्कै र देखाउने दाँत अर्कै । जे सुकै होस ? यो उदारता तत्क्षण ईश्वरीय कृपाको अनुपम उदाहरण भयो ओली परिवारको लागि । जिमीनदार प्रति भावविभोर.भएको हुनाले प्राणनाथ घोडामा चढेर आफ्नो बाटो लागेको उनीहरुलाई पत्तै चलेन । आभार ब्यक्त नै गर्न सकेन । मरीसकेको मानिस लाई अचानक जीवन प्राप्त भएपछि होश कहाँ रहन्छ र ?

(४)

पंडित श्याम शरण उपाध्याय ५० वर्षका प्रौढ पुरोहित थिए । दुइ छोरा छोरी को सानो परिवा, पति पत्नी दुइ जना, जम्मा ६ जना थिए घरमा । तीन गाउँमा यजमानी थियो चारैतिर सुख सम्पन्नता थियो । कथा भागवत पूजा प्रतिष्ठा, तिथि, चाड पर्वमा यति अन्नपात प्राप्त हुन्थ्यो कि वर्ष भरी राम्रै गुजारा चल्न सक्दथ्यो । तर अहिले पंडितजीको कष्टको कुनै सीमा नै थिएन । चारैतिर भोक, रोग ,अकाल महामारी र दुर्दशा फैलिएको समयमा दान धर्म कसले गर्ने ? दान, यज्ञ नभएपछि पंडितजीको जीवन चलने अन्य कुनै बाटो थिएन ।

दुइटा छोराहरु विवाह योग्य भैसकेका थिए तर दुवै छोरा भन्दा मुनिकी छोरी मंगला गत वर्ष बारह वसंत पार गरेर तेरौंमा पदार्पण गरेकी थियन् । त्यसो हुनाले रजोदर्शन भन्दा पहिले नै कन्यादान गर्नु अनिवार्य भैसकेकोले श्याम शरणले वरको खोजी गरेर नजिकै यौटा गाउँमा समृद्धशाली ब्राम्हण कहाँ जनै सुपारी गरेका थिए तर अकाल र दुर्भाग्यको कारण गत वर्ष विवाह हुन सकेन । विवाह होस त कसरी ? निम्नस्तर मानिसको विवाहमा त कइयौं गाउँका सजातीयहरुमा निमन्त्रण दिनुपर्दछ , १००/१५० जना जन्ती आउँछन् ३ दिन अथवा ५ दिन जन्ती बस्छन् भने कुलीन ब्राम्हण कहाँ यो

भन्दा घटी हुने त प्रश्नै आउँदैन । अझ वर पक्ष पनि त मामूली हैसियतका मानिस कहाँ छन् र ? करीब २० जनाको ठूलो परिवार छ । तमाम गाउँमा पुरोहिती चलेको छ । २०० भन्दा घटी जन्ती आउने प्रश्नै छैन । तीन दिन भन्दा कम जन्ती रोक्ने प्रश्नै छैन । वर पनि होनहार छ गत वर्ष विवाह सरे पनि यस वर्ष त निम्ट्याउनु नै पर्‍यो अन्यथा अर्को वर्ष कन्या १४ वर्षमा लाग्ने डर र विचमै कही रजश्वला भई भने ? ओह ? महापातक लागने, सातपुस्ता नर्कमा परिने डर । ईश्वरको भय र जगतको भय । दुवैबाट बच्नको लागि श्यामशरणले साहू सँग अन्न, घिउ, लुगा लत्ता, भाँडा बर्तन लगायतका जिन्सी सामानको साथै पाँच सय रुपिया नगद पनि ल्याएका थिए । विवाह करीव एक हजारमा निम्टने आशा थियो । ठूलो घरानामा छोरी दिनलाई त ठूलै ऋण को आवश्यकता पर्छ नै ।

तर दुर्भाग्य त ब्राम्हणको पछि पछि लागेको थियो । चारैतिर निमन्त्रण वाडी सकिएको थियो । विवाहको लगन मुहूर्त निश्चित थियो ।बडो जोरशोरका साथ तैयारी चल्दै थियो । यस्तैमा चोरहरुले पनि आफ्नो बकदृष्टि उतै पट्टी लगाए र जन्ती आउनु भन्दा दुइ दिन पहिले नै घरको सवै नगदी र तमाम मालवस्तु सफाचट गरिदिए । विहान घरमा हाहाकार मच्चियो । पंडितजी बारम्बार मूर्छित हुन्थे, ब्राम्हणीलाई होशै थिएन । गाउँका मानिसहरुको ठूलो जमघट थियो तर सवै निरुपाय । सान्त्वनाका सुखा शव्द बाहेक कसैसँग अरु केही थिएन । गाउँका बुढापाकाले ब्राम्हणलाई समझाई बुझाई गरेर फेरी साहू कहाँबाट ऋण ल्याउने सल्लाह दिए । दश बारह जना युवकहरु सुरक्षाको लागि लट्ठी र भाला लिएर साथमा जान तयार भए । केही युवकहरु चोरहरुको सुराग पत्ता लगाउन हिँडे । दुवला पतला असहाय जस्ता देखिने दुनियाको सम्पूर्ण ब्यथाको प्रतिमूर्ति भैरहेका श्याम शरण अगाडी र पछि पछि युवकहरुको टोली । साहूले अब ऋण दिन्छ कि दिदैन ?। यस्तै आशा निराशाको पींग खेल्दै हिंडदै थिए । दुइ कोस बाटो कटेको उनलाई थाह नै भएन ।

अमैया गाउँका मानिसहरुले हतियार बंद केही मानिसहरुको टोली आफ्नो गाउँ तर्फ आउन लागको देखेर चारैतिर हल्ला गरी दिए । मुखियाको बैठकमा पनि हल्ला पुग्यो । प्राणनाथ आफै त्यतापट्टी लागे । पछि पछि लश्कर फौज पनि पुग्यो । बिच गाउँमा दुवै पक्ष आमुन्ने सामुन्ने भए । ब्राम्हणलाई त आफ्नो शरीर र वरीपरीको कुनै कुराको होशै थिएन । जीवित लाश जस्ता हिंडेका थिए । त्यसो हुनाले सामुन्ने को आइ पुग्यो थाहै भएन तर प्राणनाथले तिनलाई देख्ना साथ चिनीहाले । अगाडी बढेर दण्डवत गरेपछि बल्ल श्याशरणले पूरै आँखा खोलेर हेरे ।सामुन्ने जमीन्दारलाई देखेपछि संचित साहसको बाँध फुट्यो र बडो जोरले विलाप गर्न थाले । रुदन कंदन गर्दा गर्दै बेहोस भए । उनलाई बोकेर मुखियाको घरमा ल्याइयो । मुखमा पानी को छीटाहानियो । मुख धुलाइयो । बल्ल पंडितजीले आँखा खोले । होशमा आए पछि सबै घटना बताए, आफ्नो मजबुरी पनि । लोक र परलोकको चर्चा भयो। धर्म र कर्मको मीमांसा पनि ।

प्राणनाथ अचानक आफ्नो आसन बाट उठें र भने “प्रजाको सुख दुख सँग शासकको सुख दुख गाँसिएको हुन्छ तसर्थ प्रजाको सुखको खोजी नै शासकको एकमात्र

कर्तब्य हुन्छ । समाजमा सुखको प्राप्ती नैतिकताको माध्यम बाट हुन्छ र समाजलाई नैतिकवान बनाउने काममा यज्ञ, दान र धर्म को ठूलो हात हुन्छ । यी धार्मिक कर्महरुको अधिष्ठाता ब्राम्हण वर्ग हो । कुनै पनि वर्ग यदि सान्सारिक चिंत्ता देखि मुक्त छ भने मात्र आफ्नो कर्तव्यको समुचित पालन गर्न सक्दछ र आफ्नो पेशामा दक्षता प्राप्त गर्न सक्दछ । व्यवसायिक दक्षता विना व्यवसाय अधुरो हुन्छ र तमाम थरीका विघ्न उपस्थित हुन्छन् र कष्टका कारण बन्न जान्छन् । यस अर्थमा ब्राम्हण वर्गलाई पनि कार्य दक्षता र निपुणता प्राप्त गर्नको लागि लगनशीलताको अवस्थामा रहन दिनु पर्दछ । तपाई समाजको विप्र हुनु हुन्छ ,नैतिकताका ठेकदार हुनु हुन्छ भने तपाई को सुख दुखको ठेक्का यो समाजले लिनु पर्दछ र म किनकी यस समाजको अग्रज हुँ भने तपाई को पारिवारिक चिन्तामा मैले अग्रंणी स्थान ग्रहण गर्नु पर्ने दायित्व हुनाले तपाईको छोरी तपाईको मात्र छोरी होइनन् कि मेरी पनि छोरी हुन् । विवाहको खर्च यस्तो अवस्थामा मैले व्यहोर्नु पर्ने हुन आएको छ । तपाई घर फर्कनुस । म सायंकाल सम्म तपाईको गाउँमा आउने छु । " यति भनेर ब्राम्हणलाई समझाई बुझाई गरेर प्राणनाथले भेला भएका अन्य किसान व्यवसायी मजदुरहरुलाई तमाम तरीकाले आश्वासन दीइ आ आफ्ना घर जाने आग्रह गर्नु भयो ।

गाउँको बाहिर आँपको सघन बगैंचामा डेरा थियो जन्तीको । प्राणनाथ पंडित श्याम शरणको घर र बगैंचाको बिचमा ओहर दोहर गरिरहेका थिए । एक त ब्राम्हण समुदायको भेला, अझ त्यसमा पुरोहितपन को विशिष्टता । प्राणनाथ आफ्नै छोरीको विवाह भए जस्तै बडो व्यस्त थिए । जन्ती तीन दिन मात्र बस्यो यो तीन दिनमा रात दिन प्राणनाथ को लागि बराबर रह्यो ।

विदाईको समय नजीक आयो । प्राणनाथ आंगनमा उभिए । बर कन्यालाई साथै राखेर विदाई शुरु भयो । प्राणनाथले जन्तीको सबै मानिसलाई आफ्नै हातले दक्षिणा दिदै गए अन्तमा समधी मिलनको समय आयो । आँखा भरी आँसु लिएका प्राणनाथ दुइ पाइला अगाडी सरे ।समधी र प्राणनाथ उभिए आमुन्ने सामुन्ने । अचानक यौटा कारिंदा अघि सर्‍यो र प्राणनाथको छेउमा गएर उभियो । उसको हातमा यौटो थैला थियो । प्राणनाथले थैलामा हात हाले र महारानी विकटोरियाको फोटो भएको एक एक आनाका ठूला ठूला तामाका एक अंजुली सिक्का झिकेर बर कन्याको शिरमा छुवाई वरीपरी घुमाई हावामा फाली दिए । अनि त के थियो र गाउँका गरीब गुरुवा भोक रोगले पीडित जनता भोको बाघ झै तछाड मछाड गरी सिक्का लुट्न लागे । नलुटने को कमी नलुटाउने सँग अभाव । प्राणनाथले थैलाबाट मुट्ठी भरी भरी सिक्का निकाल्ने र लुटाउने जनताले लुटने । यसतो जन्ती र जन्तीको सेवा सत्कार, ? जमीन्दारको दायित्व र उदारता न त कसैले यो भन्दा पहिले देखेको थियो न सुनेको थियो र नत यस्तो फेरी फेरी देखन पाउने आशा नै थियो ।

(५)

चैत्र महिना । मधेशमा यो महिनामा जाडोको पूर्णतः अन्त भैसकेको हुन्छ तर जाडोको अवशेष को रुपमा रहेको मलेरियाले पीछा छोडेको हुँदैन । भँगेरा सम्मलाई त जाडो र तापले च्याप्छ भने मानिसको के सीमाथियो ?

प्राणनाथको वात्सल्यता, दया, धर्मशीलता र विनयको परिणाम अथवा प्राकृतिक संकटको स्वाभाविक समाप्ती दुई वर्षको खडेरी सिद्धिएको थियो । शुरु श्रावण देखि पानी पर्न शुरु भएपछि हीले दशैं मानेर मात्र गयौ । परिणाम स्वरुप यस वर्ष जहाँ बालीनालीको प्रचूरता भयो त्यही मलेरियाको विभिन्न रुप पनि देखा परेको थियो । २४ घंटामा २,३ पटक, दिनको एक पटक ,तेश्रो दिन वा चौथो दिन जाडो लागेर ज्वरो आउने, मधेशमा यसलाई जूडी, तिजरा, चौथीयार आदि नामले चिन्ने, जमीन्दारनीलाई कार्तिक देखि शुरु भएको तिजराले अहिले सम्म पनि राम्ररी छोडेको थिएन । विहान नीमपातको काढा पिउने, जंगली बोट कंजाको फल पीसेर पिउने, आयुवेर्दिक प्राणदा औषधी पनि कइयो शीशी पीइ सकेकी थिइन् । टौटका, झाडफुक, तन्त्र मन्त्र ,ताबीज कति हो कति ? शुक्ल पक्षको प्रांरभ भएपछि तिजराले च्याट्टै छोडे जस्तो भयो तर घरी घरी पेट दुख्न थाल्यो । चैत्र राम नवमी दिन भएकोले प्राणनाथको घरको अगाडी आंगनमा भगवन नाम संकीर्तन चलीरहेको थियो । साधु संत महन्तहरुको भेला थियो । नारीवल ,छुहारा ,किसमिस, सुखा मिठाईको भरमार । दुध दही कति हो कति ? स्वल्पाहार चलेको थियो । कीर्तन गर्ने किर्तनमा लागेको थिए भने साधु सन्यासीहरु यत्रतत्र धुनी रमाएर चिलिम चढाउँदै भोले शंभू । “बोलबम” आदि थरी थरीका जयजयकारीका साथ गाँजा भाँग धतूराको कस लतालत तान्दै थिए । वेद पुराणका कथाहरु, श्लोक, दोहा, चौपाई, छंदहरु पढदै अर्ती उपदेश दिंदै थिए । श्रोता श्रद्धालुहरु बाट पांडाल खचाखच भरिएको थियो ।

।

“बुवा बुवा आमाको जोड जोडले पेट दुख्न लागेको छ हजुरलाई तुरुन्तै भित्र बोलाउनु भएको छ । ” १२ वर्षकी बालिका कुमुदनी भित्रबाट हताशिदै आएर प्राणनाथको हात समात्दै घर पट्टी तानेकीले साधु र भक्तको कुरामा व्यवधान पर्‍यो । प्राणनाथ पनि हतर पतर भित्र दौडे । जमीनदारनीलाई प्रशव व्यथा लागेको रहेछ । एक छिनमा लहर जस्तो उठेर फेरी पीडा शान्ति भै हाल्थ्यो । पहिले त वैद्यजी लाई बोलाउने विचार भयो तर यस्तोमा वैद्यको काम के ? भनेर नोकर नोकरनीहरुको मुखमा हेरे । तिनीहरु हात बाँधेर खडा थिए । त्यति लामो परिवार, परिवारका धनी भैकन पनि एकलो , निरीह प्राणी प्राणनाथ। आफ्ना छोरा नाती नभए सम्म कोही परिवारको धनी हुन्छ त ? भाईहरु त भावका साथी पो त? कहिल्यै कोई पीडा निवारणको लागि आएको देखिएको छैन । सब स्वार्थी, स्वार्थकै लागि मात्र संपर्क गर्छन् । तिनीहरु भन्दा त बरु ई नोकर नोकरनी कारीन्दाहरु नै ठिक छन् । धन त इनले पनि लिन्छन् तर सेवा त गर्छन । सुख दुखका साथी त छन् । उनले एक पटक फेरी बुढा कारिन्दा सुकईको मुखमा हेरे । सुकई यस घरको बडो वफादार व्यक्ति । ऊ त तयार नै रहेछ केही रायदिनको लागि । तत्काल भन्यो मालिक यो अरु केही होइन खुसियालीको क्षण नजीकिदै गएको मात्र हो ।

चैते झांकीलाई बाधा निवारणको लागि बोलाइ दिन्छु । धनिया चमारनी, सुकरी धोवीनी, काली नाउनी इनीहरु नै त यस्तो समयका विशेषज्ञ हुन् । जा जा रे लखना उनीहरु कहाँ पनि खबर गर हर पटक उनीहरुले नै त सुत्केरी सिहारेका छन् ।

एकै छिनमा सब प्रबन्धकहरु प्रबन्धमा लागे । प्राणनाथ भित्र बाहिर गर्दै रहे दिन बित्यो रात पनि बित्यो कुनै विशेष प्रगति भएन पीडा बढेन । यदा कदा मात्र शूल जस्तो उठथ्यो जिमीन्दारिनी छटपटाउथिन् । दोश्रो दिन वैद्यजीलाई बोलाइयो उनले दुइ चार पुडिया सामान्य औषधी दिए । चिन्ता नलिने निर्देश गरे र प्रसवको समय पनि पुरा नभएको भन्ने अडकल गरे । तीन दिन सम्म यस्तै वातावरण रह्यो चौथो दिन ठिक दिउँसो भित्री कोठामा केही ज्यादै ब्यस्तता देखियो र कुनै नवजात शिशुको रुदन को आवाज आयो । एक छिनपछि घर घरमा गाउँ भरमा प्रशन्नता को नयाँ लहर थपियो । जमीन्दारका घर छोरा जन्म्यो छोरा ।

यो बच्चा हो कि मुसो हो ? प्राणनाथको मुखबाट अस्फुट स्वर निस्क्यो । केही उमंग अथवा हर्ष जुन थियो त्यो अकस्मात हराई हाल्यो ।

छैठीको दिन । बाहिर बडो हर्ष उल्लासको वातावरण थियो । एक ठाउँमा पातुर नाची रहकीथी, कतै कतै भाँडहरुले स्वांग पार्दै हँसाई रहेका थिए । सुकइका छोराहरु आफ्नो परम्परागत बाजाका साज सामान लिएर जुटेका थिए । हजारी हज्जाम झयाली बजाउँदै उफ्रदै थियो, आफ्ना आँखा का नानी उल्टाई पल्टाई जोक्याइ गरी केटाकेटीलाई हँसाउँदै थियो ,कंठ धोवी रक्सी खाएर पचरा अलाप्दै थियो ।

नोकर नोकरानीहरु बडो ब्यस्त थिए । पुरी कचौडी दही बडा सलाद तिकोना पिचकिया मिठाई को ढेरका ढेर लागेको थियो । गाउँका मानिसहरु चर्रमर्र जुत्ता फाटकार्दै हातमा गिलास अथवा लोटा लिएर धमाधम भोज खान आउँदै थिए । तलाउमा पाइने कमलको ठूल ठूला माया लाग्दा पातहरुको ढेर थियो कुनामा । भोजन प्रबन्धकहरुके पात विछ्याई दिन्थे र पानी खानको लागि साथै ल्याएका भाँडामा पानी राखी दिन्थे । बडो प्रेमपूर्ण भण्डारा चली रहेको थियो यस्तो भण्डारा त यहाँ कति हो कति ? छोरीहरुको पालामा चल्यो, छोराहरुको पालामा पनि चल्यो, फरक यति मात्र कि छोरा बचेनन् । भोज भण्डाराको चहलपहलको बीचमा पुरोहितले छोराको मुख हेर्ने साइत प्राणनाथलाई बताएकोले अहिले प्राणनाथ प्रसूति घरमा जमीनदारनीको पलंगको बगलमा राखिएको मचियामा बसेका थिए र जमीनदारनीले छोराको शरीर बाट कपडा उठाई दिएपछि जुन बच्चा त्यहाँ देखियो त्यसबाट बडो क्षोभ भयो उनलाई । त्यसैले उनको मुखबाट उपरोक्त कुरा अभिब्यक्त पुन पुगेको थियो ।

यो त छ दिनको प्रगाति हो भनिन् यशोदा देवीले, जन्मेको दिन त यसलाई देखदा डर नै लाग्दथ्यो । मुसा भन्दा ठूलो थिएन । कत्तिको स्यानो रहेछ है ? मानिसको बच्चो भन्नै न सुहाउने ।

यो बच्चा त ख्वै, त्यहां भन्दा अगाडी प्राणनाथले बोल्न उचित ठानेनन् ।

मुश्किलले १० इन्च को लम्बाई, पातला हात खुट्टा, वजन कुन्नी आधा सेर छ कि ? स्वाँस फेरीरहेको माटोको स्यानो खिलौना भन्दा बढी त छदैछैन । तै पनि यशोदा देवी लाई सान्त्वना दिनु पर्ने आवश्यक थियो ।

प्राणनाथको आत्मालाई सन्तोष हुने ठाउँ थिएन । तमाम स्वस्थ्य छोराहरु जन्मे तर कुनै बाँचेनन् भने यो मुसो बाँचला र ? यही मुसोको जन्मको खुसी मनाउन रैती दुनिया लागेको थियो तन मन धनले । बाल बच्चा जन्मेको खुसीयाली ? साँच्दै थिए प्राणनाथ मनमनै । वर्तमान समयमा यौटा गृहस्थको घरमा ८,१० वटा सम्म बच्चाहरु जन्मन्छन् । जन्माउनु पनि जरुरी नै छ । किनकि कहिले हैजा, कहिले औलो, कहिले दादुरा जस्ता समय समयमा महामारी फैलिएर पूरा गाउँका गाउँ इलाकाका इलाका नै सून्य गरी दिने गर्दछन् । मानिसको जीवनको प्रत्याभूति छैन । यस्तोमा प्रकृति प्रदत्त मृत्युको बाढीले मानवको वंश नै नाश नगरी देओस भन्ने उद्देश्यले चाँडै चाँडैं बालक जन्माउनु पर्ने हुन आउँछ । यसका लागि सामाजिक नियम पनि बनेका छन् जस्तै बाल विवाह, बहु विवाह आदि ।ई सवै जनसंख्या वृद्धिका साधन नै त हुन । जनसंख्या वृद्धि नगरी त उपाय नै छैन अर्थ व्यवस्था र मानिसको जीवन कृषिमा मात्र आधारित भएको र कृषिमा घरको थोरै जनसंख्याले काम नदिने भएको साथै धन बलको साथै जनबल पनि शक्ति, मान प्रतिष्ठा र उच्चताको मानदण्ड हुनाले अनियन्त्रित रुपमा सन्तान पाउनु पनि त जरुरी नै छ र पाएका सन्तानहरु मध्ये कुनै कुनै मात्र बाच्ने हुनाले सन्तानको जन्ममा खुसियाली मनाउने प्रथा बन्न गएको कुरा महसुस गरे प्राणनाथले । देवताहरुको प्रकोप नहोस महामारीहरु नआउन् र जन्मेका जति सवै सन्तान बाँच्ने कुरा पक्का भैदिएको भए सन्तान जन्ममा यति खुसियाली मनाउने परम्पराको विकास हुने थिएन होला । यो त अंध्यारो पक्षको पीडाले उज्यालो पक्षको स्वागत अभिनन्दनको लागि प्रेरित गरेको छ । चारैतिरको कोलाहल नाचरंग गोला तमाशा देखि अलि पर यौटा खटियामा आरामको मुद्रामा विचार मग्न रहेका प्राणनाथको तन्द्रा भंग गर्‍यो सुकई चमारले । मालिक हजारी हज्जामले बजाई रहेको झयाली मुखं मा राखी दिएको छ त्यसै कुम मटकाई रहेको छ मालिक आएपछि मात्र झयाली बाजने रे ।

प्राणनाथले कुरा बुझि हाले कुनै पनि उत्सवमा विशेष रुपले सम्मिलित हुनेहरुमा बाजा बजाउनेहरुले बाजा बजाउँदा बजाउँदै बीचमा कुनै वाद्य यन्त्र रोकि दिने, नाचनोले नाचने मात्रै तर गीत नगाउने, कि त शिशुलाई लिएर नाच्दै जाने फिर्ता दिन नमान्ने । दमाईले शिशुलाई आधा लुगा लगाई दिइ आधा बाँकी राखीदिने, दीदीहरुले शिशुको यौटा आँखामा गाजल लगाई अर्को बाँकी राखी दिने इनै कामहरु त हुन्छन् र मूलीले तिनीहरुको माँग पूरा गरी दिए पछि उनीहरुले पनि आफ्नो काम पूरा गर्छन् ।

प्राणनाथ उठेर आंगनमा उभिए । सवै नृत्य गान गोला तमाशा को बीचमा व्यवधान परेको रहेछ । उनले प्रशन्नताले होइन कि औपचारिकताको निर्वाह गर्न आवश्यक ठानेर सवैलाई एक एक विगहा जग्गा दिएको भनि आश्वासन दिंदै गए अंतमा ध्यान दिए कटराकी मशहुर नृत्यांगना शम्मी तिर । चौबीस पच्चीस वर्षकी चपल सुन्दरी ।नृत्यमा सोरै कोणले नाच्ने गाढा रातो साडी, त्यसमा टाँसिएका सिताराहरुले त्यसको रुपरंग र सौन्दर्यलाई अझै कांतिमय बनाई रहेका थिए भने जमीनदारनी यशोदा देवीलाई

रिझाई खुसाई अनुनय विनय गरी शिशुलाई काखमा लिएर आंगनमा बडो मनोयोग सँग नृत्य गर्दै थिई । प्राणनाथलाई देखेपछि झन उफ्री उफ्री नाच्न लागी ।

"तिमीलाई के दिउं त ? सोधे प्राणनाथले ।

" मलाई कण्ठहार चाहियो ।

" यो त बडो महगो कुरा हो ?

" यस्तो खुसिको दिन देख्नु पनि त बहुतै महगो हो ।

" त्यसो भए भो महगोलाई नै लैजाऊ ।

"अर्कालाई दी सक्नु भएको कुरा फेरी दिन मिल्छ त मालिक ?"

प्राणनाथ झस्के । छोरालाई नै लैजा भनी तिनले गरेको परिहासको उत्तरमा त्यसले त्यो टोटका प्रति संकेत गरेकी थिए जसले गर्दा जन्मनासाथ सालनाल सहित शिशुलाई तराजुको एउटा पलडामा र अर्को पलडामा गंगाभुजैनीले कोदो राखी शिशु बराबर कोदो तौली दिई छोरा किनेकी थिइ । छोरा त वास्तवमा गंगा भुजैनीको भैसकेको थियो । अर्काको नाम दिए पछि बाँच्छ कि ? एउटा उपचार यो पनि ।
"भुजैनी बुढी छिन् तिनको दूधमा त्यति तागत छ छैन बरु तिमीले आफनो तागतिलो दूध खुवाउने..... । कुरा पुरा हुन पाएन उनी आफै झस्के यो त अविवाहिता रहिछे भन्ने कुरो हठात् सम्झना हुन आयो । शम्मी पनि लाजले भुतुक्क भई मुख मण्डल रातो हुन गयो । रुक्न नै नजानेका खुट्टाहरु एकैछिन अडिए । लाज पचाउनलाई बालकलाई एक पटक आफू तर्फ फर्काएर सुमसुमाई त्यसपछि जमीनदारको काखमा थमाई दिइ र छड्के परेर नाच्न थाली र उसले जमीनदारनीको कोठा तिर मुख घुमाई । उता यशोदादेवीले भित्रबाट कण्ठहार शम्मी तिर फालिन् उसले हार टिपेर हातमा लिएर हल्लाई हल्लाई चारैतिर देखाई र घाटीमा पहिरिइ लिइ । त्यसै खुशियालीमा त्यसको मुखबाट नयाँ गीत गुन्जायमान भयो "दशरथको घरमा रामले जन्म लिए, म त नाच्छु नाच्छु नाच्छु ।"

(६)

दुईटा प्रौढ पुरुष बडो गम्भीर वार्तामा संलग्न थिए । वार्ताकारहरु मध्ये एक जना ५५ वर्षीय प्राणनाथ थिए र अर्को पुरुष धार्मिक कर्मकाण्डी गाउँका पुरोहित पुजारी ब्राह्मण थिए । उनले मथुराबाट वेद वेदान्तको अध्ययन गरेर वेदपाठी भएका थिए भने बनारसका प्रशिद्ध कर्मकाण्डी रामनाथ स्वामीको शिष्यत्वमा रहेर सम्मोहन वशीकरण, उच्चाटन, मारण आदि मन्त्र र तमाम तन्त्रहरुको पनि राम्रो ज्ञान प्राप्त गरेका थिए । गाउँ घरमा कथा वार्ता गरेर जीवन निर्वाह भैरहेको थियो । प्राणनाथको तर्फबाट केही जग्गाजमीन पनि पाएका थिए । आफनो धर्म कर्ममा संलग्न रहने, प्रायः हिन्दू विधि र संस्कारलाई कठोरतापूर्वक लागू राख्दै मनुस्मृतिको व्यवस्थालाई लागू गर्न तत्पर हुन्थे । उमेर यस्तै करीब ५०, ५५ को बीचमा थियो । गौर वर्ण, पुष्ट शरीर, चुच्चे नाक, लामो कान, उन्नत ललाट जसमा त्रिपुण्ड लगाएको सेतो कुर्ता माथि मशीनो राम्रो शाल ओढेको घाँटीमा

रुद्राक्षको माला, खुट्टामा काठका खेराउ र हातमा लकडीको नक्काशी गरिको नम्बरदार लट्ठी । दुवै प्रौढमा शुरुमा हल्का रुपमा शुरु भएको वार्ता अहिले बडो गम्भीर भैसकेको थियो वार्ताको विषय थियो सविनयको शिक्षाको दिशा निर्धारण ।

"सविनय । नामकरण संस्कारमा कुलपुरोहितले त्यही नाम दिएका थिए प्राणनाथको पुत्रलाई । ज्योतिषीहरुले बालकको जन्म पत्रिका बनाएर बालक विलक्षण बुद्धिको ज्ञानी, धर्मात्मा, नीति नियमको जानिस्कार, परोपकारी हुने र चतुर्दिश नाम फैलाउने भनेर भविष्यवाणी गरेका थिए भने अर्को तर्फ केही चेतावनी पनि दिएका थिए जस्तै ३०/३५ वर्षको बीचमा ठूलो खुड्किला, प्राण जानेसम्मको संकट आउन सक्ने।

प्राणनाथलाई ज्योतिषमा विश्वास नभएपनि निराशाको छायाँले गहन कालो अन्धकारको रुपलिएर उनलाई यस्तरी बाँधेको थियो, जसमा कि बालकको जीवित रहने आशा नै दखिदैनथ्यो । त्यसो हुनाले कर्तव्यहरुको पालना समय समयमा गर्दै रहे पनि बालक प्रति उपेक्षाको भाव नै राख्दथे । यो कुरा बुढो हजारी हजामले बुझेको थियो र उसले प्रायः बालकलाई आफ्नै घरमा राख्दथ्यो । हजामनी बुढी र बुढाले बालकको शरीरलाई बलियो र स्फुर्ति राख्नको लागि मालिश प्रति असाध्य विश्वास राख्ने हुनाले दुवै प्राणीले बालकलाई जडी बुटी हालेर पकाएका औषधियुक्त उबटन र तोरी तेलको मालिश गर्ने गर्दथे । अलिकति पनि ठन्डी हावा चल्ना साथ हींगको घूँटी दिने र बीसै वटा नंगमा हींगको लेप गरि दिने र सिउँढाको पातको रसको घूँटी दिने जस्ता काममा लागी रहन्थे । दूध खुवाउनलाई यशोदादेवीको काखमा पुऱ्याउनु र सेवा चाकरीको लागि फेरी आफ्नै घरमा ल्याई हाल्नु नियम झैं थियो । नोकरहरुले मौका पाउना साथ बालकलाई उठाई काखमा लिएर घुमाउन थाल्थे । कहिले मन्दिरमा लगेर घंटीको आवाज सुनाउने, कहिले फुलवारीमा घुमाउने । बालक खटियामा एक्लै सुत्न पाउने कुरा त दुर्लभ नै थियो । काखै काखमा बास ।

सबैको मेहनतले रंग देखायो । बालक शुक्लपक्षको चन्द्रमा झैं बढ्न थाल्यो । बढ्ने मात्र होइन त्यसको हात पाउमा पुष्टता देखिन थालियो । यसैले प्राणनाथ झन चिन्तित भए । यो पूर्व जन्मको कुनै ठूलो शत्रु रहेछ । आफ्नो आचरण र क्रियाकलापले मोहित पारी रहेको छ । जब हामी यसको पूर्ण प्रभावमा आई हाल्छौं तब यो गै हाल्नेछ र यसको दुःखमा रोई रोई प्राण गुमाउने अवस्था पर्न जानेछ । जन्मेर तत्काल मरेका अथवा दुईचार दस दिन एक आधा महिना बाँचेर मर्ने सन्तान भन्दा धेरै बाँचेर मर्ने सन्तान बढी दुखदायी हुन्छन् । यी त परम शत्रु हुन्छन् । पूर्व जन्मको बदला लिन पो आउँछन् । अहँ, म यिनको जालमा, यिनको मोहमा पर्ने छैन । गर्नु पर्ने कर्तव्य सम्म गर्दै जाने हो, त्यति मात्र हो ।

यही विचारधाराको फलस्वरुप उनी बालकसँग बढी टाँसिदैनथे तर बालक पाँचौ वर्षमा प्रवेश गरेपछि पढाउनु त पऱ्यो । कलम पूजा त गराउनै पऱ्यो भनेर बनारसबाट

एक जना ब्राह्मणलाई बोलाएर बालकको शिक्षक नियुक्त गरी दिएका थिए । अहिले बालक किताब त पढ्दथ्यो तर अचानक यस्तो यस्तो प्रश्न बीचमा सोधी दिन्थ्यो कि गुरु निरुत्तरित हुन जान्थे । स्वयं गुरु विचरा पनि धेरै पढेका थिएनन् भने बालकको प्रश्न पनि प्रौढहरुलाई हल्लाउने खालका हुन्थे । यसबाट प्राणनाथ चिन्तित रहन थाले ।

"यस्तो बालकलाई त अयोध्या, काशी, मथुरा तिर पढाउन पठाई दिनु पर्छ ।" पुजारीजीले सुझाव दिए ।

"त्यो त ठीकै थियो पुजारी जी तर तीर्थस्थलहरुमा वेद पुराण, तर्क, ज्योतिष र आयुर्वेदको मात्र शिक्षा हुन्छ अब नयाँ युगको सुत्रपात भैसकेको छ । मानिस अंग्रेजी पढ्न थालेको छ । हाम्रो राजधानीमा पढेकाले पनि परीक्षा दिन भारतमैं जानु पर्ने रे । नयाँ युग विज्ञानको युग हो भन्ने भनाई छ र यसको लागी अंग्रेजी नपढी नहुने रे । त्यसैले मेरो विचारमा हाम्रो धर्म दर्शन ज्योतिष तर्कको शिक्षाको साथै विज्ञान पट्टी नै यसलाई झुकाउन सके वेश हुन्थ्यो कि ? मनको कुरा खोले प्राणनाथले ।

पुजारीजीलाई यो कुरा ठ्याम्मै मन परेन । उनले भने "अंग्रेजी शिक्षा वास्तवमा शिक्षा होइन । यो त एउटा चाल मात्र हो । अंग्रेजहरुको भारतबाट खुट्टा उठ्न लागेको र नागरिकहरुमा चेतना जागीरहेकोले उनीहरुले राजनीतिक चाल खेलेका हुन् ।"

"होइन । शिक्षामा पनि चाल हुन्छ र पुजारीजी ?"

"हुन्छ, अवश्य हुन्छ, राजनीतिको प्रवेश शिक्षामा पनि हुन्छ यसलाई यस्तरी भन्न सकिन्छ कि शिक्षालाई अंग्रेजले अहिले राजनीतिक साध्यलाई प्राप्त गर्नको लागि साधनको रुपमा प्रयोग गरी रहेका छन् र धेरै हदसम्म सफलता यस कारण पाएका छन् कि भारतवासी बहुतै सीधा छन्, यिनले ठूला बडा देखिने माथि भ्वाट्टै विश्वास गरी हालछन् र अन्ध भक्तिमा यिनलाई पछार्न सक्ने कुनै अन्य जाति नै छैन ।"

"तपाईंको आशय कहीं यो त होइन कि अंग्रेजी शिक्षाले दासत्वलाई प्रश्रय दिई रहेको छ ।" शंकायुक्त वाणी थियो प्राणनाथको ।

"अवश्य । मेरो आशय यही हो ।" भन्दै पुजारीजीले राजनीतिक विश्लेषण गर्न थाले "हेर्नुस, आफ्नो भाषा र संस्कार शासितहरु माथि थोप्न सक्नु राजनीतिमा पहिलो सफलता हुन्छ भने शासितले शासकको भाषा र संस्कारलाई आत्मसात गरी लिएको रहेछ भने त्यो सुस्थिर शासनको पूर्व सूचना हुन्छ । यसको लागि अंग्रेजहरुले भारतमा अंग्रेजी शिक्षाको प्रचार प्रसारमा लागेका छन् भने भारतीयहरुको परम्परागत संस्कृतिलाई खतम गर्न धर्मको आड लिएका छन् । वौदिक धर्म किनकि रहस्यमय छ तसर्थ यस प्रति अविश्वास जगाउन पनि सजीलै छ भने ईशाई धर्म दुई शब्दमा सीमित छ, जसमा सामाजिक समानतालाई

प्रश्रय दिइएको छ । फलस्वरुप यहाँबाट भागेर पटना गएको बुधे सार्की आज पतलूम लगाउँछ, बुशर्ट लगाउँछ, चुरोट पिउँछ सबैको साथमा बसेर खाना खान्छ, बुधेको ठाउँमा बुकरट्याक साहब भएछ । बमफुवा तेली बगफोर्ड बनेछ, चिरैते चमार चान्सलर नामले कलक्टरको अर्दली छ । सब धमाधम क्रिष्टियन हुँदै गै रहेछन् । लंकाका यि विभीषणहरुले अंग्रेजी हुकूमत कायम राख्न मद्दत गर्नमा लागेका छन् । आफ्नै दाजु भाईहरुलाई "साला इन्डियन काला कुत्ता" भन्ने गर्दछन् । नाक खुम्च्याउँदै भने पुजारीले ।

"उनले त पाइन्ट बुशर्ट पाए, दुई छाक मीठो भोजन, चिया नास्ता, स्थायी नोकरी, बालबालिकालाई शिक्षा दिलाउने अवसर सबै त राम्रो भयो भने यो प्रगतिबाट यो लोक सप्रेन र पुजारीजी ।" किंचित हाँस्य गर्दै प्राणनाथले भने ।

"यो लोक त सप्रेन तर यो क्षण अवश्य सप्रे जस्तो देखियो प्राण बाबु" पुजारीजी गंभीर भैसकेका थिए, उनले भने "पहिले म पहिरनको कुरा गर्छु । हेर्नुस हाम्रो समाजमा श्रमिक वर्ग किनकि कठोर परिश्रमी हुन्छ तसर्थ राजरोगहरु बहुतै कम हुन्छन् उसलाई । त्यसो हुनाले यद्यपि कृषकलाई पाइन्ट जस्तो नमिल्दो पोशाकको कुनै औचित्य नै छैन तर पनि समय निकालेर कहिले काहीँ लगायौ भने उसलाई त्यति खतरा छैन ।"

"खतरा ?, पोशाकबाट ?" आश्चर्य माने प्राणनाथ ।

"हो ठूलो खतरा । श्रमिक बाहेक बाँकी तीन वर्गले शारीरिक श्रम बहुतै कम गर्छ । यस्तो अवस्थामा राजरोगहरु हुने सम्भावना बढी हुन्छ तसर्थ प्राचीन ऋषिहरुले यसको बचाउको लागि अन्य तीन वर्णले जनै लगाउने विधान चलाए । शौच जाँदा कानमा जनै चढाएपछि कानको नशामा दबाब पर्दछ र शौच खुलस्त हुन्छ विकार जन्मन पाउँदैन । यो विकार रह्यो भने पछि मधुमेह जस्ता राजरोगहरु हुन सक्दछन् । बसेर पिसाब फेर्नाले पिशाब सफा हुनुका साथै गोडा भरी छीटा पर्दैन । फलस्वरुप पिशाब मार्गद्वारा शरीरले फालेको विजातीय पदार्थहरु पुनः शरीरमाथि आक्रमण गर्न पाउँदैनन् । यो सबै सुविधा सुरुवाल, धोती कुर्ता कमीजमा मात्र सम्भव छ । रह्यो कुरा भोजनको । भोजनमा तैल्य र मांसलाई तिनीहरुले जति सुकै पौष्टिक मानुन तर म संक्षेपमा यति मात्र भन्छु कि आधुनिकताको होडमा हामीहरु रोग ब्याधिले अकालमा मरी रहेका छौं र जो सदाचारितामा विश्वस्त रहन्छ त्यो निरोगी र दीर्घजीवी हुन्छे यसको ठीक विपरीत वर्तमान क्षण सुनौलो देखिए पनि पश्चिमी परिवेश पेनडोराको दुःखको बाकस जस्तो साबित हुनेछ अझ यसलाई सरल गरेर भनौ भने हाम्रो रुवाई त्यो नवविवाहिता कन्याको रुवाई जस्तो छ जो सम्पूर्ण संसार पाउन माइतीघर छोड्ने बेलामा रुन्छे । खुब रुन्छे तर केही बेर मात्र । तर पश्चिमी खुशी त्यो नौयोवना विधवाको रुवाई जस्तो छ । जसलाई वर्षो वर्ष रुनु छ, छटपटाउनु छ, मरणपर्यन्त पनि चितामा शव पनि छटपटिने नै छ, सन्तानको भयानक अँध्यारो भविष्यको भुमरीलाई देखेर ।"

"अनि यो अंग्रेजियतको आकर्षण ? के मानिस त्यसै दौडेका हुन त यता पट्टी ?"

"हो, बिल्कुल ठीक । यो मृगमारिचिका । अँधोदौड भेडीको जस्तो ।"

"अनि यो दौड देखि सन्तानलाई के पर राख्न सकिएला त ?"

"सकिएला तर यसको लागि सावधानीको आवश्यकता छ । यो पश्चिमीपन सबै गलत हो भनिदिने हो भने सन्तानले हेरौं त गलत भनेको कस्तो हुँदो रहेछ भनेर त्यसैमा टाँसिन पुग्ने छन् । यो मानिसको स्वभाव हो । तसर्थ गलत कुरा चाहिँ केही रहेछ भने बालकलाई त्यसको नजीक अवश्य पुऱ्याई दिनु पर्दछ कि उसले स्वयं अलि टाढानै बसेर पर्यवेक्षक भै त्यसलाई देखोस् र उचित अनुचितको निर्क्योल गरी हालोस् । तर बालकको शरीर र संस्कार आफ्नै परिवेश भित्र रहनु पर्दछ ।"

"यसको तात्पर्य बच्चालाई संस्कृतिका रक्षक संस्कृत विद्यालयमा लगेर भर्ना गराउनु पऱ्यो त ?"

"होइन, मेरो तात्पर्य पुरानो पोंगा पोथी ब्राम्हणको आचरण अपाउन लगाउने भनेको होइन । कुनै यस्तो गुरुकुलमा पठाऊँ जहाँ वेदवेदान्तमा अन्वेषण हुन्छ, धर्म र नैतिकवान जीवन शैली छ साथै वर्तमान युगका गुणहरु ग्रहण गर्ने र अवगुणहरुको उपेक्षा गर्न सक्ने क्षमता जहाँ छ त्यहाँ लैजाऊँ ।"

एकछिनपछि दुवै मित्र घोरिए । विचार गर्दै जाँदा प्राणनाथले "वाराणसीको बाबा सिद्धेश्वर नाथको आश्रम कस्तो रहने छ ?"भने।

"ठीक, बिल्कुल ठीक । म सहमत छु, तर अहिले होइन अब ७/८ महिना पछि जब यो सातौं वर्षमा प्रवेश गरोस् तब मात्र भन्दै पुजारीजी सन्ध्या उपासनाको समय नजीक आउन लागेकोले त्यहाँबाट विदा भए ।

(७)

यस वर्षपनि तिहारको चाड बडो धुमधामसँग मनाइयो । पुडी, कचौडी, सेल, फिनी, खीर, पिचकिया आदि थरीथरिको भोजन र मिठाईको भरमार । केटाकेटीहरु नयाँ नयाँ कपडा र खेल तमाशामा मस्त थिए । तर, प्राणनाथको घरमा अर्कै माहौलको रचना गरेको थियो सविनयले । आँगनमा ठुस्सिएर बसीरहेको थियो रिसाएर । बडो मानमनौती पनि चल्यो मान्दै नमानोस । विषय थियो नयाँ सिलाएर ल्याइएको कोटको । प्राणनाथले सदरमुकाम पठाएर सविनयको लागि शुद्ध कालो काशमीराको कोट सिलाई मगाएका थिए । सात रुपियाँको कपडा तीन रुपिया सिलाई,१० रुपिया परेको थियो कोटलाई । नोकरचाकरहरु आँखा फैलाई फैलाई हेरे "दश रुपियाँ ? र सिलाई तीन रुपिया ? हरे

भगवान दुई आनामा ब्लाउज, चार आना कमीज दुई आनामा नेकर सिलिन्छ यो कति महँगो ? भनेर दाँतले जिब्रो टोक्दै थिए

तर सविनयले जिद्दी गऱ्यो त गऱ्यो । रंग रातो भनेको, कालो किन ? यही जिद्द थियो त्यसको । आमा बाबु नोकरहरुले कसैले मनाउन नसकेपछि हजारी हजाम आयो उसले बालकलाई काखमा उठायो र कोट पनि हातमा लिएर मनाउनको लागि कानेखुशी गर्न लाग्यो अर्को कोट भोली नै बनाई दिने भनि कबूल पनि गऱ्यो । बालकले सन्तोष जस्तो मान्यो र कोट बुढोको हातबाट आफ्नो हातमा लिएर "त्यसो भए यसलाई जलाई दिन्छु" भन्दै नजिकै बलेको अगेनोमा भ्याप्पै फाली दि हाल्यो ।

छोराको जिद्दबाट हैरान भएर त्यही बसेकी यशोदादेवीले हतपत कोट आगोबाट निकालिन्, केही मात्रै जलेको रहेछ, काम नदिने खालको देखेर प्राणनाथले हो हो गरेर बडो जोडले उन्मुक्त हाँसो हाँस्दै भने "तैंले त कोट मात्र जलाइस तर मैले, थाह छ? बुवाले ल्याई दिनु भएको रातो किनाराको सेतो धोती दुई आनाको मोल परेको त्यस जमानामा ? बुझिस मैले दाँतले दुई टुक्रा गरेर गधालाई ओढाई दिए थें ।" भन्दै फतफताउँदै बाहिर बैठक तर्फ लागे ।

त्यो घटना भन्दा पहिले भाद्र महिनामा अर्के घटना पनि घटी सकेको रहेछ । एक दिनको राति बालक सविनय सुत्दा सुत्दै अचानक आफ्नो ओछ्यानमा उठेर बस्यो र रुन लाग्यो । बृद्ध दम्पतिले डर लाग्दो स्वप्न देख्यो कि ? भन्ने अनुमान गरेर चुप गराउने प्रयाश गर्न थाल्दा "आलुको तरकारी खान्छु ।" भन्न लाग्यो ।

पऱ्यो फसाद, आलु ? बडो दुर्लभ चीज हो । शहर बजारमा त यसको किनमेल हुन्छ र पाइन्छ पनि । तर, गाउँमा भदौको महिनामा कहाँ पाउने ?

गाउँलेहरुले उब्जाएको अन्न खरिद गरी दिने मण्डी नजिकमा नभएकोले दुई दुई दिनको बाटो गरेर अन्न गाडामा बोकेर बेच्न सदरमुकाम जानु पर्छ भने आलू न त घरमा धेरै दिन राख्न सकिन्छ र न त कहीँ नजीकमा बिक्री गर्न नै सकिन्छ । फेरी किसानले गाडामा आलु बोकेर मण्डी लैजाने कुरा पनि त लाज मर्नु हो ? आलु बेच्न ल्याएको भनेर उपेक्षित भएर कतिले ताड्ना दिने हुन् र यति सहँदा पनि कहीँ कसैले किनी दिएन भने ? खरिद बिक्रीको चलन नभएकोले ठूल ठूला जग्गाधनी र जमिनदारले ३/४ कट्ठा मात्र लगाउँछन् आलु । बाँकी सीजनमा स्थानीय लौका, फर्सी आदि घरेलु उत्पादनले सबैको काम चलीनै हालछ । अब आलु लगाउने सीजन त आउँदैछ । अलिक दिन पछि बिउको लागि आलु त आउला तर आज कहाँ पाइयोस् ।

बहुत फकाइयो, तमाम प्रलोभन दिइयो तर सबै हारे । जिद्दी बालकलाई चुप लगाउने कुनै उपाय न लागेपछि नोकरहरुलाई जगाईयो र नोकरहरु घरघरमा गएर दुई चार दाना आलु छ कि ? भन्दै हाल सालै जुन जुन घरमा शादी विवाह, कथा पुराण, छैठी, न्वारन जस्ता उत्सवहरु भएका थिए त्यहां खोजी गर्दै हिँडे । अन्तमा एउटा नोकरको प्रयाश सफल भयो र दुईदाना आलु लिएर घर फर्क्यो ।ऊ त्यसको तरकारी खाएर मात्र खटियामा सुत्न गएको थियो ।

"यस्तो जिद्दी बालकलाई अब यहाँ राखेर कल्याण छैन । सातौं वर्ष लागि हाल्छ पछि पछि, सातौं त के ? बाच्यो भने कति हो कति ? यसलाई बाहिर नपठाई उपाय नै छैन ।" प्राणनाथले भने ।

"यो दूधे बालकलाई ? त्यति टाढा पन्ध्र दिनको बाटो होला यहाँबाट ।" आश्चर्य र दुखमिश्रित स्वर थियो यशोदादेवीको ।

"के भयो त ?" प्राणनाथले शीतल स्वरमा सम्झाउने उद्देश्यले भने "जन्म मात्र दिएर हुँदैन हेर, कर्म पनि दिन सक्नु पर्दछ सन्तानलाई । विन्नूलाई बाहिर पठाउँदा दोहोरो लाभ देखेको छु अझ भन्ने हो भने तेब्बर लाभ छ । एउटा त त्यसले शिक्षा पाउँछ, युग जमाना कता गैरहेको छ त्यसको अनुभव हुन्छ, दोस्रो कुरा टाढापनले हाम्रो मोहभंग गरी रहन्छ यो पनि आवश्यक नै छ । तेस्रो कुरा त्यसको जिद्दबाट हामीलाई फुरसत हुन्छ ।

"यी तीनवटै कुरा मातृत्व भन्दा धेरै मुनि पर्दछन् ।"

"सन्तानको भविष्य निर्माणमा जति आवश्यकता मातृत्वको प्यार दुलारको हुन्छ त्यतिकै पितृत्व कठोरता र अनुशासनको पनि हुन्छ । यसको तयारी गरी देउ बरु हामी पनि जाउँ अलि दिन तीर्थ ब्रत गरौं । यसलाई उतैतिर छोडी दिउँला ।" भन्दै प्राणनाथले अर्को तर्फ मुख फर्काई हाले ।

यशोदा देवीको हृदयमा कसैले हथौडाले प्रहार गरे जस्तो भयो । बुढेसकालको सन्तान बडो दान पुण्य, यज्ञ, जोग जपको फल । यसको बालकपनबाट आनन्द लिन पाउने समयमा यो हामी देखि टाढा जाने भयो र खेल्ने कुद्ने समय र दिनमा किताब कलम, स्लेट पाटी बोकेर गुरुको अनुशासनमा रहनु पर्ने भयो । तँ पनि अभागी हामी पनि ? सोच्दै जाँदा यशोदाको मन भारी भयो, साथमा सुती रहेको विन्नूलाई छातीमा टाँसिएर जोड्ले चिपकाउन थालिन आँखाको कोर रसाएर आयो ।

अध्याय २

(१)

फाल्गुन महिना । न जाडो, न गर्मी । वास्तवमा महिनाको राजा भने पनि हुन्छ यसलाई । गरीबले जाडोबाट त्राण पाएको हुनछ भने बूढाहरु पुन केही समय बांच्म पाउन शक्ति संचय गर्न उत्सुक हुन थाल्छन् । किसानले मकै धान, मास, भित्र्याएका हुन्छन् र खानाको पीडा हुँदैन भने रवि फसल तयार हुनै लागेको हुन्छ । एक त ऋतु नै बसन्त पर्ने हुनाले बोट विरुवाहरु लटरम्म फुलले ढाकिएका हुन्छन र फल दिने तयारीमा आफ्नो सुवासले गाउँलाई ढाकी दिएका हुन्छन् । संक्षेपमा यो महिना मनोहर महिनाको रुपमा चिनिने हुनाले नै होला, तमाम युवक युवतीहरुको जीवन सूत्रको गाँठो बाँधी दिने काम पनि यो महिनामा प्रशस्त हुने हुंदा यो शुभ लगनको महिना नवयुवकहरुको लागि विशेष आकर्षणको विषय पनि हुन्छ ।

कृष्णपक्षको चतुदर्शी तिथि, हिन्दुहरुको महान पावन पर्व, महाशिवरात्रि । वाराणसीको हाट बजार, गल्ली, धर्मशाला, होटल, मन्दिर, रेलबे स्टेशन सबै खचाखच भरिएका थिए, तीर्थयात्रीहरुबाट । दोकानदारहरुको दोकान ठसाठस सामानले भरिभराउ थिए । मिठाई पसलहरुलाई फुरसतै थिएन । बनारसी साडीको छुट्टै बहार, फूल माला चुरा पोते, कंठी माला, टीका, सिन्दूरको भरमार । जय बम भोलेको नाराको बीच धर्मका ठेकेदारहरुले सोझै स्वर्ग पठाउने टिकट बाँडी रहेकाले हरिशचन्द्र घाट, मणिकर्णिका घाट, दशास्वमेध घाट आदि प्रमुख घाटहरुमा स्नानार्थीहरुको ठूलो भीड । सबै घाटहरु आजको जस्तो पक्की सीढी लागेका सफा सुग्घर सुव्यवस्थित र दर्शनीय थिएनन् । अनगढ ढुंगाका सीढीहरु यदा कदा अव्यवस्थित लगाइएको भए पनि गंगाजीमा स्नानगरी माथि उक्लने यात्रीहरुले लिएर हिँड्ने चिसो लुगाबाट टपकिने पानीले ती सीढीहरुलाई पनि चिप्लो गराई दिएको थियो । त्यसो हुनाले नुहाएर उक्लिने र घाटमा तल झर्नेहरुले बडो स्थिरतापूर्वक खुट्टा राख्नु पर्दथ्यो । जान अनजानमा कोही चिप्लियो भने पचासौं मिटर तल, कहाँ कति चोट लाग्ने हो अनुमानै गर्न कठिन । अझ मेला भएकाले त्यसमा किच्चिएर प्राणै जाने पनि बढी सम्भावना थियो । यस्तै अवस्थामा धोतीलाई आधा बेरेर लपेटेको , माथि निर्वस्त्र उन्नत ललाट जसमा चन्दन लेप भएको तेजश्वी आंखा, घनाकाला रौंले युक्त भौह, ओंठ किंचित मोटो, सानो सानो कपाल जस्मा ठूलो गाँठो लागेको ठूलो टुप्पी, एक दृष्टिमा नै वदपाठी ब्राम्हण कुमार भएको स्पष्टै देखिने, उमेर यही तेरह वर्षको आसपास भएको एउटा किशोर अलि हतारिए जस्तो एक हातमा पितलको सानो बाल्टीन र अर्को हातले धोती सम्हाली

राखेको अलि चाँडो चाँडो तर बडो यत्नपूर्वक खुट्टा राख्दै मणिकर्णिका घाटमा तल झर्दै थियो ।ऊ गंगाजल लिन गैरहेको कुरा स्पष्ट नै थियो ।

माथि मन्दिरहरुमा घण्टा बज्न शुरु भयो । किशोरको खुट्टामा झन स्फूर्ति आयो । तर अचानक एउटा खुट्टा चिप्लिन गएछ र सींढीमा लोटेको त्यो किशोर तल गंगाजी तर्फ सर्र चिप्लिन पुग्यो तर तल गंगाजीमा छ्याप्पै पर्नु भन्दा पहिले नै एउटा बडो कोमल हातले बडो फुर्तीसँग कठोरताले त्यसको हात समातीहाल्यो । पकड यति दृढ थियो कि किशोर आफ्नो चिप्लाईको बेगमा भएकोले एक पटक फनक्क घुमी हाल्यो । समात्ने बालालाई पनि ठूलो बलै लगाउनु पर्‍यो तर किशोर फुत्कन पाएन ।

बेग रुक्यो र किशोरले आफूलाई संयत गर्दै उठ्यो तर त्यसलाई शरीरको विभिन्न अंगमा चोट पटक लाग्न गएकोले चोटको पीडा उसको अनुहारमा झल्कियो । ऊ जेनतेन उठेर खडा भयो तब त्यसले देख्यो त्यसलाई गंगाजीमा पुग्न देखि रोक्ने दृढ शक्तिकी धनी एउटी किशोरी पो रहेछिन् ।

श्याम वर्णको सुकुमार शरीर, महासमुद्र झैं गहिरा काला मृगजस्ता आँखा, त्यसको माथि धनुषाकार झैं लामा लामा भौं र पलक, युवती हुने प्रारम्भिक लक्षण दृष्टिगोचर भरहेको, कानमा स्वर्णका साना साना झाला, नाकमा सानो कील, खुट्टामा पायल । धानीरंगको कुर्ती जसमा साना साना चम्कीला बुट्टा र सितारा जडिएको, सानो लेंहगालाई नयाँ रुप दिएर स्कर्ट नाम दिएको र मथुरामा बढी चल्ने राधिका सेट लगाएकी, यस्तै ११/१२ वर्षको आसपासमा देखिएकी किशोरी उज्जवल धवल दन्तपंक्ति देखाएर बाल सुलभ चञ्चलता र मनोभावले गर्दा एक पटक त खित्का छोडेर हाँसेकीले वरीपरीको भीडको पनि ध्यान एक क्षणको लागि आफूतिर आकर्षित गरिन्, तर किशोरको शरीरको चोटपटकले त्यसलाई चाँडै नै गम्भीरतामा परिणत गरि दियो ।

यस्तो चिप्लो बाटोमा यसरी दौड लगाइन्छ त ? हेर त शरीरभरी हिलो माटो र ठाउँ ठाउँमा चोट परेको । उसले सहानुभूति प्रकट गर्दै टुटे फुटेका हिन्दी शब्द बोल्दै “अब एक डुबकी गंगाजीमा लगाऊ चोट पनि सन्चो हुन्छ अनि पानी लैजाउला । कहाँसम्म जानु छ ? सहानुभूतिमा प्रश्न गरी किशोरीले ।

“बाबा सिद्धनाथको आश्रममा ।” गुरुदेवले भगवानलाई नुहाई दिने तरखर गर्दा गर्दै परेवाले पानीमा विष्टा गरी दिएकोले दौडदै अर्को जल लिन आएको ।” भन्दै युवकले झम्टेर बालटी उठायो हतपत एक डुबुल्की गंगाजीमा लगायो र बाल्टिनमा पानी लिएर गीलो धोती लगाएर नै हिँड्न उद्यत भयो ।

"उकालो ओरालोमा बढी चनाखो हुनु पर्दछ । यसमा हडबडी भयो भने खत्तम भइन्छ ।" भन्दै किशोरीले उसको हातबाट बाल्टिन लिने उपक्रम गरी ।

किशोरीको हिन्दी उच्चारण विशुद्ध नभएको ले ऊ गैर हिन्दी भाषी भएको कुरा अनुमान गर्दै आँखा र मुखकै भावले बाल्टिन दिन इन्कार गर्दै किशोरले तिम्रो घर कहाँ हो ?" भनि सोध्यो ।

"नेपाल । पाल्पा जिल्ला, तानसेन बजार ।" संक्षिप्त उत्तर थियो किशोरीको ।

"तानसेन ? उसो भए तिमी नेपाली ।" यस पटक किशोरले नेपालीमा नै प्रश्न गऱ्यो ।

"हो म नेपाली । तिमीले पनि त हाम्रो भाषा बोल्यौ ? के तिमी पनि नेपाली हौं ?"

"अँ म पनि नेपाली हुँ । मेरो घर पनि तानसेन हो ।"

अगाडी अगाडी किशोर पछि-पछि किशोरी सीढी उक्लदै थिए । परिचयको सिलसिला जारी थियो । हुनत किशोर पनि यसपटक बहुतै सावधानीले खुट्टा गाड्दै गाड्दै उक्ली रहेको थियो तर किशोरी अझ धेरै सावधान देखिन्थी । उसका आँखा किशोरको खुट्टा मा नै थियो । फेरी चिप्लन्छ कि ? भन्ने डर । तर किशोरले आफूलाई तानसेनको बताएपछि किशोरीका मुखमण्डलमा अप्रत्याशित चमक आयो र अपनत्व भावले पुलुक्क किशोरको मुखमा हेरी ।

"अनुहार र भेषभुषाले त नेपाली जस्तो छैन ।" मनमा सन्देह पस्यो । तर मनले नै तत्काल उत्तर दियो "वेदपाठी हो । यहि पहिरन र रहन सहनले पहिचानै लुकाई दिएको छ । फेरी ब्राम्हण जाति चाहे भारतका चाहे नेपालका एउटै आकृतिका त हुन्छन् । किशोरी आफै सन्तुष्ट भई तर तत्काल प्रश्न उठ्यो "तानसेन, मैले त तिमीलाई देखिन ।" प्रकटमा प्रश्न गरी ।

"मेरो आमाले माइतीबाट चार गाउँ दाइजो पाउनु भएकोले बुवा पहाडबाट मधेश झरेको धेरै वर्ष बिती सक्यो । बुवानै पहाड नगएको युग बित्यो हामीले त झन सुनेको मात्र ।"

"कति वर्ष देखि यहाँ छौं ?" सोधी किशोरीले ।

"भयो करिब ६ वर्ष । यस अवधिमा जम्मा चार पटक नेपाल गएँ । आमा बुवा नै आउने बस्ने गर्नु हुन्छ । अब त मेरो एउटा भाई पनि चार वर्षको भैसकेको छ अर्को वर्ष

उसलाई पनि ल्याउने रे । दुवै भाई यहीं पढ्ने रे । तिमी पनि पढ्छ्यौं कि ?" किशोरले प्रश्न पनि गऱ्यो ।

"म घरमा पढ्थें, एक जना गुरुले पढाउनु हुन्थ्यो र बुवाले पनि पढाउनु हुन्थ्यो । अहिले हजुरआमा यहँ घाट बस्न आउनु भएकोले आमाको साथमा दुइ महिना देखि म पनि यहीं छु । बुवा घर फर्कनु भएको छ । अब पालै पालो कान्छा बाहरु आउने जाने रे । आमाको पेटको रोग छ, यहीं औषधि पनि गराउने रे म पनि यहीं बस्ने र पढ्ने पनि ।"

"छोरी मान्छे पनि आश्रम अथवा पाठशालामा पढ्ने ? किशोरले प्रश्न गऱ्यो ।

"अब त भारतमा छोरी मान्छे पनि खुल्लम खुल्ला पढ्छन् हामी कहाँ गाउँ घरमा पढ्ने त समस्या नै छ ।"

"अनि यहाँ कहाँ बस्छ्यौ नि ?" सोध्यो किशोरले ।

"यो टोलमा तमाम नेपाली परिवारहरु छन्, मेरो बुवाले एउटा सानो घरै किन्नु भएकोछ तिम्रो आश्रमको नजिकै गल्लीमा त छ नि । कहिले कहिले आउने गर्नु अनि अरु कुरा गर्दै गरौंला ।"

"आश्रमले बाहिर जान त प्रायः मनाही हुन्छ हामीलाई । कहिले अनुकुल पऱ्यो भने आउँला ।"

किशोरले किशोरीको घरको पहिचान र आवश्यक विवरण सोध्यो घर त आश्रमको मूल गेट निरै रहेछ । किशोर आश्रमको ढोकामा पुगी सकेकोले छुट्टिने बेला भएको बुझी किशोरीले ।

"आश्रममा तिमीलाई खोज्दा के भनेर सोध्ने ?" प्रश्न गरि ।

"मेरो नाम सविनय । अनि तिम्रो नि ?"

"म ?", किशोरीले सविनयको अनुहारमा एकपटक पुनः हेर्दै भनी "सविता ।

(२)

दुग्ध विनायकमा अंग्रेजहरुले इसाई धर्म प्रचारको लागि एउटा सेवा केन्द्र खोलेका थिए । विभिन्न आपद विपदमा स्थानीय व्यक्तिहरुलाई सहयोग गर्ने, औषधोपचार गर्ने र निःशुल्क शिक्षा प्रदान गर्ने यी तीन वटा कार्यक्रमले जनमानसलाई आकर्षित तुल्याएका थिए । अंग्रेजी शिक्षाको स्कुल सायंकालीन भएकोले सबैलाई सुविधा थियो । यसमा केही

वेदपाठीहरुले पनि शिक्षा लिने गर्दथे । यद्यपि अंग्रेजी स्कुलमा शिक्षा प्राप्त गर्ने कुरालाई अब हेय दृष्टिले त हेरिदैनथ्यो तर पनि साधारण मानिसहरु त्यसमा प्रवेश गर्न हचकिन्थे खास गरेर ब्राम्हण वर्ग । त्यसो हुनाले आश्रम बासी छात्रहरु संस्कृत फारसी र हिन्दी भाषाका गहन साहित्य, इतिहास, दर्शन, ज्योतिष, गणित, तर्क शास्त्र र तत्व ज्ञानको चिन्तन गर्दथे जसको उद्देश्य अध्यात्मको साधनाद्वारा लोक परलोक सफल पार्नु थियो भने अंग्रेजी शिक्षामा प्रमाणवाद र यथार्थवादी चिन्तन प्रवाहित थियो जसमा ज्ञान विज्ञानका साथै आधुनिक राजनीतिको अध्ययनमा पनि जोड दिइन्थ्यो । त्यसो हुनाले वेदपाठीहरुलाई यस देखि टाढा राख्ने नै चेष्टा गरिन्थ्यो । तर सविनय अंग्रेजी शिक्षा प्रति स्वाभाविक रुपले चाख लिइ रहेको थियो र प्रारम्भमा घरमा पढेका केही शब्दहरु अझै पनि उसलाई कण्ठै थिए । सविता त्यहीँ इंगिलश स्कुलमा पढ्थी एक दिन सविनयले आफ्नो मनको कुरा खोल्यो :

"तिम्रो स्कूलमा वेदपाठीहरुलाई प्रवेश मिल्क कि नाई ?"

"बडो खुशीले मिल्छ ।"

"के-के पढाउँछन् त्यहाँ ?"

"त्यहाँ भाषा, धर्म, दर्शन, विज्ञान सबै थोक त पढाउँछन् । तर तिमीले किन सोध्यौं ?"

"मेरो पनि अंग्रेजी पढ्ने प्रबल इच्छा छ ।"

"तब त बहुत राम्रो । सविताले प्रशन्नता प्रकट गरीन् । तर तत्कालनै उनको खुशियाली लोप भयो । सविनय त आश्रममा अन्तेवासी भएर बसेको छ । गुरुको सेवा, चाकरी, मन्दिरको भजन कीर्तन, पूजा आरती, अतिथिहरुको स्वागत विदाई कति ठूलो काम यसको जिम्मा छ । बिहान चारै बजे उठे देखि दिनभरी काम र पढाईमा मात्र ब्यस्त । साँझ आरतीपछि प्रवचन सन्त मंहतहरुको, जो निकै बेरसम्म चली रहन्छ । उसलाइ मेरो घर एकैछिनको लागि आउने फुरसत निकालन त कति कठिन छ् तर ऊ अन्तेवासी भएकोले विभिन्न काममा आश्रमबाट बाहिर निस्कनु पर्दछ र साथै उसको बाबु जमिनदार प्राणनाथको धर्मशीलता, सविनयको निजी क्षमता र व्यक्तित्वले पनि गुरुदेवलाई प्रभावित पारेको हुनाले उसलाई केही छूट रहेछ । अझै हामीहरु एकै गाउँ ठाउँका भनेर गुरुजीले बुझ्नु पनि भएको छ तैपनि गुरुदेवले अंग्रेजी पढ्न दिने कुरामा त शंकै छ ।"

"कहाँ हरायौ?" सविनयले घचघचायो उनलाई ।

"कही होइन अन्त होइन, तिम्रै विचारमा थिएँ । गुरुदेवले पढ्न पठाउनुहुन्छ कि पठाउन मान्नु हुन्न ? पठाए पनि तिमी माथि त झन बोझ मात्र थपिन्छ । कसरी समय निकाल्न सक्छौं ?"

"समयकै समस्या छ ? गुरुदेव पुरातन कुरालाई नयाँ परिवेशमा वैज्ञानिक दृष्टिले हेर्ने भन्ने कुरामा विश्वास राख्नु हुन्छ । वहाँले त अस्तिनै पढ् अंग्रेजी पनि पढी हाल ज्ञान गुन जति तान्न सके वेशै हो भन्नु हुन्थ्यो तर साँझ करीब चार घण्टा समय निकाल्ने कसरी ?" चिन्ताले सविनयलाई घेऱ्यो ।

"के तिम्रो कुनै काम मैले गरी दिन सक्छु ?" सोधिन् सविताले ।

"तिमीले ? मेरो काम तिमीबाट गराउन पाए म पनि बहुतै खुशी हुन्थें तर..। "

" के त विन्नू ?"

"आश्रमको कठोर नियमले तिम्रो प्रवेश त्यहाँ वर्जित छ । बरु अंग्रेजी स्कूल कै पाठहरु सारी दिनु र अरु स्कूले मद्दत गरी दिनु म आज गुरुदेवसँग विस्तारमा कुरा गर्नेछु ।"

"ठीक, बिल्कुल पक्का ।"

"त्यसो भए हात मिलाऊ ।" सविनय धीर, गम्भीर भएपनि विनोदी प्रकृतिको भएकोले आफ्नो हात सविता तिर बढायो । सविताले नमस्कारको मुद्रामा आफ्नो दुवै हात जोड्दै भनिन् "हात मिलाइन्न ।"

"किन सवि ?" आश्चर्यचकित भएर सोध्यो "तिमी त अंग्रेजी शिक्षा पढ्दै छ्यौ अंग्रेजहरुले त हात मिलाउछन् ।

"यो मूर्खताको कुरा हो ।" "जुन आदर सम्मान प्रेम मर्यादा हात जोडेर प्रदर्शित हुन्छ त्यो त हात मिलाउनुमा छँदैछैन भने अर्को वैज्ञानिक कारण पनि छ ।"

"वैज्ञानिक कारण " हातमिलाउने कुरामा ?"

"हो । निश्चय पनि छ । सरुवा रोगहरु हातको माध्यमबाट अरुलाई सजिलैसँग सर्न सक्दछन् । यी तथ्य हाम्रा प्राचीन मनीषीहरुले बुझेको हुनाले अभिवादनको हाम्रो विशेष परम्पराहरु वैज्ञानिक आधारमा चलाइएका हुन् ।

ओह भगवान । तिमी त साह्रै बुद्धिमानी भैसकेकी रहिछौं ?"

"मेरो बुवाबाट प्राप्त जानकारी हो के । सामान्य जानकारी ।"

संध्या दीपको समय हुन लागेकोले सविनय विदा मागेर त्यहाँबाट हिँड्यो ।

(३)

सविनयलाई अंग्रेजी शिक्षा ग्रहण गर्ने अनुमति प्राप्त भैसकेको थियो तर त्यसमाथि अत्यधिक भार पर्न गएको कुरा स्वयं गुरुदेव स्वामी कृपानंदले पनि महसूस गर्दथे । तर सविनयकी सहारा थिईन् सविता । उसको हर सम्भव मद्दत गर्ने गर्थिन् । समय चील झैं तेज गतिले उड्दै रह्यो । सविताको स्कुले सहयोग बाट सविनय दिन प्रतिदिन उनीप्रति आकर्षित हुंदै गयो । त्यसको ध्यानमा अब सविता नै केन्द्रित हुँदै गएकी थिइन् । समयको गतिको साथै उता सविताको पनि किशोरी चञ्चलता हराउँदै गएको थियो । त्यसको स्थान लज्जा र गम्भीरताले लिंदै गएको थियो ।

समयको गति चल्दैरह्यो । दुवैले किशोर अवस्था त्यागी अब नयाँ अवस्थामा प्रवेश गर्दै थिए । पढाईमा को भन्दा को कम ? छुट्याउनै गाह्रो थियो । सविनयले उता विद्यापीठबाट गुरुकुलको परीक्षा पास गरी सकेको थियो भने यता अंग्रेजी शिक्षाको परिणाम प्रकाशन आज भएकोले विद्यालयमा भारी भीड थियो । परीक्षामा सफल हुने हरु मान्यजन प्रति ढोक अभिवादन गर्दै भगवान विश्वनाथलाई धन्यवाद दिन र मिठाई प्रसाद खुवाउन दौड लगाउँदै थिए भने असफल हुनेहरुले भाग्य र कर्मलाई श्राप्दै हिँडेका थिए ।

उद्घोषकले परिणाम पत्र वितरणको क्रममा नाम लियो "सविता शर्मा ।"

सविताको छातीको धड्कन बढ्यो । उनी विस्तारै माथि उक्लिन् र प्रमाण पत्र वितरणका लाग आउनु भएका अतिथि डेपुटी शिक्षा अधिकारीको सामुन्ने उभिइन् । अतिथिले प्रमाण पत्र हातमा लिएर एक पटक उनको मुखमा हेरेर प्रथम श्रेणीमा उत्तीर्ण श्याबास बहुत राम्रो भनेर प्रशंसा गर्दै हातको सर्टिफिकेट सविताको हातमा राखी दिए । बाहिर बरण्डाको तल छात्रछात्राहरुको बीचमा उभिएको सविनयले जोड जोडले ताली बजाउन थाल्यो त्यही बीचमा उद्घोषकले त्यसको नाम पनि बोलायो ।

ऊ पनि मञ्चमा पुग्यो र अधिकारीले त्यसलाई पनि प्रशंशाको भावले हेरे अनि प्रथम श्रेणीमा पास भएको भनि सुखमय भविष्यको आशीष दिँदै प्रमाण पत्र दिए । दुवैको खुशीको सीमा थिएन । दौडै् दुवै जना । पहिले सविताका घर गए । आमालाई ढोके आशीर्वाद ग्रहण गरे । त्यसपछि सविनय आफ्नो आश्रममा गयो गुरुलाई ढोग गरेर साथी मित्रहरुसँग यथोचित व्यवहार प्रदर्शन गर्दै भगवान विश्वनाथको दर्शनको लागि गुरुको आज्ञा माग्यो । गुरुदेवले सहजै आज्ञा प्रदान गर्नु भयो । ऊ प्रशन्न मनले दौड्दै सविता कहाँ गयो ।

"सवि, मन्दिर जाने होइन ?" पुग्नासाथ सोध्यो सविनयले ।

"भगवानको दर्शन गर्न कि मिठाई खान ?" हाँस्दै जिस्काउने उद्देश्यले सोधिन सविताले ।

"दुवै काम गर्न ।"

"देव दर्शन विधि त मान्छेले तिमीसँग सिकोस् ।" स्वरमा गुनासो मिसि जस्तो थियो ।

सविनयले एक पटक सविताको मुखमा हेऱ्यो त्यहाँ जिस्किाउने बाहेक कुनै अन्य भाव थिएन । सविताको भनाईको तात्पर्य बुझ्यो उसले प्रसाद चढाउनमा आफ्नो मान्यता र व्यवहारलाई सम्झ्यो । देवतालाई पनि मानिसले फूल प्रसाद रंग अविर चढाएर प्रशन्न गर्न सक्छ र ? आफ्नो सद्विवेक र कर्तव्यको पालन तथा श्रद्धा भक्तिद्वारा पो भगवत प्राप्ति हुन्छ । भौतिक पदार्थसँग देवताहरुको न त कुनै मतलब हुन्छ न त आवश्यकता नै । यो भोग प्रसादी इत्यादि काममा मानिसले स्वयं आफैले खानको लागि र आफुलाई धार्मिक देखाउनको लागि देवी देवताहरुलाई मुछेको मात्र त हो । त्यसैले सविनयले देवतालाई भौतिक पदार्थ अर्पण गर्न बिल्कुल मन पराउँदैन । ऊ त भजन कीर्तन, स्वाध्याय चिन्तन मनन र श्रद्धा भक्तिमा विश्वास राख्दछ । कुनै असफलताले अकर्मण्य र सफलताले घमण्डी न बनाईदेओस् त्यसको लागि समय समयमा देवदर्शन र चिन्तनबाट आत्मशुद्धि गरी रहनु पर्दछ भन्ने मान्यता राख्दछ । यस्ता वीतरागीको साथमा मन्दिर गएमा के लाभ ? मनमनै हाँसिन् सविता ।

"आज त मिठाई चढाउने भाकल गछौं अनि मात्र जान्छु मन्दिर ।"

"चढाउने होइन । खाने, खुवाउने बचन दिन सक्दछु ।"

"चढाएपछि खाएमा के हानि हुन्छ त ?

"यो देवताको अपमान हो, घूसको परम्परालाई बल पुऱ्याउँछ ।"

कुरा गर्दा गर्दै दुवै जना मन्दिरको द्वारसम्म पुगे । चन्दन, पुष्प, मिठाई, अगरबत्ती बेच्ने वालाहरुको लाइन । प्रसाद लेते जाओ बाबू भन्ने चारैतिर आवाज आईरहेको थियो । तर यस्तो आवाजबाट विल्कुल लापरवाह दुवै जना फूलको एउटा एउटा गुच्छा लिएर अगाडी बढ्दै थिए । भगवान भोले बाबाको दरबारको सिंहद्वार आई पुग्यो । वर्षा महिना भए पनि र सायंकाल भैसके पनि एकादशीको दिन परेको ले मन्दिरमा भीड्नै थियो । ॐ शंभू, भोले शंकर, बोल बमको स्वर लहरीमा बजी रहेका शख घण्टाहरुले सहजै भक्ति मार्ग तर्फ अग्रसर हुने प्रेरणा दिइ रहेको थिए ।

धनी गरीब सबैको समानताको दर्शन हुन्थ्यो त्यहाँ । सम्पूर्ण दुनिया नै धार्मिक रहेछ भन्ने जस्तो लागी रहेको थियो ।

दुवै जनाले देव दर्शन गरेर चरणामृत ग्रहण गरे । पुजारीले दुवै माथि जल छर्की दियो दुवै जना आनन्द मगन भएर घर फर्कन भनि मन्दिर देखी बाहिर निस्कँदा सिमसिमे पानी पर्न शुरु भैसकेको थियो । सविनयले देव दर्शन गरेर आत्मशुद्धि र मन प्रशन्न भएपछि मिठाई खाने नियम राखे अनुसार दुवैजना मिठाई पसलमा गए र बनारसको प्रशिद्ध राम भण्डारबाट मिठाई खरीद गरेर आफ्नो बाटो लागे ।

त्यहाँबाट बाहिर निस्कदा झन पानीको वेग बढ्ला जस्तो भयो । त्यसैले चुरा पोतेको गल्ली सानो बाटो भएर अघि बढे दुवै जना ।

गलीमा रंग बिरंगी चुराहरु मिर्जापुर, कानपुर, लखनऊमा बनेका रेशमीचुडी कोबिचमा मक्काशीदार बनारसी चुडी, थरी थरीका पोते कण्ठी, माला, फीता चोटीहरु, टिका त कति हुन् कति । सिन्दुर एकदम रातो: सिम्रिक, गुलाबी पहेंलो र बसन्ती रंगको र क्रीम, पाउडर, गाजल, सुरमा नेलपलिश, लिपस्टिकको बजार ।

“प्रसाद लेती जाओ बहिनी, सिन्दूर लेती जाओ विटिया ।” गलीमा चारैतिर यही आवाज । शहरी मानिस, देहाती मानिस, कानपुरिया, बम्बई, महाराष्ट्रियन, गुजराती, नेपाली तमाम किसिमका अपटुडेट र साधारण गाउँले किसान सबैको आकर्षण थियो दुकानमा । न दोकानको माल घटोस र न त ग्राहक नै । खरीद बिक्री अपरम्पार । दोकानदार मालामाल, ग्राहकहरु निहाल । सविनयलाई बडो आश्चर्य लाग्यो । यो गलीको दोकानहरुमा के के मालवस्तु रहेछन् ? मेला आउने हरु के-के किन्दा रहेछन् ? उसलाई अहिलेसम्म थाह नै भएनछ । सैकडो पटक यही बाटो हिँडी सकेछ, तर मालवस्तु प्रति अनभिज्ञ । कलमकापीका दोकानमा आाखा गड्ने तर यस्ता दुकानमा अंखा नै नपर्ने ? तर आज यस्तो के भयो ? दोकानका प्रत्येक वस्तुले आफ्नो परिचय किन दिन थाल्यो ? उसका आँखा गहिरिएर मालवस्तुको जाँच परख किन गरी रहेछन् आज ?

“यता भित्र आई हालनुस बाबु” रुझनु हुन्छ, रुघा लाग्ला ।” एउटा अधवैंसेले एउटा दोकानबाट बोलाईन् । सविनयले प्रश्नवाचक दृष्टिले सविता तिर हेर्‍यो । पानी बढ्दै गएको देखेर उनले पनि आँखाले नै स्वीकृति सूचक भाव व्यक्त गरिन् । दुवै जना बुढीको दोकान भित्र गएर बसे ।

बुढीले ग्राहकहरुलाई पटाउने उद्देश्यले गाउँ घर समाजको कुरा गर्दा गर्दै बडो होशियारीले आफ्नो दोकानको मालवस्तुको प्रशंशा, त्यसको महत्व, फाइदा आदि उल्लेख गर्दै गएकी थिइन् । यसै क्रममा सविताको सामुन्ने रोल्ड गोल्ड गहनाको बाकस राखी

त्यसबाट नयाँ नयाँ डिजाइनका गहनाहरु निकाल्दै भन्न थालिन् ,,, अब सुन चाँदीको युग हरायो सुन सवा सय रुपिया तोला, चाँदी तीन रुपिया तोला ? हे भगवान तर अब यी गहनाले मानिसको इज्जत राखी दिने भएका छन् । बिन्दी, मंगलसूत्र, सुहाग चिन्ह, भोले शंकरको आशीर्वादको रुपमा किनेर महिलाहरु लगाउँछन् । यसबाट पति दीर्घजीवी । धनधान्यले परिपूर्णता प्राप्त हुने । यो नेकलेश, यो कानका झुम्का, झाला, बाला, नथुनी, टीका, कंगन, हार । सुहागिन स्त्रीको शुभ श्रृंगार । टीका बिन्दी, गृहणी आनन्दी, गाजलको खुमार-लोगनेको प्यार ।" यस्तै लय मिलाएर भन्दै थिईन् बुढिले ।

जेवरहरुको चकाचौंध थियो । सविनयले एउटा नेकलेश र एक जोडी झाला हातमा लिएर उल्टाई पल्टाई हेर्न थाल्यो । झाला अहिलेका आधुनिक डिजाइनमा तीन खण्डको बनेको थियो । नेकलेश त जति हेऱ्यो, आँखाको प्यास नै नबुझिने । उसले सविता तिर अर्थपूर्ण दृष्टिले हेऱ्यो, ठिक्क त्यही क्षण सविताले पनि उसलाई हेरिन् । दुवैको आँखा जुध्यो सविताका हिरणी जस्ता चञ्चल आँखाले चञ्चलता बिर्से, पुतली काँचको शिशाको गोली झैं अड्यिो न चाहेर नजानेर नमालुम के-के भैहाल्यो एक पलमा ।

बुढीले नयाँ नयाँ जोडी छ अलिकति चलाखी गर्न सके माल बिक्छ भन्ने कुरा बुझिन् र भनिन् "यस्तो नेकलेश, विलकुल नयाँ डिजाइन, बलियो पनि हदको । झाला त झन् भन्नै पर्दैन । लगाऊ न नानी शुक्ल पक्ष चौदसकी चन्द्रमा जस्ती छ्यौ अझ यो गहना ? चारवटा चाँद एकै ठाउँमा भैहाल्छन् । भाउ पनि वस्तुको गुणभन्दा धेरै सस्तो । चार चार आनाको दुवै थोक ।

"चार चार आना ?" सुस्केरा छोडिन् सविताले ।

"हाँ हाँ जम्मा चार चार आना । बजारमा साढे चार आना भन्दा घटीनै पाइँदैन ।

"मन पर्छ तिमीलाई ?"सविनयले सोध्यो ।

"राम्रो छ ।" लाज मान्दै सविताले भनिन् ।

"त्यसो भए यता आऊ । आऊ न आऊ" भनेर सविनयले उनलाई आफ्नो नजीक बसाल्यो । सविताले कानमा लगाएको टप्स निकालिन्, सविनयले झाला लगाई दिन भनि उनको कान तिर हात बढायो । तर, यो के भयो ? हात अघि बढ्नै नसक्ने जस्ता भए उसको आँखा फेरी सविताको आँखामा जुध्न गयो । उसलाई पूरा संसार घुमे झैं लाग्यो । ती दुई बिशाल गहिरा महासमुन्द्रमा उसको अस्तित्व हराई हाल्यो । ऊ त दुनियामा छँदैछैन यो दुनिया नै छैन । दोकान मानिस केही त छैनन् त्यहाँ । त्यहाँ छ सविको आँखामा अथाह प्यारको महासागर ।

अेह ! प्रकृतिको रचनामा यस्ता कुराहरु पनि रहेछन् । दुइटैको साँस चलेको थियो तर साँस चलेको पनि पत्ता थिएन दुवैलाई । दुवै जना प्यारका अनन्त गहिराईमा खसी सकेका थिए । दीन दुनिया देखि बेखबर ।

एउटाले अनजानमा छोडेको सुवासित साँस अर्काको नाकबाट फोक्सोमा प्रवेश गर्दै सम्पूर्ण शरीर, नशा नशा, ग्रन्थि, उपग्रन्थिलाई आफ्नो आलिंगनमा जकडी रहेको थियो, मोहयाशमा बाँधी रहेको थियो ।

“सिँदुर एक पैसाको कति तोला ?” कुनै ग्राहकको स्वरले उनीहरुको तन्द्रा भंग गरी दियो । सविनयले बहुत प्रयाश गऱ्यो कानमा झाला लगाई दिनलाई तर दुवैको शरीर नजीक हुना साथ दुवै तिरबाट छुट्ने प्राणवायुले दुवैलाई बेसुध पारी दिने हुनाले झाला पहिराउन सकेन । हात काँप्यो, हल्लियो, सक्दै सकेन । अचानक, नमालुम कुन भावनाले प्रेरित भएर उसले नेकलेश उठायो र एक पटक पुनः सविताको सुन्तलाको केसरा जस्ता रसीला ओंठको मुस्कान हेर्दै नेकलेश उनको घाँटीमा पहिराई दियो । सविता लाजले भतुक्क भईन् । मुख रातो भएर आयो । गाण्डीव धनुष झै खिँचिएका आँखी भौंको डोरी कटे जस्तो भयो, पलक माथी उठे तल खसे,त्यस पछि माथि उठ्नै सकेनन्, सविनियतिर हेर्ने साहस भएन ।

पसले बुढी खुशी भईन् उनको दुवै गहना बिक्री भएकोले । सविता मुग्ध थिईन् उनका प्रिय आत्मीयले प्रेमको वर्षा गर्दै गहना पहिराई दिएको थियो र सविनय भावविभोर थियो त्यसको प्राण, त्यसको आत्मा, त्यसको प्रेयसीले त्यसको प्यार स्वीकार गरी सकेकी थिइन् । प्रेमीको लागि यो भन्दा महान सुख दुनियामा अरु के हुन्छ र ?

(४)

चुनार क्षेत्रमा हैजा महामारी फैलिएको खबर लगातार प्रवाह भैरहेको थियो । चिकित्सकहरुको टोली हैजाको रोकथामको लागि गएको भएता पनि महामारीको रुप लिई सकेकोले चिकित्सकहरुले स्वयंसेवकहरुलाई सेवा गर्न अपील गरेका थिए । उक्त कार्यमा तमाम गैरराजनीतिक संघ संस्थाहरुले पनि आफ्नो सेवा प्रदान गर्दै युवक युवतीहरुलाई मानवजीवनको रक्षामा सहयोग गर्न अपील गर्दै थिए ।

यस्तै एक समूह हिन्दु विश्व विद्यालयमा पनि पुग्यो र त्यहाँका प्रधानाध्यापक र छात्रनेताहरुलाई भेटी सहयोगको लागि आग्रह गरेको थियो ।

सविताले १९४७ को भारत स्वतन्त्रताको समयमा आन्दोलनकारी र तिनका पीडित परिवारहरुको लागि आफ्नो तनमन धन समर्पण गरेकी थिइन् भने भारत पाक विभाजनको समयमा भड्केको हिंसामा पनि आफ्नो प्राण सम्म हत्केलामा राखेर समाजमा

उपद्रवकारीहरुको विरुद्ध लडेकी थिइन् । संविधान सभाका सदस्यहरुले नयाँ संविधानको प्रारुप तयार गर्नको लागि जनमत संकलन गर्दा सविताले त्यसमा बढीचढी भाग लिएर समानता सम्बन्धी अधिकारहरुमा नारीको स्थानबारे व्यापक चर्चा गरेकी थिइन् । हाल उक्त संविधान सभाको बैठक चल्दै थियो ।

तात्पर्य के भने त्यसबेला सविता एउटा सचेत समाजसेवी र सविनय एउटा महान दार्शनिकको रुपमा विख्यात हुँदै गएका थिए । सविता त विश्वविद्यालयमा स्वतन्त्रता संरक्षण महिला मन्चकी सेक्रेटरी पनि थिइन् । त्यसैले समाजसेवीहरुले विश्वविद्यालयको प्राङगणमा सवितालाई खोजीहाले । सविता र पंतजीको धेरै पहिले देखि परिचय थियो । पंतजीले सवितासँग कुशल मंगल सोध्नु भयो र आफूतिर सबै सन्चै छ भन्दै पंतजी आज कताबाट युनिवर्सिटीमा ?" सोधिन सविताले ।

"हाम्रो कुशलता चाहीं अकुशलताको धुरीमा नाच्न शुरु गरेकोले म यता तिर दौडेछु आज ।"पंतले भने ।

"अँ, यस्तो अशुभ के हुन गयो त ?"

"महा अशुभ भयो नानी, महा अशुभ । देश भरखरै आजाद भएको छ तर कहीँ महामारी कहीं अनिकाल, कहीं अति वृष्टि चौतरफा दुखै दुःख त छ । लौ हेर त हाम्रै छिमेकमा चुनारमा भीषण महामारीको रुपमा कालरा फैलेको छ । मानिस कीरा फटेंग्रा झैं फटाफट मरी रहेका छन् । चिकित्सकहरुको सेवाले प्रर्याप्त भएन । स्वयमसेवकहरुको खोजीमा तपाईंहरु कहँ आएको छु । अब मद्दत गर्नु पर्ने भयो ।"

"मैले महामारीको कुरा सुन्नासाथ तयारी गरेकी थिएँ । स्वयंसेवकहरुको टीम तयार छ यसमा महिलाहरु पनि भाग लिने विचार गरिएको छ । तर, हाम्रा युवक सहयोगी साथी बाहिर जानु भएकोले अहिलेसम्म टीम खट्न पाएको छैन ।"

त्यहीं समयमा सविनय देखा पऱ्यो । उसले सवितालाई देखि सकेकोले उनीहरु तर्फ नै आउन लागेको थियो भने सविताको आंखा पनि उसमाथ परीसकेकोले उनी पनि बडो ब्यग्र भावले पंतका साथ उतै बढिन् । दुवैको सुखद भेटमा आँखा र मुखको भावले एकै क्षणमा यति दिन टाढा रहेको ब्यग्रता, कष्ट र चाहनाको ब्यथा भनी हाल्यो । एक अर्कालाई देखेर आलिंगनबद्ध भैजाने भनि आत्मामा उठेको आतुरता र ब्याकुलतामाथि विश्वविद्यालयको खुल्ला वातावरणले बडो बलपूर्वक अंकुशी लगायो ।

"कहिले आई पुग्यौं गाउँबाट ? नेपालमा सबैलाई सन्चै छ ?" सविताले सोधिन ?

"सबलाई सन्चै छ, म भरखरै ९:३० बजेको रेलबाट आई पुगें आश्रममा गुरुचरणमा बन्दना गरेर तुरुन्तै आई हालें । मेरो नित्य क्रिया पनि बाँकी छ घर तिरै जाऊँ ।"

"यस्तो आतुरी के काम को ? नित्य क्रियाबाट निप्टेर रातदिनको यात्राको थकान र निन्द्रा मेटाएर आउनु पर्दथ्यो ।" सविताको स्वरमा सहानुभूति भन्दा प्रेमको झिडकी नै बढी थियो । सविनयको दुवै आँखा उठेर सविताको आँखामा गाडिन पुगे । आँखाले नै सविको झडकीको उत्तर दिएको थियो । "तिमीलाई आँखामा बन्द नगरेसम्म के आँखामा निन्द्रा आउन सक्छ र ?"

प्रश्न र उत्तर, गनुासा र निराकरण, एकै क्षणमा हजार प्रश्न दुवैबाट र दुवैबाट एक एक प्रश्नका हजार हजार उत्तर । मूक तर चंचल, कोमल तर हृदय भेदी नयनहरुले परस्परमा निप्ट्याई हाले । दुवै जनाले पंतजीको उपस्थितिको कारणबाट औपचारिक भलाकुशालीका कुरा गरे । त्यसपछि सविताले चुनार क्षेत्रमा हैजा फैलेको कुरा दर्शाउँदै तुरुन्तै स्वयंसेवकहरुको टोली त्यस क्षेत्रमा लिएर हिँड्ने कुरा गरिन् । सविताले छात्राहरु पनि टोलीमा जान तत्पर रहेका र पूर्ण तयारीमा बसेको भनेपछि सविनयले विस्मय मान्यौ र उनको मुख ताक्न लाग्यो र आश्चर्य मिश्रित स्वरमा भन्यो । "हामीहरुको टोली त त्यहाँ जानै पर्दछ त्यसमा कुनै दुइमत छैन तर छात्राहरुको टोली ?"

"किन छात्राहरु के स्वावलम्बी छैनन् ? कि अझै पनि अबला छन् ? अब भारत स्वतन्त्र भैसकेको छ श्रीमान जी ।" कटाक्ष गरिन् सविताले ।

"भारत त स्वतन्त्र भैसक्यो तर नारी त आफ्नै स्थानमा छन् कुमारीजी । फेरी यो हाम्रो संस्कृति ? यसलाई पनि त हेर्नु पर्दछ ।"

"अर्थात तिमीले स्त्रीजाति जनसेवा क्षेत्रमा उत्रिनु हुन्न भन्ने पक्षमा छौ त ? अब त भारतमा पनि तमाम महिलाहरु उच्च शिक्षा प्राप्त गरेर नोकरी, उद्योग व्यापार, राजनीति हर क्षेत्रमा पुरुषसँग प्रतिस्पर्धा गरिरहेका छन् । अस्पतालमा महिला डाक्टर नर्सहरु पनि छन् नि ?"

"त्यो त ठीक हो । तर, यी सब कुरा शहर बजारमा संभ्रान्त जन सम्म मात्र सीमित छन् गाउँ घर समाजमा यसरी महिलाहरुले सार्वजनिक जीवनमा बस्ने कामलाई ठीक मान्दैनन् । यो अशिक्षा र अज्ञानताको दौरमा एकै चोटी माथि हाम फाल्नु, मलाई त अलि कस्तो कस्तो लाग्दछ । यो क्षेत्रमा यसभन्दा पहिले यस्तो कुनै काम महिला वर्गबाट भएको रेकर्ड पनि त भेटिदैन ।"

"कुनै पनि नयाँ काम पहिलो कामको रुपमा त गनिन्छ गनिन्छ । पहिलो काम नै नहोस त दोश्रो .कामको अस्तित्व नै कहाँ हुन्छ ? दुई देखि माथिका सबै गन्तीहरु एक कै

बुई चढेर त माथि उक्लेका हुन्छन् । एकको अस्तित्व नहोस् त अन्यको पनि अस्तित्व हुँदैन । भारत र साथै युरोपकै कुरा गर्ने हो भने ज्ञातव्य इतिहासमा यसरी सार्वजनिक सेवाको क्षेत्रमा फ्लोरेन्स नाइटेंगिल ले सर्वप्रथम युद्ध क्षेत्रमा गएर सैनिकहरुको सेवा गरेको इतिहास पनि त तिमीले पढेका छैनौ र विन्नू ?"

"पढेछु बाबा पढेछु । सन् १८३४ मा भोको, नाङ्गो, अशिक्षित, जँड्याहा, लुटेरा, झगडालु र दरिद्र अंग्रेजसँग रुसको लडाई हुँदा युद्ध स्थलमा सैनिकहरुको हेरचाह र उपचारको लागि सांसद विलियम नाइटेंगेल की छोरी फ्लोरेंस नाइटेंगेल क्रीमियाको अस्पतालमा आफ्ना संगिनीहरुका साथ खटेकी थिइन् । तिनको सेवा कार्यको आज पनि भूरि भूरि सराहना हुन्छ । तिनको इमानदारी, लगन, परिश्रम, दृढ संकल्प र सेवा व्रतले उनलाई अमर बनाई दियो । महिला डाक्टर र नर्सहरुले आफ्नो सेवा धर्म प्रारम्भ गर्दा उनका मूर्ति र फोटोका सामुन्ने उभिएर शपथ लिन्छन र आर्शिवाद प्राप्त गर्दछन्, तर थाह छ सवि, गाउँलेहरुले तिनलाई प्रारम्भमा तिरस्कारपूर्ण आंखाले यस कारण हेरेका थिए कि त्यस समयमा सार्वजनिक क्षेत्रमा महिलाहरुको प्रवेशलाई सामाजिक मर्यादाको उलंघन गरेको मानिन्थ्यो ।"

"परम्परावादी, अज्ञानी, मूढ कुनै कुनै व्यक्तिले तिरस्कार गरेको भए म जान्दैन तर त्यस बेलाको ब्रिटेन । विश्वको अगुवा, त्यहाँको स्रमाटको पनि कहिले काहीँ अवज्ञा गर्ने क्षमता भएका महादूरदर्शी र कर्मठ व्यक्तित्व प्रधानमन्त्री लार्ड पामस्टनले त युवती फ्लोरेन्सको आज्ञालाई बालकले झै पालन गर्दथे र यति श्रद्धा गर्थे जस्को उपमा पनि दिन गाह्रो छ ।"

पंतजीले अहिलेसम्म बोल्ने अवसर पाएका थिएनन् । सविताको वाक्य सिद्धिना साथ तिनले समन्वयात्मक भावले भने "हिन्दु दर्शनमा पुरुष र नारीलाई एउटा रथको दुई पांग्रा भनेको छ । एउटाको अभावमा अर्को अपूर्ण छ । तसर्थ सिद्धान्त रुपले सविताजीको प्रस्तावले समर्थन पाउँछ ।"

यो वार्ता अन्तहीन होला जस्ता लाग्यो सविनयलाई । ऊ नारी अधिकारको प्रबल समर्थक थियो तर समानता सम्बन्धको उसको आफ्नै दृष्टिको थियो । साथै धैर्यता र काममा लयबद्धताको पक्षपाती थियो । कुनैपनि राम्रो कामका लागि जनसमर्थनको आवश्यकता पर्दछ । जनविरोधले राम्रो कामलाई घृणित बनाई दिन्छ । समाजका कुरीति र मूढ मान्यताहरुलाई निष्प्रभावी बनाउनकलागी पहिले जनचेतना जगाउनु अनि मात्र कार्यलाई मूर्तरुप दिनु पर्दछ । शिक्षित समाजलाई कुरा बुझाउन कठिन हुन्छ तर बुझाई सकेपछि काम गर्न सजिलो हुन्छ भने अशिक्षित समाजमा कथा कहानी इतिहास आदि दृष्टांत, रोमान्टिक मुद्रा, हास परीहासको माध्यमबाट कुरा बुझाउन त सजिलो हुन्छ तर हृदयंगम गराउन गाह्रो हुन्छ । यस्तो समाजले कुनै कुरालाई बेठिक त ठान्दछ तर

बेठीकलाई छोड्न चाहँदैन । यो त बडो खराब स्थिति हुन्छ । यस्तो परिवेशमा असफलता अगाडि अगाडि हुन्छ, सफलता देख्ने नगण्य हुन्छन् ।

तर सविताको आत्मबल, निष्ठा र कर्तव्यपरायणता देखि ऊ अनभिज्ञ थिएन । उनको प्रत्येक पाइला सही दिशामा उठ्छन् भन्ने दृढविश्वास भएकोले उसले शुरुमा सविताको प्रस्तावमा आश्चर्य व्यक्त गऱ्यो । समाजसँग नमिल्दो काम त हुन गैरहेको छैन भन्ने आशंकामा केही तर्क दिए पनि अन्तमा आफैले खुशी प्रकट गर्दै भन्यो "मैले त शंका पो प्रकट गरेको समाजमाथि । तर, समाजसँग नलड्ने हो भने समाजले त मानवतालाई नै खतम पारी दिन सक्दछ । तिमी आफ्नो टीम तयार पारेर आश्रममा आऊ म आफ्नो टीम सहित त्यहीँ हुनेछ ।"

अब आश्चर्य मान्ने पालो सविताको थियो उनले भनिन् "आजै थाकेर आएछौं आजै कसरी जान्छौं ?" आज हामी जान्छौं, तिमी भोली आउनु ।"

"होइन सवि ! म पनि आजै हिडछु ।" कर्तव्य पालनमा नै वास्तविक र स्थायी आनन्द आउंछ ।" सविनयले बडो कोमल स्वरमा भन्यो । सविताको बिना आज्ञा सविनयको साँस पनि चल्दैन भने उसको मधुर र प्रेममयी वाणी देखि सविता पनि आर्द्र भै हालिन् र मुस्कुराउँदै पंतजीको साथमा विद्यार्थी युनियनको कार्यालयतर्फ लागिन् ।

(५)

बनारस देखि सम्भवत ६० कि.मी. पश्चिम दक्षिण विन्ध्याचल पहाडमा अवस्थित प्रशिद्ध शक्तिपीठहरु मध्येको एउटा शक्ति पीठ छ । भवानी परावम्बा जगद्धात्री जगदम्बिका भवानी विन्ध्यवासिनी देवीको प्रसिद्ध मन्दिर । जहाँ दैनिक हजारौं श्रद्धालु भक्तहरुको अपार भीड भैरहन्छ ।

बनारस देखि भगवती विध्यवासिनीको दर्शन गर्न बसमा यात्रा गर्दा करिब ४० कि.मी. दुरीमा पक्की बाटोको दायाँ बायाँ साना ठूला गाउँ यत्र तत्र देखिन्छन् भने गाउँका चारैतिर कोसौंसम्म तमाम खण्डहरहरु, ढिस्का, पुराना टुटे फुटेका मूर्ति, महलका भग्नावशेषले सहजै पर्यटकको ध्यान आकर्षित गर्दछन् । यी सबै कुराले यस कुराको पुष्टियाई गर्दछन् कि यहाँ कुनै समयमा कुनै बहुतै समृद्धशाली नगर हुँदो हो । आज पनि त्यस क्षेत्रमा पत्थरका मूर्ति र कलाकृतिहरु ठेला, डेला, घुम्ती र ठूला साना दोकानहरुमा प्रशस्त खरीद बिक्री भैरहेको देखन सकिन्छ ।

वास्तवमा त्यहाँ थियो चुनार नामको समृद्धशाली राज्य । जसको प्रमाणिकता किल्लाको खण्डहरहरुले गर्दछन् । कहिले थियो यो राज्य र कसरी पतन भयो ? यो इतिहासको बखान यहाँ गर्न सान्दर्भिक छैन । तर यसको महत्व यसमा छ कि बावू देवकी

नन्दन खत्रीले यही किल्लालाई आदर्शमानेर उर्दु भाषामा "चन्द्रकान्ता" नामको पुस्तकलाई चार खण्डमा पूरा गर्नु भएको थियो भने त्यसलाई पनि अपूर्ण मानेर पछि सम्भवत् २२ भागमा "चन्द्रकान्ता संतति" नामले बृहद उपन्यासको रचना गर्न पुगेका थिए । यी पुस्तकहरुबाट नगरको महिमा, शासन व्यवस्था र समाजको स्थितिको सहजै पत्ता पाउन सकिन्छ भने अर्को तर्फ यसमा यी महलहरु सबै तिलस्मद्वारा बाँधिएका थिए भन्ने दर्शाउनु भएकोले यस्तो रहस्यवादी उपन्यासको जनमानसमा उठेको माँगलाई प्रकाशकले अपूर्ति गर्ने नै ठूलो समस्या पर्न गएको थियो ।

त्यहीं राजमहलको खण्डहरहरुको एउटा विशाल शिलाखण्डमाथि दुई जीव एक आत्मा भएर आलिंगनबद्ध भैरहेका थिए । आत्मा र परमात्माको मिलन जस्तो । चौदस तिथिको चन्द्रमा आफ्नो पूर्ण यौवनका साथमा सफा निलो आकाशमा उदाएका ताराहरुसँग लुकामारी खेल खेल्दै अट्टहास गरी रहेको थियो । चारैतिर साम्य र सुरुचिपूर्ण वातावरण । शिलाखण्डमाथि बसेको तरुणले आफ्नो काखमा अद्वितीय रुप यौवनालाई आलिंगनमा लिएर त्यसको मुख मण्डललाई यसरी ध्यान मग्न भएर हेरी रहेको थियो कि त्यसलाई कुनै कुराको सुधबुद्धनै थिएन । दुवै हराई रहेका थिए परस्पर । तरुणको स्वाँसको गति अस्वाभाविक भैसकेको थियो तरुणीको पनि यस्तै अवस्था थियो । त्यसका उन्नत र पुष्ट उरोजहरु चाडै चाडै उठबस गरी रहेका थिए । तरुणले कमलनयनी तरुणीको आँखामा आँखा गडाएर उसका अप्रतिम सौन्दर्य र मधु रसले भरपूर ओंठ तिर बडो बिस्तारै आफ्नो ओंठ बढायो । उफ, अगेनाको अँगार जस्ता गरम तर रसले परिपूर्ण । पोखराको सुन्तलाको केसराले पनि प्रतिष्पर्धा गर्न नसक्ने अनुपम ओष्ठ फलक । असहनीय थियो त्यो रुप सौंदर्य र त्यो भन्दा पनि अवरणनीय थियो तिनीहरुको त्यो अलौकिक मिलन । तरुणी केही चल्मलाई । सम्भवतः प्यास अझै बढेर होला । तरुण पनि किंचित होशमा आए जस्तो भयो । एउटा अस्फुट स्वर निस्यो त्यसको मुखबाट "सवि" ।

"मेरो प्राण" तरुणीको स्वर टाढाबाट आए जस्तो सुनियो ।

"माथि आकाशमा हेर त चन्द्रमालाई ।" तरुणले उसको मुख दुवै हातमा उठाएर चन्द्रमातिर देखायो । चतुर्दशीको चन्द्रमा आफ्नो पूर्ण यौवनका साथ टल्केको थियो । शुक्ल पक्षको चतुदर्शीको चन्द्रमा, जसलाई पूर्णिमाको चन्द्रमा भन्दा पनि सुन्दर भनेर कविहरुले कविता लेख्दछन् । त्यसलाई बीच बीचमा बादलका साना साना टुक्रा कता कता बाटा आएर ढाक्ने प्रयाश गर्दथे र चन्द्रमा एकैछिनमा बाहिर निक्ली हाल्थ्यो । चन्द्र र बादलको बीचको यो खेल बडो रमाइलो देखिन्थ्यो ।

तरुणीले तरुणको छातीमा लुकाई राखेको मुखलाई युवकले चन्द्रमालाई देखाउन भनि चन्द्रमा तिर फर्कायो । चन्द्रमाको प्रकाश पर्ना साथ तरुणीको अनुहार दीप्तिमान भयो र सहस्त्रौ चन्द्रमा एकसाथ उदाए ।

ओह ! त्यो रुप सुंधालाई हेरेर होशमा रहन सक्ने महायोगीको होला । नारद, अंगिरा, वशिष्ठ, पुलस्तय ? यौवनको सामुन्ने कसैले आफ्नो धर्म इमान राख्न सक्दैन । तरुणमाथि पनि रुपको नशा हावी हुँदै गएको थियो ।

तरुणीले अब तरुणलाई चन्द्र र बादलको खेल देखाउँदै परिहास गरिन् "हेर त विन्नू । बादलले चन्द्रमालाई अंकमाल गर्न खोज्छ चन्द्रमा भागी रहेछ ।"

"सविनयले पनि परिहास गर्दै भन्यो "कहाँ, चन्द्रमा उज्ज्वल धवल, कोमल र कहाँ खस्रो बाङ्गो, टिंगो कुरुप, कालो घनीभूत बादल ? चन्द्रमा त्यसको आगोसमा कसरी जाओस् ।"

"तर प्रेममा रुप रंग आकृति प्रकृतिको भेद त हुँदैन । समर्पण र एक अर्कामा विलयन मात्र हुन्छ वास्तविक प्रेममा । यसैले त राती सित झर्छ, बिहान सूर्यको प्रकाशमा विलीन हुनको लागि, साना नदी नालाको त कुरै छोडौं ठूल ठूला नदीहरु पनि गर्जना गर्दै हिँड्छन्, लहराउँदै हिँड्छन युवती छु, आल्हादित छु, श्रृंगारित छु, प्रिय मिलनको उमंगमा छु भन्ने कुरा दर्शाउँदै जोशमा तमाम विनाश समेत गर्दै हिँड्छन केवल महासमुद्रसँग मिलनको लागि । यदि तिनी महासमुद्रमा नमिलुन त तिनको सौंदर्य, रुप यौवन, गरज तडपको महत्व नै के छ ? होइन र ? त्यसैले प्रेमीको अस्त्विमा आफनो समापन नै सौन्दर्यको पूर्णता हो । तर भैगो ति दुवैको खेलमा हामी बाधक न बनी दिउँ ।" भन्दै सविताले सविनयको दुवै हातको हत्केला खोलेर आनो मुखको अगाडी फैलाउँदै यस्तो गरिन् मानौं चन्द्रमाको उज्यालोलाई छेक्न खोजेकी छन् ।

सविनयले हाँस्दै भन्यो "हत्केलाले सूर्यलाई छेक्न लागेको तिमीले ?"

"हामी दुइका बीचमा चन्द्रमाको के काम ।" भनिन् सविताले ।

"सूर्यको सामुन्ने चन्द्रमा त्यसै पनि त आउँदैन ।"

"कहाँ छ र यति बेला सूर्य ?"

"मेरो काखमा ।" दिनभरीको थकाई मेट्न आराम हुँदैछ ।" यसको मुकाबिला चन्द्रमाले गर्न नसकेर नै हो, माथि हेर त चन्द्रमा भागेर जान लागेको छ पश्चिम दिशामा ।"

"सूर्यभन्दा त चन्द्रमा नै राम्रो, सुन्दर, शीतल, मधुर, दृष्टिप्रिय, मधुरसको वर्षा गर्ने, प्रेमी युगलहरुलाई सुख दिने, यहाँ सम्मकी रुख, विरुवा लगायत सबै वनस्पतिलाई सुधा वर्षाउने, कति महान, कति परोपकारी ?" सविताले भनिन् ।

"तर सूर्यभन्दा कम, बहुतै कम ।" सविनयले भन्यो "चन्द्रमामा शीतलता, सौन्दर्य र सुधारस त छ तर सूर्य विश्वआत्मा हुन, सूर्यकै प्रभावबाट सबै प्राणी र वनस्पतिले जीवन पाउँछन्, उर्जा पाएर विकसित हुन्छन् । चन्द्रमाको प्रकाशको अगाडि हत्केला राख्दा प्रकाश टक्क रोकिन्छ तल झर्दैन तर सूर्यमा महान तेजस्विता को पनि गुण भएकाले यसको प्रकाशले हत्केलालाई पार गरेर तलतिर पनि प्रकाश फैलाई राख्दछ । जस्तो कि तिमीले मेरो जीवन माथि । सूर्य र चन्द्र वास्तवमा दुवै एक अर्काको लागि हुन् ।"

सवि झन्-झन लज्जालु हुँदै गइन् । तिनका ओंठ रसाए, ओंठ र अन्य अंगहरु सबै काम्न थाले । खण्डहरहरुमा नमालुम कता लाटोकोसेरो करायो । दुवैजना झस्के सावधान पनि भए । सावधान नभएको भए सम्भवतः त्यो बाढीमा दुवै बगी पो जाने थिए कि ? सविनयले सतर्कता अपनाउँदै प्रशङ्ग बदल्यो "हाम्रो प्रेमको यो डोरीलाई बहुत सम्हालेर राख्नु छ कसैको कुदृष्टि नपारेस् ।"

"दुनियाको कुनै शक्तिले यो डोरी टुटाउन सक्दैन विन्नू ।"

"तै पनि मलाई कहिले काहीँ डर लाग्छ ।"

"छिः पुरुष भएर यस्तो डर ? ल उठ अब शिविरमा जाऔं ।"

सविनयले उनको हात समात्यो र उठ्यो र कन्धामा हात राखेर हिँड्यो ।
यस मिलनका मूक साक्षी खण्डहरहरु, चन्द्रमा र ताराले हेर्दै रहे ।

"समाजमा पसेर काम गर्न कत्तिको गाह्रो रहेछ ," देख्यो कि नाई ?

"गाह्रो मात्र होइन ? महाको गाह्रो रहेछ । तिमी साथमा नभैदिएको भए त म यी गाउँलेको बीचमा कसरी बस्न सक्थें । हे भगवान, यीनका मान्यता र सोंचाई सम्झेर नै जिउ सिरिंग हुन्छ ।"

(६)

बनारसबाट स्वास्थ्य टोली आएको आज सातौं दिन थियो । युवक र युवतीहरुको संयुक्त टोली गाउँमा पुगेपछि गाउँमा हल्ली खल्ली मच्चियो । मेमहरु आए, मेमहरु आए भनि काना खुशी हुन लाग्यो । पर्दा गर्ने आईमाईहरु घरको भित्ता चियाई चियाई हेर्न लागे । केटाहरुको भीड लाग्यो । पुरातन रुढिवादीहरु यस्ता जवान केटीहरु घरबाट बाहिर केटाहरुको साथमा हिँडेको देखेर नाक खुम्च्याए । कस्तो लाजै हराएका नक्कचरा नक्कचरीहरु । टोलीले जब घर-घरमा गएर औषधि सेवन गर्ने र रोग निरोधक सुई लगाउन भने तब त झन आपतै आई लाग्यो । हैजामातालाई ढोग गर्ने, पूजा पाठ गर्ने, बलि चढाउने पो त औषधि पट्टी लाग्दा त हैजा देवताको अपमान हुन्छ गाउँनै भुटिन्छ ।

हरे शिव कस्तो जमाना आयो ? देव देवताहरुको अपमान गर्ने ? ई अंग्रेजी पढेकाहरुले दुनियालाई मार्ने भए । गाउँ-गाउँमा पूजा पाठ चलेकै थियो । झाँक्रीहरुले कुखुराको चल्ला, भेंडाको पाठा ठाउँ ठाउँमा काट्दै रक्शी खाँदै हिँडेका थिए तै पनि हैजाको रोकथाम नभएकोले केही युवाहरुले औषधि गराउँदा देवताको अपमान हुन्छ कि ? फाइदा हुन्छ ? दोधारमा परेका थिए तर व्यापक नरनारीको मृत्यु देखि त्रसित भएका यी युवावर्गले बुढापाकाहरुको डर माने पनि भित्र भित्रै टोलीलाई सहयोग गर्ने अठोट गरे । कुनै पनि परिवर्तनको वाहक युवावर्ग हुन्छ भन्ने कुरा बुझेर टोलीका कार्यकर्ताहरुले पनि युवावर्गलाई नै बढी प्रभावित पार्ने चेष्टामा थिए । यो प्रयाश सफल पनि भयो । केहीले रोग निरोधक सुई लगाए केहीले औषधि खाए । स्वास्थ्य टोलीको स्वयंसेवक दलको गाउँ गाउँको घुमाई र सम्झाई बुझाई तिनीहरुद्वारा रोगीलाई हुने गरेको सेवा चाकरीले रंग देखायो रोग माथि धेरै हदसम्म नियन्त्रण भयो तर यो टोलीले आफूलाई खतरा महसुस गर्दै थियो, झाँक्री धामीहरुले तिनीहरुलाई धर्म विरोधी, ईश्वर विरोधी आदि घोषित गरी सकेका थिए । फलस्वरुप दुई गुट थियो र यस्तो वातावरणमा स्वयंसेवकहरु माथि कुनै पनि समयमा कुनै किसिमको आक्रमण हुन सक्ने अथवा खतरा हुन सक्ने संभावना बढी भएकोले कार्यकर्ताहरु समूह बनाई सेवा टहल र जनचेतना जगाउने काममा लागेका थिए । कार्यकर्ताहरुको भोजन आवास आदिको बहुतै न्यून प्रबन्ध थियो तर कार्यकर्ताहरु जुन लगनका साथ जुटेका थिए त्यो हेर्नै लायक थियो । अझ सविता, झन यस्ती देखिन्थन् जस्तो दया र सेवाकी देवी होउन् तिनलाई खाना पीनाको होस थिएन आराम के हो त्यसको बोधनै थिएन । हिजो रातीसम्म पनि बत्ती हातमा लिएर ५-७ जनाको टोलीले रोगीहरुको सेवा सुश्रुवामा घुमेकै थियो । सविताले त स्वयं आफूलाई फ्लोरेन्स कै रुपमा उपस्थित गरी रहेकी थिइन् ।

तर आज साँझ एउटा घटना घटी हाल्यो । सविताहरुको महिला टोली पल्लो गाउँबाट साँझको समयमा डेरामा फर्कन लागेको थियो । डेरा गरेको गाउँ सुरजपुर खण्डहरको पूर्व पट्टी पर्छ बीचमा बाटो छ । गाउँको छेउबाट नै खण्डहर शुरु हुन्छ । चिकित्सकहरु पनि साथै थिए अर्को तिरबाट आएको केटाहरुको टोलीसँग चौबाटोमा भेट हुन गयो । साँझको समय सबै थाकी सकेकाले एकछिन खण्डहरका ठूल ठूला ढुंगामा बिसाउने विचार गरेर सबै जना बसेर गफगाफ गर्न मात्र के शुरु गरेका थिए खण्डहरतिरबाट असीना परेझैं साना साना ढुंगा मुढा वर्षन लाग्यो । सबै तितर वितर डेरा तिर भागे । अचानक एउटा ढुंगा सनसनाउँदै आयो र सविनयको टाउकोमा लाग्यो । रगतको फुहार बग्यो । त्यो देखेर सविता चिच्चाइन । सबै टोली तत्काल जम्मा भयो । रुढिवादीहरुले टोलीमाथि देवताको प्रकोप भयो भन्ने जस्तो महसुस होस भनेर खण्डहरबाट ढुंगा बर्षाएको स्पष्ट थियो । चिकित्सकहरुले ब्यागबाट प्राथमिक चिकित्साका उपकरण निकाल्न लागे । सविताले चोटमा हत्केलाले थिचेर रगत रोक्ने प्रयाश गर्दै थिइन् सम्पूर्ण ब्रम्हाण्डको करुणा र दुःख तिनको अनुहारमा उत्रेर आएजस्तो थियो । त्यति चाह, त्यति

प्रेम दुई शरीर एक प्राण । एक प्राण भन्ने हो भने एक अंगले दुईको पनि आभास दिने हुनाले बरु यस भन्दा पनिमाथी उठेर दुई छैन, अद्वैत भैसकेका । सविनयलाई लागेको चोटको पीडा सवितालाई हुने नै भयो ।

तत्काल औषधि उपचार भयो तर राती दुवै जनाले एउटा सल्लाह बनाए । षड्यन्त्रकारीहले कतै राती आक्रमण गर्छन् कि ? यसको लागि दुवै जनाले पालो बस्ने अठोट गरे र खण्डहरको कुना काप्चालाई राती चेक गर्न सोचे । कुनै अनिष्टको येजना भैरहेको छ भने त्यसको भण्डाफोर होस भन्ने उद्देश्यले दुवै जना खाना खाएर खण्डहरको किनारै किनारमा घुम्दै थिए । तर कहीं कोही फेला परेन । अपराधीहरुले आफ्नो चिन्ह छोडेका रहेनछन् । त्यसपछि दुस्साहसीहरुको यो जोडी आफ्नो प्रेमको संसारमा निर्लिप्त हुन पुगेको थियो ।

सविताको प्रश्नले सविनयको सामन्ने यो सात दिनको गाउँले सेवा र साँझको घटना एकै छिनमा मानस पटलमा ल्याईदिएको थियो । जनसाधारणको सहयोग नपाएर योजना सञ्चालनमा कस्तो दुःख हुन्छ भन्ने कुरा बुझी सकेकाले उसले भन्यो “कुनै पनि समाज एकैचोटी विकसित हुँदैन जति पनि विकसित समाज हामीले आज पाउँछौं ती सबै पहिले त अविकसित नै थिए र जब समाज सुधारकहरुले सुधारको प्रस्ताव ल्याए तब जनताको विरोध सहनै पऱ्यो, कहीं लडाई लड्नु पऱ्यो, कहीँ जेल नेल खानु पऱ्यो र कहीं कहीं त झुण्डिनु पनि पऱ्यो । समाजबाट कुनै कुरीति हटाउन प्रयत्न गर्ने पहिलो व्यक्ति त निश्चय पनि मार खान्छ । सम्भवतः अधिकांशतया ऊ असफल मात्र हुन्छ तर पछिका अनुभवीहरुले संघर्ष गर्दै जाँदा त्यो पहिलो व्यक्ति शीर्षस्थ सम्मानजनक पदमा पुग्न जान्छ । चाहे ऊ मरीसकेकै किन नहोस् । त्यस्तो हुनाले म त शुभ कामको प्रारम्भमा असफलतालाई सफलताको पहिलो सोपान मान्दछु र धैर्य, साहस तथा निरन्तरतालाई कर्मयोगीको सेनापति ठान्दछु ।”

“भो भो दार्शनिक महोदय ।” भन्दै सविता हाँसिन ।

उनको हाँसोले चारैतिर मन्दिरमा चाँदीका घँटीहरुबजे जस्तो भयो ।

“लौ हिँड त डाक्टर साहिबा सुत्न जाउं ।” भन्दै सविनयले सवितालाई सहारा दियो । त्यो सवितालाई जसले सबैको सेवामा आफूलाई दिनभर तपाईरहेको हुन्छ तर विनयशीलता हराएको हुँदैन, त्यसलाई गाली गर्ने अथवा स्तुति गर्ने दुवै प्रति समभाव राख्दै हमेशा नम्र रहन्छ । त्यही नम्रताले शरीरलाई सहारा दियो । निद्रादेवीको काखमा मायालुलाई पुऱ्याउनको लागि ।

(७)

बनारसको सूर्य विनायक क्षेत्रको एउटा सानो तर सुन्दर घरको बाहिर सामुन्ने कम्पाउण्डलाई बीचमा इट्टा सोलिंग गरी बाटो निकालेर दुईभागमा विभाजित गरिएको थियो । एक भागमा बेला जूही चम्पा चमेली, विभिन्न रंगका गुलाब आदि लगाइएका थिए भने अर्को तर्फको खण्डमा ताड, नरिवल आदि रुखहरुको मनोहर शोभाले चित्त हरण गर्दथ्यो । सन् १९५० को फेब्रुअरीको पहिलो सप्ताह । फाल्गुन महिना न जाडो न गर्मी । सूर्य देवताको तापमा आएको कमीले उनको लामो यात्रो मापन समापनको सन्देश दिन लागेको ले चरा चुरुङ्गीहरुले पनि यथासंभव चाँडै चाँडै दुई चारदाना टिपेर आफ्नो गुड तर्फ गैहाल्ने कुरामा प्रयत्नशील थिए ।

त्यो गृह बाटिकामा चार वटा बगैंचे कुर्सी र एउटा सानो टेबुल राखिएको थियो । जस मध्ये एउटा कुर्सी खाली थियो तर बाँकी कुर्सीमा दुइटा तरुण र एउटी तरुणी बसेर गफ गरी रहेका थिए । तिनीहरु मध्ये पश्चिम मुख गरेर बसेको एउटा चौबीस वर्षीय तरुण र त्यसको ठीक सामुन्ने बसेकी अति सुन्दरी तरुणीको बीचमा वार्तालाप चली रहेको थियो । पश्चिम मुख गरेको तरुणको उच्च मस्तकले त्यसको बुद्धिमत्ता र तेजस्विताको परिचय दिई रहेको थियो भने त्यसको खादीको कुर्ता र पायजामाबाट स्वक्षता र सौम्यताको सहजै बोध हुन्थ्यो तर मस्तकमा रहेको त्रिपुण्डले उन्नत आध्यात्मिक विचार धाराको महासमुन्द्र माथिको सेतुको परिचय दिन्थ्यो यो थियो दर्शनशास्त्र एम. ए. को अन्तिम वर्षमा अध्ययरत जमीनदार पुत्र सविनय । धर्म दर्शन, तत्वज्ञानको साथ साथै आधुनिकता प्रति उन्मुख । परम्परागत र आधुनिक विचारको समन्वयको अनुपम उदाहरण मिसिएको यो तरुण र यसका विचारधारा बडो क्रान्तिकारी थिए तर, ऊ अहिले शान्ति भएर मित्रहरुको गफसप सुन्दै थियो ।

तेस्रो कुर्सीमा बसेकी तरुणी हाम्रो पूर्वपरिचित सविता हुन् । हिन्दू विश्व विद्यालयकी एम.बी.बी.एस. अन्तिम वर्षकी छात्रा । तिनी अहिले २२ बसन्त पार गर्न लागेकी बडो लावण्यमयी, मृदुभाषिनी, कोमल हृदया तर क्रान्तिकारी सामाजिक विचारधारा राख्ने तरुणीको रुपमा बनारसमा चर्चित हुँदै गएकी थिइन्, अहिले । हैण्डलुमको सूती धोती र कम्मरसम्म पुगेको नेपाली चोलो बडो शालीनतासँग लगाएकी हाल सविनयसँग वार्तामा अल्झिएकी थिइन् । वार्ता भैरहेको थियो आज कालेजमा सम्पन्न भएको भारतीय संविधानमा नारीलाई प्राप्त भएका अधिकारहरुको सम्बन्धमा संविधानको स्वागत अभिनन्दनमा सविताले दिएको भाषण प्रति ।

उनको दायाँ पट्टी बसेको युवक बडो सुदर्शन देखिन्थ्यो । त्यसको देहयष्टि, ग्रीवा, कान र उन्नत ललाटले नवयुवकको तेजस्विताको परिचय दिन्थ्यो । यो युवक नेपालको दार्चुला जिल्लाको शुद्ध कुमायूँ ब्राम्हण कुमार थियो तर आमा चाहीँ बनारसकी ब्राम्हणकन्या थिइन् । युवकको बाबु वेद अध्ययन गर्न बस्दाको अवस्थामा एक जना सर्यूपारी ब्राम्हणको मृदुभाषिणी अति चञ्चल कन्या प्रति लगाव हुन गएको थियो । यो

चाहना दुवै तिरबाट आशक्तिको रुपमा परिणत हुन नपाउँदै कन्याको विवाह हुन गयो । अल्पवयश कन्यालाई दुलाहसँग विदा गर्ने प्रचलन नभएकोले उसको विदाई भएन तर एक वर्ष पनि नबित्दै दुलाहको अचानक निधन भयो । प्रचलन अनुसार कन्या सती जानु पर्ने थियो तर सती प्रथाको अन्तको लागी उच्च स्तरीय नेताहरुको प्रयाश र अंग्रेज सरकारले बनाएको कानूनलाई उलंघन गरेर सती जान नपाउने वातावरणको सृजना भैसकेकोले कन्याको घर पक्षले गोप्य रुपमा सती गराउने प्रयाश गर्दा नेपाली वेदपाठी युवकले प्रशासनको सहयोग लिएर कन्याको उद्धार गरेको थियो । फलस्वरुप नेपाली युवक ब्राम्हण समुदाय देखि उपेक्षित र वेदपठन पाठनबाट वञ्चित हुन गयो । तर युवक थियो होनहार । समयको प्रवाहलाई बुझ्ने खालको । उसले अंग्रेज मिशनरमि सहायता माग्यो । मिशनरीको सहयोगले त्यसले अंग्रेजी शिक्षा पाउन थाल्यो र अंग्रेजहरुको संस्कृतिमा ढल्न थाल्यो । समानता र स्वतन्त्रता जस्ता उच्च आदर्शहरु त्यसलाई बहुत प्रिय भए । हिन्दूहरुमा चलेको कुरीतीहरु उसलाई मन पर्दैनथ्यो । कालान्तरमा त्यही विधवा कन्यासँग उसले विवाह गर्‍यौ । यसबाट कन्याको माइती पक्ष त बहुतै खुशी भए तर ब्राम्हणहरुबाट ऊ पूर्ण बहिष्कृत भयो । बनारसमा मात्र होइन आफ्नो गाउँ ठाउँमा पनि प्रवेश वर्जित भयो तर, उसको सामाजिक क्रान्तिको दृढभावनाले प्रभावित भएर अंग्रेजहरुले उसलाई आफ्नो सेवामा लिए । उसले ब्राम्हणहरुको बस्ती नै नभएको ठाउँ खोजेर राम्रो घर बनायो र आफ्नो कार्यकालमा नाम र धन दुवै कमायो । ब्राम्हणहरुले उसलाई बहिष्कार गरेका थिए तर उसले दान दक्षिणाका लोभी यी ठगहरुलाई ब्राम्हणत्व हराएको जातिच्यूत मान्दथ्यो । यस्ता ढोंगीहरुलाई भेट्टाएसम्म निचोरेर आफ्नो बदला लियो अब उसको सम्बन्ध अधिकांशतया अंग्रेजहरु सितै थियो । तर जन्मभूमिको माया त्याग्न नसकेको हुनाले वर्षमा एक दुई पटक सपरिवार दार्चुला जाने बस्ने गर्दथ्यो । त्यहीँ ब्राम्हणको छोरो अहिले कुर्सीमा बसेको थियो । त्यो तरुण, नाम थियो बादल । क्रान्तिकारी विचार आमा बाबुबाट अपुतालीमा प्राप्त भएको थियो उसलाई । अहिले त्यो शान्त बसेर सहपाठी मित्रहरुको गफ सुनी रहेको थियो ।

सविताले भारतीय समाजमा व्याप्त पछौटेपन अन्त गर्नकालागि नारीलाई समानता र स्वतन्त्रताको पूर्ण अधिकार प्राप्त हुनु पर्दछ भन्ने तिनको सुझाव थियो ।

संविधान निर्माताहरुलाई पनि संभवतः त्यही कुरा खट्केको हुनु पर्दछ ।१९५० को जनवरी २६ मा लागू भएको संविधानमा सविताले आशा गरे अनुसार नारीहरुलाई पनि व्यापक अधिकार दिइएको तथा नारी जातिलाई माथि उठाउनको लागि अन्य सामान्य नागरिकहरुको अधिकारमा नियन्त्रण समेत गर्न सकिने प्रावधान भएको थियो । नारीजातिको लागि उच्च आदर्श बोकेर आएको यो संविधानको अभिनन्दनको आज विश्व विद्यालयका नारीजागरण मञ्चले विशेष आयोजना गरेको थियो ।

अभिनन्दन समारोहमा विभिन्न वक्ताहरुले गर्मजोशीका साथ संविधानको अभिनन्दन स्वागत गर्दै यसको सफलताको कामना गरे भने सविताले बडो हर्षोल्लासका साथ यस्तो ओजपूर्ण भाषण दिएकी थिइन् जसको चर्चा प्रत्येक व्यक्तिको जिब्रोमा झुण्डिन पुगेको थियो । त्यही अभिनन्दन समारोहबाट फर्केका अभिन्न मित्रहरु एक जना साथी रफीकको घरको प्रांगणमा वार्तामा संलग्न थिए । संविधानमा नारीको प्रतिभा र क्षमताको विकास गर्नको लागि जुन दृष्टिकोण अपनाइएको थियो त्यसमा सविनयको चित्त बुझेको थिएन । यो समानता शब्दले नारीको पतनको खाडल खनी दिएको छ भन्ने उसको सोचाई थियो । त्यसैले उसले टिप्पणी गर्दै भन्यो "नारी गृहणी भएकोले नारीको स्थान घरमा सर्वोपरी हुन्छ मातृसत्तात्मक परिवारहरुमा त नारीको सत्ता सर्वोपरी हुन्छ हुन्छ तर हाम्रो जस्तो पितृसत्तात्मक समाजमा घरको अभिभारा नारीमाथि नै हुन्छ । यसलाई सरसरी हेर्दा नारीलाई भार बोकाएर पुरुष यश आराम गरी रहे जस्तो लाग्छ तर वास्तविकता के हो भने यो भारले नारीको पुरुष भन्दा बढी महत्व रहेको कुरा पनि संकेत गर्दछ किनकी भार जस्ले धेरै वहन गर्छ ऊ स्वाभाविक रुपले कम भार बोक्ने भन्दा श्रेष्ठ हुन्छ र धेरै भार त्यसले बोक्छ जसमा शक्ति हुन्छ । त्यसैले त हिन्दू वांग्मयमा नारीलाई शक्तिको प्रतीक मानिएको छ । पुरुष त यो शक्तिको पूरक हो । यस्तो महत्व राख्ने ..... ।

सविताले कुरा काट्दै मुस्कुराउँदै भनिन् "त्यसो भए धोबी भन्दा धोबीको गधा श्रेष्ठ हुन्छ, ट्रक, बस, रेल आदि भारवाहनहरु आफ्नो निर्माता मानिस भन्दा पनि श्रेष्ठ हुन्छन् ?

"निःसन्देह श्रेष्ठ हुन्छन् र कदापि हुँदैनन् । दुवै कुरा छ । चाहे गधा होस्, स्त्री होस्, पुरुष होस्, या कृतिम भार वाहन होउन तिनी तबसम्म वास्तवमा श्रेष्ठ हुन्छन् जबसम्म आफ्नो निश्चित कर्तव्यको पालन गर्दछन् तर यिनी निकृष्ट तब हुन जान्छन् तब यिनले आफूलाई मात्र सामाजिक संरचनाको एक मात्र धारक ठान्दछन् । स्त्री र पुरुषमा कलह तब मात्र हुन्छ जब एउटाले आफूलाई अर्को भन्दा बढी जिम्मेवारी बोकेको भनि अहम् प्रकट गर्दछ । स्त्री जाति एक मात्र पृथ्वीको यस्तो जीव हो जसमा प्रकृतिले अद्भुत क्षमता दिएकी छन् । हिन्दू धर्मशास्त्रहरुले यसै कारण नारीलाई देवी भनेका छन् । जसको सीधा अर्थ छ कि उसले आफनो कर्तव्यको पालन गरेसम्म त्यसको स्थान पुरुषभन्दा उच्च छ । अब तिमी यो विचार गर कि पुरुष भन्दा उच्च स्थानमा रहेकी नारीले संविधानलाई आधार बनाएर कुनै अदालतमा उभिएर म र पुरुष दुवै समान छौं भन्ने दावी लिन्छे भने त्यो नारीलाई त्यस बेला भीरबाट लडेको गाई नमानेर के मान्ने ? यो त दया गर्नु पर्ने अवस्था मान्नु पर्दछ किनकि उसले आफ्नो देवित्व स्थान छोडेर तल झरेर पुरुषको लाइनमा आउन चाहेको स्पष्ट नै छ । माथिल्लो पदको त्याग गरेर तल्लो पदको चाहना गर्नु मृग मारीचिका मात्र हो । यो आत्म प्रवंचना हो । आफूलाई ठग्नु हो ।"

"यसको मतलब तिमी संविधानमा प्रदत्त समानता सिद्धान्तसँग सहमत छैनौं ?"

"केही मात्रामा मात्र ? किनकि संविधानका ती धाराहरुले नारी जाति कमजोर छ, अज्ञानी छ, समाजमा पिसिएकी छ, निम्न स्थानमा बसेकी छ आदि हीन भावनाको प्रष्टीकरण गर्दछ । तात्पर्य यो कि नारी तिमीहरु त अबला हो भनेर संकेत गर्दछ । तर म यस्तो हीन भावनाको पोषणको पक्षपाती छैन म नारीलाई अबला होइन सबला मान्दछु ,शक्ति धारणी मान्दछु र पुरुषको लागि शक्तिको श्रोत ठान्दछु ।

"तिम्रो दर्शनमा नि , किंचित व्यंग गर्दै भनिन् सविताले "नारीलाई यति माथि स्थानमा राखेको छ तर पूजा पतिको गराइन्छ पत्नी पूजाको विधान त कतै देखिएन । नारीको लागि त पति परमेश्वर भनियो तीज, पञ्चमी लगायत तमाम पतिव्रतहरु यहाँसम्मकी पतिको चरणरज लिने सम्म .....

सविताको कुरा पुरा हुन नपाउँदै हाँस्यो सविनय । बडो निष्छल भावको हाँसो हाँस्दै भन्यो "यति सानो कुरा तिमीले बुझ्न सकिनछ्यौ । अलि कति पृष्ठभूमि सहित म यस बारे बताउँछु । हेर ईश्वरले श्रृष्टि रचना क्रममा मानव समाजलाई सुदृढ र विकसित गर्दै जाने उद्देश्यले दुई जाति बनायो एउटा नर र अर्को नारी । समाजलाई विकसित गर्नको लागि सामाजिक संरचनालाई नै क्रियाशील राख्ने यन्त्रलाई नर भन्यो । यो स्वभावले नै महत्वाकांक्षी हुन्छ र एकसुरे पनि । यो प्रायः एकदिशामा लक्षित हुन्छ तसर्थ यसको मानसिक अवस्थालाई एकमुखी प्रधान भन्न सकिन्छ तर समाजले विकास मात्र त चाहँदैन तसर्थ समाजलाई सुदृढता प्रदान गरी सामाजिक संरचनामा तालमेल मिलाई राख्नको लागि अरु पनि केही तत्वहरुको आवश्यकता पर्‍यो । ती सबै तत्व सबै गुणहरु ईश्वरले नारीमा भरेर पुरुषको सहधर्मिणी बनाई दियो । यसरी नारीमा सन्तान प्रतिको वात्सल्य, पति प्रतिको प्रेम र घरका सदस्यहरु प्रति ममता र स्नेह तथा त्याग अलग अलग गुणहरु एउटै जीवमा समावेश गरी दियो ।"

सविनय एकछिन रोकियो र फेरी भन्न लाग्यो "सबि के तिमीले एउटा कुरा महसुस गरेकी छ्यौं एउटै नारी कुनै समयमा आमा, कुनै समयमा पत्नी र कुनै समयमा गृहणी हुन्छे र प्रत्येक भूमिकाको उसले भरपूर निर्वाह पनि गरेकी हुन्छे । पति अस्वस्थताले, चाहे कुनै समस्या वा कष्टले जब ऊ पत्नीको काखमा पल्टन्छ तब पत्नीले त्यस प्रति ममतामयी चरित्रद्वारा पतिको भार हरण गर्ने कोशिश गर्छे । जब ऊ पतिसँग यौन समागममा हुन्छे तब ऊ केवल पतिको हुन्छे त्यो क्षणमा विश्वको कुनै माया, मान, प्रतिष्ठा, लाभ, सुख उसको सामुन्ने हुँदैन । जब परिवार र सामाजिक व्यवहारमा उ उत्रेकी हुन्छे तब उसले स्वधर्मा अनुसार आफ्नै किसिमको आचरण गर्दछे । यसरी बहुआयामी व्यक्तित्वको क्षमता छ उसमा । पुरुषका पनि यद्धपि तमाम त रुप हुन्छन् तर पुरुष हर क्षेत्रमा नारी जति क्षमतावान र सक्षम छैन ।"

"अब म तिम्रो प्रश्नमा प्रवेश गर्छु । तिमी अब भन कि यस्तो महिमामयी बहुरुपणी नारीलाई यदि पुरुषले पत्नीको रुपमा पूजा गर्ने हो भने यो त ओछोपन हुनजान्छ, छोटोपन हुन जान्छ, नारीको अपमान हुन जान्छ किनकि ऊ पत्नी मात्र त होइने । ऊ साथी, सहयोगी र आमा पनि त हो । यो मर्म र महत्वलाई नै बुझेर हो हिन्दु धर्मशास्त्रले पत्नीको पूजा भन्दा नारीको त्यो मूल रुपको पूजा गरियो जसलाई आमा भनिन्छ । बुझ्यौं सवि ? नारीको पूर्ण रुप मातृत्वमा हुन्छ त्यसै हुनाले आश्विन र चैत्रमा महामहिमामयी मातृरुप शक्तिदायनी जगदम्बिकाको पूजा आराधना पुरुषले गर्नु पर्ने धर्मशास्त्रले निर्देश गरेको हो । यो नारी पूजा हैन र सवि ?"

बादलले शुरुमा दुवैको वार्तालाई त सामान्य मानेको थियो तर पछि गम्भीरता महसुस गऱ्यो र सोध्यो "विन्नू तिम्रो कुरालाई हिन्दु समाजले त समर्थित गर्दछ तर क्रिश्चियन तथा अन्य समाजमा जहाँ मातृ पूजाको प्रावधान छैन तिनीहरुको लागि त यो संवैधानिक व्यवस्था धेरै राम्रो भएन र ?

"कसले भन्यो ?" सविनयले सोध्यो । कुन धर्म ग्रन्थमा आमाको अपमान गर्न भनेको छ ? कुरान पढ, सरियत पढ, क्रिश्चियन धर्मको कुरा गर्छौं ? बाइबल को दुवै खण्ड ओल्ड टेष्टामेन्ट र निउ टेस्टामेन्ट पढ, मैले थाह पाए जति को धर्म शास्त्रहरु सबैमा नारीको महत्वलाई पुरुष भन्दा बढी नै स्वीकार गरिएको छ । यदि कुनै अज्ञात धर्मशास्त्रमा नारीको महत्वलाई घटाइएको रहेछ अथवा कुनै समाजमा पनि नारीको अवहेलना हुन्छ भने म निश्चित रुपले भन्न सक्छु कि त्यो समाज पतनतर्फ उन्मुख छ । त्यस समाजमा जति सुकै प्रगति होस् तर सामाजिक सन्तुलन चाहिँ हुनै सकदैन ।"

"अनि यो समाजमा यस्ती नारीको यस्तो दुरावस्था कसले गर्‌यो त ?" बादलले सोध्यो ।

"नारी पुरुष दुवैले । नारीलाई आफ्नो शक्तिको बोध छैन र पुरुषलाई नारीको महत्वे बोध छैन त्यसो हुनाले यी दुवै पांग्रा अँध्यारोमा गैरहेका छन् ।"

"तब तिमीले समानताको सिद्धान्तलाई कुन रुपमा हेर्छौं त ?"

"यो त विल्कुल वाहियात कुरा हो । मैले त शुरुमा नै भनी सकें । पुरुष एक दिशामुखी र भावुक हुन्छ तर सामाजिक तमाम यस्ता कार्य छन् जुन पुरुषले बढी राम्रो तरीकाले सम्पादन गर्न सक्दछ । त्यस्ता कामहरुमा महिलाको आवश्यकता के ? पुरुष दुरुह, जटिल, घृणित, सबै काम गर्नको लागि बनेको छ । ती सबै काम कोमलहृदया नारीले गर्न सकदैनन् । विकासको पथ प्रदर्शक पनि पुरुष नै हो । तर पुरुष अपूर्ण छ नारी बिना । तसर्थ नारीले उसलाई प्रत्येक क्षेत्रमा नसघाई उपाय नै चल्दैन । यस्तो गरिमामय

अंगलाई तुलनात्मक रुपमा हेरिनु कदापि उचित हुँदैन । यो त अतुलनीय छ । किनकि पतिको निम्ति चरित्र, सन्तानको निम्ति ममता, समाजको निम्ति शील सहयोगीको निम्ति दया र जीवमात्रमा कारुणाद्र महाप्रकृतिको नाम नै नारी हो ।"

"यो महत्वलाई संविधानले स्वीकार गरेर, नारी अधिकारहरुलाई समाजमा वैधानिक प्रत्याभूति गरि दिएको छ भने नमिल्दो त भएन ?" बादलले पुनः प्रश्न गऱ्यो ।

"नमिल्दो किन भएन ? नमिल्दो नै त भएको हो । मेरो दृष्टिकोणमा संविधान लेख्दा "नारीहरुको शास्त्रीय महत्वलाई स्वीकार गर्दै नारीहरुको पछौटेपन, अशिक्षा र अज्ञानता हटाउनको लागि हरसम्भव उपायहरु गरिने छन्" भन्ने शब्दावलीको प्रयोग गरे बेश हुने थियो । अथवा कुनै पनि नागरिकमाथि धर्म, जात जाति, भाषा र राजनीतिक मान्यताको आधारमा भेदभाव गरिने छैन भनि प्रत्याभूति गरी दिए पुग्थ्यो यसबाट सर्प पनि मर्थ्यो र लाठ्ठी पनि भाँचिने थिएन तर समानता शब्दले त सब गडबड गरि दिएको छ । मलाई संविधानमा प्रयुक्त शब्दावलीसँग विरोध छ न कि वास्तवमा नारीको स्वतन्त्रतासँग । म स्वतन्त्रताको प्रबल समर्थक छु तर सबैको आ-आफ्नै छुट्टै मर्यादा छ जसको पालन हुनै पर्दछ ।"

"अनि के यस व्यवस्थाले नारीको मर्यादा भंग हुन्छ त ?" यसपाली सविताको प्रश्न थियो ।

"भंग हुने बढी सम्भावना छ । एउटा उदाहरण दिन्छु डुंगा बनाउने कारीगरले बडो सुझ बुझका साथ डुंगा बनाउँछ र माझीमा पनि डुंगा चलाउन त्यतिकै अझ त्यो भन्दा बढी सुझबुझ हुनु पर्दछ । यदि माझीले सुझबुझको परिचय दिन सकेन भने डुंगा बीच धारामा डुब्छ । ठिक्क यस्तै संविधानको अवस्था हुन्छ । संविधान निर्माताले संविधान बनाई दिन्छ जनताको लागि । तर जनतामा संविधान बहन गर्ने क्षमता नभएमा अराजकता फैलिने बाहेक अरु केही हुन्न । भारतमा हाल अशिक्षा र अज्ञानताको मात्रा बढी छ । गरिबी प्रबल छ । यी मुख्य शत्रुसँग लड्नु नै पहिलो आवश्यकता छ । वर्तमान संविधानले जुन समानताको कुरा गरेछ त्यो साधारण व्यक्तिको समझ भन्दा टाढाको कुरा छ । साधारण मानिसले त्यसको अर्कै अर्थ निकाल्नेछ र टाठाबाठा महिलाहरुले आफूलाई पनि "केही हुँ" भनि देखाउनको लागि नाम, यश र बडप्पन प्राप्न गर्नको लागि साधारण गृहणीहरुलाई भड्काउने छन् । साधारण गृहणीहरु तिनको पछि पछि नारा जुलुसमा लाग्ने छन्, घर व्यवहार चौपट हुने छन् । समाजमा प्रतिद्वन्दिता छिड्ने छ तिनको हातमा अशान्ति र अपयश पर्नेछ नेत्रीहरु मालामाल हुनेछन् । संविधानको यो व्यवस्थाले केही अहंकारी नारीहरुलाई नेत्री बनाई दिने छ बाँकी महिला आफ्नो स्थान र महत्व भन्दा तल झर्ने छन् र सामाजिक ढाँचालाई खल्बल्याई दिनेछन् ।"

"यो कुरा त नारीमाथि मात्र किन ? सम्पूर्ण समाजैमाथि लागू हुन्न र ? नेतागिरीमा जनता नै त ठगिएको हुन्छ ।"

"त्यो कुरा ठीक हो, त्यो राजनीतिको व्यापक विषयवस्तु हो तर मैले त सबभन्दा भयावह स्थिति जुन देखें त्यसको मात्रै चर्चा गरेकी हुँ । राज्यमा तमाम, जाति, धर्म, भाषाका झगडा हुनसक्छन् । तर ती सबै कुरा केवल दुइटाको माध्यमबाट सम्पादित हुन्छन् । एउटा पुरुष एउटा नारी । त्यसैले मूलमा नै टकरावको अवस्था आई रहेको छ भन्ने मेरो भनाई छ ? छेउ टुप्पाको त गणना नै छैन, मूल टुटेपछि अरु को के महत्व ?"

सविनयको तर्कको सामुन्ने क्रान्तकारीणी विचारधाराकी सविताको चित्त बुझे जस्तो देखियो । उसको आँखामा सविनय प्रति प्रशंसाको भाव स्पष्ट नै देखिन्थ्यो ।

कुरा समाप्तहुने लक्षणत थिएन तर अभिनन्दन समारोहको थकाईको भाव सविताको मुखमण्डलमा व्याप्त थियो त्यसो हुनाले सविनय र सविता दुवैले बिदा मागे बादलसँग ।

"सवितालाई त विश्वले नै १२ घण्टाको लागि बिदा दिइ सकेको छ ।" बादलले कुर्सीबाट उठ्दैचन्यो तर, सविनयलाई विदा भनेर म जंगली बन्न चाहन्न ।"

बादलको कुरा सुनेर एकछिन त दुवै जना जिल्लै परे तर सविनयले तत्काल कुरा बुझी हाल्यो । विनयशीलताको त्याग गरेपछि त मानिस जंगली हुने नै भयो । उसले हाँस्दै भन्यो । तर मित्र, विनयशीलता पनि सविताको प्रकृति हो । विश्वको महान एकमात्र तेजश्वी सूर्य देवताले त कहिले पनि अहं गरेको देखिएको छैन तिनको किरण हमेशा तल झरेर विनयशीलताकै सन्देश त दिन्छन् त्यसैले त सविता र सविनयको तादाम्य स्थापित छ । सविता सूर्यको तेजश्वी रुप हो भने सविनय त्यसको मृदु रुप । हैन र ?"

सविता केही लजाइन् र लज्जालाई लुकाउनको लागि हाँस्न थालिन । दुवै जना हाँस्दै बादलसँग छुट्टिए ।

(८)

आजभोली वाराणसी शहरको नवतल्ला खण्डमा जुन ठाउँमा अहिले चिहान छ, त्यस बेला त्यो यस्तो चारदीवारीले घेरिएको थिएन र त्यस क्षेत्रमा यस्तो व्यवस्थित बस्ती पनि बसी सकेको थिएन । क्षेत्र लगभग निर्जन थियो । यसैको फाइदा उठाएर स्वतन्त्रता प्राप्तिको निहु र चालबाज नेताहरुको भोटको लागि श्रृजित मनमोहक नाराहरुबाट वशीभूत भएर बनारस र छरछिमेकी टोल पडोसका गरीब गुरुवाहरुले चिहानको चारैतिर साना साना झुण्डी झुपडी खडा गरी घर र भूस्वामी हुने सपना पूरा गरीरहेका थिए । झोपडीहरु खडा भएका स्थानमा न त पानी थियो न बत्तीको कुनै प्रबन्ध, बाटो घाटो

गल्ली पनि थिएन एउटा माथि अर्को झोपडी हजारौं हजार । त्यसमा शरण लिएका आफ्नै देशका ती शरणार्थीहरु आफ्नै झोपडीको बाटो बिराएर अर्काको झोपडीमा बस्ने र घण्टौं आफ्नो झोपडी खोज्दै हिँड्ने प्रायः सामान्य कुरा थियो । गरिबी होइन दरिद्रताको देवीले त्यहाँ साक्षात मुकाम गरे जस्तो देखिन्थ्यो । कुनै पनि उद्योग, धन्दा पेशा व्यवसाय गर्नमा अयोग्य साबित भएका व्यक्तिहरुको लागि राजनीतिक फिल्ड कमाऊ उर्वर भूमि रहेको त्यस धर्तीमा च्याऊ झैं उम्रेका भनाउँदा नेताहरुले दिनहूँ भाषण र नारा जुलूसमा ती गरीबहरुलाई भरपूर उपयोग गर्न पाएका थिए, नाराको अर्थ र उद्देश्य बुझ्नु बुझाउनु भन्दा राजनीतिक स्वार्थ र भोटको कमाई मात्र एकमात्र उद्देश्य थियो । वर्षाको गर्मी र पानीको झरीमा ती भोका पेट नाङ्गा आङ्ग आफ्ना जहान परिवारलाई साथ लगाई नेताजीहरुको जुलूस र भाषणमा आफ्ना सुकेका हात उठाई उठाई जिन्दावाद् ! मुर्दावाद भन्ने गर्दथे । नेताजीहरुले भोट बैंक माथि नियन्त्रण गर्दा गर्दै भोट बैंक माथि यमराजले पनि कब्जा गर्न लागेको कुरा थाहै भएनछ ।

एक दिन एउटा झुप्रोमा भात पाक्दा पाक्दै अचानक आगो लाग्यो । घाँस पातका झुप्रा ती पनि बलेनी जोडिएका बारुदमा आगो लागे झैं दन्किन थाल्यो । जो जस्तो अवस्थामा जता भाग्यो र भाग्न उम्कन सक्यो त्यतै भाग्न लाग्यो । मृत्युले लखेट्ने र मानिस भाग्नेमा पऱ्यो । त्यसै बेला निराश्रित व्यक्तिहरुको झोपडी हेर्न दुइ जना पत्रकारहरुले सविनयलाई साथमा गै दिन अनुरोध गरेकाले ती परिचित पत्रकार साथीहरुको साथमा एउटा जिज्ञासुको हैसियतले सविनय पनि त्यहाँ पुग्दा आगो लागी सकेको रहेछ । मानिस र मृत्युको बीचको त्यो संघर्ष र त्यसबाट जन्मेको हो हल्ला त्राहिमाम्को स्वरले आकाश गुन्जमान भैरहेको थियो तर गरीबहरुको करुण चित्कार र गुहार भगवान विश्वनाथलाई खुशीपार्न धनीहरुले घनकाई रहेका ठूलठूला घण्टाको घनकारले गर्दा भगवानको कानमा पस्न नपाएर नै होला गरीबको रक्षार्थ औढर दानी कहलिएका शिवले पनि रक्षा गर्न गएनन् होला । दुईजना पत्रकार र सविनयको सशक्त प्रयत्नले पनि केही हुन सकेन । हेर्दा हेर्दै शरणस्थली खरानी हुन पुग्यो र त्यसमा तमाम नरनारी, बृद्ध, बालकको आहुति भयो । त्यहाँको रक्षामा पत्रकार समेत सविनय पनि आगोको राफमा झुल्सियो नाक र मुखबाट पेटमा पसेको धुँवाको मुस्लोले तिनीहरुलाई पनि मुर्छित पाऱ्यो । मृत्युको त्यो ताण्डव नृत्यको दृश्यले एकातिर मानस पटललाई आक्रान्त पाऱ्यो भने अर्को तर्फ आगोको भीषण लपेटले शरीरलाई शुष्क बनाई दियो तीनैजना यत्रतत्र ढले । कसले कसरी अस्पताल पुऱ्यायो र प्रारम्भिक के-के उपचार भयो ? तिनीहरुलाई थाह हुन सकेन । सविनय होशमा आउँदा डाक्टर र नर्सहरुको बीचमा आफूलाई अस्पतालमा पायो । सविताको पनि एम.बी.वी.एस. पूरा भैसकेकोले अहिले इन्डोरमा नै ड्यूटी लाग्ने गरेको हुँदा उनी पनि त्यहीँ थिइन् । सविनय होशमा आएको र शारीरिक स्थिति खतरामुक्त भकोले अन्य डाक्टर र नर्सहरु यता उता गए । सविताले सविनयको हात आफ्नो हातमा लिएर बेडकै एक कुनामा बसिन् । सविनयको अस्वस्थता र

स्वाँस फेर्नमा केही कठिनाई शेष नै थियो त्यस प्रति चिन्तित र उदास आँखा भरी आँसु लिएर बसी रहिन् । दुवै चुप थिए तर मनका भावहरु आँखाको माध्यमबाट आदान प्रदान भैरहेका थिए । सविता दुःखी थिइन, दुवैले दुवैलाई सान्त्वना र संवेदना दिई राखेका, पोखी राखेका थिए मुखैले बोल्नु पर्ने आवश्यकता नै के थियो र ?

राती २/३ बजेसम्म त सबै ठिक भैसके जस्तै लाग्दथ्यो सविनय आनन्दले सुतेको थियो सविता अस्पतालका केही नियम र केहि लोक लज्जाको निर्वाह गर्दै एउटा स्टुलमा बसेर सविनयको विछ्यौनामा बाँकी शरीर फिजाई सुतेकी थिइन् उनको हात सविनयको गालामा रहेको थियो । दुईटा पथिक मस्त निद्रामा थिए । तर ३ बजेपछि सविनय सुस्तरी कहलिएको आवाज सविताले सुनिन् आँखा खुल्यो बडो तत्परताले सविनयको शरीर छामछुम पार्न लागिन् ऊ होशमा त रहेछ तर स्वास फेर्नमा कठिनाई परेको रहेछ जसले गर्दा छाती दुखेको हुनाले कहलिएको रहेछ । सविताले दिउँसो आगलागीको धुँवाको मुस्लो छातीमा जमेर स्वाँसनलीमा अवरोध गरेको कुरा ठहराइन् र तत्काल उपचारमा लागिन् । एक घण्टाको अथक उपचारले केही राहत दिन सकेन पीडा बढ्दै गयो स्वाँस रोकिदै गयो सविता हतोत्साह भइन् चारैतिर अँधकारको कालो बादलले घेर्दै गए जस्तो लाग्यो । तत्क्षण डाक्टरहरुको भीड लाग्यो अक्सीजन दिने प्रबन्ध भयो । सविता किंकर्तव्यमूढ थिइन् उनको चिकित्सक बुद्धि हराएको थियो । तर दुई प्रेमी हृदयको मौन स्पंदनले एकले अर्कोलाई मौन शुभाशीष दिइरहेको थियो । कति आशीष कति शुभकामना र सुभेच्छा मात्र । तर..... ।

भनिन्छ प्रेम जगतको सार हो । संकटहरु जब भौतिक बलले कट्न सक्दैनन् तब अध्यात्मिक बल र शुभेच्छुहरुको प्रेमको प्रसाद मात्र अवलम्बन बन्न जान्छ । सविनयको साथमा आखिरमा यस्तै भयो सविताको प्राणको छटपट्टीपनले सविनयको प्राणमा शक्ति सञ्चार गऱ्यो । तीन दिनको अनवरत सेवा भाव विहवलता र आत्माको पुकार र प्रबल इच्छा यी सबै तत्व सहायक बने, सविनय पुनः बाच्यो, बाँच्यो भन्नुभन्दा जीवन दान पायो, सविताको चरम प्रेम र निस्वार्थ त्यागको फल ।

मानवको अत्यधिक दुखी हृदयले तब मात्र सन्तोष पाउँछ जब उसको आत्मीयले उसलाई आलिंगनमा लिन पुग्दछ । अति दुःखले अति समीपताको चाह गर्दो रहेछ । अतीव दुःखको भावातिरेकले अतीव सुखको महासागरको चाहना गर्दछ अतिले अतिलाई आकर्षित गर्छ नै । पांच दिनको बिरामीपछि अस्पतालबाट निक्लेको सविनय र सविता सुखद चाँदनी रातमा हरिशचन्द्र घाँटको सीढीमा बसेका थिए । वर्षा महिनाको गंगाको तेज कलकलाउँदो पानी आफ्नो उत्ताल जल तरंगका साथ प्रवाहित थियो । समुद्रसँग मिल्ने आफ्नो अस्तित्व महासमुन्द्रलाई समर्पित गर्ने अदम्य इच्छा लिएर दौडदै थिइन् गंगा । समर्पण नै त अन्तिम चाह हो । त्याग नै त जीवनको अन्तिम लक्ष्य हो ।

"गंगाको यो अनवरत दौड, यो तृष्णा कुनै समयमा शान्त हुन सक्दछ त ?" सविताको ठूल ठूला आंखामा प्रश्न थियो ।

"दौड र तृष्णा नै त जीवन हो सवि । यो नभएमा जीवन नै निष्क्रिय हुन जान्छ ।"

"तर यो अर्थहीन सक्रियताले के दिएको छ गंगालाई ?"

सविनयले सविताको अनुहार आफ्नो दुवै हातमा लिएर भन्यो ।" साँच्चै बताऊँ सवि ?"

"हँ, बताऊ ? जान्नलाई नै त सोधेकी हुँ ?"

"गंगालाई प्राप्त भैरहेको छ अखण्ड तृप्ती, अनन्त शक्ति, जसतो तृप्ति र शक्ति तिमीलाई प्राप्त भैरहेको थियो मेरो सेवामा समर्पित हुँदाका अवस्थामा र जसतो तृप्ति र शान्ति मलाई प्राप्ती भैं रहेको छ आफ्नो आत्मा तिमीमा विसर्जित गरेर ।"

गंगाको अनन्त जलराशिमाथि चन्द्रमाको प्रकाश गहिरिदै गएको थियो । सविता आज विशेष आनन्दित र प्रमुदित थिइन् तैपनि कुनै कुनै क्षण अलि उद्विग्न जस्तो हुन जान्थिन् । तिनको भावबाट उनको मनमा केही कुरा खेली रहेको जस्तो महसुस गरेर सविनयले सोध्यो "आज तिमी बीचबीचमा अस्वाभाविक किन भैरहेकी छ्यौ ? प्रिय ?"

सविताले सविनयको काँधमा टाउकोको भार राख्दै आफ्ना केश राशिलाई फिँजाउँदै सविनयको हात खेलाउँदै भनिन् "मलाई अब डर लागी रहेको छ विन्नू, कहिले काहीँ यस्तो लाग्दछ कि मलाई तिमी देखि धेरै टाढा कोही तान्न खोजी रहेछ दुर्भाग्य वश यस्तो भयो भने ..... ।"

वाक्य पुरा हुन सकेन सविताको घाँटी अवरुद्ध भयो, आँखाबाट तरर आँसु आए । सविनय हडबडायो । बडो कोमलताले सविताको आँखा पुच्छदै भन्यो "सवि भगवान शंकरको यो नगरीमा गंगाजीको पवित्र किनारामा हाम्रो जीवनको डोरी आपसमा बाँधिन गएको छ । हामीले चाहेर जानेर यस्तो भएको होइन । तसर्थ यसलाई हरिको इच्छा नै मानेर दृढविश्वास साथ जीवनपथमा लम्कनु परेको छ । म तिमी हौ तिमी म हुँ दुई भन्ने हाम्रो बीचमा अब छैन र भविष्यमा पनि हामी एक नै रहने छौं ।"

"तैपनि .... । सविले फेरी शंका गरिन् ।"

"तैपनिको प्रश्नै छैन प्राण । सविनयले बडो आत्मविश्वासका साथ भन्यो ।" जहाँ अत्यधिक प्रेम हुन्छ, त्यहीं नै अत्यधिक शंका र डर हुन्छ । जसलाई मानिसले धेरै प्रेम

गर्दछ त्यसै देखि उसलाई धेरै खतरा पनि यस कारण हुन्छ कि एउटा बिना अर्काको जीवन निरर्थक रहन्छ एउटाको अस्तित्व अर्कोमा समाहित भएको हुन्छ । डर त प्रेमको सन्तान हो जसले अत्यधिक प्रेम गर्दछ त्यसले त्यो आत्मीय प्रति हमेशा शंकालु पनि रहन्छ ।"

"शंकालु रहन्छ ?" सविताका ठूल ठूला आँखामा महान आश्चर्यको चिन्ह प्रकट भयो ।

"हो सवि । यसको अन्यथा अर्थ लगाउनु हुँदैन यसलाई त यस्तो बुझ्न पर्दछ कि जति धेरै शंका प्रेमीले गर्दछ त्यसले त्यति नै धेरै प्रेम पनि त गरेको हुन्छ । शंकारहित प्रेममा त केही कमी हुन सक्दछ ।"

"यसको मतलब हामी दुवै एक अर्का प्रति शंकालु छौं त ?"

"बिल्कुल छौं । म अस्पतालमा मृत्युको नजीक पुग्न लाग्दा तिम्रो मनमा अरु डाक्टरहरु भन्दा बढी शंका उठ्यो होला । म बिकुल विश्वस्त छु तर पनि तिमीलाई प्राप्त गर्नमा मा कहीं कुनै बाधा त आइ रहेको छैन भनि म निरन्तर सशंकित भैरहन्छु । वास्तवमा शंका र प्रेमको अन्योन्याश्रित सम्बन्ध हुन्छ ।"

"अनि प्रेम र शंका अन्योन्याश्रित छन् भने प्रेमको परिणति अधोगतिमा हुन जाँदैन त ?"

"हुँदैन, हुनै सक्दैन ।" सविनयले दार्शनिक भाव व्यक्त गर्दै भन्यो "जीवनको चरम लक्ष्य मृत्यु हो, त्यस्तै प्रेमपूर्ण विकसित रुप त्याग हुन्छ र त्यागको चरम लक्ष्य विसर्जन हुन्छ । अधोगति त तब हुन्छ जब प्रेममा त्यागको सट्टा लाभ हानि, सुख र दुखको भाव हुन्छ अन्यथा प्रेम त पवित्र हुन्छ ।"

"हाम्रो प्रेममा के त्यस्तै पवित्रता छ र विन्नू ।"

"गंगा जस्तो पवित्रता छ सवि ।" भन्दै सविनयले सवितालाई आफ्नो काखमा तान्यो । सविताका लहलहाउँदा केशराशि सँग खेल्दा खेल्दै सविताका ठूल ठूला आँखामा उम्लेर आएको प्रेमको महासमुन्द्रमा डुबाई दियो आफुलाई । अनन्त गहिराई, विशाल र अन्तहीन अन्तरिक्ष जस्ता आँखामा डुब्दै उत्रिदै र बग्दै गयो । बग्दा बग्दा दुवै मौन, कहाँ पुगे कता पुगे थाहै भएन । सवितालाई क्षणिक चेतना तब आयो जब उनले आफ्ना सुन्तलाका कोया जस्ता राता रसीला तर उन्नमत्त, फरफराई रहेका आगामा तपाए जस्ता ताता ओंठमा सविनयले आफ्नो ओंठ राख्यो तब अलि कति हलचल भयो तर त्यो हलचलले पनि तिनलाई झन मदहोस पाऱ्यो दुवै जना आलिगनबद्ध हुँदै गए दुई प्राणले महाप्राणको रुप लिए जसका साक्षी आकाशको चन्द्रमा र महाप्रिया गंगा मात्र थिए ।

अध्याय ३

(१)

समयको मति कसैले बुझ्न सक्दैन । समय भन्दा शक्तिशाली पनि कोई छैन । समयको चपेटामा परेर नै राम जस्ता युवराजलाई चौदह वर्ष वनको कष्ट भोग्नु पऱ्यो, समयकै प्रभावले अर्जुन जस्ता महारथी परमवीरलाई ग्वालाहरुले लुटे र समयकै प्रभावले कृष्ण जस्तालाई साधारण ब्याधाले एउटै वाणले हानेर माऱ्यो । राजा रंकको रुपमा र रंक राजाको रुपमा परिणत गराउने काम समयले नै गर्दछ । समयको दृष्टि वक्र भएपछि जस्तो सुकै म नै हूँ भन्नेलाई भूइमा पछारिएको र धुलो चाटेको देख्न सकिन्छ ।

आफूलाई दानवीर ठान्ने सर्वहितैषी महानपरोपकारी जीव प्राणनाथको निधन भयो । टेलीग्राम सबेरै बनारस पुग्यो । सविनयको दर्शन शास्त्रको अंतिमवर्षको पढाईमा व्यवधान पऱ्यो । ऊ तुरुन्त गाउँ जानु पर्ने भयो । सविनयकी सुख दुःखकी मात्र होइन की जीवनकै साथी, अझ जन्म जन्मान्तरकी साथी सविताले साथ छोड्ने कुरै थिएन । दुवै जना बनारसबाट हिँडे रातभरको यात्रा पछि भोली पल्ट गाउँ पुगे । गाउँमा ठूलो शोकको वातावरण थियो । छर छिमेकी गाउँका मानिसहरुको दिनभरी ताती लागि रहन्थ्यो । प्राणनाथको गुणको बखान बिरुदावली सरह गाउँथे मानिसहरुले । काज क्रियाको समाप्ती पछि जिमनदारीको हरहिसाब कारिन्दाहरुले बुझाए । जिमीदारीको हिसाब त चौपट रहेछ । हिसाब गर्दा हेर्दा त सविनयका आँखाको अगाडी अँधकार छाए झैं भयो । समय समयमा खडेरीले गर्दा पर्ने गरेको खाद्य संकटलाई समाधान गर्ने सन्दर्भमा परोपकारी जीव प्राणनाथले त साहूहरुलाई ऋण बापत जमीनदारी नै बुझाई सक्नु भएको रहेछ । मधेशमा जग्गा सय सवासय विगहा र पाल्पामा जम्मा ४०/५० रोपनी जग्गा बाँकी रहेछ । कुन किसान आसामीसँग लिनुपर्ने बाँकी कति रहेछ त्यो कहीं उल्लेख नै नगरिएको रहेछ तर दिनुपर्ने हिसाब दुरुस्त रहेछ । जे भएपनि दुई भाईको लागि सम्पत्ति प्रर्याप्त रहेछ । साठी सत्तरी विगाह जति एक भाई को हिस्सामा आउने रहेछ ? त्यति जग्गाले त गुजारा हुन गाह्रो हुने भयो ? परम्परागत खेतीको तरिका, पानीमा आकाशीय निर्भरता, चर्को मालपोत, कृषि उत्पादनको न त कुनै सक्षम बजार र न त कुनै उचित भाउनै, नोकर, कमैया, हरुवा, चरुवा, दुनियालाई दिनुपर्ने, कर्मचारी, नेता सबलाई पाल्नु पर्ने, केही फजूल खर्ची पनि गर्नु पर्ने बाध्यता आदि तमाम त्यस बेलाका कारण र स्थितिहरुले भविष्यमा होशियारी पूर्ण काम गर्नु पर्ने आवश्यकता देखियो । तर दर्शनको अध्ययन उसले छोड्न नै सकेन, दर्शन छोड्न सके पनि सवितालाई कसरी छोड्ने ? सविता अझ एक वर्ष मेडिकल कलेजमा बसेर केही विशेष अनुभव प्राप्त गर्न चाहिन्थिन । किनकि नेपाल जस्तो अत्यधिक

पिछडिएको गरीब समाज र त्यसमा बस्ने दीनहीन रोगीहरुको सेवामा विशेष योग्यताको आवश्यकता थियो । त्यसैले आवश्यक कामहरु निप्टाएर आमालाई सान्त्वना दिएर ऊ फेरी बनारस आईसकेको थियो । अब दुवै जनाको मिलनमा प्रायः मधुरता को साथै गम्भीरताले पनि स्थान लिंदै गैरहेको थियौ । दुवैको अध्ययनको केही महिना मात्र बाकी थियो । परीक्षा नजिकै आई सकेकोले सविनयपनि प्रायः पढाईमा नै व्यस्त रहन्थ्यों । जनस्तरमा गएर सेवागर्ने, गोष्ठी र विचार सभाहरुमा जाने काम लगभग बन्द थियो । यही व्यस्ततामा प्रायः दुइटाको मिलन पनि कमै हुन्थ्यो तर जति क्षणको मिलन हुन्थ्यो त्यो क्षण दुवैको लागि अनमोल हुन्थे ।

(२)

सोमवारी अमावस्याको दिन थियो मेलाको भीड भाडथियो । मेलाको रमिता हेर्न र पुराना साथी भाईहरु भेटिने सम्भावनाले गर्दा सविनयले आज घुम्ने कार्यक्रम बनाएर सविताको घर गयो । सविताकी कान्छी आमा र कान्छा बाबु पनि घरैमा हुनुहुन्थ्यो । कान्छी आमा त प्रायः त्यहीँ बस्नु हुन्थ्यो तर कान्छा बाबु कहिले काहीँ मात्र आउनु हुन्थ्यो । कान्छा बाबु अनिल शर्माले काठमाण्डौमा एउटा स्टील फैक्ट्री लगाउनु भएको थियो । काठमाण्डौंका पुरातन बाटाघाटा कच्ची थिए । राम्रो बजारको विकास भैसकेको थिएन । उद्योग धन्दाहरु नगण्य मात्र थिए तर अनिल शर्माले संयोगले ससुरालीबाट निकै धन पाएकाले र ससुराको दुईटी मात्र छोरी मध्ये कांछी छोरीको विवाह उनीसँग भएको हुँदा ससुराको उनीमाथि विशेष अनुग्रह रहेको थियो । फलस्वरुप उनी अब धेरैजसो ससुरासँग काठमाण्डौमा बस्दथे र ससुराको दृष्टिले काठमाण्डौंलाई भविष्यको राम्रो व्यवस्थित नगरको रुपमा देखिरहेकोले ससुराकै योजनाले एउटा स्टील फैक्ट्रीको स्थापना गरेका थिए र राम्रो चलेको पनि थियो । सविनयलाई देखेर स्वागत गरे झै “वेलकम जेन्टलमैन” भने ।

सविनयले पनि नमस्कार गर्दै “कहिले पाल्नु भयो ” भनि सोध्यो ।

“हिजोमात्र आई पुगे । सोमवारी आमावस्यको गंगा स्नान गर्ने बडो इच्छा भन्दै सविनयलाई तखतमा बस्ने ठाउँ मिलाउन थाले । सविनयको आवाज सुनेर सविता पनि कोठाबाट बाहिर आईन । दुई शरीर आमुन्ने सामुन्ने भए, आँखामा आँखा परे, मुटुको तार आपसमा जोडिए दुवै हृदय जोड जोडले धड्के, एकै पल अथवा एकै क्षणको समय, समय नै टक्क रोकियो । तर, तत्क्षण दुवैलाई आफ्नो परिस्थितिको बोध भयो । सविताका गोरा गोरा हातका गोल कलाईका लामा लामा दस औंला जोडिए “नमस्ते” ।

अभिवादनको प्रतिउत्तर दिँदै सविनयले तखतमा बस्दै भन्यो “अनि त कान्छा बुवा मेला हेर्न त जानु पर्‍यो, आज मैले आफ्नो पढाई बन्द गरेर हिँडेको छु ।”

"मेला हेर्न त खाना खाएर जानु कस्तो हुन्छ ?" अनिलले पुरा उत्तर दिन नपाउँदै सविताले भनिन्.।

"दोकानदारहरुले श्रापलान है श्रापलान् ।"ठट्टा गर्दै सविनयले भन्यो "बनारसका कचौडी र बनारस राम भण्डारको मिठाई, यी सबै कस्का लागि हुन् ?"

"तर मैले खाना त पकाई सकेकी छु ।" सविताले भनिन् ।

"आज म त व्रत छु तिम्रो पनि त ब्रत होला नि ?"

"यिनीहरुको व्रत छ "यसपटक अनिलले उत्तर दिदै भने "तर म अल्सरको रोगी भएकोले उपवास गर्न मिल्दैन त्यसैले मेरो लागि जाउलो पकाई दिएका छन् एकै छिन् बस बाबु सँगै जाउँला है" भने ।

सविताले बुढालाई जाउलो पस्की दिइन् र सविनयको सामुन्ने प्लेटमा बरफी र पानी ल्याई राखी दिइन् । सविनयले एक टुक्रा बरफी उठायो खायो र पानी खाँदै अर्को टुक्रा तर्फ सवितालाई संकेत गऱ्यो । सविताका ओंठमा मधुर मुस्कान फैलियो सुन्दर हात अगाडी बढे । प्लेटबाट बर्फी उठाएको एकै क्षणमा आधा टुकडा सविनयको मुखमा खुवाई आधा आफ्नो मुखमा राखिन् । दुवै हाँसे दुवै मग्न भए यो घटना र भाव बुढीले कोठा भित्रबाट देखिन् बुढालाई थाहै भएनछ । बुढीको लागि यो कुनै नौलो कुरै थिएन । उनले मात्र के उनका जेठाजु र जेठानीहरु सबैले बुझीसकेका थिए ।सबैले बेला बखतलाई पर्खी रहेका थिए ।

अनिलले खाना खाई सकेपछि सविनय सविता र अनिल आदि सबै मेला हेर्न हिँडे । मेलामा एकातिर ठूल ठूला दोकान, महंगा सामान, नोटका बिटा बोकेका ग्राहक देखिन्थे भने मानव समाजकै लागि दुःख रुपमा रहेका तमाम अन्धा, लुला लगडा, अपाङ्ग, मरनच्यासे, भिखमंगाहरुको लाम लागेको थियो । एक पैसा एक मुट्ठी अनाजको लागि दीनहीन स्वरले आवाज लगाई रहेका थिए ।

"अर्को लाइनमा जाऊँ यो त बडो उराठिलो ठाउँमा आइएछ ।" सुनीलले भने ।

"वास्तविक संसार यही त हो बुवा ।" सविनयले बुढाको जवाफ दिँदै सविता तर्फ हेर्दै भन्यो "तिम्रो सेवाको कार्य क्षेत्र पनि यस्तै हुनु पर्दछ । होइन र सवि ?"

"हो बिल्कुल सही हो बिन्नू ।" नेपालमा मेरो कार्य क्षेत्र यस्तै प्राणीहरुबाट शुरु हुनेछ । सुदूर पहाडमा रोग र भोकले कहलि रहेका औषधीको अभावमा खटियामा खुट्टा रगडी

रगडी मृत्युलाई पर्खीरहेका, यस्तै यस्तै रोगीहरु । सविताका आँखामा ठूलो सपना र दृढता थियो ।"

"म पनि सवि । यथासम्भव समाजसेवामा लाग्ने छु, तिम्रो काँधमा काँध मिलाई तिम्रो सहयोग गर्नेछु ।" सविनयले दृढताका साथ भन्यो ।

(३)

बनारसको प्लेटफार्म नं. चारमा खडा थियो एक्सप्रेस ट्रेन । गाडी छुट्ने समय हुन लागेको थियो । सविनय केही साथीहरुका साथ काश्मीर जान लागेको थियो । पाकिस्तान-भारत दुई गणतन्त्र बन्ने बेलामा अंग्रजहरुले कश्मीर राज्यलाई यथास्थितिमा स्वतन्त्र छोडी दिएका थिए । यसको फाइदा उठाएर पाकिस्तानले काश्मीरमा मुश्लिमहरुको बाहुल्यता हुँदा काश्मीर पाकिस्तानमा मिल्नु पर्छ भनेर दबाव दिँदा राजा हरि सिंह नमानेकोले उग्रवादीहरुद्वारा हिंसक घटना घटाउने काम भैरहेको थियो । राजा हरी सिंहले उग्रवादसँग निप्टनको लागि भारतसँग सहायता मागेका थिए । फलस्वरुप भारतीय सेना त काश्मिरमा गएकै थियो ता पनि सामाजिक सेवाको क्षेत्रमा नवयुवक स्वयं सेवकहरुको बहुतै खाँचो थियो । काश्मीरमा आगो बलेको थियो । उग्रवादीहरुको घुसपैठ, हिंसा र काश्मीर भित्रैका विभिन्न स्वार्थ भएका विभिन्न गुटहरु आपसमा गृहयुद्धको स्थितिमा थिए । त्यस्तो क्षेत्रमा जाने काम कम खतरनाक थिएन तै पनि भारतीय रेडक्रस सोसाइटीले विभिन्न विश्व विद्यालयबाट ख्याति प्राप्त कर्मठ युवा छात्रहरुलाई योगदान गर्ने अपील गरेको हुँदा बनारसबाट पनि एउटा टोली जाँदै थियो । जसको नेतृत्व सविनयको हातमा थियो । स्वयंसेविका युवतीहरुले पनि जाने इच्छा व्यक्त गरेका थिए तर केन्द्रले स्वीकृति दिएन । अशान्ति र आगो बलेको ठाउँमा नवयोवनाहरुलाई कसरी होमिदिने ?

यही टोलीलाई तमाम साथीहरुले विदाई गर्न आएका थिए । सविताको लागि त यो बहुतै ठूलो परीक्षाको घडी थियो अशान्ति र दुखी वातावरण कतै छ र आफूबाट केही गरेर शान्ति र सुख पुऱ्याउन सक्ने अवस्था पनि रहेछ भने आफुले सक्षम उद्यम नगर्नु मानवताप्रति नै अपराध हो भन्ने दृढ धारणा राख्ने सविताले त्यहीँ धारणा साकार पार्न गैरहेको सविनयलाई नजाऊ भनेर रोक्ने कसरी ? सविनयले गाडीमा भ्यालबाट टाउको बाहिर निकालेर बसेको थियो । सविताले अश्रुपूरित आँखाले हेर्दै थिइन् । के भन्नु र के न भन्नु । "आफ्नो खूब हेर विचार राख्नु है विन्नू एक चिट्ठी रोजै लेख्नु है ।" त्यति मात्र भन्न सकिन् उनले ।

"तिमीपनि आफ्नो ख्याल राख्नु हामी त एक आधा महिनामा फिर्ता आई हाल्छौं ।" सविनयले भन्यो ।

दुवै दुखी थिए, चिन्तित थिए र पीडित थिए । गाडी सीटी दिएर प्लेटफार्ममा विस्तारै हिँड्न थाल्यो । विछोडका समयमा हृदयको वेदना निस्किएकाले दुवैका आँखा रसाए सविताले त आँसु थाम्न सकिनन् गालामा जलधार भयो सविनयको आँखाबाट पनि दुई थोपा आँसु खस्यो । फेरी भेटौंला भन्ने विदाईको मुद्रामा दुवै तर्फबाट हात हल्लिए हल्लिदै रहे गाडी आँखाको पहुँच देखि बहुत टाढा भैसकेको थियो तै पनि सविताको हात हल्लिएकै थियो यथावत, यथावत, हात तल तब मात्र झऱ्यो जब बादलले उनको नाडी समातेर घर जाउँ भन्यो ।

(४)

रेडक्रसका कार्यकर्ताहरु घायल र पीडितहरुको उद्धारमा लागेका थिए, दिनभर अत्यधिक व्यस्तता हुन्थ्यो । उनीहरुको खाने बस्ने कुरा बेठेगान हुन गएको थियो दिन कहिले बित्थ्यो र रात कहिले शुरु हुन्थ्यो र कहिले खतम हुन्थ्यो केही थाह हुँदैनथ्यो । एक आधा महिनाको लागि मात्र भनेर आएकोमा यो दोश्रो महिना पनि बित्न थालेको थियो तर अशान्ति रोकिने नामै थिएन । यसै बीचमा राजा हरि सिंहले काश्मीर राज्य भारतमा विलीन भएको घोषणा गरी सत्ता भारत सरकारलाई सुम्पी दिए । अब त भारत र पाकिस्तान दुवैले काश्मीरलाई आफ्नो नियन्त्रणमा लिन प्रत्यक्ष संघर्षमा उत्रे । परिणामतः छापामार युद्ध, गुरिल्ला युद्ध जस्ता तमाम अशान्तिमय काम हुन थाले जसले गर्दा सविनय जहाँ थियो त्यहीँ अल्झ्यो बरखी फुकाउन जान पनि पाएन । परीक्षाका परिणामहरु आई सकेका थिए । उसले सवितालाई घर जान चिट्ठी लेखिसकेको थियो र आफू चाँडै नै समय निकालेर आउने भनी सकेको थियो । सविताको फेरी चिट्ठी आयो । सविनयको आमा अब बुढी भैसक्नु भएको छ, बुहारी नभैकन घर नचल्ने भयो । त्यसैले पाल्पामा सुनील शर्मासँग चिट्ठी पत्र र पुरोहितहरु मार्फत विवाह मड्सिरमा हुने निश्चित भैसकेको खबर पनि आयो । प्रतिउत्तरमा साथीहरुले सवितालाई काश्मीरबाट अग्रिम बधाईको तार पठाए । सविनयले आफ्नो सविलाई धेरै धेरै प्यार र स्नेह सहित पाल्पा लाग्ने आग्रह गरी पठायो तर सविताले दुवैजना सँगै स्वदेश फिर्ता हुने जिद्दी गरेर बनारसमै बसेर एक एक पल आफ्नो सविनयको आशामा प्रतिक्षामा बिताउँथिन् । जोगिनी होइन वैरागिनी भएकी थिइन् सविता ।

(५)

अक्टूबरको प्रथम सप्ताहसम्म युद्धविराम हुने भन्ने केही आशा बन्यो । यसै बीचमा दिन रातको थकाईले चूर भएको मस्त निद्रामा सुकेका रेडक्रसका कार्यकर्ताहरुलाई उग्रवादीहरुको एउटा संगठनले अपहरण गरेछ । अन्तर्राष्ट्रिय स्तरमा नै निन्दनीय यो खबर चारैतिर फैलियो । सरकारी र सामाजिक स्तरमा उग्रवादी संगठनको बहुतै निन्दा भयो र

बन्दीहरुलाई मुक्त गर्न अपील भयो, तर उग्रवादीहरुले कसैको अनुरोध मानेनन् । रेडक्रस जस्तो पवित्र कार्यको कार्यकर्ताहरुलाई बन्धक बनाएर आफ्नो कुरा मान्न सरकारलाई बाध्य गर्न खोज्दा सरकार किन मान्थ्यो, उसले सैनिक कारबाहीमा तीव्रता ल्याई दियो । उग्रवादीहरु लुकेर बसेको गुफामाथि सैनिक कारबाही हुँदा उग्रवादीहरु पहाडै पहाडमा कता हराए कता गए थाह भएन तर उनीहरुले बन्दीबनाएका मानिसहरु भने गुफामा पनि फेला परेनन् । दुइ दिनसम्म व्यापक खोजतलाशको क्रममामाथि चील उडेका ठाउँहरुमा हेर्दा रेडक्रसका तमाम कार्यकर्ताहरुको क्षत विक्षत लाश टाढा-टाढा घाटीहरुमा फेला पऱ्यो ।

जब यो खबर रेडियो र समाचार पत्रमा गयो र बनारसबाट गएको टोलीको कोही पनि जीवित छैन भन्ने निश्चित भैसकेको खबर जब बनारस पुग्यो तब त बादल होइन आकाशै खसे जस्तो भयो । पूरै बनारसमा कोलाहल, होहल्ला, विद्रोहका स्वर, नारा, जुलुस सबै शुरु भयो तर सविता ? सविता होशमा कहाँ थिइन् र विन्नू विन्नू भनेर दुई पटक मात्र चिच्याईन त्यस पछि बेहोस् । अहिले अस्पतालमा उनी चार दिनको बेहोसीमा छिन् । प्रोफेसरहरुको दौडधूपले सविताको शरीरमा प्राण रहेको स्पष्ट बोध हुँदै गइ रहेको थियो । यस अवधिमा बादलबाट जे हुन सक्थ्यो हर सम्भव सेवा गऱ्यो । उसको प्रेम र सान्त्वनाका शब्दहरुले दुःखलाई पार गर्ने सविताको लागि पुल बन्दै गए ।

सविताको जीवन आकाशबाट खस्न लागेको शीतको थोपा जस्तो भएको थियो । वायुमण्डलले बादलको गर्भबाट पानीको थोपालाई तानेर तल पृथ्वीतिर हुत्याई दिएको थियो । त्यो थोपा फोहरमैलाको थुप्रो माथी खस्ने हो कि ? गुलाबको फूल माथि पर्ने हो कि ? अथवा महासमुद्रमा मुख खोलेर बसेको शीपमा झरेर मोती बन्ने हो कि ? थोपालाई के थाह ? विधिको विधान जहाँ पुऱ्याउँछ पुग्नै पर्छ । म थोपो हुन चाहन्न मलाई अस्तित्वको आवश्यकता छैन । फेरी बादल बनाई देउ मेरो अस्तित्व मेटाई देउ म तल जान चाहन्न, मलाई विलीन पारी देउ तर अदृश्य पथमा नपठाई देउ भनेर भगवानसँग जति प्रार्थना गरेपनि आफ्नो अस्तित्व समाप्त पार्न मानिस कतिको सक्षम छ र ? घर परिवार इष्टमित्र, समाज यि सबै मृत्युको मुखमा जानमा बाधक नै त हुन्छन् । सबै थोक आफूले चाहे जस्तो हुन्छ कहाँ ? अझ यी सबै तत्वहरु माथि अर्को तत्व हो समय, हृदयको ब्यथा रुपी घाउको सब भन्दा ठूलो मलम हो समय ।

वर्ष भरीको दिन र रातको सेरोफेरोले सविताको व्यथा वेदना केही अंशमा घटायो । भोजन वस्त्रको होस रहन थाल्यो । खाना पानी त परै रहोस आफ्नै कपाल नोच्दै, टाउको पटकिंदै,रुँदै कराउँदै पागलिनी झैं हिँड्ने, मौका छोपी आत्महत्याको लागि दौडने र परिवारका मानिसले पक्रेर ल्याउने, घरीघरी उनी मुर्छा पर्ने जस्तो स्थिति अब रहेको थिएन । सविनयको आमा यशोदादेवीले आफ्नो युवा छोराको मृत्युको दुःख बिर्सेर सवितालाई भाग्य र कर्मको मीमांसा गर्दै धेरै दिन देखि आफ्नो संरक्षणमा राखेकीले हालतमा केही

सुधार आउँदै गैरहेको थियो । उनी सविताको कर्तव्य बोधको प्रेरणा श्रोत बनेकीले सविता आफ्नो ज्ञान र शीप प्रति उन्मुख हुँदै गएकी थिइन्, सुकीसकेको विरुवामा नयाँ कोपिला आउन केही आशा देखिएको थियो ।

सविताको चिन्ताजनक अवस्थाको खबर पाएर यशोदादेवी दुइ महिना देखि तानसेनको आफ्नो घरमा थिइन् । अहिले पनि सविता सेतो लुगा लगाएकी भुइमा गुन्द्रीमा टाउको तल गरेर चिन्तित र शोक मुद्रामा बसेकी थिइन् । यशोदा देवी पनि हृदयमा दनदनी बली रहेको आफ्नो हृदयको ज्वालालाई माथिल्लो मनले शान्त पार्दै सवितालाई सान्त्वना र नयाँ जीवनको प्रेरणा दिँदै थिइन्, सविताको कुनै समयमा चित्त बुझेको जस्तो मुखमुद्रा देखिए पनि तत्काल महाशोकको कालो बादलले ढाकी दिन्थ्यो र उनी फेरी अशान्त देखिन थाल्थिन् यसै सन्दर्भमा तमाम प्रश्नहरु गर्थिन र यशोदादेवीले भरसक आफ्ना उत्तरबाट उनलाई शान्तपार्ने हरसंभव प्रयाश गर्दै जान्थिन ।

“अनि आमा । टाउको उठाएर एक पटक आँखा भरी आँसुले यशोदा देवीको मुखमा हेरेर प्रश्न गरिन् “भाग्य नै ठूलो हो र कर्म केही होइन भने त सबै अकर्मण्य हुनु पर्ने थियो अर्थात् श्रृष्टि नै ठप्प हुने थिएन र आमा ?”

“भाग्य र कर्म । छोरी मलाई जहाँसम्म लाग्दछ दुवैमा बहुतै सूक्ष्म अन्तर छ । एउटै अवस्थामा रहेका एक समान साधन अपनाएका दुई व्यक्ति मध्ये कहिले काहीँ एउटा व्यक्ति लक्ष्यमा पुग्न सफल भएको हुन्छ अर्को असफल भएको हुन्छ भने कहिले काहीँ बेग्ला बेग्लै बाटो र छुट्टा-छुट्टै साधन अपनाएका व्यक्तिहरु एक समान लक्ष्यमा पुग्न सफल भएका हुन्छन् । यो प्रमाणले भाग्यको ठूलो भूमिकाको समर्थन गर्दैन र छोरी ?”

“तर, आमा नदीमा भेल आउने सम्भावनाको कल्पना गरेर नदी तटमा बस्नेहरुले भेलदेखि बच्न पहिले नै नदीको पानीलाई अन्य क्षेत्रमा बाँड्ने, नहर बनाउने, घरमा माटो पाट्ने ऊचा पार्ने आदि कर्म गरिनु हुन्न त ?”

“बिल्कुल गर्नु पर्दछ । मैले भनेको यही हो सूक्ष्म अन्तर ।” यशोदादेवीले स्पष्ट पार्दै भनिन् “बाढी देखि बच्न पूर्व तयारी गर्नै पर्दछ यो हो मानिसको कर्म तर हर सम्भव तयारीका बावजूद पनि यदि भेलले रक्षा हुन सकेन भने त्यो हो भाग्य ।”

“यदि म र विन्नू दुवै आदर्शवादी नभएको भए मेरा विन्नू मानवताको नाममा किन आफ्नो आहुति दिन पुग्थे, मैले किन रोकिन, आदर्श मात्र बकवास हो भनेर किन भन्न सकिन” भन्दै सविता फेरी रुन लागिन् ।

"आदर्शमा जीवनलाई ढाल्ने र जीवनशैलीलाई आदर्शमय बनाउने साहस बहुतै कम मानिसमा हुन्छ । त्यस्ता शौर्यवानको जननी हुने अवसर कमैले पाउँछन्, आदर्शविहीन जीवन त पशुको जीवन हो, नानी ।"

"आदर्शको लागि मृत्यु नै वरण गर्न पुग्नु उचित हुन्छ त आमा ? पौडी खेल्न नै नजान्ने मानिस महासमुन्द्रमा हाम फाल्छ भने त्यसलाई दुसाहस अथवा आत्महत्या भन्दा बढी अरु के भन्न सकिन्छ ?"

"मृत्यु । तिमीले मृत्युलाई भयावह अथवा दुखद परिणति ठान्दछ्यौं । मृत्यु भयदायिनी होइन प्रिया हुन्छे, अशुभ होइन शुभ हुन्छे, अमंगलकारिणी होइन मंगलकारिणी हुन्छे, विछोडको सन्ध्या होइन मिलनकी उषा हुन्छे, विध्वंशको परिचारिका होइन, निर्माणको प्रक्रिया हुन्छे र अश्रुकी कृत्या होइन मुस्कराहटको देवी हुन्छे । जीवन हमेशा मृत्यु तर्फ नै अग्रसर भैरहने हुनाले मृत्युको अभ्यासको नामलाई जीवन भनिन्छ । आत्मा अमर हुन्छ त्यसको नाश हुँदैन । मृत्युपछि यसले अर्को शरीर छान्ने गर्दछ । दुसाहसको जहाँसम्म कुरा छ त्यो त गर्नै पर्दछ, कौलम्वसले दुसाहस गऱ्यो,वास्कोडिगामाले दुसाहस देखायो, गाँधी, हिटलर सबै दुसाहसी नै त हुन् । यसलाई आत्महत्या भन्न मिल्छ त ? दुसाहसमा कि त सफलता कि त मृत्यु दुई मध्ये एक थोक त अवश्य हुन्छ र यी दुवै थोक फलदायी कल्याणकारी नै त छन् ।"

"मानिसको जाति के त्यस्तो वीतरागी हुन सक्दछ त ?"

"हुन नसके र त हो यो समाजमा दुखै दुःख देखिएको छ, दुःख त एउटा अनुभूति मात्र हो । जुन कुरा हिजो हामीसँग थिएन र आज पाइयो भने यो निश्चित छ कि भोली त्यो पदार्थ त्यो वस्तुले हामीलाई छोडेर जानेछ यदि त्यो वस्तुले हामीलाई छोड्न सकेन भने बाध्य भएर हामीले त्यसलाई छोडी दिनु पर्नेछ चाहे आत्मतृप्ति भएर उपेक्षाको भाव जागेपछि छुटोस् वा अन्य कारणले होस,तर छुट्नु त छ । कुनै हालतले पनि त्यो पदार्थ र यो शरीरको सम्पर्क छुटेन भने मृत्युले सम्पर्क छोड्ाईदीइ हाल्छ । किन थाह छ, छोरी ?

सविताले अहँ थाह छैनको भावमा मुन्टो हल्लाइन ।

"पृथ्वी मात्र होइन, यशोदा देवीले कुरा अगाडी बढाईन "सम्पूर्ण ब्रम्हाण्डमा ईश्वरीय सत्ता बाहेक अन्य कुनै पनि चीज वस्तुको स्वरुप चिरस्थायी रहनै सक्दैन । परिवर्तन अवश्यम्भावी छ । आजको अवस्थामा भोली परिवर्तन निश्चित छ । यसको अपवाद नदी, पहाड, समुद्र, सूर्य, चन्द्र, तारा केही पनि र कहीँ छदैछैन । प्रकृतिको अटल नियम यही हो यसलाई हृदयंगम गर्न सकिन्छ भने दुःखको ज्वार देखि मानिस बच्न सक्दछ ।"

"तब, जब भाग्य र श्रृष्टिको नियम अनुसार परिवर्तन अवश्यभावी छ भने कर्तव्य र अकर्तव्यको त प्रश्नै आएन, होइन आमा ?"

"होइन, त्यसो होइन, श्रीमदभगवद्गीतामा श्रीकृष्णले आफूलाई जगतको कर्ताधर्ता सबै भनेका छन् तर कर्तव्य मानिसले गर्नै पर्दछ, कर्तव्य गर्नु पनि मानिसको प्रकृति हो, त्यसैले कृष्णले मैले पनि कर्तव्य कर्म गर्नै पर्दछ भनेका छन् । कर्तव्य सुव्यवस्थाको पूरक हो । अकर्तव्य कुव्यवस्थाको जनक । त्यसैले मानिसले बडो बुद्धिमानीका साथ कर्तव्यको चयन गर्नु पर्दछ । निष्क्रियता त श्रृष्टिको कुनै पदार्थ, यहाँ सम्म कि ढुंगामा पनि छैन ।"

"मृत्यु र परिवर्तन के प्रकृतिका शास्वत नियम हुन् त ?

"दुई होइन प्रकृतिका पांच वटा अटल नियम छन् । पहिलो नियम त परिवर्तन नै हो जसको फलस्वरुप जन्म पछि मृत्यु, मृत्यु पछि जन्म, सुख पछि दुःख, दुःख पछि सुख, यश पछि अपयश, अपयश पछि यश, धनाढ्यता पछि निर्धनता, निर्धनता पछि धनाढ्यता यस प्रकार वृत्ताकार घुम्दछन् जसरी दिन र रात घुमी रहेका छन् । दोश्रो नियम, आत्मा अजर अमर र अपरिवर्तनशील छ । तेस्रो नियम, उत्पत्ति, पालन र प्रलय जन्म, जीवन र मृत्यु संसारको सत्य नियम हो । चौथो हो कर्म अनुसारको फल, यथा विउ तथा विरुवा ।

"मानिसको कर्तव्य कस्तो हुनुपर्दछ ?" सोधिन् सविताले ।

"धर्ममा आधारित ।"

"धर्म के हो ?"

जो धारण गर्न योग्य छ त्यो धर्म हो ।"

"मृत्यु धारण गर्ने योग्य हुँदैन ?"

"मृत्युको धारण होइन वरण गरिन्छ ।"

"यसमा अन्तर के छ ?"

"धारण गर्ने कुरा विवेकमा आधारित छ तर वरण भन्ने कुरा धार्मिक आस्था र अध्यात्म प्रतिको समर्पणता हो ।"

"कर्तव्य र धर्ममा विरोध भयो भने कसको पक्ष लिने ?"

"यी दुवैमा विरोध छैन । दुवै एक सिक्का दुईपाटा हुन् ।"

"मन र विवेकमा विरोध भयो भने ?"

"विवेक को ।"

"किन ?"

"विवेक ज्ञानमा पुग्ने खुड्किलो हो तर मन तृष्णाको बाहक हो ।"

"ज्ञानको बाहक अर्थात विवेक, मनको बाहक अर्थात् तृष्णा भन्दा निर्वल किन हुन्छ ?"

"दिनको प्रकाश भन्दा रात्रिको अँधकार गाढा नै त हुन्छ ?"

"यसको कारण के होला ?"

"मन र तृष्णाले भौतिक आशक्ति बोकेकोले भारी हुन्छ, भने ज्ञानले सूक्ष्म तत्वलाई बोक्ने हुनाले हल्का हुन्छ । गरुङ्गो वस्तुले हल्का वस्तुलाई थीचेर तल दबाई दिन्छ तर, तल दबेको हल्कापनमा उर्जा छ भने कुनै न कुनै रुपमा बाहिर न आई छोड्दैन ।"

"ख्वै मैले त केही बुझ्न सकी रहेकी छैन आमा ?" सविताले दुवैहातले टाउको थिच्दै भनिन् ।

"कुनै बाटो न देखिने भएपछि महपुरुषहरुको भनाईलाई आधार बनाउनु पर्दछ नानी । त्यसबाट जीवन पुनः परिचालित हुन्छ, सही दिशाबोध पनि हुन्छ ।" यशोदादेवीले सान्त्वना दिँदै भनिन् ।

"वर्तमान समयमा मैले के गर्नु पर्ने हुन आउँछ ।"

"धैर्य धारण गर्नु नै पहिलो चरणको काम हो ।" तुलसीदासले रामायणमा लेख्नु भएको छ कि धैर्य, धर्म, मित्र र पत्नीको परीक्षा संकटकालमा हुन्छ । तसर्थ भाग्यको देन ईश्वरको इच्छा र श्रृष्टिको अटल नियम मानेर पहिले धैर्य धारण गर अनि विवेकलाई प्रज्ज्वलित गरेर आफ्नो सौर्य र शीपलाई दुखीजनको सेवामा समर्पित गरी देउ यसबाट हाम्रो विन्नूको आत्मालाई महान सन्तुष्टि प्राप्त हुनेछ, उसको आत्मालाई दुखी पुऱ्याएर के हामीले त्यसको आत्मा संग अन्याय गरिरहेका छैनौं ? यस पटक यशोदा देवीको प्रश्न भयो ?"

सविता दुःख र आश्चर्य मिश्रित भावले यशोदा देवीको मुखमा हेर्न लागिन् । एउटा नयाँ प्रकाश आँखाको सामुन्ने आलोकित हुन थाल्यो । विन्नूको इच्छा ? हो त, कति

आशावान थिए म देखि, यस्तो अस्पताल खोल्ने, यस्तो व्यवस्था मिलाउने, रोग उन्मूलन गर्ने, टाढा टाढा गाउँहरुमा गएर क्याम्प खडा गर्ने,जनताको सेवा गर्ने । कति हो कति कल्पना । सविताको सामुन्ने सविनयको अनुहार झल्लली आयो आँखाको सामुन्ने नाचेको अनुहारले मुटुलाई छियाछिया पार्न थाल्यो, आँखा आँशुले भरिए तर तत्काल धैर्यले साथ दियो एउटा नयाँ जोश, नयाँ भावना, आफ्नो लागि नभएपनि आफ्नो विन्नूको लागि बांच्न नयाँ उत्साह र आत्मविश्वास झल्कियो मुखमा । मुखमुद्रा कठोर हुँदै गयो, हातका मुट्ठी मिचिए, ठूल ठूला आँखा फैलिँदै गए, ओंठ फरफराए तिम्रो इच्छा तिम्रो संकल्प म पूरा गर्नेछु विन्नू । तिम्रो आत्मालाई आजीवन दुखी हुन दिने छैन । सेवा, सेवा मात्र मेरो जीवनको ब्रत भयो मलाई शक्ति दिनु मेरो प्रियतम शक्ति ..... ।

(६)

सविताको जीवन क्रम व्यवस्थित हुँदै गएको थियो । अब उनी डाक्टर थिइन उनको क्लीनिक उनका रोगी नै उनका जीवनका केन्द्र बिन्दु थिए । पाल्पा मात्र होइन छर छिमेकी कैयौं जिल्लामा उनको सहृदयताको जति चर्चा थियो त्यति नै उनको योग्यताको पनि चर्चा थियो । रोगीलांई छोई दिएपछि रोगी ठीक हुन्छ भन्ने आम चर्चा शुरु भएको थियो । त्यसैले रोगीको भीड तानसेनमा बढ्यो । बीसौ शताब्दीको मध्यमा नेपालमा डाक्टरको संख्या औंलामा गनिन सकिन्थ्यो भने महिला डाक्टर ? नेपालको ग्रामीण अंचलको लागि एउटा कौतूहलको विषय थियो । अझै तिनको योग्यताले शहरी रोगीहरुलाई पनि आकर्षित गर्दै गयो । तिनको नाम चौतर्फी विख्यात हुँदै गयो ।

उनको कान्छा बाबुको कुनै सन्तान थिएनन् तर काठमाण्डौंको स्टील फैक्ट्रीबाट उनले निकै धन कमाई सकेका थिए । अहिले उनले साबुन फैक्ट्री पनि खोलेका थिए जसबाट दिन दोब्बर रात चौब्बर भने झै तिनको आमदानी भैरहेको थियो । तर, सन्तानहीन भएको कारणबाट आफ्नो दाईको एउटा छोरा अनूपलाई आफ्नो धर्मपुत्र बनाइएका थिए र स्टील फैक्ट्री सविताको नाममा गरि दिएका थिए । दिदी भाई कान्छा बुवाको सम्पत्तिको हिस्सेदार बन्न पुगेका थिए । यसबाट सविताको कार्यक्षेत्रमा ठूलो सघाउ पुग्यो । स्टील फैक्ट्रीको नाफाले तिनले पाल्पामा एउटा राम्रो अस्पताल बनाइन् ।

यसै अवस्थामा तिनको भेट भयो डाक्टर राहुलसँग । डाक्टर राहुल, पाल्पा कै एउटा गाउँका साहू हरिशंकरका छोरा । बालककाल देखि पटनामा बसेर पढेको, साह्रै होनहार र तेज । बुद्धिको कुशाग्रताबाट भविष्य राम्रो हुने आशामा हरि शंकरले राहुललाई विदेश पठाई डाक्टरी पढाए । राहुलको पढाईमा हरि शंकरको श्रीसम्पत्ति स्वाहा भयो । तर राहुल विदेशबाट फर्केपछि त अर्कैराहुल भएर आएछ । चटपटे राहुल त अब धीर गम्भीर हरसमय गुमसुम रहने, जहाँ जे भेटायो खायो, जस्तो लुगा मिल्यो लगायो । न आफू प्रति कुनै मोह न समाजमा कुनै रुचि । हमेशा हास्ने ठठ्यौली गर्दै हिँड्ने राहुल पांच वर्षमा

कस्तो राहुल हुन गयो ? सरकारी योजनामा विदेश गएको कारणबाट उसले बाध्यतावश सरकारको सेवामा बस्नु पर्ने भयो र वीर अस्पतालमा मेडिकल अधिकृतमा पोस्टिङ्ग भएको थियो । ऊ आफ्नो डियुटीमा त बहुतै चुस्त थियो तर जीवन प्रति किंचित मोह थिएन । यसको कारणको खोजी नीति त बहुत भयो तर केही पत्ता लागेन । आखिरमा कुनैविदेशी केटीको चक्करमा परेर प्रेम प्रसंगमा धोका खाएको ठहराइयो । फलामले फलामलाई काट्छ भन्ने उक्ति अनुसार उसको विवाह गरिदिने निधो भयो तर विवाहको कुरा सुन्ना साथ बम पड्के झै पड्क्यो राहुल ।

"विवाह ? कसको विवाह ? किन विवाह ?"

"तिम्रो विवाहको प्रस्ताव आएछ बाबु ।" हरि शंकरले नम्रतासँग भने ।

"म गर्दिन बिहे सिहे ।" भन्दै फतफलताउँदै ऊ डेराबाट बाहिर निस्कन थाल्यो ।

"सुन त राहुल, सुन त" भन्दै आमा शशिकला बाहिरसम्म पछि लागिन ।

ऊ भाग्ने थियो होला बेपत्तासँग तर हठात् रोकियो डेराको ढोकामा त्यसको डेरामा प्रवेश गर्न लागेकी एउटा २५ वर्षीय तरुणीले त्यसको खुट्टालाई बाँधी दिए जस्तो भयो ।

"यहाँ डाक्टर राहुल बस्नु हुन्छ ?" तरुणीले सोधिन् ।

"राहुलले तल देखि माथिसम्म हेऱ्यो । भरपुर दृष्टि दियो । यस्तो सुन्दरी नवयोवना ? काठमाण्डुमा देखिएको थिएन ? अचानक उठेका विचारलाई एकै झट्कामा बाहिर फाल्यो, "हँ, मलाई के मतलब सुन्दरताको ?" तत्क्षण उसले सामान्य हुँदै भन्यो "म नै हूँ राहुल । केही सेवा ?"

यसबीचमा आमा पनि राहुलको पछाडी आएर उभिइ सकेकी थिइन् ।

"मेरो नाम डाक्टर सविता । तपाईंसँग केही जरुरी कुरा गर्नुछ ।" सविताले भनिन् ।

"आउनुस् भित्र आउनुस् । तपाईंको नाम खुबै सुनिएको छ आज बडो भाग्यले दर्शन भयो ।" भन्दै राहुलले सवितालाई बैठकमा लग्यो । त्यहाँ बुढा हरि शंकर पनि थिए । राहुलले आफ्नो आमा बाबुको परिचय गरायो । सविताले पनि आफ्नो पूरा परिचय दिइन् ।

"हामी एकै गाउँ ठाउँका भएर पनि यस्तो टाढा, हेर त ?" हरि शंकरले आत्मीयता देखाउँदै भने ।

"यस्तै त हो बुवा", सविताले भनिन् "पहाडमा हामीहरु १२ कोशको दूरीमा छौं यहाँ त कहिले काहीँ कान्छा बुवासँग आउने गरेकी छु । त्यसैले भेटघाट र परिचय सम्भव हुन सकेको थिएन । आज संयोगले भेट भयो ।

"हो नानी संयोग नै भन्नु पर्दछ । छोरा यहाँ काठमाण्डु बस्न थाल्यो हामी दुई बुढा बुढी गाउँमा न बसौं नहुने । यहाँ बसेर पनि के कामले बस्ने ? छोरालाई भेट्न हामी आई पुगेको । यहाँबाट फर्कन त अब पासो लगाएर झुण्डिने सरह हुने भयो ।"

सविताले कुरा नै बुझ्न सकिनन्, राहुल पनि अवाक भयो ।

"के पर्न गयो आमा, यस्तो अप्ठ्यारो के छ ?" सोधिन् सविताले ।

"के बताऊँ छोरी ? लाज मर्नु पर्ने भयो ।" यस पटक हरि शंकरले जवाफ दिए र राहुलको मुखमा हेर्दै भने "हामीले राहुललाई आफ्नै रगत मासुको अंग मानेथ्यौं र उसको हित र हाम्रो पनि स्वार्थ नै भनौं पोखराबाट बिहे निश्चित गरीदिएका थियां । छोरा हाम्रै हो विवाह गर्न इनकार गरी देला भन्ने त कल्पना पनि थिएन, हे भगवान भन्दै हरि शंकरले निश्वास छोडे ।

राहुल ठूलो धर्म संकटमा पर्‍यो । आमाबुवालाई यो कुरा नगर्नुस भन्छ भने सविताको सामुन्ने असभ्य हुने भयो, उठेर हिँडन पनि मिलेन । त्यसो हुनाले आमा बुवाको कुरा टुंग्याउनलाई नम्रताको बाटो अपनाउँदै भन्यो "समय आउन दिनुस न बुवा । अहिले हतार न गरौं, विवाह भन्ने कुरा बेला आएपछि भै हाल्छ नि । अनि सविताजी" । सविता तर्फ उन्मुख हुँदै भन्यो "के सेवा छ मेरो लागि ?"

"म एउटा सहयोग लिन आएकी छु । मेरा कान्छा बुवा यस टोलमा हुनु हुन्छ । वहाँ हृदयरोगी हुनुहुन्छ एक पटक झट्का खाई सक्नु भएको छ र अस्पतालमा तत्क्षण उपचार पाएर जीवनलाभ पनि भैसकेको छ ।" सविताले आफ्नो आशय व्यक्त गर्दै गईन् "वहाँको अवस्था राम्रो भए पनि संतोषजनक छैन मैले वहाँलाई पाल्पा नै लैजाने विचार गरेकी हुं तर लगभग एक महिना वहाँ पहाड जाने अवस्थामा हुनु हुन्न । म एक महिना नै यहाँ बसी दिउँ भने मेरो अस्पतालका रोगीहरुलाई कष्ट हुन्छ त्यसो हुनाले छरछिमेकी डाक्टर को-को हुनुहुन्छ भनि पत्ता लगाउँदा तपाईंको बारेमा थाह पाएँ । कान्छा बुवालाई मैले पहाड लग्न नसकेसम्म साँझ बिहान तपाईंले हेरविचार पुर्‍याई दिनु हुन्छ कि भनेर सहयोग माग्न आएकी ।"

"मेरो लागि बडो सौभाग्यको कुरा हुनेछ । यो सेवाको अवसर दिनुभयो । बडा आभारी छु ।" राहुलले कृतज्ञता व्यक्त गर्‍यो ।

राहुलको बोलीचाली र शिष्टाचारबाट सविता बहुत प्रभावित भइन् । त्यसपछि दुवैका बीचमा व्यवसायगत समस्याहरुमा तमाम चर्चाभयो र घुम्दा घुम्दै कुरा फेरी राहुलको विवाहमा आएर अड्कियो । परिवारको कुरा चल्दा चल्दै बुढाले फेरी आफ्नो व्यथा पोखे "हेर न छोरी, गाउँमा धन सम्पत्तिको नाममा केही जग्गा मात्र छ । काम गर्ने मानिस पनि कमै पाइन्छन् एक गाग्रो पानी लिन जाने कोही छैन, बुढेसकालको आशा दुई भाई छोरामा निर्भर छ । कान्छो त अहिले पढ्दै छ । अब यस्तोमा हाम्रो लट्ठी को भई दिने हो ? जेठो छोराको कर्तव्य के हुन आउँछ ? अझ हामीले त जनै सुपारी पनि ली सक्यौं । त्यति ठूलो विश्वास गरेम्, अब कुन मुखले मेरो छोराले विहे गर्दैन भन्न जाऊं । केटीपनि पढे लेखेकी असल सुन्दरी छे । के खोट देखाऊँ ? यत्तिकै फर्कनु भन्दा त मर्नु नै वेश होला ।" बुढाको अनुहारमा वेदना झल्क्यो ।

यति बेरसम्मको कुराकानीले सविता पनि त्यो परिवारमा खुल्दै गएकी थिइन् तर पनि यसै गर्नुस भन्न सकिनन् । संकोचै संकोचमा भनिन् "अप्ठ्यारो न भए देखि त बुवा आमाको प्रस्ताव मान्न उचित नै होला ।"

"बुवा आमाले जे भने पनि मान्नु उचित हुन्छ त सविताजी ?"

"आफ्नो आफ्नो विचारमा यो कुरा निर्भरछ ।"

"तपाईंको व्यक्तिगत विचारमा कस्तो होला ?"

"मेरो विचार । साँचै भनु । मेरो व्यक्तिगत विचारमा आमा बुवाले सन्तानको अहित कहिले पनि चाहँदैनन् । त्यसैले पितृआज्ञा शिरोधार्य गर्नु विवेकपूर्ण हुन्छ ।"

"तर मेरो आफ्नो विवशता पनि त छ ।"

"त्यो विवशता आमा बुवालाई बताउन सकिन्छ । वहाँहरुलाई आफ्नो समस्याको सहभागी बनाउन सकिन्छ ।"

"तर अति व्यक्तिगत समस्या । मनको कुरा ?"

"आमा बावुको सामुन्ने सन्तानले व्यक्तिगत कुरा र निजी मन यी सबै खोल्न सकिन्छ जति लुकायो त्यति नै ठूलो समस्या पर्न सक्दछ ।"

सुझाव त सविताले दिइन् तर उनलाई पनि यस्तो लाग्यो कि राहुल कहीं कतै कुनै चक्करमा जरुर छ । बुढा बुढीले पनि मनमनै त्यही ठहराए । राहुलले जनै सुपारी भएको ठाउँमा होइन कि फलानो ठाउँमा कुरा गर्नुस भन्नेवाला छ भन्ठानेर बुढाले राहुलको

मुखमा हेर्न थाले तर त्यहाँ त्यस्तो कुनै भाव थिएन । राहुलको विचारमा भूकम्प आईरहेको थियो ।

"मेरो एउटा शर्त छ ।" सकिनसकी बोल्यो राहुल । बुढाले केही बोलेनन् छोराको मुखमा हेर्दै रहे ।

विवाहको कुरा कहीँ कतै थाह हुनु हुँदैन । हामी सबै पोखरा जाऊँ त्यहाँ एउटा घर भाडामा लिऊँ र त्यहींबाट विवाह गरेर केही दिन त्यही बसौं । एकछिन रोकिएर फेरी भन्न थाल्यो त्यसपछि बरु बुहारीलाई पहाड लैजानु होला, इष्टमित्र, नाता कुटुम्बलाई भोज भत्यार गर्दै जानु होला ।"

हरि शंकर त तीन छक्क परे । "यो पनि कुनै प्रस्ताव हो , यसको तात्पर्य ?"

"यसको तात्पर्य जो छ, छ, । यो कुरा यही छोडी दिउँ । ल कहिले घर जाने ?"

अर्काको कुरामा हस्तक्षेप गर्न सवितालाई उचित लागेन । उनको काम सकिएको थियो निरर्थक बसेर अर्काको पारिवारिक जीवनमा दखल दिन बेमुनासिब ठानी उनी जान भनेर उठिन् र हात जोड्दै भनिन् "तपाई रहेबसेसम्म यहाँ हेरि दिने गर्नु होला । कतै बाहिर जानु भयो भने कुनै इष्ट मित्र साथीलाई सहयोगी बनाएर जानुपर्ला ।"

"म जबसम्म छु तपाईं ढुक्क हुनुहोस् तर इष्टमित्र साथीको नाममा मेरो कोही छैन म नितान्त एक्लो छु । मेरो छिमेकमा एकजना अर्का डाक्टर पनि छन् । मेरो अनुपस्थितिमा वहाँले हेरि दिन भनि तपाईंले नै अनुरोध गर्नु पर्ला ।"

सवितालाई आश्चर्य लाग्यो, कस्तो डाक्टर होला । कोही साथी इष्ट मित्र छैनन् ।" उनले धन्यवाद भन्दै आमा बाबुलाई नमस्कार गर्दै उठिन् ।

(७)

जोमसोममा एउटा साधारण टेन्ट खडा गरेर आफ्नो दलबलबका साथ सविता भुइचालो ग्रस्त क्षेत्रमा सेवामा लागेकी थिइन् । स्थानीय प्रशासनले अन्य स्वास्थ्यकर्मीहरुको साथमा तिनको सेवालाई पनि जनस्तरमा समाविष्ट गरेको थियो । भुकम्पको प्रभावले नष्ट भ्रष्ट भएका घरहरुको मरमत कार्य चलीरहेको थियो घरभित्र पुरिएका मानिसहरुको जिउँदो र मृत शरीर बाहिर निकाल्दै थिए । चारै तिर विनाश र तबाहीको दृष्य थियो । अहिले रातको एक बजी सकेको थियो तर भरखरै माटोमा पुरिएका दुइ जना अर्धजीवितहरुलाई सैनिकहरुले तिनको टेन्टमा पठाई दिएका थिए तिनीहरुको अवस्था साह्रै चिन्ताजनक थियो तर सविता बडो धैर्यका साथ आफ्नो काममा जुटेकी थिइन अरु डाक्टरहरु पनि आ-आफ्नो

टेन्टमा व्यस्त थिए सामाजिक कार्यकर्ता र नेताहरु पनि युद्धस्तरमा बचाउ र राहतको काममा संलग्न थिए ।

सविताले बलेको दियो उठाइन् । एउटा रोगीको मुखमा हेरिन् । होसमा आउन लागेको देखियो । उनको मुखमण्डलमा एउटा सानो मुस्कान देखा पऱ्यो सन्तोषको । रोगीको मुखमा पानी राखी दिन चम्मच उठाएकी मात्र के थिइन् अचानक आज फेरी भुइचालो आएछ । गोडा पृथ्वीमा अडिन नसकिने भए । चारैतिर हो-हल्ला, भागदौड भयो घर कटेराहरु धाराशायी हुन लागे । को कहाँ छ, त्यसको अत्तोपत्तो भएन । रातीको समय वर्षाको महिना । सविताले सुती रहेकी दुइजना नर्सहरुलाई उठाइन् र रोगीहरुलाई बाहिर निकालिन् । आफू भित्र र बाहिर दौडन थालिन् । के हो कसो हो यसो गर्ने त्यसो गर्ने भनेर कसले भनोस । टेन्ट देखि बाहिर रहेको ठूलो ढुङ्गामा चढ्न पुगिन् । अचानक एउटा यस्तो झट्का लाग्यो कि ढुंगा पल्टेर खोलातिर लाग्यो र सविता पनि भाग्यवश पछारिदै खोलातर्फ सलसली बग्न लागिन् । अन्तमा टाउकोको बल खसेकीले चिनगारी फुटे झै भयो । त्यसपछि त होशै रहेन, कसले कति होस राख्ने ।

सवितालाई होस आयो काठमाण्डु हस्पिटलमा । पहिले त आफू जीवित नैनरहेको जस्तो लाग्योपछि बिस्तारै बिस्तारै डाक्टरहरुको कानाखुशी र अस्पतालको वातावरणले उनी अस्पतालमा छिन् भन्ने कुरा विश्वास भयो । कुन-कुन अंगमा के-कस्तो चोट पटक छ थाह हुन सकेन । पूरा शरीर टुटफुट भैसके जस्तो दुखेको थियो । आँखा उघार्न पनि साहस हुन सकेन । त्यसै बेला डाक्टर राहुलको आवाज सुनियो “सविताजी आँखा खोल्नुस ।”

सविताले आँखा खोल्ने बल गरिन् तर शरीरको पीडाले गर्दा सकिनन् र बिस्तारै एउटा हात टाउको तिर लगिन् टाउकोमा पुरै पट्टी बाँधिएको रहेछ । डाक्टरले उनको हात बिस्तारै समातेर तल झारी दियो र फेरी आँखा खोल्न भने । सविताले फेरी प्रयाश गरिन् आँखा खुल्यो । उनले हेर्ने कोशिश गरिन् पलक झपाझप तल माथि पारिन् तर यो के ? केही देखिएन प्रकाशको क्षीण रेखा पनि त देखिएन । स्थिति बुझ्न उनलाई गाह्रो भएन । टाउकोको चोटले आँखाको ज्योति लगीदिएको रहेछ । अरुलाई ज्योति दिनेको आफ्नै आँखा ज्योतिहीन हुन पुगेछ । रोइन् उनी आफ्नो विशता र दुर्दशनमाथि धुरुधुरु रोइन र “अब यो प्राण किन बाँकी रह्यो “डाक्टर, किन मलाई बचाउनु भयो” भनेर चिच्याइन बडो जोडका साथ । चिच्याहट सुनेर अरु डाक्टरहरु पनि दौडेर आए तर तिनी बेहोस भैसकेकी रहीछन् । डाक्टरहरुको उपचारले फेरी तिनलाई होशमा ल्यायो । होशमा आएपछि फेरी धुरुधुरु रुन लागिन् ।

“सविताजी, धैर्य धारण गर्नुस् टाउकोको चोट छ विस्तारै ठीक भएपछि जाँच गर्नु पर्ला, अहिले तत्काल आफूलाई संयत त पार्नुस् । प्लीज हेल्प हरसेल्फ ।” राहुलले सान्त्वना दिन थाल्यो । अरु डाक्टरहरु पनि सान्त्वना दिन थाले । “हामीहरु छौं त सविताजी ।” फेरी

तपाईं स्वयम् डाक्टर हुनु हुन्छ, डाक्टरले जति हेरचाहपुऱ्याए पनि रोगीले पनि आफ्नो शरीरसँग सहयोग गरेन भने कसरी काम चल्छ ?।"

डाक्टरको आश्वासनले केही काम गऱ्यो । रुवाई अलिकति घटेको देखियो तर डाक्टरहरुले रोगीको शारीरिक र मानसिक अवस्थालाई हेरेर होशमा राखी राख्न उचित ठानेनन् । नर्सलाई केही इशारा गरे, नर्स आइन् डाक्टरले एउटा स्लीपमा कुनै औषधिको नाम लेखेर दिए । भित्र गएकी नर्स एक छिनपछि एउटा औषधि र सिरिन्ज लिएर आइन् । ल्याएको औषधी सिरिन्जमा भरिन् र सविताको पाखुरामा लगाइ दिइन् । सविताले भो-भो केही नगर्नुस् भन्दा भन्दै बेहोस भइन्

(८)

"स्वास्नीले छोडेर गई ।"

"छोडेर गई ," सविताले बडो आश्चर्य मानेर प्रश्न गरिन् ।

हँ । छोडी त नि । हुनुपर्ने त्यही थियो, त्यही भयो ।"

राहुलले सहजै उत्तर दिएको थियो अथवा ठठ्ठा गऱ्यो ? ज्योतिहीन आँखाबाट सविताले राहुलको मुखको भाव बुझ्न नसकेर केही भन्न सकिनन् । आज बाह्रौ दिन सविता अस्पतालको बेडमा बसेकी थिइन् । राहुल त्यहीँ बसीरहेको थियो सविताको अवस्था अब खतरादेखि बाहिर थियो । घरबाट आमाबाबु भाई इत्यादि तमाम कुटुम्बहरु जम्मा थिए काठमाण्डुमा । सबैले हर तरहबाट सवितालाई सान्त्वना दिन्थे, प्यार गर्दथे सविता आज भोली सबैको लागि काखको बच्चा जस्तो भएकी थिइन् । डाक्टरहरुले बडो ध्यान राख्छन् ।

पटना र बनारससम्म आँखाको बारेमा लेखापढी भएको छ । ठूल ठूला डाक्टरहरु टाउकोको घाउ ठीक भएपछि हेर्ने भनेका छन् । राहुल जस्तो वैरागी डाक्टर जसको कुनै इष्ट मित्र साथी छैनन्, कसैसँग कुनै वास्ता नै राख्दैन, आफ्नो काम गरेर एकान्तमा गएर कसैसँग कुनै बोलचालीसम्म गर्न मन नपराउने डाक्टरले आफूलाई रोक्न सकेन ।सविताको विवाह हुन नपाउँदै वरको मृत्यु भयो । अहिले यस्तो दशा छ, भन्ने कुरा थाह पाएपछि मुटुको कुनै कुनामा अलिकति सहानुभूति जाग्यो । सहानुभूतिले दुवैलाई अलि अलि नजीक पाऱ्यो । राहुलले सविता प्रति हरसमय देखाएको तत्परताले उनलाई चाँडै ठीक हुने धेरै मद्दत पुगी रहेको थियो । आज सविता तकियाको अडेस लगाएर बेडमा बसी रहेकी थिइन् । राहुलले तिनको परीक्षण गर्दै थियो । त्यसै अवसरमा सविताले "तपाईंको श्रीमतीको हालचाल के छ "भनी सोध्दा राहुलले उसले मलाई छोडेर गई भनि जवाफ दिएको थियो ।

"तपाईं जस्ता घरानिया र डाक्टर पेशाका नवयुवकलाई छोडेर जाने । कस्ती केटी होली हँ ?" सविताले आश्चर्य मानेर पुनः सोधिन् ।

"युवतीलाई घरभन्दा बढी वरको आवश्यकता पर्दछ सविता जी ।"

"वर ! कस्तो वर तपाईं जस्तो सुदर्शन युवकलाई वरको रुपमा पाएपछि कुन केटीले उपेक्षागर्न सक्छे अझ यो भन्दा बढी कस्तो राम्रो वर खोजीकी हो ?"

"म वर भए पनि अपूरो छु । शरीर भए पनि आत्माविहिन छु कि आत्मा मात्रै छ शरीरविहीन छु मैले नै केही बुझ्न सकिरहेको छैन ।"

"तपाईं त बडो रहस्यमय हुनु हुँदो रहेछ, राहुलजी । भन्दै सविताको ओंठमा अलि कति मुस्कान देखा पऱ्यो । साँच्चै भन्नुहोस् न ? साथी भाई सम्झेर कमसेकम वास्तविक कुरा बताउनुस् न ।" सविताले पुनः आग्रह गरिन् ।

"साँच्चै हो सविताजी । बाबु आमाले मलाई लिएर जानु भयो र मेरै शर्त अनुसार कसैलाई केही भनिएन । पोखरामा एउटा घर भाडामा लिएर हामी बस्यौं, त्यसपछि मैले केटीसँग भेटघाटको आग्रह गरें । भेटघाट गराइयो । मैले केटीसँग म सँग विवाह नगर, मबाट तिमीले केही पाउने होइन भनें । उसले मेरो भनाईको के अर्थ लगाई थाह छैन तर ऊ बोलदै बोलिन , उठेर आफ्नो कोठामा गई मैले उसको आमा बाबुलाई पनि म सँग विवाह नगरी दिनुस भनि अनुरोध गरें तर, उनीहरुले पनि नमानुलम के सोंचे, अलिक दिन पछि सब ठीक भैहाल्छ मात्र भने । मैले पछुताउनु नपरोस, मेरो दोष नआओस भनेर पटक-पटक भनें तर कसैले वास्ता गरि दिएनन् । विदेशमा कतै प्रेम प्रसंग होला र अहिले तातो प्रेममा भन्यो होला भन्ने ठानेर नै होला पछि सब ठीक भैहाल्छ भन्दै गए ।

मेरो पीडा बुझि दिने कोही थिएन । परिणाम मलाई थाह नै थियो । काठको पुतला झैं मेरो विवाह भयो । चार दिन पोखरामा नै बस्यौं । कथित पत्नीसँग पाँचौ दिन बडो स्पष्ट कुरा भयो । केही उसले बोली केही मैले भने, त्यो सब थोक भनें जुन कि मैले आफूलाई मात्र बताउन सक्दथें आफ्नो आत्माको पीडा विदेशको उठबस र इष्ट मित्रसँगको सम्बन्ध सबै बताई दिएँ । ऊ त भीरबाट लोटिएजस्ती भई खूब रोई, म पनि रोएँ दुवै रोयौं । तर, दुवैको सोंचाई अलग अलग थियो । मेरो दुःखबाट ऊ दुखित भई उसको दुःखबाट म दुखित थिएँ, अन्तमा हामीले आपसमा समझदारी कायम गर्न खोज्यौं । त्यो दुवैपट्टीको परिवारमा बताइयो र परिवारका मानिसले मेरो कुरा मान्थे होलान् तर ऊ नै मानिने । मैले तपाईंको प्रतिक्षा आजीवन गर्नेछु भन्दै रुँदै ऊ उठी र हामीले उनीहरुको माल वस्तु फिर्ता बुझाई दियौं । बुवा आमा टाउकोमा हात राखेर मलाई श्राप्दै घरतिर लाग्नु भयो म यता आएँ । म अव विवाहित छु तर मेरो श्रीमती छैन । ऊ विवाहिता छे तर उसको पति छैन । तपाईं भन्दा म नै झन् बढी अभागी रहेछु, होइन त सविता जी ?" राहुलले कुरा पूरा गर्दै भन्यो ।

सविताको मुख तुवालोले ढाके जस्तो भयो । आफ्नो वेदनामा झन् करुणा पनि थपियो । रुन मन लाग्यो तर, कति रुनु रुँदा-रुँदा आँखाका आँसू नै सुकी सकेका थिए । गहन करुणामय अवस्थामा तिनले फेरी सोधिन् "राहुलजी यो सम्बन्ध विच्छेदमा कारण के थियो र कारण को बन्यो ?

"कारण के थियो यो अहिले न सोध्नुस् सविताजी, तर विच्छेदको कारण म हूँ यति मात्र भन्छु । समय आएपछि कारण पनि थाह भैहाल्नेछ ।" भन्दै राहुल त्यहाँबाट उठ्यो, सम्भवतः बाथरुम तिर लाग्यो आफ्नो दुर्भाग्यमाथि दुई थोपा आँसु एकान्तमा चुहाउन । सविता पनि आफ्नो दुःख बिर्सेर राहुलको चिन्तन गर्दा गर्दै ओछ्यानमा ढलिन् ।

(९)

सविताको आँखाको उपचारमा ठूल-ठूला डाक्टरहरु लागे तर कसैको केही लागेन । अन्तमा समयको अन्तरालबाट बिस्तारै आफै पनि ठीक हुन सक्ने भनि बढी सम्भावना व्यक्तगरे । अन्यथा पछि अमेरिका तिर गएर उपचारको प्रयाश गर्नुपर्ने भनि सल्लाह दिए । यसरी सविता अब अन्धी भएर समयलाई पर्खेर बस्नु पर्ने भएकोले पाल्पाको आफ्नै हस्पीटलमा रोगी हेर्ने र बस्ने गर्थिन् एउटा परिचारिका साथमा बस्थी अब रोगीको जाँच गर्नमा उनलाई मद्दत दिन्थी र उनले बताएको औषधीलेखी दिन्थी, भने अनुसार उपचार पनि गरि दिन्थी । औषधालय चलेकै थियो राम्रै चल्थ्यो । अन्तर यति थियो कि उनी अब शिविर लगाएर टाढा-टाढाका गाउँका मानिसहरुलाई सेवा पुऱ्याउन सकेकी थिइनन् । एउटा उत्साहहीन जीवन बिताएर बसेकी थिइन् ।

त्यो दिन पनि उनी रोगी हेरेर व्यस्त भैरहेको समयमा सविनयकी आमा यशोदादेवी, साहू हरिशंकर र डाक्टर राहुलले क्लीनिकमा प्रवेश गरे । नर्सले उनीहरुको प्रश्नवाचक दृष्टिले मुख तिर हेरेर केही भन्न खोजेकी थिइन् तर राहुलले नै पहल गर्दै "सविताजी नमस्कार" भन्यो ।

सविताले राहुलको आवाज सुनेर आफ्नो कुर्सीबाट उठ्दै अतिथि सत्कारको रुपमा दुवै हात जोड्दै "नमस्कार, स्वागतम, स्वागतम् भन्दै आफ्नो कुर्सी उनी तर्फ सारी दिन लागेकी थिइन् कि राहुलले "बुवा पनि मसँग हुनु हुन्छ र आमा यशोदादेवी पनि ।" भनि सविताको ध्यान आकर्षित गऱ्यो ।

सविताको अनुहारमा झन व्यग्रता देखा पऱ्यो र "बुवा नमस्कार" भन्दै दुवै हात फैलाएर यशोदादेवीलाई छाम्ने प्रयत्न गर्न लागिन् । उनको दुर्दशादेखेर यशोदादेवीको आँखामा आँसु झिलमिलाए । उनी आफै अघि बढेर सवितालाई अंकमाल गरिन् । सविताले आफ्नो टाउको यशोदा देवीको काँधमा राखेर एक पल त मौन भइन् तर तत्काल कर्तव्य

बोध भयो र यशोदादेवीको चरणधूल लिन तल निहुरिन् । तर यशोदादेवीले उनलाई उठाएर अंकमाल गर्दै घरभित्र गइन् ।

हरि शंकर र राहुलको लागि त्यो घर नयाँ भए पनि यशोदा देवीको लागि चिरपरिचित आफ्नै गाउँकै घर भएकोले सरासर बैठक कोठामा गै सवितालाई आफैसँग टाँसिदै बसिन् । घरका परिवार सविताका आमा बुवा, भाईहरु सबै भेला भए । तिनैवटा परिवारले आफ्नो सुख दुःखको कुरा गरे, भोजन भयो र विश्राम पनि ।

राती खाना खानु भन्दा पहिले यशोदादेवीले सबैलाई बैठकमा बसेर केही जरुरी कुरा गरौं भनि आग्रह गरिन् र परिवारहरु सबै भेला भए । आफ्नो आमा बाबुबाट उछिट्टीएर अलग भएकी दुधे बालिकाले आफ्नो आमा बाबुलाई फेला पारेझै सविता अबोध बालिका झैं यशोदा देवीको काँधको अडेस लगाएर उनलाई दुवैहातले बाँधेजस्तो गरेर बसेकी थिइन् । नमालुम किन उनलाई यशोदा देवीको सानिध्यमा परम शान्ति र शक्ति मिल्थ्यो । सम्भवतः सविनयको आमा भएको हुनाले उनको शरीरसँग टाँसिदा केही मात्रामा सविनयको सानिध्य प्राप्त भए जस्तै लाग्थ्यो ।

परिवारका सदस्यहरु यशोदादेवीको मुख तिर हेरेर बसी रहेका थिए यशोदादेवीले पनि कहाँबाट कुरा शुरु गर्ने हो भनि कुराको छेउटुप्पो समात्ने प्रयाशमा लागेकी आखिरमा ब्यग्रताको समाप्ति गर्दै यशोदा देवीले सुनीललाई लक्षित गर्दै छोरीको भविष्यको बारेमा के विचार गर्नु भएको छ ?" भनि प्रश्न गरिन् ।

सुनीलराजले तत्काल त केही उत्तर दिन सकेनन् तर एक छिन पछि सोचविचार गर्दै हामी पनि साह्रै चिन्तित छौं भाउजु भन्दै छोरीलाई उपचारको लागि विदेशमा पठाउने तर्खरमा थियौं तर विधिको विधानको अगाडी केही चलेन आर्थिक स्थिति सबै चौपट भैसक्यो । अब समयलाई पर्खनु बाहेक अरु कुनै उपाय नै छैन ।" भन्दै टाउको निहुराएर बसे ।

"के भएर आर्थिक स्थिति चौपट भयो ?" सोधिन् यशोदा देवीले ।

"हामी पहिले पनि त्यति साह्रै धनाढ्य कहाँ थियौं र भाउजु ? बालबच्चाहरुको पढाई लेखाई, घर खर्च सब थोक त छँदै थियो त्यसमा पनि दैवी विपत्ति थपिदै गए । पैरो गएर खेत बारी नोकशान भयो । अब जीविका भरीलाई मात्र जग्गा बाँकी छ, छोरीको उपचारमा उस्तै खर्च, अझ छोरीको दवाखाना र फैक्ट्रीबाट ठूलो आशा थियो तर आशा सबै निराशामा परिणत भयो ।"

"दवाखाना र फैक्ट्री ठीक चलेका छैनन् कि, कसो ?"

"दवाखाना त देखि हाल्नु भयो, डाक्टर नै रोगी भएपछि कस्कोके लाग्छ, जेनतेन चलेकैछ । फैक्ट्री त ..... ।

"अँ, भन्नुस न, फैक्ट्री त खूब चलेको थियो नि ?"

"फैक्ट्री त" .....यस पटक सविताको आमाले केही भन्न चाहेकी थिइन् तर सुनील राजले बाहिरी मानिसहरुको सामुन्ने घरको सबै स्थिति भताभुंग पार्न मुनासिब नसम्झी बीचमा कुरा काट्दै भने "उद्योग व्यापार त भाउजु आफ्नो आँखाको सामुन्ने भएन भने डुब्न बेर लाग्दैन फैक्ट्री पनि त्यस्तै त हो नि ।"

"यस्को मतलब सविताको विदेश जाने काम स्थगित भयो ?"

"विदेश गएर पनि के गर्नु आमा ?" यसपाली सविता बोलिन् "आँखाको ज्योति फिर्ता हुने कुनै ग्यारेन्टी पनि त हुँदैन ।"

"ग्यारेन्टी किन हुँदैन सविताजी ," आज भोली विज्ञान कहाँ देखि कहाँ पुगी सकेको छ ?" फेरी तपाईंको त ज्योतिवाहिनी कुनै नसामा सानो अवरोध मात्र त भएको छ ।" राहुलले आश्वासन दियो ।

सविता चुप लागिन् । यशोदादेवी फेरी कुरा उठाउने सूत्रको खोजीमा लागिन् । हरिशंकरले यशोदादेवीको अप्ठ्यारोपन महसूस गरेर आफैले कुरा उठाउने प्रयत्न गर्दै भने "यिनी डाक्टर नानीको भविष्यलाई त जसरी भए पनि सुरक्षित पारी दिने प्रयत्न त हुनै पर्ने हो दाजु ।" हरिशंकर सुनीलराज तर्फ उन्मुख भए ।

"त्यो त ठीकै हो, लागे पुगेको गर्दैछौं पनि । तर भाग्यको सामुन्ने के लाग्छ र ।" सुनीलराजको स्वरमा निराशा थियो ।

"मेरो एउटा प्रस्ताव र सल्लाह मान्नु हुन्छ भने डाक्टर नानीको विवाह गरी दिनु पर्‍यो ।"

"विवाह ? सुनीलराज र सविता दुवैको मुखबाट एकचोटी आश्चर्यमिश्रित स्वर निस्क्यो ।

"हो ! विवाहबाट नै यो समस्याको समाधान हुन सक्दछ । कमसेकम आफ्नो उमेर अवस्थासम्म पतिको सहयोगप्राप्त हुनेछ बुढेसकालमा सन्तानले सेवा भनेर येनतेन गुजाराको व्यवस्था मिलाउने नै छन् । यो भन्दा राम्रो अरु कुनै उपाय छैन ।"

"तर, पहिलो कुरा विवाह भैसके पछि पतिको घरमा जीवन गुजारा हुने ग्यारेन्टी नै के छ र ? दोश्रो कुरा,सविताको सुखको आधार बनी दिन तयार नै को होला ?"

"गुजाराको जहाँसम्म प्रश्न छ, अब यशोदा देवीले कुरा अगाडी बढाउँदै भनिन् छोरी मान्छे आफ्नो जन्मेको घरको लागि हुँदै होइन । पितृघरमा खुबै चल्यो भने आमा बाबुको जीवनपर्यन्त त हो । त्यसपछि दाई भाई भाउजु इत्यादिसँग उपेक्षित भएर बस्नुपर्ने, भतीजाहरुको पालामा त झन के भन सकिन्छ र , त्यसैले नारी जाति जहिले पनि आफ्नो पति घरमानै शोभा पाउँछे र सुरक्षित पनि हुन्छे ।

अब यस्तो अवस्थामा सहारा को भैदिने भन्ने तिर 'जहाँ चाह त्यहाँ राह' भन्ने उखान पनि छ, भगवानले कुनै न कुनै बाटो निकाली दिन्छन् । यी डाक्टर राहुललाई हेर्नुस । मेरा टाढाकी दिदीका छोरा हुन्, भिनाजु पनि आउनु भएकै छ, वहाँहरुले तपाईंहरुको म माथि विश्वास छ र यी नानी सविताले मेरो कुरा काट्दैनिन् भन्ने कुरा थाह पाएर मलाई लिएर तपाईंहरुसँग प्रस्ताव राख्न आउनु भएको हो ।"

"म सँग राहुलजीको विवाह ? हे भवान , हुँदैन हुदैन, कदापि हुँदैन, म कसैसँग विवाह गर्दिन" भन्दै सविता दुवै हातले मुख छोपेर रुन लागिन् ।

वातावरण करुणाजनक भयो, यशोदा देवीले सवितालाई आफ्नो काखमा तानिन् र कपाल सुमसुम्याउँदै चुप लगाउने कोशिश गर्दै विवाह गर्ने अर्ती उपदेश दिन थालिन् । सविताका आमा बाबु आश्चर्यचकित थिए । एउटा डाक्टर जस्तो मानिसले अन्धी केटी किन मन परायो होला ?

सवितामाथि दया गरेर भावनावश विवाहको प्रस्ताव ल्याएको हो भने जीवनका वास्तविकतासँग सामना हुँदा यस्ता भावना एकै छिनमा बगेर जाने हुन् ? यस्तो बुहारीबाट हरिशंकरलाई पनि के लाभ होला र ? विवाहनै नगर्ने भन्ने छोराले विवाह गर्न भनेपछि जस्तो सुकै होस विवाह त होस पछि जे होला होला, सविताको आँखा ठीक पनि त हुन सक्दछ यसै विचारले आएका हुन् कि ? सुनीलराज चिन्तामग्न भएका थिए ।

उता यशोदा देवीले सवितालाई बडो अपनत्वपूर्वक कानेखुशी गरेझैं कुरा बुझाउने प्रयत्न गर्दै थिइन् तर सविताले आफ्नो हठ छोड्ने कुनै लक्षण देखा परेन। मलाई मारे मारी दिनुस्, काटी दिनुस, बरु म आत्महत्या गर्छु तर अन्य कुनै पुरुषको संसर्गमा जाने छैन भनि जिद्दी गर्न लागिन् । यशोदादेवीले राहुलले पनि अन्त बिहे नै नगर्ने आजीवन ब्रम्हचारी भएर बस्ने भन्छ ,कसैको घरजम हुन्छ, उसको उपकार हुन्छ भने तिमीले अर्काको सुखको लागि त्याग त गरी दिनै पर्छ । ठूल ठूला मानिसले परस्वार्थका लागि बलिदान दिएका छन् परसुख नै आफ्नो सुख हो । यसैमा शक्ति प्राप्त हुन्छ । म युवा पुत्रको मृत्युको दुःख

परस्वार्थमा लागेर बिर्सने कोशिश गरी रहेकी छु यसैबाट आत्मालाई सन्तोष प्राप्त भैरहेको छ । छोरी । कमसेकम मेरो अनुकरण त गर, भन्दै सम्झाउन बुझाउन लागिन् तर सविताले आफ्नो आत्मा लाई धोका दिएर यो प्रस्ताव स्वीकार गर्न सक्दिन भन्दै त्यहाँबाट उठ्ने उपक्रम गरिन् ।

प्रस्ताव अस्वीकृति भैसकेको र सविता त्यहाँबाट उठेर जान खोजेको देखेर राहुलले अन्तिम हतियार चलाउने प्रयाश गर्दै भन्यो "सविताजी अर्कालाई उपदेश दिनु जस्तो सजिलो काम विश्वमा कुनै पनि छैन भन्ने भनाई बिल्कुल ठीक रहेछ ।"

सविताले कुराको आशय बुझ्न भनेर राहुल पट्टी मुख गरेर के भन्न खोज्नु भएको हो भने जस्तै प्रश्नवाचक दृष्टिले हेरिन् ।

राहुलले भन्यो "आमा बुवाले सन्तानको अहित चिताउदै चिताउँदैन । तसर्थ उनको आज्ञा शिरोधार्य गर्नै पर्दछ भन्नु भएको थियो तपाईले नै, जुन बेला मैले आफ्नो आमा बाबुको सामुन्ने विवाह नगर्ने हठ गर्दै थिएँ । सम्झनुस त सविताजी जुन पोजीशनमा आज तपाईं हुनु हुन्छ त्यहीं पोजीशन मेरो थियो तर मैले तपाईंको उपदेशको पालन गरेको थिएँ र आज पनि तत्पर छु, यदि ममा कुनै दोष देखा पर्दछ भने इन्कार गरी दिनु वेशै होला अन्यथा आजीवन मैले तपाईंलाई हर सम्भव खुशी राख्ने प्रयत्न गर्नेछु यो मेरो वचन हो ।" ल अब म सुत्न जान्छु भोली प्रातःकाल हामी आफ्नो गाउँ तिर लाग्नेछौं । जे जस्तो जवाफ हुन्छ हामी गाउँमा प्रतीक्षा गर्ने छौं ।" यति भनेर राहुल उठ्यो र सुत्ने कोठामा गयो ।

सविता पनि स्तब्ध भइन् राहुलको स्पष्टकारिता देखि । सबै जना मुखामुख गर्न लागे यशोदादेवीले सविताको हात समात्दै छोरी सुत्न जाऊँ आमाछोरीले कुरा गरौंला भन्दै प्रेमपूर्वक सवितालाई सहारा दिएर भित्र लैजान तत्पर भइन् । अन्य सदस्यहरु आपसमा गफसफ र योजना बनाउँदै रहे । सविताकै मञ्जुरीनै सर्वोपरि हुने भन्ने निष्कर्षमा सबै जनापुगे ।

अध्याय ४

(१)

तिनै सविताको आज विवाह हुँदै थियो राहुलसँग । अप्रत्याशित संयोग । सविता र राहु । राहुले वर्षमा एक पटक सवितामाथि आक्रमण गर्दछ, आफ्नो घेरामा लिन्छ, सूर्य छटपटाउँछ तर उसले छोड्दैन, अनुनय विनय मान्दैन, विश्ववंदितालाई सताएर एकछिन संसारलाई अन्धकारमय बनाएर अन्तमा गै हाल्छ । सविताको होंठमा एकै छिनको लागि व्यंग्यात्मक मृदुल मुस्कान आयो । बाहिर, गाउँको कुनै खण्डमा, बाजागाजाको आवाज आई रहेको थियो, संभवतः जन्ती आई पुगेको थियो बाजाको आवाजले सविताको तन्द्रा भंग भयो । अतीतबाट उनी वर्तमानमा ओर्लिन । आफ्नो स्थिति र परिस्थितिमा जकडिएर रहेकी नारी कति अबला हुँदी रहीछन् सविताले आज राम्ररी बुझीन् । कहिले देविको रुपमा आशीर्वचन छर्कने कहिले दुर्गाको रुपमा खड्ग धारण गरी विकराल रुपमा आउने र कहिले गृहणी कहिले आमाको रुपमा देखापर्ने यो नारी जाति कहिले काँही कस्तो असहाय अवस्थामा पुग्दीरहीछन् ? यो कुरा त समयले देखाउँछ र जसलाई पर्छ उसले बुझ्छ ।

यशोदादेवी, एउटा महिमायी नारी अर्काको सुखमा आफ्नो सुखको खोजी गर्दै हिँड्ने । आज कति असहाय छिन् उनी पनि । आफ्नो आत्मालाई कुल्चेर आफ्नी अभागी पुत्रबधूलाई राहुलको अनुरोधमा राहुललाई सुम्पिदिने अठोट गरेकी छन् आफ्नो मुटु माथि ढुंगा राखेर सवितालाई कति ऊच नीच समझाई बुझाई गरेर बल्ल बल्ल विवाहको लागि तयार पार्न सफल भईकी थिइन् । सविता, कुन प्रभावले कुन जादूले विवाह सकार गर्न सकिन् ? उनलाई जति आश्चर्य छ त्यति नै उनी दुखी छिन् । उनका साथी आँसू बाहेक अरुको हुने ? आँसु पनि ती आँसु जसका श्रोत सुख्ने स्थितिमा छन् । ती आँसु जहाँ ज्योति नै छैन,ताता ताता आँसु र हिक्का उनका जीवन साथी.....

अभागीहरुको भेला । सविनय, जसले प्रेमको दारुण व्यथा त सहनु परेन, तर उसको जीवन नै रहेन । यशोदादेवी, सबैको आशाकी विन्दु, परोपकारी महिला, सन्यासीले दुई पुत्र कायम रहने आशीष दिएको तर आफ्नै दुर्भाग्यले गर्दा त होला एउटा पुत्रमात्र कायम रहन गयो । संसारको भारी छातीमा बोकेर जीवित प्रतिमा जस्तै बाँच्नलाई बाध्य गराइएकी, उनि पनि अभागिनी नै छिन् । सविता ! दुःखको पनि एउटा सीमा हुन्छ होला तर उनी चरमदुःखमा छिन् आज । अफूलाई सविनयको विधवा ठानेर बसेकी, अन्धी हुन पुगेकी । अझ थप दुःख उनको लागि यो विवाह । विधवाको विवाह । कुमारी विधवाको अनन्त दुःखको सीमा थिएन ।

विवाहमा बाजा बज्यो, मंगलगीत गाइए, सविताको रित्तो सिउँदोमा रातो रातो सिन्दुर भरियो । सिन्दुरको स्पर्शले सिउँदोमात्र होइन मुटु पनि पोल्यो, डढेलो लागेझैं भयो, असह्य कष्टले छटपट्टीइन् उनी । तर ढुंगाकी मानवी शिला यशोदादेवी हर पाइलामा तिनका साथ थिइन् ।

कन्यादान कहिले र कसरी भयो, विवाहका कुन कुन रीत पुऱ्याइए ? सवितालाई थाह छैन उनी आफ्नो होसमा नै छैनिन् । अफीमको नसा लागेझैं थियो उनलाई, तर विदाई उनलाई थाह छ । मरेको मानिसले चिहान घाट पुगेको कुरा थाह पाउँदैन, तर सविता मानवीय संवेदनमा मरेकीले आफू चिहान घाटतर्फ गैरहेको कुरा थाह पाइन् । मर्नलागेको मानिसलाई एक छिनपछि तिमीलाई आगोमा पोल्ने हो भनि जानकारी गराउने हो भने ? कस्तो आकुलता, कतिको व्याकुलता, कस्तो पीडा हुने थियो होला ? यो मर्म त मृत्युदण्डको सजाय दिनलाई लैजान लागेको कैदीले नै बुझ्न सक्दछ । असहाय, निरुपाय, होमिनलाई बाध्य । छुटकाराको कुनै उपाय नै छैन ।सविताले आर्तनाद गरिन् । त्यस्तो आर्तनाद ? मानिसमात्र होइन पशु पंक्षीको लागि पनि असह्य भयो । सविताको आमा बाबु र यशोदादेवीका आँखामा साउन भदौको झरी लाग्यो मुटु थरथराए । गाउँलेहरु पनि डुबे दु:ख र करुणाको अथाह महासागरमा ।

(२)

नव विवाहिता । नारीको दोश्रो जन्म । सुखमय दुखमय ? हितकर, अहितकर ?, अँध्यारो, उज्यालो । इनै कल्पनामा बित्छन् नव विवाहिताका पलहरु । तर, त्यहाँ यी कुनै कल्पना थिएनन् । जीवनको जहाँ इच्छानै छैन त्यहाँ शुभको चाहना र अशुभदेखि भय पनि त हुँदैन । निर्विकार, निर्जीव हाँड मासुको शरीर एकान्त कक्षको सजाइएको पलंगमा निश्चल पडीरहेको थियो र सम्भवत: रुँदा रुँदै निदाएकी थिइन् सविता । कही आँसुको श्रोत नै सुकी नजाओस भन्ने डर पनि भएकोले होला निद्रादेवीले उनलाई आफ्नो अंगालोमा लिएर तृप्ति दिने प्रयत्न गर्दैथिइन् । निद्रादेवीको प्रयाश पूर्ण सफल भैसकेको थिएन त्यसैले उनी चाँडै झस्किन् । पुरुष शरीरले तिनको स्पर्श गरी रहेको थियो विस्तारै-विस्तारै ।

“मीठो निद्राले छोपे जस्तो छ नि सवितालाई ?” राहुलको मधुर स्वर सुनियो । सविता हडबड गरेर उठिन् र पलंगको एउटा कुनामा सर्दै बसिन् । राहुल पलंगमा बसी सकेको थियो । उसले सवितालाई तानेर आफ्नो काखमा लियो दुवै हत्केलाले मुख मण्डललाई समातेर आफ्नो मुख बिस्तारै त्यतातिर बढाएको मात्र के थियो, सविता चिप्लो माछा झैं हातबाट फुत्किएर पर गइन् र रुन लागिन् । राहुल एक छिन त अकमकायो तर उसको पुरुषत्वले शक्ति दियो र उसले फेरी सवितालाई तानेर अंकमाल गर्दै धमाधम चुम्बन गर्न लाग्यो । सविता विछिप्त भइन् । रुने बाहेक तिनीसँग अरु हतियार के थियो र ? परिस्थितिलाई स्वीकार्ने बाहेक अन्य विकल्प पनि के थियो र ?

राहुल रुपी अग्निकुण्डमा होमिएकी सविता हवनकी समिधामात्र त भएकी छिन् । बल्नु नै तिनको नीयति हो खरानी हुनु तिनको भविष्य हो । समाजले तिनको भविष्य निर्धारण गरेर मोहर लगाई सकेको छ । अब रुने कराउने, गैर पुरुषलाई स्पर्श गर्न नदिने ? यी सबै कुरा कति दिन सम्भव हुन्छ ? यसबाट बच्न एउटा विकल्प छ–आत्महत्या । तर अन्धोको लागि यो पनि त सम्भव छैन । कहाँबाट कता हामफाल्ने । मृत्युदेवीले झ्वाट्टै ग्रहण गरी दिने स्थान पनि त चाहियो । हामफाल्दा हुत्तिएको शरीर अन्त कतै परीदियो भने ? हात गोडा मात्र भाँचिए भने, अन्धी, अझ त्यसमा पनि अपाङ्ग, अपाहिज, बिस्तरामा नै नित्य क्रिया समेत गर्दै मृत्युलाई पर्खने ? पूरा शरीर एकै छिनमा सिरिंग भयो । त्यस्तो स्थितिको कल्पना गरेर उनी अर्धमूर्छित भइन् । राहुलका हात तिनका अंग प्रत्यङ्गमा घुम्दै थिए, सविता निढाल भैसकेपछि राहुलले आत्म समर्पण गरेको ठान्यो र आफू पनि उनकै साथमा पल्ट्यो । उनलाई तानेर आफ्नो सामुन्ने, मुखको नजीक ल्याउदै भन्यो "तिमी दुःख नमाने सविता म तिम्रो औषधि गराउन यही महिनामा विदेश लैजान्छु, अब तिमी एक्ली छैनौं, अब यी दुइटा शरीर अलग - अलग भएपनि एक ज्यान छौं ।"

सविता केही बोलिनन् । राहुलले उनलाई चिउँडो समातेर हल्लाउँदै "म सँग रिसाएकी छ्यो सविता ? मैले बलजफती विवाह गरेकी ठान्दछ्यो ।" भन्यो ।

"त्यो त होइन ।" सकी नसकी सविताले भनिन् ।

"अनि किन त यस्तो रुने, कराउने । विछोडका दिन त समाप्त भए सविता । अब त मिलनका दिन छन् खुशीका दिन छन ।"

"सुख सबैको भाग्यमा त हुँदैन राहुलजी ।" बडो मुश्किलले सविता बोलिन् ।

"सुख सबैको भाग्यमा किन हुदैन सविताजी । जीवन एउटा मुरली जस्तो हुन्छ यसको प्रत्येक प्वालबाट निस्कने स्वरहरु कहिले माथि कहिले तल हुन्छन् । मसिनो अथवा मोटो दुवै किसिमका स्वरहरु तल र माथि दुवै दिशामा प्रवाहित हुने गरेको पाइन्छ भने जीवनको कथा पनि त यस्तै छ ।"

"मेरो जीवनमा आरोह छैन, अब अवरोह मात्र छ । भीरबाट लडेकी गाईलाई तपाईंले राम राम गर्नुको बदला काँधै थाप्न आउनु भयो । प्रकृति विरोधी काम तपाईंबाट भएको छ । फेरी मेरो छायाँ अशुभ छ राहुल, अशुभ छ । मलाई नछोई देउ, पोलाई नमाग राहुल, अझ पनि केही बिग्रेको छैन ।"

"केही बिग्रेको छैन , म पनि त त्यही भनि रहेको छु, केही बिग्रेको छैन । मानिसको २४/२५ वर्षको अवस्था त भूल र गलतीको अवस्था हुन्छ वास्तविक जीवन त अब शुरु हुन्छ हामीले यथार्थलाई स्वीकारेर अघि बढ्नु परेको छ ।"

"आँखाकी अन्धी र हृदयहीनालाई डोऱ्याएर जीवन बिताउने ? के यही हो त यथार्थ ?"

"यथार्थ होइन सविता । यथार्थ यस देखि भिन्न छ, भित्र लुकेको छ । अब म र तिमी दुवैले काठमाण्डूमा चिकित्सा क्षेत्रमा अन्धाधुन्ध धन कमाउनु पऱ्यो । दुवैको परिश्रमको फल र तिम्रो विशाल फैक्ट्रीको आय । अझ नपुग भएमा बरु फैक्ट्री बिक्री गरेर भए पनि हामी विदेश जाउँला र ..... ।"

सविताले राहुलको आशय बुझिन् । राहुललाई अब के बताउने ? फैक्ट्रीको बारेमा थाह पाएन र राहुलले ? काठमाण्डुमा त बस्छ तर, थाह नपाउन पनि सक्दछ । ऊ एकसुरे मानिस दुनियासँग मतलब पनि त छैन । उसको भ्रम निवारण गरि दिन आवश्यक ठानिन् सविताले । पहिलो दिन नै कुनै भ्रम बस्यो भनेपछि त्यसलाई निकाल्न गाह्रो पर्दछ भन्ने सोचेर उनले आफ्नो शरीरबाट रहुललाई अलि पर सार्दै भनिन् "फैक्ट्रीमा त हाम्रो विवाह भन्दा केही दिन पहिले आगलागी भयो सब स्वाहा भैसक्यो रे" कान्छा बुवाले दान दिएको सबै त स्वाहा भयो अब केही बाँकी छैन ।"

"केही बाँकी छैन ? फैक्ट्री छैन अब ? राहुल त आकाशबाट खसे जस्तो भयो । सरसराई रहेको त्यसका हात टक्क रोकिए । सविताको लावण्यमयी शरीर माटोको ढेर जस्तै लाग्यो । अब, अब के गर्ने ? सवितालाई मात्र विदेश पठाएर उपचार गराउने लक्ष्य त थिएन । विदेश गएर आफ्नो जीवनको ज्योति पनि त बाल्नु थियो । यो दुर्घटनाको जानकारी विवाह पूर्व किन भएन ? विदेश जान नसकेर अन्धकारमा लाटोकोसेरो झैं जीवन व्यतीत गर्न आफू त बाध्य थियो थियो । सवितालाई पनि किन त्यस अन्धकारमा तानेर ल्याउँथ्यो ? अब त सवितालाई अँध्यारोमा तान्ना साथ उनको समेत थपिएको बोझले गर्दा ऊ त गहिरो खाडलमा पो पर्न गएको रहेछ ।

राहुललाई चक्कर आयो, ओठ मुख सुके, हात खुट्टा काम्न थाले, प्रथम मिलनको रात्रि कालरात्री झैं हुने भयो, बोल्ने शक्ति हरायो, बडो मुश्किलले सविताको हात आफ्नो हातमा लिएर सुस्केरा छोड्दै भन्यो "यो दुर्घटनाको पूर्व जानकारी मलाई किन हुन सकेन सवि ?"

"सवि !" सविनयको भाषा ? मेरो विन्नूका शब्द, उसको सम्बोधन ? अरुको मुखबाट यसको उच्चारण ?, परपुरुषको संसर्ग, मिलन, एउटै खाट । राहुल, एउटा वृत्ताकार झैं फनफनी नाच्यो तिनको अगाडी, एउटा हुरी, एउटा ज्वारभाटा उठ्यो मनमा । त्यसै प्रवाहमा अकस्मात मुखबाट 'विन्नू मेरो विन्नू' दुई पटक चिच्याइन् अनि चारैतिर नीरवता । शायद सविता बेहोस भैसकेकी थिइन् । राहुल हतप्रभ थियो । सविताको अर्धनग्न शरीर लैम्पको मधुरो प्रकाशमा उसलाई गिज्याई रहेको थियो तर, राहुलको लागि अब त्यहाँ कुनै

आकर्षण थिएन । आफैले उघार्न लागेका अंगहरुलाई आफैले छोप्न बाध्य थियो, बाध्य किन नहोस्, अभागीहरुको समूहमा आफू पनि त मिसिन पुगेको थियो ?

(३)

घरका सबै जना चकित भए राहुलको कुरा सुनेर । बिहानै उठेर उसले आफ्नो सरसामान मिलाउन थाल्यो र आजै काठमाण्डौ जाने भनि घोषणा गरी दिएको थियो । सविताले पनि सुनिन् । केही त भन्नु पर्नेनै भयो, जे भए पनि दुनियाको दृष्टिमा त ऊ उनका पति, स्वामी सबथोक हो नि ?

"मसँग राती केही अपराध भयो कि ? आजै काठमाण्डू जान तत्पर हुनु भएको हो ?" भनेर सविताले सोधिन् ।

रातीको उम्लिएको नदी यति बेला त शान्त भैसकेको रहेछ, शान्त नदीले पनि राहुललाई के शान्ति दिन सक्दछ र ? तैपनि औपचारिकता वश उसले पनि "तिम्रो अपराधको कुरा हैन जरुरी केशहरु आजलाई निश्चित गरिएका छन् त्यसैले जान लागेको" भनि स्पष्ट पार्‍यो ।

"राती त त्यस्तो केही संकेत गर्नु भएन ?"

"संकेत गर्ने अवसर नै कहाँ आयो ? तिम्रो मन मस्तिष्क तिमीसँग छँदैथिएन, को सँग कुरा गर्ने ?" राहुलले गुनासो गर्‍यो ।

"यो त्यही अपराधको दण्ड हो ?"

"दण्ड होइन, तिम्रो गलत धारणा हो ।"

"त्यसो भए मलाई पनि साथै लानुस न ? फैक्ट्रीको बारेमा पनि हेर्नु बुझ्नु छ यहाँ एक्लै बसेर के गर्ने ?"

"एक्लै कहाँ छ्यौ तिमी ? आमा हुनुहुन्छ, बाबु हुनुहुन्छ ।"

"साथी भाईहरुमा अन्धी दुलही ल्याएको भनि अपमान होला त्यसैले मलाई यहाँ राख्न खोज्नु भएको हो ?" सविताको आवाजमा पीडा थियो ।

"त्यस्तो होइन सविता । अलि दिन यहाँ, अलि दिन माइतीमा बस्नु, म चाँडै आई हाल्छु नि ।"

"त्यसो भए आजै किन हिँड्नु पर्‍यो ? दुनिया समाजले के भन्छ, विवाह गरेर ल्यायो र आफू भागी हाल्यो परदेश ।"

"दुनिया समाजले के भन्छ, के भन्दैन यसमा हामी लाग्नु हुन्न, हाम्रा आफ्ना समस्या छन् र तिनको समाधान हामीले नै गर्नु पर्दछ ।"

"मैले यहाँ गर्नु पर्ने काम को बारेमा केही बताई दिनु हुन्छ कि ?"

"तिमी पूर्ण स्वतन्त्र छ्यौ सविता ।" राहुलले सामान मिलाइ सकेकोले कुर्सीमा बस्दै भन्यो ।

"पूर्ण स्वतन्त्र !, यो के शब्द हो ? के अर्थ हो यसको ,"

"शब्द मैले भनी हालें अर्थ आ-आफ्नो इच्छानुसार लगाउने स्वतन्त्रता नै छ ।" राहुलको स्वरमा तीतोपना थियो ।

"पूर्ण स्वतन्त्रताको लागि नै विवाह गर्नु भएको थियो ?" यो पटक सविताको स्वरमा महान आश्चर्यको भाव थियो ।

"दुनियामा सबैकाम कुराको पछाडी एउटा निश्चित उद्देश्य हुन्छ, त्यो उद्देश्य प्राप्त भैसकेपछि त्यसको प्राप्तिका लागि गरिएका प्रयाशहरु गौण हुन जान्छन् ।" मैले पनि त यशोदा आमाले बताएको उद्देश्यलाई लक्षित गरेको थिएं ?"

"के उद्देश्य बताएकी थिइन् सानीमाले ?"

"विदेश जाने ?, औषधि उपचार गराउने, गृहस्थधर्मको पालन गर्ने.... सविताले यशोदादेवीका कुरा हरुलाईदोहोराउन लागिन् ।

"आर्दशवादीहरुलाई जीवनको यथार्थता थाह नहुन पनि त सक्दछ ?"

"के आदर्शवादीहरु भावनाशील अथवा कलपनाशील मात्र हुन्छन् ?"

"तिमीले धेरै हदसम्म ठीक बुझेकी रहीछ्यौं । मैले पनि आदर्शवादिताभन्दा यथार्थवादिता धेरै मन पराउछु ।"

"अब अन्तिम प्रश्न गर्छु ।" सविताले पुनः कुरा कोट्याउँदै भनिन् ।

"त्यो प्रश्नको उत्तर पनि नकारात्मक नै छ । राहुलले प्रश्न सोध्न नपाउँदै उत्तर दियो ।

"यसको मतलब तपाईंले प्रश्न थाह पाउनु भएको छ ?"

"थाह पाएको छु ।"

"मैले के प्रश्न गर्ने थिएं भन्न सक्नु हुन्छ ? भन्न सक्नु हुन्छ भने बताइ दिनुहोस् ।"

"विवाह देखि असंतुष्ट हुनुहुन्छ ? भनेर सोध्न खोजेकी थियौं होइन ?"

सवितालाई आश्चर्य लाग्यो ।

"अब तिम्रो तर्फबाट अन्तिम प्रश्न र आफ्नो तर्फबाट अन्तिम उत्तर दुवै बताउँछु भनेर राहुल एक छिन रोकिएर सविताको मुख तिर हेर्‍यो । कति सुन्दरता छ सवितामा, विश्वका महासुन्दरीहरुमा एक अनुपम तर, प्रकृतिको विडम्बना ज्योतिहीना बनाई दिएको छ । मन पनि त बडो सरल र कामेल रहेछ, उता विलक्षण प्रतिभा, कर्मठता, परोपकार र त्याग सबै गुणहरुले उनैको शरीरमा बास गरेका छन् । उनलाई पत्नी बनाएर घरमा राख्न पाउनु त बहुतै ठूलो, बडो भाग्यको कुराहो मन र मुख दुवै सुन्दर छन् तर.....। यस्ती देवीलाई अझ मैले थप कष्ट दिनुपर्ने स्थिति आई लाग्यो । हे भगवान ! अब के गर्ने ? मेरो जुनसुकै व्यवहारबाट सवितालाई कष्ट नै हुनेभयो । केराको बुटासँग काँडेदारबोट उम्रन पुग्यो । बेर खुबै खुशी भएर हावाको साथमा गीत गाउँदै केरासँग टाँसिन पुग्दा पनि केराका अंग चिथिरिने भए, रिसिएर त्यसमाथि जाई लाग्दा पनि केराका पात र बुटा छियाछिया हुने भयो । राहुललाई आफ्नो स्थिति देखि बहुतै खिन्नता बढ्यो । कुनै उपाय नै छैन ? एक उपाय केहीहदसम्म काम लाग्न सक्दछ । सविताको परित्याग । आजै देखि अहिले देखि ।आफनो जालमा हाफै फँस्न पुगेको थियो राहुल । उसका कल्पना त आकाशमा बालुवाको महल बनाएझैं चकनाचूर भए । मेधावी छात्र भएको कारणबाट विदेशमा गएर डाक्टरी पढ्न पाएको राहुल । कुन कुरामा कोसँग कम थियो । अब सोचेर के गर्नु ? संगी साथी, ओह विश्व नै अभिशाप भयो मेरो लागि ।

सविताले राहुलको अचानकको व्यवहार परिवर्तनलाई बुझ्न सकेकी थिइनन् । त्यसैले फेरी कुरा कोट्याउँदै भनिन् "कहिले फर्किने होला ?"

"ठेगान छैन ।" संक्षिप्त उत्तर थियो राहुलको ।

"म देखि निराश भएर घर छोड्न लाग्नु भएको हो ?"

"यो मेरो स्वेक्षाको कुरा हो ।"

" सुख दु:खमा मैले पत्र व्यवहार गर्न त पाउँछु होली ।" सविताले अन्तिम प्रश्न गरिन् ।

"त्यति आवश्यक पर्ला जस्तो लाग्दैन ।" राहुलले जवाफ दिएर ब्याग उठायो र कोठाबाट बाहिर निस्की हाल्यो ।

भनिन्छ 'रात चाहे जस्तो कालो धनीभूत किन नहोस् सूर्योदय अवश्य हुन्छ ।" तर सविताको जीवनमा पनि सूर्योदय हुन सक्छ र ? आशाको कुनै किरण पनि त बाँकी देखिँदैन । राहुलको बिहानै अचानक काठमाण्डु प्रस्थानले घरका मानिसको त कुरै छोडौं, गाउँका मानिस, इष्टमित्र सबै छक्क परे तर कारण जब सवितालाई नै थाह हुन सकेन भने अरुलाई के थाह ?

(४)

दुईतिरबाट समाचार प्राप्त भयो यशोदेवीलाई । राहुलले सवितालाई अप्रत्याशित रुपमा सम्बन्ध जोडिन गएकोमा भाग्यको खेल भन्दै आफू अचानक काठमाण्डौ आई पुगेको कुरा सानीमालाई जानकारी गराएको थियो भने सविताको माइतीबाट एक महिना पतिको घरमा बसेर अपमानित भएर फर्केकी सविताको दुखद स्थितिको समाचार प्राप्त भएको थियो । यशोदादेवीले बडो गम्भीरतापूर्वक यस परिस्थिति माथी विचार गरिन् । उनकै अर्ती बुद्धिले त हो सविताले विवाहलाई इन्कार गर्ने साहस देखाउन सकेकी थिइनन् । सविताले विवाहको स्वीकृति दिएकी हुन र ? मात्र कुरा यो भयो कि यशोदादेवीको आग्रह यति प्रबल थियो कि सविताको इनकारी दब्यो । यसैलाई सहमति मानिएको थियो र विवाह सम्पन्न भएको थियो । तर राहुलले सविताको किन उपेक्षागर्र्यो ? ऊ त आफै अघि सरेर विवाह गर्न इच्छुक भएको थियो । के सविताले समर्पण गरिनन् त ? त्यसैले पौरुष जागेको होला । उसको अहम्लाई चोट पुग्यो होला । सविताको मनस्थिति सामान्य भएपछि त्यो त त्यसै सामान्य भैहाल्छ नि । लोग्नेस्वास्नीलाई पनि कसैले मिलाईदिनु पर्दछ र ? तै पनि एक पटक जानु त परिनै हाल्यो । यही सब सोचविचार गरेर यशोदादेवीले तानसेनको यात्रा गरिन् ।

तानसेन पुगेपछि यशोदादेवीले ठहर गरे भन्दा स्थिति त विषम रहेछ । केही आमा छोरीको प्रगाढ नाताले, केही सुझबुझले गर्दा उनले सवितासँग राहुलको प्रथम रात्रिको आद्योपान्त व्यवहार र क्रियाकलाप बारेमा थाह पाई हालिन् । उनको परिपक्व बुद्धिपनि

चकरायो । कारण केही थाह हुन सकेन अनि उनी काठमाण्डू गइन् । राहुलले मैले परित्याग कहाँ गरेको छु र उनलाई विदेश लैजान खर्चको लागि यहाँ दिन रात अथक परिश्रम गर्न पो आएछु भनेर कुरा टुंग्याई दियो ।

अब यशोदादेवीले दु:खको एक मात्र मूल सविताको अँधोपनलाई मानिन् । त्यसको निराकरणको उपाय : कसले गरी देला र ? ठूलो आँट चाहिन्छ ठूलो गाँठ चाहिन्छ । केही अठोट गरेर उनी पुगिन् तानसेन । यस पालि पनि मानस सासु बुहारीमा फेरी स्पष्ट कुरा भयो ।

"कतिजति रुपैयाँ खर्च होला नानी? लण्डनमा चिकित्सा हुन्छ रे ।

"करिब १०/१५ हजार भन्दा घटी लाग्दै होला ।" सविताले भनिन् ।

"१०/१५ हजार ?" यशोदादेवीको आश्चर्यको सीमा रहेन । यति ठूलो रकम । नगदकोसँग होला र ? कोही बहुतै ठूलो साहू महाजनसँग भए मात्र ।"

एक छिन कोही पनि बोलेनन् । दुवैको मनमा अलग अलग कुरा खेली रहेका थिए अन्तमा यशोदादेवीले नै भनिन् छोरी भने पनि बुहारी भनेपनि र साँच्चै भन्ने हो भने विन्नूको आत्मा तिमीसँग गांसिएकोले विन्नूको भागको जग्गा जमीन धन सम्पत्ति माथि अन्तमा तिम्रो नै अधिकार त छ । तिमी तयारी गर रहुललाई चिट्ठी पठाउन लगाऊ बोलाऊ र तिमीहरु जाऊ लण्डन । म सब प्रबन्ध एक हप्तामै गरिदिन्छु ।"

मानिसको हृदयमा जन्मेका शुभविचारहरुलाई पूर गर्न उसले कुनै संकल्प गर्दछ र आफ्नो संकल्पलाई कर्तव्यनिष्ठासँग जोडेर जब अगाडी बढ्छ तब लक्ष्य स्वयं कर्ता तर्फ आकर्षित हुन्छ । त्याहँ पनि त्यो भयो । अधा जग्गा जिमीदारी बिक्यो, रकमको प्रबन्ध भयो । बडो अनुनय विनय सम्झाई बुझाई गरेर राहुललाई बोलाइयो र सवितालाई लैजान उ तत्पर भयो ।

सम्पूर्ण हवाई यात्रामा नव विवाहित पति पत्नी यसरी चुप थिए जस्तो दुई अपरिचित साथै होउन् । औपचारिक काम कुरा मात्र हुने गर्दथ्यो दुवैमा । सविता नयाँ जीवनको सफलतामा संदिग्ध थिइन् । अर्को तर्फ अप्रेसन सफल हुने नहुने त्यो छुट्टै पीर थियो । तर, सबै भन्दा मूलमा थियो सविनयको सम्झनाको कसक । यी तीन दुखभन्दा एउटा अर्को पीरले पनि उनलाई आज निकै पिरोलेको थियो । त्यो थियो सविनयको नासोको रक्षाको प्रश्न । शरीरको समर्पणलाई कसरी रोक्ने , जबकि समाजले स्वीकारेको वैधानिक पति साथै थियो । विवाह पछि यति दिनको रक्षा त संयोग मात्र थियो । सविताको छेउमा अर्को सीटमा बसेको राहुल त ढुंगामा मूर्ति कुँदिए जस्तो थियो । सविता जस्तै ऊ पनि शान्त, गम्भीर । महासमुद्रमाथि उडिरहेको जहाज भित्र बसेको त्यो यात्री पनि महासमुद्र जस्तै

देखिन्थ्यो । अनिंद्य सुन्दरी पत्नीको रुप यौवनले पनि त्यसलाई प्रभावित गर्न सकी रहेको छैन । उसले किन विवाह गऱ्यो ? यस्ती रुपसीको आँखाको ज्योति वापस गराउनमा त विवाह नगरीकन सहयोग त त्यसै पनि गर्न सकिन्थ्यो । पत्नी ? पत्नीलाई पौरुषदिन नसके किन पत्नी बनाउने ? अर्काको पूरा जीवनसँग किन खिलवाड गर्ने ? उसले के रुपसी पत्नीकै लोभमा अन्धीको विवाह गरेको हो त ? होइन । होइन । दुवै पीडितको उपचार गराएर सुखमय जीवन प्राप्तिको लागि पो त । सुखमय जीवनको प्राप्ती । उपचारमा एउटालाई लाभ भयो र अर्कोलाई भएन भने ? के हुन्छ त्यो अवस्थामा ? यस्तो स्थिति पनि आउला र ? मनले तर्क गऱ्यो आई हाल्यो भने , यसको उत्तर बुद्धिसँग भएन । उसको अनुहार रातो हुँदै तनाव बढ्दै गयो । मष्तिष्कमा आँधी चल्यो । मगज पड्कला जस्तो भयो । जति सोच्यो त्यति प्रश्न तर सबै अनुत्तरित ।

(५)

लण्डनमा डाक्टरहरुको अनुसन्धानमा केश जटिल जस्तो लाग्यो । त्यसमा उनीहरुले एउटा प्रधान कारक के पाए भने रोगीले चाहेर पनि आफ्नो सहयोग आफूले गर्न सकि रहेको छैन । बीच बीचमा अत्यधिक तनावग्रस्त देखिनु र अकारण रुन लाग्नु । सविताको ब्यवहारे त्यही देखा पर्दथ्यो । उनको साथी जो कि जीवन साथी थियो त्यसले आश्वासन दिलाउने र बोल्ने गरेको कमै देखिएको थियो । सविताको काँधमाथि हात राखेर कहिँ हिँड्थ्यो भने कहिले काहीँ हात समातेर । कुनै बेला मौकामा मात्र कहिले काहीँ गाला थपथपाई दिन्थ्यो । आज उनीहरुको लण्डन प्रवासको ५ दिन भैसकेको थियो । चिकित्सकहरुले मनो चिकित्सा विभागमा जान सिफारीश गरी दिएको हुनाले आज राहुल सविताको काँधमा हात राखेर विस्तारै-विस्तारै मनोचिकित्सा विभागको तल्लामा उक्लनलाई लिफ्ट रुम तिर बढ्दै थियो, लिफ्ट रुममा दुवैले प्रवेश गरेर लिफ्टको ढोका बन्द गर्न जसरी नै राहुलले हात बढायो अचानक बडो तेज चालमा एउटा डाक्टर त्यही लिफ्टमा चढ्न आई पुग्यो । लिफ्टको ढोका बन्द भयो र चौथो फ्लोरको बटन दबाइयो । राहुल पनि चौथो फ्लोरमा जानु पर्ने हुनाले केही बोल्नै परेन । लिफ्टमाथि सर्न लाग्यो अब आगन्तुक डाक्टरको ध्यान गयो सहयात्रीहरु तर्फ । दुवै जना एशियन रहेछन् । एशियन मात्र हो र ? अँ, यो के अचम्म, सुखद आश्चर्य, सविता ? सविता यहाँ ? किन ? हुन् । होइन ? लिफ्टभित्रको डीम लाइटमा गडबड हुन थाल्यो डाक्टर त यति हडबडायो कि त्यसको हडवडी राहुलले पनि महसूस गरी हाल्यो । राहुल र आगन्तुक डाक्टर दुवैले लगभग सँग-सँगै अंग्रेजीमा एक अर्कासँग सोधे “आर यू एशियन ?”

दुवैले दुवैको यो प्रश्नका उत्तर नदिएर सोझै भने “यस नेपाली ।”

सानो ठूलो वाक्य काफी थियो आफ्नो बालसखालाई चिन्नको लागि । सविता आश्चर्य तर सुखले भाव विभोर हुन पुगिन् र आत्मनियन्त्रण राख्न नसकी आफ्नै दुवै हात जताबाट आवाज आएको थियो त्यता बढाउँदै हर्षोल्लासमय स्वरमा बादल बादल भन्दै अगाडी बढिन् । बादलले उनको हात आफ्नो हातमा लियो । उता लिफ्ट आफ्नो ठाउँमा पुगेर टक्क रोकिएकोले तीनै जना बाहिर आए । सविताले बालदसँग राहुलको परिचय दिँदै भनिन् "मेरा बालसखा बादल, घर दार्चुला तर निवास बनारस ।"

अनि यहाँ नि ?

"म डाक्टर राहुल, काठमाण्डौं, यिनी मेरी. पत्नी सविता ।"

राहुलले पत्नी शब्दको प्रयोग बडो बाध्यताले गरे जस्तो लाग्यो । उता त्यहीँ एक शब्दले हठात सविताको मुखमण्डललाई अँध्यारो पारी दियो भने बादललाई पनि सविताको सम्बन्ध सूचक त्यो शब्दले कता कता अप्ठ्यारो स्थितिमा पारी दियो । तर, उसले आफूलाई तत्काल संयत गरेर उनीहरुलाई एउटा कोठामा लग्यो । त्यहाँ आरामसँग कफीको चुस्कीको बीचमा दारुण व्यथा, कथाको आदान प्रदान भयो । बादलले सविताको सम्पूर्ण जीवनमाथि सिंहावलोकन गऱ्यो ।

सविता र सविनयको प्रगाढ प्रेमको कुरा स्मरण भयो उसलाई । सविनय बीचमा नआईदिएको भए ? आखिर यिनी उसको पत्नि हुन सकिनन् । मेरो पनि भाग्यको परीक्षा नै हुन पाएन । म पनि त सविताको प्यारको प्रत्याशी थिएँ । सविताले पनि त उत्तिकै चाहन्थिन । तर, तिनको चाहमा तडप थिएन । उसलाई सम्झना भयो त्यो क्षण जब हैजाको टीममा जाँदा उसको अनायाश सवितासँग कुरा हुन गएको थियो ।

"सविनयलाई न देखे पनि आत्मा तडपन्छ र तपाईंलाई नदेखेपछि देखौं देखौं जस्तो लाग्दछ ।" कस्तो स्पष्ट जवाफ दिए थिइन् सविताले ।

ऊ पनि त कहिले दुवैको बीचमा तगारो बन्न गएन । उसको मनको भाव सविता र सविनय दुवैलाई थाह थियो र दुवै मेरो मित्रता प्रति विश्वस्त पनि त थिए ।"

उनी न सविनयकी भइन् न त मेरी नै । अन्धी भइन् । अर्कैकी भइन् । अझ अर्कैकी रहीनछन् र डाक्टरहरुले मनोचिकित्साको लागि यहाँ पठाएका रहेछन् इतिहास समेत लेखेर ।

बादलले दुवैलाई आश्वासन दिँदै भन्यो "चिन्ता नगर्नुस तपाईहरु । म यसै विभागमा जुनियर डाक्टर छु । सीनियरहरुलाई म देखाउँछु । उपचार पनि गर्छु । म छु ।"

"तिम्रो परिवार, केटाकेटी पनि होलान् । यहीं लण्डनमै छन् कि ?" सविताले बादलको स्थिति जान्ने बल्ल ध्यान आयो ।

बादलको मुखमण्डमा एकसाथ तमाम रंग आएर गए "विवाहै भएको छैन सविता ।" एक दीर्घ निश्वास फेऱ्यो बादलले । "अब यो कोर्स पूरा गरेपछि सोच्नु पर्ला ।"

त्यसैक्षण सीनियर डाक्टरको बेल बज्यो पैसेन्टलाई कोठामा लैजाने सिग्नल थियो ।

(६)

सविताको औषधोपचार शुरु भयो । लाभ हुने केही विन्दु बाँकी रहेछ भन्ने डाक्टरहरुले भने पछि राहुलमा झन बेचैनी बढेको देखियो । त्यसैको भोलीपल्ट उसले म दुई दिनको लागि स्वीटजरलैण्ड जान्छु भनि हिँडिहाल्यो । सविताको अब पूर्ण बोझ बादलमाथि पर्न गयो । दुई दिन भनेकोमा चार दिन बित्यो तर उसको कुनै सूचना आएन । उसको इष्ट मित्र कोही छन छैनन् कहाँ के काममा गएको हो, केही पनि त भनेको थिएन । सविता बहुत बेचैन थिइन् । पाँचौ दिन त्यसको फोन आयो । फोन संयोगले बादलले नै रिसीव गऱ्यो ।

"म अति जरुरी कामले जर्मनी जानु पर्ने भयो । एक हप्तामा आउँछु ।"

"तर राहुलजी, बादलले भन्यो "तपाईं यहाँ आएर मात्र जानुस तपाईंको पत्नी बहुतै चिन्तित हुनु हुन्छ । वहाँको भोली अप्रेशन हुनेवाला छ ।

"आइ एम भेरी सरी, माई गुड फ्रेण्ड प्लीज हेल्प अस । म अहिले भर्खरै जर्मनी नगै नहुने भयो । तपाईले मद्दत गर्नु होला म विश्वस्त छु ।" यति भनेर फोन काटियो । के काम छ ? जर्मनीमा, कोसँग जाने हुन् । कुनै गलत धन्धामा त लाग्न गैरहेका छैनन् । यिनी त बडा रहस्यमयी रहेछन् । यशोदादेवीको धनको कुन उपयोग हुँदैछ ?

बादल र सविता दुवैलाई बडो आश्चर्य लाग्यो । पत्नीको अप्रेशन, त्यो पनि अति कठिन र ठूलो मानिएको, त्यस बेला पति नबस्ने ? यस्तो समयमा रोगीलाई मानसिक शक्ति र उत्साहको बडो आवश्यकता हुन्छ । दुखी, चिन्तित र बेचैन रोगीले नै प्राण गुमाउने गर्दछन् । बादलले स्थिति विकट देख्यो । डाक्टरहरुलाई डेट सारी दिन आग्रह गऱ्यो तर सीनियरहरु मानेनन् । अप्रेशन ठीक समयमा भयो । सात दिनपछि पट्टी खुल्ने भनियो ।

राहुल आई पुगेन । आज पट्टी खुल्ने दिनसम्म पनि त आएन । यस पाली त केही खबर नै गरेन । बादलले उनको सिरानीमा बसेर आफ्नो हात उनको निधारमा राखेको थियो र विस्तारै-विस्तारै थपथपाउँदै मधुर स्वरमा मीठो कुरा गरी रहेको थियो बादलको

यसरी स्नेह पाएर उनी बडो सन्तोष र तृप्तिको अनुभव गर्दथिइन । अन्तमा प्रतिक्षाको घडी बित्यो उनलाई पुनः अप्रेशन थियेटरमा लगियो ।

मुख्य चिकित्साधिकारीले उनको टाउकोमा हात राख्दै सोध्यो "ज्योति फिर्ता भएको आँखाबाट सब भन्दा पहिले कसलाई हेर्न मन पराउनु हुन्छ ।"

एउटा ठूलो हूप पस्यो कलेजो चिरियो । को छ र यहाँ त्यस्तो आफ्नो ?: छ नि । बादल, बादल ? हो, आफन्त नै त हुन् उनको सामिप्यमा कति शान्ति प्राप्त हुन्छ, मन ढुक्क हुन्छ । "बादललाई बोलाई दिनु पर्‍यो ।" विस्तारै भनिन् सविताले ।

बादल त त्यहीँ थियो । उसले उनको होंठमा हात राख्दै "म यहीं त छु लाटी भनि मुस्कुराउँदै प्रेमपूर्वक आश्वासन दियो ।

सविताको आँखाबाट पट्टी हटाइयो । बादल र सविताको मुटु धडधड गरेर धड्कन लागे जब डाक्टरले बिस्तारै आँखा खोल्न भन्यो । आँखाको पलक उठाउनु वास्तवमा बहुतै साहसको काम थियो । आँखाको ज्योति आईसकेको छ भन्ने कल्पना र गैसकेको ज्योति के फर्क्यो होला र ? भन्ने भय दुवैको बीचको लडाईले सविताको मुटुलाई झन धडकाई रहेको थियो ।

"विस्तारै पलक उठाउ न , सविता । म ठीक तिम्रो सामुन्ने तिम्रो खाटमा निहुरिएको छु" भन्यो बादलले ।

सविताका दुवै पलक बिस्तारै माथि उठे, ती पलक, जसको झपझपाईले हिमालय हल्लन्छ भन्थ्यो सविनयले । पहिले त कालो धुन्ध जस्तो देखियो, त्यसपछि नाइट बल्बको हरियो प्रकाश, मनलाई स्थिर पारेर पूरा आँखा खोलेर हेरिन् सविताले । तब देखियो एउटा नयाँ आलोक, नयाँ संसार । नेत्रज्योति फिर्ता आई सकेको थियो । त्यो ज्योति पहिले आई दिएको भए राहुलसँग किन बाँधिनु पर्ने थियो ? यो इतिहास किन अगाडी बढ्ने थियो ?

पट्टी खुलेको चौथो दिन । सविता बेडमा पल्टेकी थिइन् । डाक्टरले आज उनलाई नुहाईधुवाई गराई दिने परामर्श दिएकोले केही समयपूर्व बादलले एउटी नर्सको सहायताले उनलाई नुहाई दिएको थियो र उनलाई नास्तापानी गराई दिएर आफ्नो काममा गएको थियो । उनी बेडको अडेस लगाएर चिसो कपालमा बिस्तारै-बिस्तारै काइयो चलाउँदै आफ्नो भविष्यका ताना बाना बुन्दै थिइन् । राहुलको बारेमा पनि चिन्ता थियो तर भित्र भित्र आक्रोश पनि थियो । त्यसै समयमा राहुल बडो भाव विहवल भएर कोठामा प्रवेश गर्‍यो । उसलाई देखेपछि क्रोध, जिज्ञासा र गुनासोको मिश्रित रंग आयो सविताको आँखामा तर राहुलको उता पट्टी ध्यान थिएन् । ऊ आफ्नै तरंगमा थियो । अप्रेशनको सफलताको जानकारी बाटैमा बादलसँग भेट हुँदा थाहा पाईसकेको थियो उसले बडो

भावावेशमा आएर बडो अपनत्वका साथ झप्टेर सविताको खाटमा बस्दै उनको दुवैहात समातेर प्याच्च-प्याच्च दुवै आँखामा म्वाई खाँदै बधाई दियो ।

सविता हड्बडाइन । उनको जीवनमा कुनै अन्य पुरुषको यसरी चुम्बन । पहिलो पटक आँखाले देखिन् ।

"म त बडो व्यस्त भएथे सविता । मलाई माफ गरी दिनु । तिम्रो अपराधी छु । बडो विन्ती भावले राहुलले भन्यो ।"

"के त्यस्तो काम पर्न गएथ्यो तपाईलाई लण्डनमा गायब रहने । जर्मनी जाने । काम नबताएको कस्तो चिन्ता पऱ्यो यहाँ ।" सविताले रिस र गुनासो दुवै गरिन् ।

"ठूलो, सविता बहुतै ठूलो काम थियो । तिम्रो जीवन सपार्ने उद्देश्यले अन्तिम पटक अथक प्रयाश गरें भए भरको पैसा सबै खर्च भयो तर.... ।"

यति भनेर ऊ सुक्क सुक्क रुन लाग्यो । रुदै रुदै ढल्यो त्यही ओछ्यानमा ।

सविता किंकर्तव्यमूढ भइन् । उनले उसलाई सान्त्वना दिँदै भनिन् "हरि इच्छा बलवान हुन्छ । तपाई यसरी किन हतारिनु भयो । के काममा पैसा लगाउनु भयो ? के घाटा भयो ?"

"ठूलो घाटा भयो सविता । सबै लगानी डुब्यो, लगानीका साथमा म, मेरो आशा, आकांक्षा सब डुबे । अब केही बाँकी छैन, अब हामी फर्की हालौं । सविता, सबै खतम । सब स्वाहा । म स्वार्थी कतैको पनि भइन, सविता सविता । भन्दै ऊ रन्थनियो त्यही ओछ्यानमा छटपटियो, रोयो ।

(७)

श्रीमदभागवत महापुराणको कथा सुनाउन आएका पण्डितजीलाई फिर्ता पठाउन भनि रेलवे स्टेशनसम्म गएको बुधैको बैलगाडा त्यताबाट खाली फर्केन । एउटा सानो काखे बच्चा सहित एक जोडी पति पत्नीले गाडाको उपयोग गर्न पाएकोमा खुशी मानेका थिए भने बुधै त आज आफूलाई परम सौभाग्यशाली ठानेको थियो ती नव दम्पत्तिलाई आफ्नो गाडामा बसाल्न पाएपछि । उसले आखिरी क्षमतासम्म गोरुलाई हाँक्दै जति हुन सकछ त्यति छीटो गाउँ पुग्ने कोशिस गर्दैथ्यो । गाडा जब गाउँको सीमानामा पुग्यो तब खेतमा काम गरी रहेका र बाटोमा आवतजावत गर्ने मानिसहरु गाडामा बसेको जोडालाई देखेर दंगदास भए । होसै हरायो, कुरा गर्नै बिर्से । जो जस्तो अवस्थामा थियो ऊ त्यसै अवस्थामा मूर्तिवत भयो । ती मध्ये जब कुनै कुनैलाई होश आयो तब घोडा झैं सरपट भागे गाउँतिर, गाउँमा हल्ला हुन लाग्यो नरनारीको भीड बाटोमा निक्ल्यो । बुधै बडो

गर्वसँग गाडा हाँक्दै थियो । गाउँका केटाकेटी धूल उठाउँदै हल्ला मच्चाउन थाले "विन्नू दाई आए, दुलहि ल्याए ।"

कोठारमा पनि सविनय फर्केको समाचार पुग्यो । कसैले विश्वास गर्न सकेन । यशोदादेवी लड्दै पड्दै बाहिर दगुरिन्, नोकर चाकर कारिन्दाहरु दौडे ।

नभन्दै साँच्चै नै बुधैको गाडा कोठारमा गएर रोकियो । यशोदादेवी दौडेर सविनयालाई छातीमा लगाएर मुसार्दै चुम्बन लिँदै रुन लागिन् । हजारौं हजार खुशीका ती आँसूले बाँध तोडेका थिए जो सविनयको मृत्युको खबरमा निस्क्न सकेका थिएनन् । संयत भएपछि उनको ध्यान गाडामा बसेकी रमणी तिर गयो । २५/२६ वर्षको बच्चा गोरो रंग तर केही पीलिमा लिएको आभा । सुडौल नाक नक्शा छरहटो शरीर, अनुपम सुन्दरी नभए पनि दर्शनीय रमणी ।

यशोदा देवीले प्रश्न सूचक आँखाले उता पट्टी हेरिन् । सविनयले संकोच मान्दै भन्यो "बुहारी" ।

तत्काल यति भन्नु नै पर्याप्त थियो । बुहारीको मर्यादा र सम्मानपूर्वक उनलाई भित्र्याइयो । उनको काखमा रहेको सानो बच्चा निदाई राखेको थियो । बच्चालाई यशोदादेवीले आफ्नो काखमा लिएर सबै जना घर भित्र प्रवेश गरे ।

युवतीको लागि अन्य सबै नयाँ थिए, त्यसले ऊ बडो संकोचमा बिस्तारै विस्तारै हिँड्दै थिइन् । उनीहरु बैठकमा पुग्न पाउँदा नपाउँदै बाहिर गाउँलेहरुको ठूलो भीड हुन गयो । सबै प्राणी हालसमाचार जान्न ब्यग्र थिए । तसर्थ उनीहरु भित्र गएर बाटोको थकाई मार्नु भन्दा पहिले गाउँलेहरुसँग भेट घाट र वार्ता गर्न आवश्यक ठानी तत्काल बाहिर ठूलो बैठक घरमा गएर यथोचित अभिवादन, आदर गरेर सबै आ-आफ्नो आसनमा बसे ।

चारैतिर सबै बसी सकेपछि बूढो कारिन्दाले सोध्यो "सरकार त्यो झूठो खबर कसरी फैलिएको थियो ?"

कहाँबाट उत्तर शुरु गरौं भनि एकछिन सविनय घोरिए । घटनाको कडी जोडदै भने "खबरै झूठो त थिएन । हामीहरुको पूरै टोलीमाथि आक्रमण भएको थियो राती । तमाम साथी मारिए तर केही साथीहरुका साथ म भाग्न सफल भएँ तर, भाग्ने कता ? पछाडी आक्रमणकारी थिए, अगाडी पाकिस्तानको सीमा र पाकिस्तानी सैनिक । मृत्यु दुवैतिर थियो । बाध्य भएर हामी पाकिस्तान तिर बढ्नु पर्‍यो ।"

"अरु उपाय नै के थियो र ?" भीडमा एउटा बृद्धले कुरा थप्यो ।

"आखिरमा त्यही भयो जसको कल्पना हामीले पहिले नै गरेका थियौं । हामीलाई बन्दी बनाएर एउटा सैनिक छावनीमा पुऱ्याई दिए । हामी कहाँ छौं भन्ने कुरा ठम्याउन सकिएन । हामी जासूस हौं भन्ने कुरा उनीहरुलाई लागेको रहेछ । तमाम यातना दिए हामीलाई पछि केही निष्कर्ष ननिक्लेपछि हामीलाई सिधको सैनिक छावनीमा पठाईदिए ।

एक छिन रोकियो सविनय । "चार महिना जति त्यहाँ रह्यौ हामी । छावनीमा हामी रेडक्रसको कार्यकर्ता भएको कुरा पुष्टि भैसकेकोले त्यति कठोर नियन्त्रण रहेको थिएन । युद्ध रोकिएपछि वापसी हुने आशा थियो, तर युद्ध रोकिने नै आशा नदेखिएपछि हामीहरुले एक दिन त्यहाँबाट भाग्न पायौं र सबैजना भाग्यौं । एक साथ भाग्न उचित नभएकोले हामी तितर वितर भएर भागेका थियौं । रातभरी भाग्यों को कता पऱ्यो थाह छैन । थकाईले निढाल परेर आराम गर्नलाई र दिन बिताउन कुनै सुरक्षित ठाउँको खोजीमा हिँड्दै जाँदा उज्यालो हुनु भन्दा केही पहिले एउटा गाउँको नजीक पुगें । गाउँको बाहिर चारदीवारीले घेरिएको एउटा बगैंचा देखें र दीवालबाट हामफालें थकाईले चूर भएकोले झोलाबाट एउटा च्यादर निकाली एउटा झाडीमा ओछ्याएँ र सुती हालें ।"

दिनको एक बजे आँखा खुल्यो । स्वाभाविक रुपले निद टुटेको थिएन । कसैले हपारेको हुनाले झस्केर आँखा खुलेको थियो । सामुन्ने गौरवर्ण र वलिष्ठ देखिने प्रौढ उभिएको थियो ।

"खबरदार उठ्ने कोशिश नगर्नु "प्रौढले सावधान गऱ्यो । म उठेर बसें तर हात माथि उठाई आत्मसमर्पणको भावमा उभिएँ ।

"को हौ तिमी र कहाँबाट आएको ?" प्रौढको प्रश्न थियो ।

"मैले आफ्नो कहानी संक्षिप्त रुपमा बताएँ । उसले विश्वास गर्ने नगर्ने दोसाँधमा रहेको जस्तो देखियो । एकछिन् बिचार गरेर उनले मलाई साथ हिँड्ने इशारा गऱ्यो । म उठेर उसको पछि पछि लागें । बगैचामा छेउपट्टी एउटा सुन्दर हवेली रहेछ । पछाडीको ढोकाबाट उनले मलाई भित्र लिएर गए । त्यहाँ एक पटक फेरी परिवारको सामुन्ने मेरो छानबीन गरे । मैले सत्य साँचो कुरा आद्योपान्त बताएं । उनले अनुकूल वातावरण भएपछि त्यहाँबाट जानु, नभएसम्म हवेलीमा गुप्त रुपले शरण लिएर बस्नु भने । मलाई अपरिचित देशमा वृद्धको स्नेह पाएको भगवानको वरदान जस्तो लाग्यो । वृद्ध भारतीय सेनाको भूतपूर्व जनरल सिधी रहेछन् । देश विभाजनपछि पाकिस्तानमा परेका रहेछन् । म गुप्त रुपले त्यहीँ बस्न लागें । यस बीचमा उनकी कन्या ..... ।

त्यति भनेर सविनय चुप लाग्यो र छेउमा बसेकी आफ्नी पत्नी तर्फ हेऱ्यो । गाउँलेहरुले पनि उनको मुखमा हेर्न लागे । उनी लाजले भुतुक्क भइन् । एउटा गाँउलेले कुरा अगाडी बढाउने उद्देश्यले भन्यो "कन्याले के गरिन त् ?"

"उनकी कन्याले ममा रुचि लिन लागिन् उनीसँग बिस्तारै बिस्तारै घनिष्ठता हुन लाग्यो । जलपान र भोजन पछिका मेरा कुराकानी धर्म र दर्शनमा चलीरहन्थे । बुढाले पनि बहुतै रुचि लिन्थे तर मेरा दार्शनिक कुराले बुढालाई शंकालु पारेको रहेछ । उनले सैनिकस्तरमा मेरा बारेमा भित्र भित्रै सोधपूछ गर्न लागेका रहेछन् । म शत्रु देशको सैनिक वा जासूस रहेछु अथवा त्यस्तो शंकासम्म परेछ भने मलाई सेनालाई सुम्पिने सम्मको सोचाई बुढाको रहेछ । बुढाले शंकावश कहीं सेनालाई सुपुर्दी गरी दिए भने ? मृत्युदण्ड बाहेक अरु कुनै विकल्प छैन ।

एक दिन म दोश्रो तलाको माथिल्लो कोठामा एक्लै थिएँ । बुढाकी पुत्रीले राती मसँग भेट गरिन् । आफ्नो बुवाको शंकालु स्वभाव र भविष्यको खतराको स्पष्ट चर्चा गरिन् । म त हतप्रभ भएँ । आजै राती भाग्छु भनें । उनले मेरो हात समातेर भ्यालबाट बाहिर हेर्न भनिन् । बाहिरको दृश्य देखेपछि म त हताशिएँ । बुढाका वफादार कद्दावर काबुली पठानहरु बडो सतर्कताका साथ पहरा दिइरहेका रहेछन् । बुढाले एकातिर मानवतावादी भएकोले निरपराधलाई कष्ट नहोस भनि शरण दिएको रहेछन् भने कट्टर राष्ट्रवादी हुनाले आफ्नो कर्तव्यलाई पनि बिर्सेका रहेनछन् ।

म त स्वर्गबाट झरेर खजूरको रुखमा टाँगिए जस्तो भएँ । उनलाई आफ्नो निर्दोषिताको कसरी विश्वास दिलाउने ? छाती चिरेर देखाउन नसकिने । तर उनले विश्वास गरिन् र मलाई जसरी भए पनि भगाउने काममा सहयोग गर्ने बचन दिइन् ।

प्राणरक्षा हुने किसिमको सहयोग पाउने आशामा मन यति कृतज्ञ भयो, यति प्रफुल्ल भयो कि सबथोक बिर्सियो । यिनी नमालुम कसरी म प्रति साह्रै नै आशक्त भैसकेकी रहीछन् । उनले बगाइन् म बगें । दुवै बग्यौं, बहुत टाढा गयौं ।

सविनय र उनको पत्नी दुवैको टाउको निहुरीदै गयो । कुनै ठूलो अपराध भए जस्तो । आत्मग्लानि पनि भयो ।

एकछिन रोकिएपछि सविनयले फेरी भन्यो " मलाई बीचमा भगाउने कइयों प्रयाश भए तर सफलता मिल्न सकेन फेरी पश्चिमी प्रान्त देखि भागेर पूरा पाकिस्तान यात्रा गरेर निर्बाध सीमा पार गर्ने कुरा बहुतै कठिन थियो । यसको लागि ठूलो तयारीको आवश्यकता थियो हामी आफ्नो तयारीमा थियौं त्यसै बेला एउटा घटना घट्यो ।

"हे भगवान अझै घटना ?" यशोदादेवीको मुखबाट निस्क्यो ।

"हजुर, घटना मात्र होइन दुर्घटना भयो । यिनी गर्भवती भैसकेकी रहेछिन्, अब त दोहरो समस्या । दुवैले आफ्नो मृत्यु मात्र देख्यो । अब के गर्ने ? बुढालाई भन्ने ? दुवैले सल्लाह गऱ्यौं ।

"यो ठीक काम थियो ।" कसैले कुरा थप्यो ।

"साँच्चै ठीकै भएछ । बुढो बहुत रिसाए ।पछि मातृबिहिन एक मात्र छोरीको इच्छाको सामुन्ने उनको आदर्श र क्रोध सब चकनाचूर भएर गए । उनले नै योजना बनाएर मलाई भित्रको शहर पठाई दिए । केही दिनपछि त्यहांबाट केही इष्ट मित्रहरुका साथ शहर बाहिर आएर बाजा गाजा बजाउँदै गाउँमा पुग्यौं । हाम्रो विवाह सम्पन्न भयो र म घर ज्वाईको रुपमा शहरबाट आएको कुरा प्रचार गरियो । यसै क्रममा काखको शिशुले अवतरण गऱ्यौं र अब जब यो पांच महिनाको भयो र दुई देशको बीचमा अहिले युद्ध विराम पनि छ , मेरा ससुराजीले हामी पति पत्नी पाकिस्तानी नागरिकलाई तीर्थ गर्न एक महिनाको लागि भारत पठाएका छन् । भारत आएपछि दिन रात एक गरी हामी सरासर आफ्नो देशमा आई हाले छौं ।" सविनयको वापसीको कथा सुनी रहेका गाउँलेहरुले उसले सहनु परेको कष्टको बारेमा जति दुखी भए त्यो भन्दा बढी खुशी ऊ जीवित फर्केर आएको भयो ।

(८)

टाढाको पहाडको चुचुरोलाई निर्निमेष दृष्टिले हेरेर आँगनमा कुर्सीमा बसी रहेकी सविताको सामुन्ने अकस्मात ठिंगरिङ्ग उभियो सविनय । सविनय ? हतप्रभ भइन् सविता । प्वप्न हो कि जस्तो लाग्यो । कुर्सीबाट जुरुक्क उठिन् र दायाँ बायाँ गरिन्,गर्दन चलाएर हेरिन् । विपना मै रहेछिन् । सविनय मुस्कुरायो तिनको हडबडाईबाट । हातको ब्याग नजीकै कुर्सीमा राख्दै अगाडी बढ्यो र सवितालाई आफ्नो वलिष्ठ भुजपाशमा बाँधीहाल्यो । सविता एकैक्षण कसमसाइन तर नदीनालाहरु उत्साहित भएर बगेर महासमुद्रमा समर्पित हुने गरे जस्तै उनी पनि समर्पित भइन् उसको हृदयमा, उसको शरीरमा लहरा लपेटिए झैं लपेटिदै गइन् । बिर्सिन् आफूलाई, यो संसार, सुख दुःख, स्वर्ग ,नर्क, धर्म, पाप सबै देखि टाढा, दूर बहुत दूर अन्तरिक्ष भन्दा पनि नमालुम कता कता ? कहाँ पुगिन् थाह छैन । उनको निजी अस्तित्वनै लोप भएर सविनयको व्यक्तित्वमा एकाकार भैसकेको थियो, उनको प्राणमा लीन भैसकेको थियो ।

निकैबेर पछि दुवैलाई होश आयो । सविताले सविनयको हात आफ्नो आलिंगनबाट बडो सुस्तरी पर हटाइन् । दुवै आम्ने सामुने भए, दुवैले हेरे एक अर्कालाई । सुख, वेदना, विडम्बना, असहाय अवस्था सबै भाव दुवैको अनुहारमा झल्कदै गयो । दुवै चुप थिए । तमाम भाव जब एकैचोटी दुवै तिरबाट उठ्दछन् तब वाणी नै बन्द भैहाल्छ, त्यसको सट्टा

सबै काम आँखाले गर्छन् । हृदयको धड्कनले मुखले नभनेको कुरा पनि आफै बुझ्न लाग्दछ ।

"कहाँ हराएथ्यो विन्नू !" सविताले नै कुरा निकाल्दै भनिन् "म त यो तीन वर्षमा बर्वाद भएँ तबाह भएँ । अगेनामा अब न त आगो नै छ न त फिलिंगा नै ।"

"हाम्रो दुवैको दुर्भाग्यले हामी अलग पर्न गएथ्यों सवि ।" भन्यो सविनयले र आफ्नो आद्योपान्त कथा सुनाउन थाल्यो । उसले कथा सुनाउँदै जान्थ्यो सविता बीच बीचमा रुन लाग्थिन । उसले बडो मुश्किल मुश्किलले घटना बताउन सक्यो ।

"मेरो ब्यथा सुन्छौं विन्नू ," सोधिन् सविताले । तर तत्कालै भनिन् "होइन, होइन तिमी न सुन, तिमी बहुत भावुक छौ मेरो कथा सुन्नै सक्दैनौ ।

मधुर मुस्कान आयो सविनयको ओंठमा । " म घरबाट आउँदै छु सवि ।मलाई सब थाह छ ।" तर अब कुन बाटो अपनाउनु पर्ने हो ? मेरो बुद्धिले काम गर्दैन । मैले चाहँदैनचाहेर प्राण बचाउने लोभमा ताराको इच्छा अनुसार उनीसँग सम्बन्ध बनाउनु पऱ्यो परिणाममा छोरा र विवाह दुवै भयो । उनी मेरो घरमा छिन् उनलाई पत्नीको दर्जा प्राप्त भयो तर उनी प्रेयसी होइनिन् । तिम्रो पनि नचाहेर विवाह भयो तर सम्भवतः दुवैको सम्बन्ध त्यति राम्रो नभए पनि पति पत्नी त छौं ।"

"सम्भवतः सम्बन्ध त्यति राम्रो छैन भन्यो विन्नू । यो तिम्रो शब्द हो ? सम्बन्ध न थियो न भयो न त छ नै र हुने पनि छैन । सविताले गम्भीर मुद्रामा भनिन् । तिम्रो सविता ..... बोल्दा बोल्दै रुकिन् सविता ।

भन न प्रिय, किन अडकेउ ?" सविनयले उत्साहित गऱ्यो । सविताको नशीला आँखाको पलक टप्प खुल्यो र ज्योति पस्यो सविनयको आँखामा । त्यो ज्योतीले उनलाई झन् भुतुक्क पाऱ्यो उनी सविनयको काखमा ढलिन् र अड्कदै, लजाउँदै भनिन "तिम्रो सवि अहिले पनि तिम्रै सतीत्वमा बसेकी छे ।"

सविनय दंग पऱ्यो डेढ वर्षको दाम्पत्य जीवनमा यस्तो पवित्रता कसरी कायम रह्यो त सवि ।"

यो भगवानको खेला रहेछ, विन्नू । अब समझमा आयो । नत्र भने राहुल एउटा पुरुषलाई सधैं मसँग टाढा भएर बस्नुमा अरु के रहस्य हुन सक्दछ ? म पनि यस्तो तनावग्रस्त सम्बन्ध देखि मुक्ति पाउनलाई त हो नि, यति टाढा यहाँ दुर्गममा छु, तिम्रो नामको माला जप्दै अनजान लोभले प्राण धानेकी थिएँ । अब तिमी आयो, आफ्नो नासो,

तिम्रो नासो, तिमी जाने, म अब सक्दैन भन्दै सविता सविनयको काखमा छटपटिदै रुन थालिन् ।

"यो राहुलले, कुन आकर्षणले विवाह गऱ्यो होला " सविनयले शंका गरेर सोध्यो ।

"यहीँ त आश्चर्य छ । उसले अति आवश्यक कुरा बाहेक अरु कुरा नै गर्दैन ।"

"त्यसो भए उसले छोडपत्र गर्नमा कुनै बाधा छैन ?"

"छोडपत्र गराए पनि नगराए पनि के फरक पर्छ र ? देखावटी विवाहको ।" सविताले उपेक्षित भावले भनिन् ।

"बहुत फरक पर्छ सवि । समाजमा भएको विवाह हो ।" सविनयले दूर दृष्टि पुऱ्याउँदै भन्यो । सर्वप्रथम त राहुलको उद्देश्यनै प्रकट भएको छैन अहिलेसम्म । त्यसो हुनाले यो झन् अप्ठ्यारो कुरा हो । अर्काको लक्ष्य थाह पाए पछि त्यसमा आफ्नो बाटो बनाउन सजिलो हुन्छ तर विपक्षको लक्ष्यनै अज्ञात छ भने यो त बहुत कठिन कुरा हो । दोश्रो कुरा पहाड तिर अझै जार काट्ने भावनाले रुढिवादीहरुको बीचमा मान्यता पाएको छ । तेश्रो कुरा केही न भए पनि भोली हाम्रा सन्तान होलान् । उनी कानूनी सन्तान राहुलका ठहरिन्छन् । तिम्रो द्वैध स्थितिमा धेरै अप्ठ्यारोपन खडा गर्न सक्दछ । त्यसैले निष्कंटक जीवन बिताउनलाई तिमीले एक पटक साहस देखाउनै पर्दछ । छोडपत्र लिनै पर्दछ । आमाको सहयोग हुननै छ ।

"तिमीले ठिक भन्यो विन्नू । अँ यहाँ नि, सवितालाइ अर्को कुरा सम्झना भयो । "हामी आफ्नो गाउँघर देखि बहुतै टाढा छौं, गाउँले समाज छ सबै तिर ध्यान दिनु पर्दछ । त्यस उसले .....भन्दा भन्दै बीचैमा रोकिइन् सविता । लाज माने जस्तो भयो । त्यसपछि सविनयको छातीमा मुख गाड्दै अगाडी भनिन् । "हामी पति पत्नी हौ हैं ।"

(९)

मधुयामिनी रात बित्यो, दिन बिते महीना बित्न लाग्यो सविनय र सविता । प्रकृतिका दुईपक्ष रात र दिन जस्ता । जहाँ सविता त्यहाँ सविनय सवितालाई राहुको दशा, यो त प्रकृतिजन्यनै हो । एक छिन्को लागि वर्षेनी उसलाई आक्रान्त गरेर जाने गर्दछ तर, प्रखरता र प्रचण्डताले युक्त विचित्रको विनयशीलता सविताको सास्वतत गुण भएकोले त्यस संग त उनी एक क्षण, एक पल एक निमिष पनि अलग्गिन सक्दै सक्दैनिन् । सविनयले पहाडी क्षेत्रमा उद्योगको रुपमा स्थापना हुन सक्ने रोजिन एण्ड टर्पेन्टाइन फैक्ट्री खडा गर्ने विचार गऱ्यो । पत्नी डाक्टर पति उद्योगपति । कच्चापदार्थ सजिलै प्राप्त हुने, उत्पादित माललाई बजारसम्म पुऱ्याउन यातायातको सुविधा भएको ठाउँमा फैक्ट्री

लगाउन दुवैको सल्लाहलाई सम्भाव्यता अध्ययन हुन थाल्यो । यसै बीचमा बालरोग विशेषज्ञको एक वर्षे कोर्स गर्न सविताको नाम आयो ।

नेपाली वातावरणको बालबालिका सम्बन्धी अध्ययन, लाग्ने गरेका रोग, जन्मदर, मृत्युदर आदि प्रारम्भिक समस्याको जानकारी बारेमा काठमाण्डौंमा एक महिनाको सेमिनार र दिल्लीमा एक वर्षको कोर्स गर्न सविता हिँडिन् । सविनय पनि फैक्ट्रीको लागि लाइसेन्स आदि लिन काठमाण्डू जानु पर्ने भयो । तसर्थ उ पनि हिँड्यो तर सविताले सौतासँग भेटघाटको उत्कंठा र यशोदादेवीको वात्सल्यता प्राप्त गर्ने भनि सविनयको साथ उसको गाउँ गइन् । गाउँमा दुवैको राम्रो स्वागत भयो । यशोदादेवीले यो स्थिति आई सकेको कल्पनागरी सकेकी थिइन्, ताराले पनि पतिको अत्यधिक अनुराग सवितामा रहेको कुरा थाह पाई सकेकीले परिस्थितिसँग सम्झौतागर्ने कोशिस गर्दै सवितालाई दिदी भनेर सम्मान दिन थालेकी थिइन् । बिग्री सकेका सबै परिस्थितिमा सुधारको आशा देखिए । अझ राहुल र सविताको बीचमा भएको कुराकानीले झन बढी आशाको संकेत गऱ्यो ।

“सविनय जीवित छन् ? तिमी होशमा छ्यौ सविता ?” आश्चर्य मान्दै सोधेथ्यो राहुलले ।

“सविता बिहानै राहुलको डेरामा पुगेकी थिइन् । त्यहाँ सासुको उपस्थिति रहेछ । सासु बुहारीका बीच ढोग आशीष, भलाकुशाली भएको थियो राम्रो तरिकाले । राहुल त्यसबेला बाथरुममा थियो । नुहाई धुवाई गरेर जब ऊ बेडरुममा पस्यो सवितालाई देख्यो । ऊ आश्चर्य चकित भयो, तत्काल दुःख र निराशाका बादलले अनुहारलाई कालान्त बनाई दिए । धेरै महिनापछि छोरा र बुहारी आमुन्ने सामुन्ने परेको हुनाले सासुले त्यहाँ बसी रहन मुनासिब न सम्झी कोठाबाट बाहिर निस्किन् । ग्रामीण बृद्ध महिलालाई नयाँ युगका भावना, चाहना र घटना बारे के थाह । चाडै नानी आओस् भनेर भगवानसँग प्रार्थनागर्ने बाहेक उनको अरु के इच्छा ?

एक छिन त दुवै बोल्नै सकेनन् सवितालाई पछिल्लो पटकको बिछोडको स्मृति ताजा भयो । लन्दनबाट हतारिएर फर्काएर ल्याएथ्यो राहुलले । काठमाण्डू आई पुग्ना साथ उनलाई डेरामा रखेर आफूले बडो जरुरी काम छ भनि तत्कालै बाहिर निस्केको थियो र एकै चोटी राती फोन गरेर अस्पतालमा सीरियस केश हेर्दैछु डेरामा आउन सक्दैन भनि जानकारी गराई दिएको थियो । सविताको अहमलाई यो ठूलो चोट थियो । उनी खूब रोएथिइन् राती । विहानै एउटा सानो स्लिपमा म घर हिँडे भनि लेखेर डेरा छोडी दिएथिइन् । त्यसपछिको यही भेट थियो उनको । त्यसैले कसले कुरा शुरु गरोस् भन्ने एकछिन अप्ठ्यारो त पऱ्यो अन्तमा सविताले नै “तपाईंसँग साह्रै जरुरी काम परेर आएको भनिन् ।”

"त्यो त तिमीलाई देखेर नै थाह पाएँ ।" राहुलले भन्यो ।

"मलाई अब आफ्नो बन्धनदेखि मुक्त गरेर एउटा पुण्य कमाई हाल्नुस "सविताको स्वरमा याचना थियो ।

"के तिमी मेरो बन्धनमा छ्यौ र ? मैले त मान्दैन" राहुल हाँस्यो ।

"ठट्टा गरेको होइन मैले । साँच्चै मेरो बिन्ती छ । हामीहरुको वैवाहिक बन्धन अप्रत्याशित रहेछ । त्यसैले त यो विवाहबाट न तपाईंलाई केही मिल्यो न मलाई । भगवानले मेरो र विन्नूको परीक्षा लिएको रहेछ ।"

"परीक्षा फल कस्तो भयो त ?"

"हामी दुवै पास भए जस्तो लाग्छ । अंक पत्र तपाईंले दि दिने हो भने ।"

"हामी दुवैको ?" राहुलले आश्चर्य मान्दै भन्यो । "तिम्रो तात्पर्य के हो ?"

"विन्नू जीवित छन् राहुल, अहिले हामीसँगै छौ ।" भनेथिइन् सविताले ।

राहुल बहुतै अचम्भित भयो र जब सविताले सबै कथा बेलि विस्तार सुनाइन तब ऊ एकदम गम्भीर हुन गयो । सम्भवतः दुवैको सौभाग्य प्रति पहिलो पटक इर्ष्या जाग्यो र ऊ चुप लाग्यो ।

"तिम्रो सामान इत्यादि कहाँ छ ?" राहुलले कुरा घुमायो ।

"कान्छा बुवा कहाँ बसेकी छु । अहिले सेमिनारमा आएकी हूँ ।"

"पत्नी मेरी रखैल अर्कै को ?, यस कुराबाट तिम्रो स्वतन्त्रता सिद्ध हुँदैन र ?"

"हाम्रो बनावटी सम्बन्धमा पनि समाज ग्यारेन्टी बसेको हुनाले हामी टाढा-टाढा रहँदैमा मात्र त सम्बन्ध टुटेको कुरा समाजले स्वीकार गर्दैन नि ।"

राहुल चुप रह्यो । "के भन्नु हुन्छ त ?", एकछिन पछि सविताले प्रश्न गरिन् ।"

"आफ्नो सेमिनार र तालीम पूरा गर, यो गम्भीर प्रश्न भएकोले म पनि विचार गरेर समुचित उत्तर दिनेछु ।" राहुलले आश्वासन दियो ।

सविता उठेर हिँडिन् । राहुल केही बोल्न सकेन हेरी रह्यो मात्र एउटा लामो निश्वास छोड्यो यस्तो लाग्यो मानौं ढुंगाले पनि साँस फेर्दो रहेछ ।

(१०)

“तालिम अवधिमा दिल्लीमा नै सविताले छोरी पाएकी छिन् । यो हल्ला राहुलको आमा बावुको कानमा पनि पऱ्यो । तर कन्याको जन्म कर्म सबै भ्याएर उनी फेरी उतैबाट डोटी गइन् र यो हल्ला पनि बुढाबुढीले सुनेपछि साह्रै नरमाइलो लाग्यो । नातिनीलाई काखमा लिएर यो भन्ने त्यो भन्ने यस्तो खेल्ने उस्तो खाने सबै सपनाका कुरा हुने हुन कि ? बुढाबुढीले राहुललाई हपारे । बुहारीको यतै पोस्टिङ्ग गराउन भने, तर राहुलले सोझा आमाबावुलाई रागपट्टी पढाई दियो । बुढाबुढी कहाँ मान्ने वाला थिए एक दिन दुवैले सल्लाह गरेछन् । बुहारी हो अलि दिन गएर उसैसँग बस्नु पऱ्यो । बुहारीलाई पनि बालकबाट सुविधा हुने हामीलाई आनन्द मिल्ने राहुललाई नभनेर दुवै हिँडे्छन् । राहुलले जब यो कुरा सुन्यो तब उसको होसले काम गरेन । बुढाबुढी आमा बाबु । एउटै छोरा राहुल । तर दुर्भाग्य यस्तो कि बुढाबुढीले छोराको मात्र सुख पाए तर बुहारी र नाती नातिनाको सुख उनीहरुले प्राप्त गर्न सकी रहेका छैनन् । राहुलले यो सुख यो जन्ममा स्वपन हो भन्न पनि सकिरहेको छैन । सवितासँग छोडपत्र गर्न पनि यसैले गर्दा त अप्ठ्यारो छ । आमा बावुलाई के जवाफ दिने ?

उनीहरुले बुढेसकालमा भोग्न चाहेको सुख भोग्न सक्छन् भने भोगुन् । मैले सहायोग अथवा बाधा कसैलाई किन गर्ने ? उसले महावेगवती नदीको प्रवाहमा असहाय बगेजस्तो समयको आगोसमा आफूलाई छोडी दियो । जे हुन्छ जस्तो सुकै हुन्छ, केही सहयोग र बिरोध नगर्ने । आत्मिक, तटस्थता । यही त राहुको जीवन हो अपयशी जीवनमा पूजित छ तर निन्दित र अवहेलिन पनि त छ ।

अध्याय ५

(१)

कम्पनीको व्यवस्थापन पक्षको द्रुत गतिमा काम भयो र एक वर्षमै रोजिन एण्ड टर्पेनटाइन फैक्ट्री तयार भएर उभिएको थियो । फैक्ट्री निर्माण कालमा सविनयले बहुतै दौड धूप गर्नु पर्‍यो । काठमाण्डू, डोटी, आफ्नो गाउँ र दिल्ली । यी चार ठाउँको परिक्रमामा एक वर्ष बितेको थियो । सविताको कोर्स पूरा गराएर डिउटीमा पठाउने तर्खर मात्र के भएको थियो उसले पनि प्राविधिक ज्ञानको लागि छ महिना मिजोरम जानु परेको थियो किनकी फैक्ट्रीको चीफ भोली उ नै हुनुपर्ने थियो । मिजोरममा बस्दा दुईमहिना त पत्र व्यवहारबाट मन बुझाउने काम भएको थियो तर त्यसपछि अचानक सविताको पत्र बन्द भयो । उसले टेलीग्राम पठायो । नेपाल आएर वायरलेस गर्‍यो । घर पत्र लेख्यो तर सविताको उत्तर पत्र जाँदै गएन ।

घरबाट आमाले सविताको माइतीबाट पाएको खबर दिँदै सविता र छोरी सन्चै रहेको कुरा पत्रद्वारा अवगत गराएकी थिइन् भने फैक्ट्रीका सञ्चालक मित्रले डाक्टर सविता सन्चै रहेको कुरा लेखेको थियो । त्यसपछि सविनयले सवितालाई फैक्ट्री मार्फत चिट्ठी पठाएको थियो र चिट्ठी सवितालाई प्राप्त भएको जानकारी पनि फैक्ट्रीले गराई सकेको थियो तर सविताको मौन टुटेको थिएन । त्यसैले आफ्नो तालीम सकेर काठमाण्डौ आई पुगेका सविनय काठमाण्डौबाट प्लेनमा उड्दा प्लेन बहुतै ढीलो हिँडेको महसूस गरी रहेको थियो । प्लेनको सीटमा उकुस मुकुस गरी रहेको असामान्य अवस्थामा देखेपछि एयर होस्टेसले केही सेवा गरौं कि ?" भनेर सोध्न पुगेकी थिई ।

"नो, थैंक्स ।" संक्षिप्त उत्तर थियो सविनयको । एक छिनपछि ऊ फेरी आफ्नो सीटमा चलमलाउन लाग्यो । एक पटक त सीटबाट जुरुक्क उठेर अगाडी मोटर बसमा कतिको बाटो बाँकी रहेछ भनि हेरे जस्तो अगाडी हेर्ने पनि कोशिश गर्‍यो तर त्यहाँ थियो शून्यता मात्र ।

एयरपोर्टबाट ऊ सदरमुकाम कसरी पुग्यो उसलाई थाह छैन । करीब ८ महिना भैसकेको थियो उसले सवितालाई नदेखेको न भेटेको । उसले भरियालाई आफ्नो सामान ल्याई दिन अह्राएर आफु खुल्ला हात दौडदै लड्दै पड्दै हिँडेको थियो । घडीमा हेर्‍यो सविताको अस्पताल पुग्ने बेला हुन लागेकोले उसले फैक्ट्रीको बाटो छोडेर सोझै माथि

अस्पताल तिर उक्लन थाल्यो । उसको अनुमान सही रहेछ । सविता क्वार्टरबाट अस्पतालतर्फ उक्लदै रहेछिन् । उसले हस्यांग फस्यांग गर्दै उनलाई भेट्टाई हाल्यो । उनलाई देखेर ऊ लट्ठियो हर्षले आँखाबाट झर्र प्रेम आश्रु झरे र अकस्मात सवितालाई अंकमाल गर्न पुग्यो ।

सविताले पनि देखिन् सविनय आएको । तर, उनलाई अंकमाल गर्न खोज्दा "के बहुलाएका छौ विन्नू ?" भन्दै अलिपछि सरिन् र गोरेटोबाट अलि छेउ लाग्दै आफ्नो अंग बचाए जस्तो गर्दै सरासर हिँडिन् । सविनयले केही बुझ्न सकेन । उसले झमटेर उनको हात समाती हाल्यो र के भयो तिमीलाई हँ ?" म आई पुगें, यसरी किन तर्केर हिड्यौ ? भनि ताबडतोड प्रश्न गर्न थाल्यो । सविताले हात झडकेर आफ्नो हात छुटाउँदै "म सँग कुरा नगर भनेर हिडी हालिन् ।"

सविनय एक छिन् त किंकर्तव्य मूढ भयो तर तत्काल उसलाई होश आयो । उसको सवि, उसको प्राण नै शरीरबाट निस्केर उड्न लागेको रहेछ, तत्काल समात्नु पर्ने भयो भनेर दौड्यो ऊ पछि-पछि "सवि तिमी किन रिसाएकी ? मेरा चिट्ठी तिमीलाई मिलेनन् कि ? मैले नलेखेको कहाँ हो र , तिम्रो चिट्ठी पो पाइन । के अपराध भयो मबाट सवि ।" भन्दै आँखाबाट झर झर आँसु झार्दै हिँड्यो उनीसँगै ।

तर सविताले वास्ता गरे जस्तो लागेन । दुःख विषादको कुनै चिन्ह थिएन । उनको अनुहार सामान्य सुन्दर चेहरा । एकै क्षण अडिएर भनिन् ।

"तपाई अब मेरो पछि न लाग्नुस् ?"

"किन सवि ? के भयो ? तपाईं रे ? यो शब्द कहाँबाट आयो ?

"केही भएको होइन । तर, तपाइको र मेरो बाटो अलग अलग छ ।"

सविताको मुखबाट यस्ता कुरा ? असम्भव शब्द ? कसरी निस्की रहेछन् ? उसलाई बडो दुःख लाग्यो । मुटु चिरियो ।

"केही अपराध गरे मैले ? क्षमा गरी देउ सवि ।" उसले आफ्नो मुख हातले छोपेर रुन थाल्यो ।

उनी बोल्दै बोलिनन् हिँडी हालिन् । अस्पताल नजीक आई पुगेकोले ऊ त्यहीँ एउटा ढुंगामा बसेर खूब रोयो । भए भरका आँसू सिद्धिए जस्तो लाग्यो अनि उठ्यो त्याहँबाट जिउँदो लाश झैं जेनतेन घिस्रिँदै फैक्ट्रीको गेटसम्म पुग्यो तर अगाडी बढ्ने जाँगर लागेन । टाउकाका नशाहरु तनक्क तन्किए मुख रातो भयो र भ्वाँ भ्वाँ स्वास छोड्यो । द्वारको

गेटमैनले पागल जस्तो सुदर्शन युवक देखेर परिचय सोध्न अगाडी मात्र के बढेको थियो सविनयको खुट्टाले उसको भारी थाम्न इनकार गरीदिएकोले ऊ त्यहीँ पछ्रारियो । बेहोस भयो ।

फैक्ट्री भरखर नयाँ खुलेकोले लेवर र गेट मैनहरुले सविनयलाई चिन्ने कुरै भएन । गेटमा एउटा नवजवान बेहोस भएको भन्ने हल्ला भित्र पुगेपछि इन्जिनियर नारायण बाहिर आएर हेर्दा त सविनय रहेछन् । फैक्ट्रीको मालिक ।उसले तत्काल सविनयलाई उठाएर भित्र लैजाने प्रबन्ध मिलायो । उता हतपत डाक्टरलाई लिन पठाएर आफू प्राथमिक उपचारमा जुट्यो र मुखमा पानी छ्याप्ने, मुखमा पानी हाल्ने जस्ता काम हुन थाले ।

सविता आइन् र सविनयको खटियाको छेउमा उभिएर एकपटक सर्रर सम्पूर्ण शरीरमाथि आँखा दौडाइन् । उनको आगमन उभ्याई र आँखा दौडाईमा मुश्किलले २/४ सेकेन्ड लाग्यो होला । कुनै दैवी शक्तिको चमत्कार जस्तै सविनय होसमा आई हाल्यो । सविता रहेछिन् सामुन्ने ।"अँधोले के खोजिस, आँखा ।" भनेझै भयो उसकालागि । मुख मण्डल तेजले दम्क्यो र जुरुक्क खटियाबाट उठ्दै सविताको हात समात्दै यो के भयो सवि ? भनेर रुन लाग्यो ?

सविताले केही खास छैन भनिन् र आफ्नो हात छुटाई फैक्ट्रीको मानिसले बोकी राखेको ब्रफिकेश मागेर खोलिन् र एउटा सुई निकालेर लगाउन खोजिन् । सविनयले मलाई कुनै रोग लागेको छैन भनेर सुई लगाउन प्रतिकार गर्न लाग्यो तर नारायणले समझाई बुझाई गरेर सविताले पनि एउटा सुई लगाई हाल्नोस न भनेर पाखुरा समातिन् र बिस्तारै पल्टाइन् । ऊ चुप लाग्यो । इन्जेक्शन लगाइयो । त्यसको प्रभावले ऊ लट्ठियो नशा, तेज नशा लाग्यो आकाशमा उडे जस्तै लाग्यो दायाँ बायाँ हेर्न चाह्यो आँखा खोल्न असजिलो भयो, तर सविको सम्झना हराएन । सविता तर्फ फेरी हात बढायो ,तर उनको हात समात्न सक्ने भएन । लगभग दुइ मिनटको उपचार । सविनय खटियामा लट्ठिएको थियो । बिहानदेखि पानी पनि नखाएको सविनय सवि सवि भनि यता बोलाई रहेको थियो भने उता बैठक कोठामा जापानी नेशनल पाना सोनिक ट्रान्जिस्टरमा आईरहेको भ्याउरे गीतको बीच बीचमा सविताको फुसफुसाहट र यदाकदा अट्टहास गुञ्जित भैरहेको थियो ।

सविनयले येनकेन प्राकारेण कार्यभार सहाल्नै पऱ्यो । नारायणले हाजिरी रजिष्टर सामुन्ने राखेर सबै कर्मचारीहरुसँग परिचय गराउदै गए । परिचय समाप्त भएपछि उसले एक नजर फैक्ट्रीलाई हेऱ्यो र सुटुक्क अस्पताल तिर बढ्यो । सविता भर्खरै आफ्नो रुममा पुगेकी रहेछिन् । उनलाई देखेर बहुत खुशी भएर सवि सवि भन्दै उनको नजिक कुर्सीमा बस्यो र सवि तिम्रो यस्तो व्यवहार किन भयो भनेर सोध्यो ? उनले कुनै उत्तर नदिएर बाहिर बसेका रोगीहरुलाई बोलाउँदै जाँच्दै पठाउन लागिन् । ऊ त्यहाँ घण्टौं बसी रह्यो ।

उनी आफ्नो काममा लागि रहिन् । अंतमा“म दिउँसो क्वार्टरमा आउं त ?”, भनेर सोध्यो सविनयले ।

“पर्दैन । पर्दैन ।” सविता झर्किन ।

“किन सवि ? म आफ्नो पत्नी र छोरीसँग भेट्न नपाउने ?”

“तपाईं चुप लाग्नुस, कचकच नगर्नुस ।” रिसाएर भनिन् सविताले ।

बडो क्लान्त भएर सविनय त्यहाँबाट उठ्यो । रोगीहरुको सामुन्ने कुरा गर्ने मौका मिलेन । दिउँसो ऊ सविताको क्वार्टरमा गयो । बैठक कोठामा छोरी एक्लै बसेर खेली रहेकी थिइ । सविनयले ल्याएको छोरीका लुगा लत्ता खेलौनाका प्याकेटहरु त्यहीँ टेबुलमा राख्दै छोरीलाई उठाएर च्याप्प काखमा लिएर बादरले बच्चा टाँसे झैं गरेर टाँस्यो र तडातड चुम्बन गर्न थाल्यो । छोरी विनीताका शरीरले पनि बाबुको शारीरिक स्पर्शको अज्ञात अनुभूतिवश ऊसँग च्याप्प टाँसिइ । ऊ छोरीलाई लिएर सोझै बेडरुम तर्फ बढ्यो । सविताले आलमारीमा कुनै पुस्तक खोज्न लागेकी थिइन् । सविनय हर्ष र विषादको सम्मिश्रण बोकेर अगाडि बढेर उनको कन्धामा हात राखेर च्याप्प आफूसँग टाँस्यो ।

सविता पहिले त अनकनाइन तर तत्क्षण सचेत हुँदै “यो के पागलपन हो ? भन्दै उसलाई पर धकेलिन् र आफू उछिट्टिए बाहिर आंगनमा गएर उभिन् ।

सविनय पछि पछि बैठक कोठामा आएर उभिएको थियो । त्यहाँबाट एक दुई पटक सवि भित्र आऊ, भित्र आऊ न सवि भनेर बोलाउन मात्र के पाएथ्यो सविताकी सासु, ससुरा छिमेकबाट आउन लागेको देखा पऱ्यो अनि उनी सबैको साथै भित्रै आइन् र बडो चाखले सविनयको परिचय गराउँदै वहाँ मेरा सहपाठी अहिले यहां फैक्ट्रीको मालिक भएर आउनु भएको छ । पहिले म वहाँ कै संरक्षणमा थिएँ भनेर परिचय गराइन् । बुढा बुढी बहुतै खुशी भए सामान्य भलाकुशालीको कुरा भयो सविनयले आफ्नो कुरा भन्ने मौकै पाउन ।

(२)

लैम्पको उज्यालोमा नवयुवक इन्जिनियर नारायण बडो बेशब्रीका साथ कसैको प्रतीक्षामा मिनट मिनटको अन्तरमा घडी हेर्दै थियो तर समय थियो कि कट्दै नकट्ने । यो ब्याकुलतामा उसले टेबमा राखेको गिलासको मद्य छीटो छीटो तानी रहेको थियो । फुत्त फुत्त चुरोट मुखमा राख्ने र निकालने काम गरी रहेकोले उसको ब्याकुलता सजिलै थाह पाइन्थ्यो । बडो मुश्किलले प्रतीक्षाको घडी समाप्त भयो र सविताले सानो हैण्ड ब्याग लिएर कोठामा प्रवेश गरिन् । उनलाई देख्ने बित्तिकै नारायणले झम्टेर उनलाई दुवै हातमा

बच्चा झैं उठायो र तडातड विभिन्न अंगमा चुम्बन गर्न थाल्यो । सविता पखन पख भन्दै रहिन् उसले उनलाई खटियामा पछारी हाल्यो ।

"आज तिमी आउन्नेउ जस्तो लागेथ्यो मलाई ।" उनका विभिन्न अंगहरु स्पर्श गर्दै भन्यो नारायणले ।

"तिम्रो बिरामीको खबरमा डाक्टर नआओस् ?" कटाक्ष गरिन् सविताले ।

"तिम्रो ठूलो रोगी आई पुगेको छ नि ? दस मीटर फरक ऊ आफ्नो क्वार्टरमा सुती रहेछ त ?" नारायणले ब्यंग्य गऱ्यो ।

"छिः कस्तो नचाहिँदो कुरा गर्नु हुन्छ ।" सविता रिसाइन् ।

"किन तिम्रो पूर्व प्रेमी हो रे नि ?"

"मेरो प्रेमी होइन श्रीमान् ।" सविताले स्पष्ट गर्न खोजिन् । म उसको प्रेयसी थिएँ र अहिले पनि त छु नि ।

"नारायणको दुवै हात ब्यस्त हुन थालेको देखेर सविताले भनिन् "आज कुरा सफा गरौं मलाई कहिले वरण गर्नु हुन्छ ?"

"यो वरण होइन ?"

"होइन ।" हेर्नुस् भावुक र कल्पनावादी व्यक्तिसँग मलाई घृणा छ । म राहुलको दासताबाट मुक्ति दिलाउने साहसी पुरुष भनेर तपाईंलाई प्रेम गरेकी हुँ ।"

"म साहसी छु र ?" हाँस्यो नारायण ।

"साहसी नभए त .... ।" सविता चुप लागिन् ।

"के त ?" नारायणले कुरा खोतल्यो ।

"प्रथम पटक जब बिरामीको स्वाँग गरेर बोलाउनु भएको थियो ।" सविताले स्मरण गराउँदै भनिन् । "यहि कोठामा त हो ? नोकर कारिन्दाहरुलाई धपाउनु भयो, सबै वलतिर पल्तिर नजीकै त थिए तर मेरो साथमा बलजफती गर्न सफल हुनु भयो ।" सविताको मुख लाजले रातो भयो ।

"मेरो साहसले मात्र सम्भव थिएन सविता ।" नारायणले स्पष्ट पाऱ्यो । "मैले हात समातेर तानेको मात्र थिएं । तिमी त खटियामा चित । नारीको इच्छा र चाहना बिना त्यस्तो दुर्लभ घटना घट्छ ?"

"जे होस् । मैले त साहसी ठहराएकी छु । अब समय बताउनुस् ।"
"अब एक पटक काठमाण्डौ गएर फर्केपछि । सम्भवत २/३ महिना मात्र ।" नारायणले आश्वासन दियो ।

"प्लीज सवि मलाई कतै कुरा गर्ने मौका त देउ । म त तिमीसँग अब कुरा पनि गर्न नपाउने भएको छु ।" आज सविनयले त्यही गोरेटोमा उकालोमासविताको खुट्टा समाती हाल्यो । उसका अश्रुधाराले खुट्टा पखालिए ।

"सविताले यताउती हेरिन् सविनयले छोड्ला जस्तो मानिनन् । के गर्ने होला ? एक छिन विचार गरेर उनले आठ बजे मन्दिरको सीढीमा भेट्नु भनेर छीटो छीटो अस्पतालतिर लागिन् । सविनयलाई पूरा दिन पहाड झैं लाग्यो । ऊ साँझ नै मन्दिर पुगी हाल्यो ।

सात बज्यो र आठ पनि बज्यो । बनारसका एक एक क्षणको यादले सतायो उसलाई । यस्तै त भेट्थ्यौं हामी । तर, भनेको समयमा एक मिनट पनि फरक नपर्ने । आज के भयो ? आउँनिन क्याहो ? आउँछिन् । पक्कै आउँछिन उनी त मेरी आत्मा, मेरी प्राण, मेरी देवी हुन् । म सँग झुट्ठा किन बोल्छिन् । नौ बज्यो दस बज्यो मन्दिरका पट बन्द भए, तर ऊ त्यहीँ छ । केही भयो होला ? कोही गम्भीर बिरामी आयो होला । अथवा छोरी निदाइनन् होली । उनलाई पनि त यस्तै छटपटी होला । फुरसत पाउना साथ त आई हाल्छिन् नि । कति बेला फुरसत पाउने होलिन् ?"

अब त जाडो हुन लाग्यो कस्तो चीसो छ ? कुक्करुक्क परेर बस्दा पनि हावाले मुटु छेडी रहेछ । फर्कौं डेरमा ? नाई, नफर्कौं । उनी आएर त्यतिकै फर्कनु पऱ्यो भने ? यो प्रेम हो, यसमा त्याग नै प्रथम शर्त हुन्छ ।

रात बित्न पो लाग्यो ? अब जाडोले मार्‌यो । क्वार्टरमा फर्कनु पऱ्यो । राती खाना पनि त खाए छैन । होइन, कसरी फर्कने ? ऊ झसंग भयो आठ बजे साँझलाई हो कि बिहानलाई हो ? सोध्नै बिर्सिएछ । अब म बिहानी पख भागेर क्वार्टरमा जाने हो र उनले बिहान आठ बजे बोलाएकोरहेछ भने ? गएर फेरी आउने ? होइन, जाँदै नजाने ।

उज्यालो भयो सात बज्यो, आठ पनि बज्यो नौ बजेतिर मन्दिर उकल्न लागेको देखा परिन् सविता । ऊ हर्षले गदगद भयो । झम्ट्यो तल तिर । उनको फूल समातेको हात समाई हाल्न भनि अघि हात सार्दै । "ओह सवि बडो कृपा गरेर आयौ म रातभरी

यहीँ छु," भन्न मात्र के पाएथ्यो फैक्ट्री तिरबाट आएर त्यही निर जोडिएको गोरेटोको घुम्टीमा पांच पाइला फरकमा मात्र इन्जिनियर नारायण पनि माथि उक्ली रहेको अचानक देखा पऱ्यो । सविनयका कुरा टुंगिए । सविनयलाई देखेर नारायणले नमस्कार गर्दै "आज श्रीमान रात भरी मन्दिरमा के गर्दै हुनु हुन्थ्यो ?" भनि सोधी हाल्यो ।

नारायणले उसको कुरा सुनी सकेको भन्ने ठहर भयो ।

"यस्तै जोग जप भजन थियो ।" सविनयले जवाफ दियो ।

"त्यसो भए सब भ्याएर फर्कनु भएको रहेछ । मलाई अलि ढीलो भयो" भन्यो नारायणले ।

सविताको अर्थपूर्ण मुस्कान ओंठमा आयो उनीहरु अगाडी बढे । सविनय अब के भनेर मन्दिर फर्कने ?

त्यहाँ देखि उसले एक्लै भेट्ने हर सम्भव प्रयाश गर्दा पनि संयोग नै नपर्ने भयो । घर जाँदा सासु ससुरा रहने, अस्पतालमा सहकर्मी र रोगी रहने । अस्पताल बाट घर जाँदा नोकरले पछि पछि ब्रीफेकस लिएर जाने । घरमा सासु ससुरा कतै टोल छिमेकमा रहेको अवस्थामा ऊ जाँदा प्रायः टोल छिमेकका मानिस डाक्टर साहिबा कहाँ उपस्थित रहने । कोही न रहेको अवस्था पर्न नै गयो भने सविता घरबाट फुत्त बाहिर आँगनमा आएर छोरीसँग खेल्न थाल्ने र एक आध पटक उसले सवितालाई बेडरुम अथवा बैठकमा एक्लै फेला पारेर हात समातेर रोकेर बाहिर निस्कन नपाउने गराई दिँदा फ्याट्ट डाक्टर साहब भन्दै कोही बाहिर आई पुग्ने र उसले करुण नेत्रले उनलाई छोड्नु पर्ने ।

एक दिन सविता अचानक आमुन्ने सामुन्ने भइन् बजारमा ।

"सवि, ओ सवि ? सम्पूर्ण संसारको करुणा सविनयको आँखामा देखियो । उनि ठिंग उभिइन मात्र । केही बोलिनन् ।

"सवि, क्षमा गरी देउ सवि । अब प्राण निस्कन मात्र बाँकी छ ।" उसले याचक झैं हात जोड्यो ।

"यस्तो बजार हाटमा यस्ता कुरा गरेर हिँड्ने" हपारिन उनले ।

"यस्तो कुरा गर्ने ठाउँ र मौका तिमीले नै बताई देउ सवि ।"

"यस्ता कुरा बाहेक अरु कुनै कुरा छैन तपाईंसँग ?" रिसाइन् उनी ।

"छैन सवि छैन, अरु कुरा म सँग छैन ।"

"छैन भने मलाई यस्ता कुरा सुन्ने फुरसत छैन ।" भनेर उनी छीटो छीटो विपरीत दिशामा हिँडिन् ।

सविनयले "सुन त, एक छिन त सुन, भन्दै उनको पछि लाग्यो उनी फनक्क फर्केर राता राता आँखा गर्दै "यो गुण्डागर्दी कहिले सिक्यौं ? लाज लाग्दैन भनेर बडा जोडले पड्किन ।

सविनय त जड भयो । पत्थरको मूर्ति ।

(३)

मालिक अस्वस्थ छन रे । फैक्ट्रीको हल्ला । पागल भैसके रे । रात दिन रुन्छन् कराउँछन् कपाल लुच्छन, टाउको पटकन्छन् । फैक्ट्रीका अरु अधिकारीहरुले जडीबुटी तन्त्र मन्त्र, औषधी मूलो गराएर हैरान छन् । अन्न पेटमा नगएको कैयौं दिन भैसकेको छ । डाक्टरले उनलाई काठमाण्डू लैजाने सल्लाह दिएकी छन् । गाउँको धामीले रुन्चे देवीको श्राप पर्न गएकोले विन्ध्यवासिनी देवीको दर्शन गराउन लैजानु पर्छ भनि सल्लाह दिएका छन् । आज त झन बिहानै देखि होश छैन । डाक्टरलाई खबर गरियो तर डाक्टरलाई स्वयं टाउको दुखेको खबर आयो । फैक्ट्रीका निम्नस्तरका द्वारे, चौकिदार, भान्सेहरुले नारायणको मुखमा पुलुक्क हेरे । सम्भवतः यो आशयले कि उनले बोलाउन पठाएमा डाक्टर आउँछिन् । तर नारायणले तत्काल उनलाई बोकेर एरपोर्ट पुऱ्याउने आदेश गरी दियो ।

एकै छिनमा आदेशको पालन भयो । बेहोस शरीरलाई बोकेर भरियाहरु हिँडे साथमा काठमाण्डौं जान दिलराज कुँवर नामको एउटा हट्टा कट्टा फोरमैन तयार भयो ।

ठिक त्यही समयमा एमरजेन्सी वायरलेस आयो र जसमा इन्जिनियर नारायणलाई आजको फ्लाइटमा काठमाण्डू पुग्ने आदेश भएको थियो । ऊ हतप्रभ भयो, चिन्तित पनि । उसले डिलराजलाई केही आवश्यक निर्देशन दियो सवितालाई तुरुन्त आउने भनि चौकीदार मार्फत खबर गरेर सामान मिलाउ थाल्यो । सविता आइन् उसले उनको हातमा वायरलेस थमाई दियो । उनले वायरलेस मैसेज पढिन् र नरायणको मुख तिर प्रश्नसूचक दृष्टले हेरिन् तर उसले केही जवाफ दिन सकेन । आजैको फ्लाइट समातिने भएकोले हतपत आफ्नो सूटकेस तयार गऱ्यो । हिँड्ने बेलामा एक पटक सविताको मुखमा हेऱ्यो । प्रेमीको विछोड गाह्रै हुँदो रहेछ ।

"कुँवर मेरो विश्वासिलो सहकर्मी हो, तिमीलाई थाहै छ, आवश्यक परेमा उसको सहयोग लिनु म चाडै आउँछु ।" भन्दै उसले चौकीदारलाई सूटकेश उठाउन संकेत गऱ्यो ।

"अँ, सविताले स्मरण गराउँदै भनिन् "त्यो कुरा न बिर्सनु नि, आवश्यक परेमा राहुलसँग कुरा गर्नु, नभए कोही वकीलसँग कुरा गरेर गर्नु पर्ने काम कुरा गरेर आउनु होला ।"

"हुन्छ, हुन्छ भन्दै नारायण कोठाबाट बाहिर निस्क्यो ।

(४)

सविनयलाई भारतको बिहार राज्यको राँची भन्ने अत्याधुनिक र सुविधा पूर्ण पागलखाना पुऱ्याइयो । कम्पनीको ठूलो फैक्ट्री भारतको मिजोरममा थियो । त्यहाँ कर्मचारी हडतालमा दुर्घटना भएर फैक्ट्रीमा आगलागी र जनरल मैनेजर समेतको मृत्यु हुन गएकोले फैक्ट्री मर्मत गराउने र सञ्चालन गर्ने कामको लागि तत्काल नारायणलाई बोलाइएकोले उनी काठमाण्डू पुगेकै दिन मिजोरमको लागि प्रस्थान गर्नु परेको थियो । उसलाई त्यहाँ छ महिना जति समय लाग्न गयो । शुरुमा दुई चार पटक सविताको चिठ्ठी आएको थियो । उसले कार्य ब्यस्ततामा सबैको जवाफ दिन सकेन । तर ऊ डोटी आफ्नो फैक्ट्रीमा हाजिर हुन जाँदासम्म सविनय पागलखानामा नै रहेको कुरा थाह भयो तसर्थ ऊ फेरी कार्यवाहक इन्चार्ज हुने भयो ।

तर यस पटक दुर्भाग्य नारायणको साथै लागेर आएको रहेछ । उसले आफ्नो अटैची कोठामा राख्दै भान्सियालाई नास्ता बनाउन र चौकीदारलाई सवितालाई बोलाउन पठायो । सविताले खबर पाइन एग्यारह बजे तर गइन् भेट्न तीन बजे । नारायण अहिलेसम्म पनि तिनकै प्रतीक्षामा कोठामै बसी रहेको थियो । सविता ड्राइङ्ग रुममा गएर बसिन् । नारायणले आश्चर्य मान्दै हेऱ्यो र भित्र आउन आग्रह गऱ्यो । उनले बाहिरी कोठामा आउन भनिन् दुवै अडिए । यस्तो अवस्थामा सविता भित्र जानु पर्ने थियो तर उनी नारायणभन्दा पनि बढी घमण्डी ठहरिन् । कुरै न हो । के ठेगान कसले कुन विषय समाई आफ्नो इज्जत प्रतिष्ठाको बिन्दु बनाई लिन्छ ?

नारायण बाहिर आएर उनलाई समातेर भित्र तान्न खोज्यो, तर उनले काठमाण्डुको कुरा निकाल्दै भनिन् "छोडपत्रको कुनै कारबाही गरेर आउनुभयो ?"

"गरेछु । नारायणको सीधा जवाफ थियो" पहिले भित्र त हिँड ।

"पहिले कुरा त बताउनुस ।"

दुवै जनाको अकारण झगडाको प्रारम्भ । नारायणले "छोडपत्रको कारबाही त तिमीले चलाउनु पर्दछ मैले के गर्न सक्दछु ?" भन्यो ।

"तपाईले मेरो हरण त गर्न सक्नु हुन्छ ? त्यति आँट त होला नि ? यस बारेमा आई पर्ने बाधाहरुको निपटारा गर्न वकीलहरुसँग सल्लाह माग्न भनेकी थिएँ ।" सविताले चिडिएर भनिन् र फनफनाउँदै उठेर हिँडिन् । नारायण हतप्रभ थियो ॥ उसले साँझ नुहाइ ध्वाई गरेर एक आध प्याक लगायो र सविताको क्वाटर तर्फ लाग्यो ।

सविताको क्वाटरमा के भयो ? त्यो कुरा प्रकाशमा त आउन सकेन । तर नारायण सो दिन बेलुका सविताको क्वार्टर देखि अलि फरकमा रहेको एउटा होटलमा खूब रक्सी खाएर ढलेको थियो भन्ने कुरा होटल मालिकबाट गाई गुई सुनिएको थियो ।

त्यसपछि इन्जिनियर इन्जिनियर जस्तो रहेन बिहानदेखि शुरु भएर अर्को बिहानसम्म रक्सीमा डुबी रहने प्राणी हुन गयो ।साथी भाईले तह लगाउन सकेनन् । त्यस्तो कर्मठ इन्जिनियर यस्तो भयो कसरी ? कारण अज्ञात रह्यो ।

ऊ बिरामी थियो, पौषको आखिरी दिन । अस्पतालमा भर्ती गराइयो उसलाई । सवितालाई पनि ज्वरो आएर डेराबाट नआएकीले उसलाई अर्को डाक्टरले हेरी रहेको थियो । उसको चारैतिर फैक्ट्रीका तमाम स्टाफ रहेछन् । ऊ सबैलाई चिन्ने कोशिश गर्दै थियो । त्यतिकैमा अचानक सविनयको प्रवेश भयो । कसैलाई सूचना नै नदिइकन आए छन् । सबै हडबडाए । सविनय स्वयं बहुत कमजोर देखिन्थ्यो । उसले आउना साथ पहिले नारायणको परीक्षण गयो । डाक्टरसँग सल्लाह गर्‍यो । तत्काल अन्त लैजानलाई यात्रा गराउन अनुकूल नमिल्ने देखिएपछि ऊ स्वयं सक्रिय भयो । जडीबुटी, बाबा, तन्त्रमन्त्र, धामी ओझाको लागि चारैतिर मानिस दौडे । सविनयको स्फूर्ति देखेर डाक्टरमा पनि नयाँ जाँगर आयो र सघन चिकित्सा शुरु भयो । दुई दिन दुई रातको अथक प्रयाश पछि ऊ मृत्युको मुखमा पर्न देखि जोगियो । दुई दिन राम्ररी बिते । माघको पाँचौ दिन दिउँसो नारायणले एक गिलास दूध खायो केही बोल्ने लायक जस्तो भयो ।

साँझ नारायण बेडमा पल्टेको थियो सविनय नजीकै स्टूलमा बसेर उसलाई चाँडै सञ्चो हुने आश्वासन दिँदै थियो । सविनयका प्रेमपूर्ण शब्द सुनेर उसको आँखा रसाए साथै व्यंग्यपूर्ण मुस्कान एक क्षणको लागि ओंठमा आयो । मानौ उसले मलाई के ढाँट्छौं, मृत्यु अवश्यम्भावी छ भन्यो । प्रकटमा उसले सविनयको हात समातेर भन्यो "मलाई माफ गरी दिनुहोला म तपाईको अपराधी हुँ ।"

सविनय एक छिन चुप रह्यो अनि भन्यो "मलाई सब थाह छ ।"

"सब थाह छ ? नारायणले आश्चर्य मान्यो ।

सविनय मुसुक्क हाँस्यो ।

"सवितालाइ पनि माफ गरी दिनु होला । अर्को आग्रह थियो नारायणको । उसले फेरी आग्रह गर्‍यो, यस पटक हात नै जोड्यो "म त बिग्रें तर तपाईं पढे लेखेका ठूला विद्वान, मनस्वी चिन्तक र विचारक हुनु हुन्छ कृपया तपाईंले सवितालाई छोडी दिनुस् । सविताको छाया जसमाथि पर्छ ऊ..... । वाक्य पूरा नगरेर चुप लग्यो ।

सविनय चुप नै रह्यो ।

राती अचानक उसको हालत बिग्रिन लाग्यो । फैक्टरीका कर्मचारीहरु आए । डाक्टर र नर्सहरु व्यस्त भए । सविनय घरी भित्र घरी बाहिर आउने जाने विचलित अवस्थामा थियो । कसैले सवितालाई पनि खबर गर्‍यो । उनी पनि आएर नारायणको सिरानमा उभिन् । उनले खैरो रंगको कलरदार मर्दाना जैकेट लगाएकी थिइन् काँधमा सानो टावेल थियो । ४/५ मिनट जति उभिएर हेरिन् मात्र । सविनयले पनि उनलाई देख्यो । नारायणको स्वाँस उल्टो चल्न लागेको थियो । सविनयले सविताको आँखामा प्रश्न सूचक दृष्टिले हेर्‍यो उनी केही बोलिनन् एक आधा मिनट अरु उभिरहिन् त्यसपछि "कस्तो जाडो छ ?" भनि नाक खुम्च्याईन, कुम उचकाइन् र कोठाबाट बाहिर निस्किन् ।

तत्क्षण नारायणको अनुहारमा अलि चमक देखियो र उसले आँखा खोल्यो र नजीक उभिएको सविनयको मुखमा केही आशा र केही निराशाले हेर्‍यो । केही बोल्न खोज्यो तर तत्क्षण सब समाप्त भयो । मुटुको स्पंदन बन्द भैसकेकोले डाक्टरले लामो साँस फेर्‍यो सविनयको आँखामा आँसु झिलमिलाए ।

(५)

"सवि ?"

"हजुर ।"

"यति दुःख किन दियौं मलाई, पागलखानासम्म पुग्ने किन बनायो तिमीले ?" एउटा याचकको स्वरमा थियो भावपूर्ण गुनासो । सविताको काँधमा अडेस् लगाएर दुवै हात पछाडी फर्काएर उनलाई आफ्नो बाहुपासमा राखेर सोध्दै थियो सविनयले ।

"मैले त केही पनि गरेकी थिइन । तिमीलाई त्यस्तो के हुन गएछ ?" आज भोली सविताले लगभग यस्तै उत्तर दिने गर्दथिइन् । तर सविनय आश्वस्त थिएन । उसले त

पागलखानासम्मको यातना भोगीसकेको थियो र पनि सविताले केही भएको थिएन भन्छिन त । त्यसैले दुवैको भेट हुँदा प्रायः सविनयले यो प्रश्न गरी नै हाल्थ्यो ।

"तिमीले केही गरेकी थियो भनेर म पाप बोल्नै सक्दैन । मेरो भाग्यले मलाई कुन खाल्टोमा हालेको थियो त्यो पो भन्छु र अब त बहुत डर लाग्छ ।"

"के डर लाग्दछ ? सविताले सोधिन् ।

सविनयले नारायणको दाह संस्कार गराएर भोली पल्ट सविताको समाचार लिन उनको क्वाटरमा गएको थियो उनी बेडरुममा पल्टेकी रहेछिन् । ढोकामा पुगेपछि ऊ अडिएको थियो र भित्र आउन सक्छु भनि सोधेको थियो । सविताले टाउको नउठाएर भित्र बोलाएकी थिइन् । सवितालाई ज्वरो रहेनछ अलि कति उद्दिग्न मनस्थिति जस्तो देखियो । दुवैको बीच भलाकुशाली भयो । दुःख दर्दका कुरा भए सविनयले आफ्नो ब्यथा वेदना पोख्यो उनको छातीमा टाउको राखेर रोएथ्यो पनि ।

ढुंगा पनि कहिले काहीँ पग्लदो रहेछ । सविताले यसपक हकार्ने, हपार्ने केही गरिनन् । त्यही दिनको मौन स्वीकृतिले दुवैको बीचको दूरी घटाई दिएको थियो । परिणाम स्वरुप कहिले मन्दिरको सीढीमा, कहिले कलकल बगिरहेको खोलाका ठूल ठूला ढुंगामा, प्रकृतिको काख होस चाहे कृतिम निवास स्थान, अस्पताल, फैक्ट्री, क्वार्टरहरु, सदरमुकाम र वरीपरीका कुनाकन्द्रामा कहिले कोइलीको त कहिले गौंथलीको स्वरमा, कहिले झीगुरको झाई झाई त कहिले हावाको सनसनाहटमा दुई प्रेमी हृदयका स्वर लहरी लडीबुडी हुने गर्दथे । तर, यो पटक ब्यग्रता उत्तेजना र उल्लासको सट्टा सविनयले आफूमा पाउँथ्यो वेदना र करुणा । फेरी कुन दिन रिसाई पो हाल्ने हुन कि ?

के ठेगान छ र उनको ? अहिले पनि सधै समय दिन्निन्, कहिले काहीं मात्र भेट्ने गर्छिन् । प्रकृतिको काखमा उनको प्रतिक्षामा सविनयले जाडो, गर्मी र वर्षाका तमाम रात उनको सम्झनाको सहारा लिएर एक्लै बिताई पनि सकेको छ ।

उनको प्रत्येक दिनको मिलनले अन्तिम मिलनको भय उत्पन्न गर्ने हुनाले मिलन क्षणमा सविनय जस्तो भावुक व्यक्ति उल्लासित हुन नै कसरी सक्दथ्यो ? उदासी त उसको अनुहारमा व्याप्त रहने स्थायी तत्व भैसकेको थियो ।

आज पनि शुभ्र चाँदनी रातमा प्रकृतिको आँचलमा खोलाको ढुंगामा बसेका दुई तरुण हृदय त्यस्तै प्रश्न र उत्तर, शंका र आश्वासनका बीचमा भुलेका थिए, झुलेका थिए "मलाई डर लाग्छ ।" भनि सविनयले भन्दा सविताले के को डर भनेर सोधेकी थिइन् । सविनयले त डर लाग्ने शंका प्रकट गर्दा पनि डराउनु पर्ने थियो । त्यसैले एक छिन चुप

लाग्यो । सविताले भन्नोस न के को डर ? भनि कुरा पूरा गर्न भनिन् । स्वरमा आग्रह भन्दा जिज्ञासा कै भाव बढी थियो ।

"तिमीले फेरी पनि मलाई छोडी दिन्छ्यौ कि ?" अब न छोडदिनु है सबि । वाणीमा असीम ब्यथा बोकेर यचना गऱ्यो उसले ।

"ल । " संक्षिप्त उत्तर थियो सविताको ।

"ल" यो के शब्द हो ? सविताको तर्फबाट "होइन बिन्नु, जे भयो भयो, दुवैको दुर्भाग्यले भयो अब यस्तो हुँदैन, तिमीले पनि मेरो उपेक्षा नगरी दिनु है, प्लीज मेरो बिन्नू ।" यस्ता शब्द अपेक्षित थिए त्यस्तो समयमा । तर - "ल ।" उपकार गरे जस्तै ।

"हो त नि सोच्यो सविनयले । "उपकारै गरे जस्तो त छ नि । उसले कुनै सुझाव दिँदा कुनै प्रस्ताव राख्दा, युवा हृदयको तुष्टीकरणको कुनै कुरा गर्दा पनि त सविताले अँ, बिल्कुल ठीक बहुत राम्रो आदि भनेकी छिन् कहिल्यै ? तमाम इनकारीका बीचमा कहिले काहीँ बोल्छिन् भने एक शब्द मात्र, त्यो थियो "ल" । यो प्रेमको शब्द हो त ?

तर यही पनि त ठूलो औषधि भएको छ सविनयको लागि । यति त न छुटोस् । यस पटक उस्ले उनलाई हर तरहबाट बाँध्न चाही रहेको थियो, भविष्य सुरक्षित गर्न चाहेको थियो । त्यसैले फेरी भिखारी झैं डराई डराई झोली खोल्न लाग्यो "त्यसो भए, मेरी सबि । आफुले जन्माएको सन्तानलाई सम्झेर मेरो टाउकोमा हात राखेर अब त्यस्ता दुखद घडी आउँदैन भनिदेउ न ?

"अँ कत्ति काम नपाएको ? यस्तै कुरा गर्न लाग्छौ र म तिमीसँग बस्न चाहदैन ।" झर्को मानिन् सविताले ।"

उनको कुराले डरमा झनै डर पैदा गरी दियो । अब त आजको मिलनलाई अन्तिम हुन नदिन सबै इन्द्रियहरु जागे, ऊ चनाखो भयो । अब त धर्म न भकाई छोड्न नै भएन । बालक आमाको काखमा जिद्दी गरेर चलमलाए जस्तै ऊ सविताको काखमा चलमलिदै जिद्दी गर्न थाल्यो । नाई सवि त्यति भनि देउ न, मेरो सन्तोषको लागि भए पनि झुठै भए पनि भनि देउ सवि । अन्तमा हारिन् सविता र हाँस्दै उसको टाउकोमा हात राखेर खोलाको पवित्र जलको माझमा बचन दिइन् । सँधै एक समान रहने, कहिल्यै नरिसाउने ।

सविनयले फेरी सविताको प्रेम त पायो तर आत्मसंतोष पाउन सकेन । सविता पहिले जसरी समर्पित हुन्थिन् अब त्यो समर्पण देखा पर्दैन । अब उनी प्रेममा औपचारिकताको निर्वाह गर्ने गरे जस्तो लाग्थ्यो । दुवैको व्यवहारमा ठूलो अन्तर देखा पर्दथ्यो । सविनय एउटा भक्त झैं उनको आराधना गर्दथ्यो, हृदयको देवी मान्दथ्यो । अलिकति टाउकोसम्म दुखेको थाहा पाएपछि भुइँ र आकाश एक गरी दिन्थ्यो । हाट

बजारका चीज वस्तु जुन उसलाई मन पर्दथ्यो उनलाई नचढाएसम्म संतोष हुँदैनथ्यो । उसको आफ्नो पत्नी, छोरा आमा भाई सबै दोश्रो स्थानमा थिए । विश्वमै यदि प्रथम स्थानमा कोही थियो भने ती थिइन् सविता । फैक्ट्रीमा जति समय उसको बित्थ्यो र कहीँ आवश्यक काममा बाहिर अथवा घर गएको समयमा सविता बिना जति समय उसको बित्थ्यो त्यो त्यसको जीवनको सून्य समय हुन्थ्यो । सविता बिना जीवनको के अर्थ ? भोजन स्वल्पाहार शयन प्रत्येक कार्यमा उसको सविताको स्मृति रही रहन्छ ।

उता सविताको जुन किसिमको प्रेम छ त्यो उसले बुझ्न सकी रहेको छैन । उनी भेट्छिन्, माया गर्छिन तर सब क्षणिक जस्तो हुने गरेकोछ बाध्य भएर गर्नु परेको छ र गर्छिन भन्ने लाग्दछ ।

सविनय आफ्नो कोठामा खटियामा पल्टीरहेको थियो शोक संतप्त व्यथित हृदय । सम्पूर्ण जीवन माथि विचार गर्दैथियो । कुलीन घरको उच्च शिक्षा प्राप्त उच्च विचार र धन सम्पन्न सबै थोक त छ । आमा, भाई, पत्नी, छोरा उता छन् भने सविता जस्ती प्रेयसी र फूल जस्तो चार वर्षकी छोरी यता छन् । तैपनि त्यसको जीवन आँसुमा डुबेको छ । कुनै समयमा जब त्यो अस्वस्थ हुन्छ, सवितालाई वास्ता नै हुँदैन । कयौं पटक त्यस्तै भैसकेको छ ।समय समयमा किसिम किसिमका स्वास्थ्य बाधा पर्ने गरेको छ उसलाई । हिजो देखि मलेरिया ज्वरो आएको छ अस्वस्थ छ । खबर त गरेको थियो उनलाई । तर, उनी आइनन् । आज बिहान यही बाटो मन्दिर गइन् र फर्किन् पनि । उसले भ्यालबाट देखेको छ । तिनी उसको क्वार्टरमा पसीनन् । कतिको निष्ठुरी छिन् ? प्रेमिकाको आत्मामा त तडप हुन्छ । खोई त त्यस्तो तडप ? उन्माद ? केही पनि त छैन । अरुका सामुन्ने ऊ सँग बहुत थोरै कुरा गर्छिन् । सोच्दा सोदै ऊ मुस्कायो । दुनियालाई थाह छ दुवैको सम्बन्ध कस्तो छ भनेर तर उनले यसरी देखाउँछिन कि दुवैको बीचमा केही छैन ।

के उनीसँग विवाह गर्न नसकेको हुनाले उनले औपचारिकताको मात्र निर्वाह गरी रहेकी छिन् । विवाह पनि कसरी गर्ने ? यो समाज, यो कानून ? यी विषम परिस्थिति ? के यस्को अन्त होला र ? अन्त भएपछि पनि के उनीसँग विवाह गर्न उचित हुन्छ ? हुँदैन, हुदैन । उसको जीवनको के ठेगान ? उसको शरीर हर समय तातो रहन्छ, राफ निक्ली रहन्छ, वाकवाकी आइरहन्छ । उहिले नै दिल्लीका डाक्टरहरुले उसलाई कुनै कडा रोग लागेको आशंका गरी सकेका छन् तर उसले कुरा लुकाई रहेको छ । यो साँस कहिले टुट्ने हो के ठेगान छ ? उनलाई भित्र्याएर, विधवा बनाउन त भएन नि । प्रेममा यति त्याग पनि न गर्ने ? तर यो त्याग र यस्तो प्रेमको सम्बन्ध के ? के यो पाप होइन ? अर्काकी पत्नीसँग यो सम्बन्ध ? अपराध होइन ? विल्कुल अपराध हो । तर यो अपराध गर्नलाई मनले बाध्य गराई रहेको छ । उसका पूजा आराधना धर्मदर्शन ज्ञान कुनैले पनि उसलाई यो अपराध गर्न देखि रोक्न सकिरहेको छैन । उसको ज्ञानको उपयोगिता के रह्यो ।

अपराधी हो ऊ यस समाजको,तर ईश्वरको होइन किनकि सविता उसकी प्रेमिका पहिले हुन राहुलकी पत्नी त पछि भएकी हुन् ।

सून्यमा हेर्दा हेर्दै उसको आँखा हेन्गरमा टंगाइएका कपडामा पऱ्यो । शूट पुरानो भै सकेको छ । सर्ट पनि अरुलाई बाटदै जाँदा घटेका छन । अहिले ऊ सँग कपडा को अभाव रहेछ । कैयौं महिना देखि सवितालाई आग्रह गर्दै आएको छ । बजार जाऊं मेरो लागि कपडा लिनु छ । उनले रोजेका लुगा लगाउन पाए अर्कै किसिमको रोमाञ्च हुन्छ शरीरमा । माया लाग्छ । कुनै युगमा एउटा सर्ट रोजेर किनी दिएकी थिइन् ,उनले बुनेका स्वीटर, सर्ट लगाउँदा कति आनन्द मिल्छ । अब उनलाई फुसत छैन । जाउँला कुनै दिन रे । यो कुनै दिन कहिले आउने हो, स्वीटर बुन्न त अब जाँगर लाग्दैन ।

के हो यो सबै ? नारीको खुट्टा चिप्लेपछि के यस्तै परिवर्तन आउँछ ? हो त नि चिप्लिएकी छिन् त तिनी । कसरी चिप्लिन ? नारायणले कुन मन्त्र पढाई दिएको थियो ? कुँवरले के मोहीनी लगाई दिएको थियो ? यस्ती शुसीला र सुलक्षणा युवती कुलक्षणा र कुशीला कसरी भइन् ? नारायणको मृत्युको उत्तरदायी उनी नै त हुन् ? मेरो अनुपस्थितिमा नारायणसँग र नारायणको अनुपस्थितिमा कुँवरसँग रोमान्स गरिन् । ऊ त पागल मात्र भएथ्यो तर बिचरा नारायणले ज्यानै फाल्यो । अनि कस्ती निष्ठुरी, नारायण मर्ने अवस्थामा पुग्दा एक पटक सिरानीमा उभिन मात्र पुगे थिइन् । मुखै न देखाई बोल्दैनबोली हिँडिन् । कुनै अपरिचित मर्न लागे जस्तो उनको व्यवहार थियो ।कस्ती डाक्टर ? सोच्दा सोच्दै उसको मुखमा घृणा देखा पऱ्यो ।

यो त प्रेम प्रति नै अपराध भयो । विचरा कुँवर ठीक समयमा घर फर्केछ नत्र त्यसको पनि यस्तै पतन हुन्थ्यो होला । कुँवर घर नफर्केको भए उसको प्रेम पनि त फिर्ता हुने थिएन ।

सविताले उसलाई केही थाह छैन भन्ठान्छिन् । तर उसलाई सब थाह छ । तै पनि उनलाई त्याग्न त सक्दैन । प्रेममा पनि कहीं शर्त हुन्छ ? उनले जस्तो सुकै व्यवहार गरुन् तर उसले त उनलाई प्रेम गरेको छ र अन्तिम साँससम्म गर्ने छ पनि । उनी पतिता होउन् उनी जानुन् । उसलाई के मतलब । उसको आफ्नो कर्तव्यले ठाउँ छोडेको छैन नि । उ मर्छ होला एक दिन । भित्र खोक्रो भैसकेकोछ, डाक्टरले रोग लागेको छ. भनेका छन् । क्यान्सर हो कि ? होस के फरक, तर उनलाई बताउनु हुंदैन । उनको भलाई को लागि । उनको कल्याणको लागि ।

उत्तानो पल्टेको हुनाले आँखाका आँसु गालाका दुई तिर ढल्के । तातो आँसु उसले पुच्छने आवश्यकता ठानेन । बगुन् जति बग्न सक्छन् किन छेक्ने ?

उसले आफ्नै अंग प्रत्यंगमा अँखा दौडाउन थाल्यो । हात-खुट्टा उल्टाई पल्टाई हेऱ्यो । आइनामा मुख पनि हेऱ्यो, कपाल हेऱ्यो एउटा व्यंग मुस्कान आयो ओंठमा । उनै हात त हुन् जसको अंगालोमा आउन सविता छट्पटाई रहन्थिन् तर आज ? यी घेरामा आउन कमै रुचाउँछिन् । यी कपाल ? कालो, बाक्लो, लामो कति मन पराउँथिन् कति प्रशंसा गर्थिन ? यी आँखा यी ओंठ सवि कै अंग प्रत्यंगमा टाँसिएका हुन्थे हर समय । तर अब ..... । अब त सब संयोगमा निर्भर छ ।

बिस्तरामा उलट पलट गऱ्यो उसले । मनै लागी रहेको छैन, छटपटाइ रहेको छ, दुई दिन भैसक्यो उनलाई नदेखेको । अड्चालिस घण्टा बिती सके ? उसले लामो साँस फेऱ्यो । उसलाई ज्वरो छ र उनी कहाँ जान सकेन र उनको इच्छा भएन र आइनन् । तर, आउनु त पर्ने हो । घरमा फुरसत भएन होला आफ्नो मनलाई सान्त्वना दिन खोज्यो । तर मनले विद्रोह गऱ्यो "यो कुनै नौलो कुरा हो र ? सैकडौं पटक देखिएको कुरा हो ? उनकै सामुन्ने कति पटक अचानक चसक्क छाती दुखेको र तिमी माछा झैं छटपटिएका छौं । कैयौं पटक टाउको दुख्ने, कैयौं पटक वाकवाक बान्ता हुने व्यथा भोगेका छौं । तर उनी त गैर भन्दा पनि महा गैर जस्तो, माटोको मुर्ती जस्तो निश्चल, निश्चिन्त बसी रहने गर्दछिन् । के भयो हँ ? किन दुख्यो, कसरी कष्ट भयो ? छोरीको जन्मपछि त उनले सोध्न पनि छोडीछन् ।डाक्टरले देखाउने औपचारिकता सम्म पनि रहेनछ । त्यही बाटो आवत जावत गर्छिन । अरुसँग हाँस ठट्ठा गर्दै हिँड्छिन्, तर खोइ त ? औपचारिकता पूरा गर्न पनि त उसको क्वार्टरमा पसेर एक छिन हाल समाचार सोधे पनि त हुन्थ्यो नि ।

अब आज के गर्ने ? उनको काँधमा अडेस लगाएर आँखा चिम्लेर शात्तिपूर्वक एक छिन आराम गर्न पाए कति आनन्द आउने थियो, नैसर्गिक सुखको प्राप्ति हुने थियो । त्यो नभए उनलाई हेर्न पाए पनि त हुन्थ्यो । के गर्ने ? फेरी बोलाउन पठाउने ? चौकीदारले के सोच्ला ? यति ठूलो मानिसले बोलाउँदा डाक्टर नआउने रहेछिन ? आफ्नो साथी भाईमा कुरा गर्ला, नमालुम के-के अर्थ लगाउलान्, मानिस को जात । सविताकै बारेमा पनि अनाप शनाप सोच्लान ? लाजको गर्नु । भो बोलाउन पठाउनु भएन । उनको बदनाम हुने काम किन गर्ने ?

"तब आफै जाने त ? नगई नहुने भएपछि जानै पऱ्यो । शरीर शिथिल भैरहेको छ, हिँड्न गाह्रो छ, तर गइन्छ उनले शक्ति देलिन् ।"

ऊ उठ्यो शरीरमा स्फूर्ति आयो, लुगा लगाएर बिस्तारै बिस्तारै हिँड्दै बाटोमा निस्क्यो । बाटोमा उसका आँखा भुइँमा गाडिए । अघि यही बाटो त उनी मन्दिर गएकी र फर्केकी थिइन् । तर उनका पाइलाका चिन्ह त देखिदैनन् । किन न देखिने, देखिएकै छ त ? उसको आँखा एउटा चिन्हमा पुग्यो । यो होइन र ? हो के हो । मनमा तर्क वितर्क चल्यो । पाइला उतैतिर फर्केको छ । ठीक हो, यही त हो । उनका पाइलाका चिन्ह

उसलाई आधार बने । उनको सम्झना यति तेज भयो कि उसलाई शक्तिको रुपमा तान्न थाल्यो । बाटो कसरी कट्यो उसलाई थाह भएन। ऊ ज्वरोले थरथर काम्दै सविताको क्वार्टरमा गएर सविताको खटियामा पछारियो पछि बल्ल होस भयो उसलाई ।

उसलाई देखेर सविता हड्बडाइन् । उसको टेम्परेचर हेर्न नाडी समातिन् तर उसले उनलाई नै समातेर तान्यो र आफ्नो टाउको उनको काखमा राखी दियो र बडो संतोषको लामो सास फेऱ्यो । ऊ ढुक्क भयो संसारको चरम सुखको प्राप्ति भयो । सविताले उसको आँखामा हेरिन् र उसको हात मुख सुमसुमाउन थालिन् । भाव विभोर भए दुवै जना ।

अचानक सवितालाई कर्तव्य बोध भयो । ऊ बिरामी अवस्थामा यसरी आउनु परेकोमा पीडा पनि भयो । मनको कुनै कुनामा चसक्क घोचियो । उनले सविनयको टाउको आफ्नो काखबाट सुस्तरी उठाउँदै “पख त औषधि निकाल्छु, पहिले औषधि खाऊ अनि.... भन्दै उठ्न खोजिन् तर सविनयले मौका छोप्यो उनको घाँटीमा दुवै हात फसाएर माथि, अलि माथि तन्किन खोज्यो चारवटा आँखा परस्पर जुधे । बुझिन् सविताले पनि । उनको आँखामा पनि प्यारको ज्योति बल्यो, ठूलठूला आँखामा महासमुद्रको लहरा आयो र उसको तातो शरीरमा शीतल जलको वर्षाको झरी लाग्यो ।

आज भोली ऊ फेरी चिन्तित छ, आफ्नो लागि होइन, सविताको लागि । छोरी छ वर्षकी भइ तर सविताको दोश्रो पटक आमा बन्ने लक्षण देखा पर्दैन । हरसमय शरीर शिथिल जस्तो भैरहने अंग प्रत्यंग सुस्त दुखी रहने, जाँगर न लाग्ने तर प्रत्यक्ष रोग केही दखिदैन । कहीं राम्ररी उपचार नगराएसम्म उपाय लाग्ला जस्तो छैन । एक आधा महीनाको लागि उनलाई बाहिर कतै लानु पऱ्यो । ऊ सात आठ महीना देखि घर पनि त गएको छैन । आमा अस्वस्थ्य हुनु हुन्छ भन्ने चिट्ठी आएको थियो । तर, जान पाएको छैन । दुवै काम हुने भयो । उसले घर जाने अठोट गरेर सविता कहाँ पुग्यो ।

सविता एक्लै बसेर केही सोची रहेकी थिइन् । सवितालाई देखेपछि बडो गद्गद भईन् उसको स्वागतमा उठ्दै “आऊ बिन्नू खूब मौकामा आयौ” भनिन् ।

“कस्तो मौकाको कुरा गऱ्यौ सवि ?” उसले उनको काँधमा हात राख्यो ।

“आज मन बहुत उदिग्न भैरहेको छ ।”

“तिम्रो मन ? र उदिग्न ,” ऊ हाँस्यो । दुवै हाँसे ।

“हो ? आज बहुतै निराशा लागेको छ ? आज मलाई एक्लै न छोडी देउ । तिमी साथै बस ।” उनले उसको छातीमा टाउको राखेर आँखा बन्द गरिन् । यसबाट उनलाई महान सुखको अनुभूति भयो ।

"मैले तिमीलाई लिएर घर जान सोचेको छु ।" उता कुनै राम्रो ठाउँमा तिम्रो स्वास्थ्य परीक्षण गराउनु परेको छ ।"

"कहाँ, जाने ?"

"जहाँ तिमी भन ।"

"पहिले घरै जाऊँ । आमालाई नदेखेको धेरै भयो । तारा दिदीलाईपनि भेट्न मन लागेको छ ।" सविताले प्रस्ताव राखिन् ।

"त्यसपछि बनारस गएर तिम्रो परीक्षण गराउला ।" सविनयले उनको प्रस्तावमा कुरा थप्यो ।"

"हुन्छ ।" यो डुङ्गाको माझी त तिमी नै हो ।" भनेर सविता चुप लागिन् ।

दुवैको सल्लाह हुन मात्र परेको थियो । नत्र त्यहाँ कसले रोक्थ्यो । छेकबार के थियो र ? उनीहरु पहिले सरासर घर गए, आमा यशोदा देवी र कान्छी पत्नी तारा । सविताले तारालाई जेठी मानेर दिदी भन्ने ताराले उनलाई जेठी मानेर दिदी भन्ने । सबै बहुतै खुशी भए । दुवैमा सौतेको भेद कहिल्यै देखिएको थिएन । एउटै आमा बाबुकी सन्तान दुई बहिनी जस्ता । आमा यशोदा देवी अब अधिकांश विरामी भैरहन्थिन् । दुवैले थाह पाए । दुवै दुःखी भए तर पूरै परिवारको साथको हर्ष उल्लास र सुख दुःखका कुरामा दुई हप्ता बितेको थाहै भएन । आखिरमा आमाले नै सविताको परीक्षण गराउन बनारस लैजान भनिन् । सविताले आमालाई पनि लैजान आग्रह गरिन् ।

तर यशोदा देवीले आफूलाई निकै अस्वस्थ्य ठानेकीले लामो यात्रा गर्न नसक्ने स्थिति दर्शाएपनि उनीहरु मानेनन्, उनलाई पनि साथै बनारस लगे ।

सासु बुहारीको परीक्षणमा १५ दिन लाग्यो । आखिरमा सबै रिपोर्ट कलेक्शन भएर डाक्टर चड्ढा कहाँ फाइल गयो । चड्ढाले सविताको नाम देख्यो । उनकी शिष्या सविताको फाइल हो कि अरु कुनै सविताको फाइल हो ? फाइल अध्ययन गरिसकेपछि रोगीलाई आफ्नो केबिनमा बोलाउन पठायो । सविता चड्ढाको सामुन्ने गएर नमस्ते गरेर उभिन् । चड्ढाले देख्यो उनलाई, चिन्यो पनि । तर त्यो तेज, त्यो आभा, जुन छात्रा सवितामा थियो त्यो कहाँ हरायो ? आँखाको तेज मात्र यथावत छ । मुखको लावण्यता ? कहाँ गयो ? रोगले खाई दियो ?

एकछिन उनलाई प्रोफेशरले हेरी रह्यो । पछि सविताले नै मौन भंग गर्दै भनिन् "म श्रीमानकी शिष्य सविता हुँ ।"

"त्यही त हेर्दै छु ? आफ्नी शिष्यालाई खोज्दै छु" यो के अवस्था गराएकी शरीरको । एउटी डाक्टर भएर यस्तो लापरवाही गर्ने । उसले प्रेमले मीठो फटकार लगायो ।

सविता बोल्न सकिनन् ।

यसरी वजन घटी सकेपछि बल्ल होस आयो ? उसले अझै झपाऱ्यो । त्यसपछि सान्त्वना दिँदै भन्यो "तिमी त आफै डाक्टर । ल हेर रोगले छोएको मात्र रहेछ केही बिग्रे छैन । एक दुई महिना यतनले औषधि गर्नु ठीक भै हाल्छ । लापरबाही नगर्नु ।"

अँ, यो दोश्रो रोगी....., उसले अर्को फाइल पट्टी ध्यान दियो । "मेरी सासु हुनुहुन्छ बोलाउँछु" भन्दै सविता केबिनबाट बाहिर निस्किन खोजिन ।

"पख पख भन्यो प्रोफेसरले र उनलाई कुर्सीमा बस्न संकेत गरेर एक छिन आफै घोरियो त्यसपछि रिपोर्टको फाइल बिस्तारै सविता तिर सार्दै यो केश गम्भीर छ" भन्यो ।

सविताले सरसरी फाइल हेरिन् र प्रोफेशरको मुखमा हेरिन् । "यो केश अब डाक्टरको पकड भन्दा बाहिर भै सकेको छ ।" उसले कुरा दोहोराउँदै भन्यो" क्यान्सर अन्तिम चरणमा छ, दुई महिनाभन्दा बढी जीवन छैन, रोगीलाई थाह हुन न दिनु, साथमा को आएको छ ?

"मेरा .... । सविले उत्तर दिन गाह्रो मानिन् । गुरुको सामुन्ने साँचो र झुठो कुनै कुरा भन्ने अवस्था छैन ।

चड्ढाले हाँस्दै भन्यो, "ल ल ठीक छ, मैले बुझें आफ्नो श्रीमान्लाई बोलाऊ, सासुलाई पनि ।"

सविताले यशोदा देवी र सविनयलाई बोलाएर ल्याइन् । चड्ढाले घर व्यवहार देश विदेशका तमाम कुरा गऱ्यौं र आफूलाई उनीहरुको ठूलो शुभचिन्तक र सहयोगी दर्शायो । त्यसपछि यशोदा देवीलाई सुख दुःख रोग व्याधि सबै कुरा ईश्वरको अधीनमा भएको कुरा बताउँदै चाँडै नै दुःख दूर हुने भनि आश्वासन दियो पछि आफ्नो कुरा समाप्त गर्दै सविता र यशोदा देवीलाई बिदा गरी बाहिर पठायो र सविनयलाई बसी रहन संकेत गऱ्यो । उनीहरु बाहिर गैसकेपछि उसले सविनयसँग भन्यो "तपाई त धर्म र दर्शन पढेको मानिस, स्वयं तत्वज्ञानी हुनुहुन्छ त्यसैले तपाईंलाई बढी अर्ती उपदेश दिनुभन्दा म सोझो कुरा गर्छु ।"

एक छिन ऊ चुप लाग्यो र फेरी भन्यो आमा त बुढेसकाल अस्सी वर्ष पनि काटी सकनु भएको छ वहाँको ठूलो आन्द्रामा क्यान्सर रहेछ । वहाँको अब सेवाभाव गर्ने र खुशी राख्ने उपाय गरी रहनु होला । जति दिन साँस छ, छ ।

सविनयको आँखामा अन्धकार छायो । तर फेरी मनलाई संयत गऱ्यौं । डाक्टरले भन्दै थियो सवितालाई त्यति अप्ठ्यारो त भैसकेको छैन तर उपचार भन्दा बढी परहेजमा बस्नु पर्ने स्थिति छ भन्दै उसको कान फुकेझैं सुस्त सुस्त केही कुरा बतायो, बुझायो । अनि उसलाई बाहिर पठाएर सवितालाई फेरी भित्र एक्लै बोलायो र कुर्सीमा बस्न इशारा गऱ्यो । सविता कुर्सीमा बसेपछि उसले भन्यो "एउटा कुरा थाह छ सविता ?"

सविताले प्रश्न सूचक दृष्टिले प्रोफेसरको मुखमा हेरिन् ।

"हिन्दूधर्म शास्त्रमा पुरुषले वीर्यको र नारीले शीलको रक्षा गर्नु पर्दछ भनेको छ, हैन ?"

सविताले कुरा न बुझे झैं प्रोफेसरको मुखमा हेर्दै रहिन् ।

"जसले यो मर्यादाको पालन गर्दैन, प्रोफेसरले कुरा अगाडी बढायो ।" त्यो नर्कमा पर्दछ भनेर यत्रतत्र तमाम लेखेको छ । त्यो नर्क को अर्थ थाह छ ?"

सविताले थाहा छैन भनेर टाउको हल्लाइन ।

"त्यो नर्क को अर्थ हो यही शरीरको पतन । व्यभिचारले ब्याधि पैदा गर्दछ र सदाचारले निरोग राख्दछ । यो कुरा अरुलाई पनि हृदयंगम गराउनु । अब जाऊ । सुखी रहे ।भनि प्रोफेसरले आशीर्वाद को मुद्रामा हात उठाई दियो ।

सवितालाई प्रोफेसरको कुरा समझमा आएन । प्रसंग नै थाह भएन । उनी नमस्ते गरेर केबिनबाट बाहिरिइन् ।

(७)

बनारसको केही दिनको प्रवाशले सबैको मन केही हलुंगो गराई दियो । यशोदा देवीको लागि तीर्थाटन भयो भने सविनय र सविताले इष्टमित्रसँग भेट्न पाए । मित्रताको नवीकरणले मनलाई प्रफुल्लित बनायो । यसै सन्दर्भमा बादलसँग पनि भेटघाट भयो । तीन वटै मित्र खूब रमाए । बादल अहिले विश्व स्वास्थ्य संगठनको तत्वावधानमा काम गर्दथ्यो ।

यो संगठनले अहिले विश्वबाट महामारीहरुको उन्मूलनको कार्यक्रम चलाएको थियो । जसमा बाल मृत्युदर घटाउने, लक्ष्य प्रथम चरणमा आएको थियो । यसको लागि

बालकहरु र गर्भवती महिलाहरुलाई कुपोषणको शिकार हुन नदिने, सन्तुलित भोजन उपलब्ध गराउने, गर्भ निरोध, स्त्री शिक्षा, प्राथमिक बाल उपचारको शिक्षा, स्वच्छ खानेपानी, सफाई, झाडापखाला, मलेरिया, हैजा र विफर उन्मुलनका तमाम कार्यक्रमहरु योजनाबद्ध रुपमा चली रहेका थिए । यस पटक यो संगठनले आफ्नो कार्य विस्तार नेपालमा पनि गरेकोले तीन महिने कार्यक्रम सञ्चालनको लागि डाक्टरहरुको एउटा टोली नेपाल जांदै थियो जसमा बादल पनि सम्मिलित थियो । यो कुरा थाह पाएर सविनय र सविता दुवै जना बहुतै खुशी भए । सविनय आमालाई छोड्न सक्ने अवस्थामा थिएन । उता सविताको पनि ध्यान राख्नु पर्ने जरुरी थियो । यस्तोमा आमालाई अनकंटार पहाडमा लैजान उपयुक्त थिएन, तब सवितालाई नै गाउँमा रोक्नु पर्छ । सविनयले यो कुरा भनि पनि सकेको थियो तर बादलको नेपाल जाने कुराले उनीहरुको समस्याको समाधान गरी दियो ।

बादललाई पनि आफ्नो गाउँ ठाउँको मोहले तान्यो । उसले नेपालको पश्चिमी क्षेत्रमा आफू खटिने र सविताको पनि हेरचाहमा मद्दत गर्ने कुरा निश्चित भयो । सविनयले सविता र आमालाई लिएर घर फर्क्यो । केही दिन गाउँमा बसेर सवितालाई हवाई जहाजबाट डोटी जान भनेर काठमाण्डु पुऱ्याई दियो र आफू फर्क्यो ।

काठमाण्डू पुगेपछि सवितालाई राहुलको सम्झना भयो र ऊ सँग अन्तिम कुराकानी गर्न भनेर एक दिन साँझ भेट्न उसको डेरामा पुगिन् । राहुल पहिले जस्तै एकाकी जीवन, एक्लै बसेर कुनै पत्रिकाको पाना पल्टाउँदै थियो ।

केही वर्षपछि अचानक सवितालाई आफू सामुन्ने देखेर ऊ पहिले चकित भयो त्यसपछि उनको हातमा एउटा सानो बैनिटी बैग बाहेक अरु केही देखा नपरेकोले त्यतिकै आएकी रहेछिन् भन्ने सोचेर उसको अनुहारमा निराशा झल्क्यो तर तत्क्षण सावधान भयो र “आऊ सविता” भनेर मुस्कुरायो ।

सविता गएर सोफामा बसिन् । बिमारीले उनको अनुहार क्लांत भएको थियो । राहुलले त्यतै संकेत गर्दै “यो शरीरको यसरी दुर्गति कसरी भयो सविता ?” भनेर दुःख प्रकट गऱ्यो ।

सविताले आद्योपान्त सबै कुरा वर्णन गरिन् । उनको सविनयसँगको सम्बन्धको बारेमा राहुललाई त पहिले देखि स्पष्ट नै थियो । त्यस बाहेक बीचको कुरा पनि भनिन् र अहिले उनीहरु पति पत्नीको अवस्थामा रहेको तर यो सम्बन्ध सविनयको गाउँमा मात्र प्रकट भएको र पहाडको समाजमा प्रकट नगरेको कुरा पनि बताइन् । सविताले राहुलसँग एउटा सामान्य मित्रतासम्मको सम्बन्ध स्वीकारेकीले ऊसँग केही ढाँट्नु पर्ने आवश्यकता पनि थिएन ।

"पहाडमा यो सम्बन्ध प्रकट हुन नदिन सावधानी राख्नुपर्ने कारण मैले बुझ्न सकिन । त्यहाँ त झन सरल समाज छ ।" राहुलले सोध्यो ।

"यही सरलताले त बाधा गऱ्यो । तपाईंसँग विवाहित छु भन्ने कुरा त्यहाँ स्पष्ट छ । तपाईंका आमा बाबु दुई पटक त्यहाँ गएर एक एक दुई दुई महिना बसेर पनि आउनु भएको छ । अब तपाईंले सम्बन्ध बिच्छेद नगरी दिने हो भने हामी दुवैलाई हानि छ ।"

"दुवैलाई कसरी हानि छ ?"

"म रखैलको जीवन बिताउन बाध्य भैरहेकी छु र हाम्रो यो सम्बन्ध कथम कदाचित कतै प्रकट हुन जान्छ भने तपाईं एउटा सरल र निर्दोष व्यक्तिको अकारण बदनामी हुन सक्दछ ।"

"सरल र निर्दोष ।" राहुलले सविताको शब्द दोहरायो । " अब के गर्न उचित छ त" हाँस्दै सोध्यो ।

"छोडपत्र ।"

"त्यो त हुन न सक्ने भयो, सविता ? राहुल अचानक गम्भीर भयो ।

"न हुने भयो ? किन ? सविताको मुख तमतमायो । उनी उत्तेजित भएर उभ्भिन् ।" के रहस्य छ यसमा ।" उनी चिच्याइन् ।

"शान्ति भएर बस सविता ।" राहुलको स्वरमा नम्रता थियो । "रहस्य छ, यसलाई रहस्य नै रहन देउ, न सोध सविता, केही न सोध, म विन्ती गर्छु, जसरी जीवन चली रहेछ चल्न देउ ।" बोल्दा बोल्दै उसको आवाज भारी भयो ।

सविता फेरी सोफामा बसिन् । उनलाई आश्चर्य लाग्यो । रहस्य छ रे ? के होला ? आज कुरा छीनो फानो गर्नै पऱ्यो । अब यसरी चल्दैन ।" आज तपाईंलाई कुरा सफा गर्नै पर्छ ।"

"मेरो दुःख, म आफै एक्लै भोगी रहेको छु आठ वर्ष देखि । यो रहस्य मेरै साथमा सिद्धियोस भन्ने मेरो कामना थियो तर तिमीले जिद्दी गऱ्यो र जे भए पनि तिमी पत्नी नै हो तयसैले आज आफ्नो स्वार्थको कथा तिमीलाई बताउँछु ।"

"स्वार्थको कथा ?" आश्चर्य मान्दै सविताले सोधिन् ।

"हो स्वार्थ कै कथा व्यथा भन्नु पर्दछ । दुनिया स्वार्थी छ, परमार्थमा पनि स्वार्थ नै नीहित छ, म त झन..... । ऊ एक छिन चुप लाग्यो । घटित घटनाका तानाबाना बुन्दै एक छिन घोरियो । आफ्नो अतीतमा पुग्यो ।

"म सरकारी कोटामा पढ्न रुस गएको थिएँ । पश्चिमी मुक्त समाज पहिलो पटक देखें त्यहाँको खुल्लापन मलाई खूब मनपर्‍यो । कुनै पनि एशियाली व्यक्तिको लागि त्यहाँको स्वतन्त्रता र यौन स्वछंदताले आकर्षण गर्दछ । म पनि आकर्षित मात्र भइन, त्यसमा खूब रमाएँ, चुर्लुम्म डुबें, डुबाइएँ । तर प्रकृतिलाई त्यो सहन भएन ।" ऊ रोकियो । अगाडीको व्यथा भन्न गाह्रो लाग्यो तर फेरी आफ्नो भावना माथि नियन्त्रण गर्दै व्यथा पोख्यो ।

"मानिसको लागि चरित्र रक्षा उसको जीवन हुन्छ जीवनको सार हुन्छ । मैले त्यसको रक्षा गर्न सकेको थिएन । काठमाण्डू आएको केही समय भित्रै शारीरिक व्याधि देखापरे, रोग बढ्न थाल्यो, उपचार गरें गराएँ, भारतका ठूलठूला चिकित्सकले हेरे तमाम पूँजी त्यसमा चौपट भयो तर रोग थियो कि दिन दूना रात चौगुना बढ्यो अन्तमा चिकित्सकहरुले मेरो पुरुषत्व हराएको कुराको घोषणा गर्दै विदेशमा गएर एक पटक प्रयाश गर्ने सल्लाह दिए ।"

ऊ फेरी रोकियो । सविताको अनुहार विदीर्ण भयो । उनको आँखामा हेर्दै राहुलले भन्यो "म आफ्नो आमा बाबुको एक्लो सन्तान भएकोले आमा बाबु चाडै भन्दा चाडै मेरो विवाह गरेर आफ्नो दायित्वबाट फुरसत लिन चाहना राख्नु स्वाभाविकै हो, तर मैले विवाह गरेर के गर्ने र आफ्नो ब्यथा आमा बाबुलाई भनेर उनीहरुलाई दुखी बनाउन पनि नमिल्ने । यस्तैमा तिम्रो अनुरोधमा मैले आफूलाई परिस्थितिको हातमा सुम्पी दिएँ र पोखरामा गएर विवाह गरें । आमा बाबुको सन्तुष्टि भयो उता पत्नीसँग आफ्नो हृदय खोलें । पत्नीलाई त्यो असह्य भयो र उसले मलाई छोडी । परिणाम मलाई थाह नै थियो त्यसैले मलाई सुख दुःख केही लागेन ।"

दोस्रो चरणको व्यथा अप्ठ्यारो छ ।" यहाँ मेरो स्वार्थ नै देखा पर्दछ । तिम्रो सुन्दरताले मलाई विमोहित पार्‍यो । म तिमीसँग मनमनै बहुतै प्यार गर्न थालें रात दिन तिम्रो स्मृतिमा रहें तर तिमीलाई पाउने उपाय केही थिएन । अकस्मात तिमी दुर्घटनामा पर्‍यो, आँखाको ज्योति नष्ट भयो, त्यस बेला तिम्रो निकटता प्राप्त भयो त्यो निकटताले झन मलाई पागल बनाई दियो ।

घरको त्यति ठूलो सम्पति थिएन, छैन पनि । यसै कारण विदेश गएर आफ्नो चिकित्सा गराउन सम्भव थिएन् । अचानक मलाई समस्याको समाधान देखा पर्‍यो । त्यो थियो तिम्रो फैक्ट्री ।"

"फैक्ट्री" आश्चर्य मानिन् सविता ।

"हो फैक्ट्री" राहुलले लामो साँस फेऱ्यो । "मानिसका अपरिहार्य आवश्यकताले उसलाई सुविचार त्याग्न लगाएर कुविचार तर्फ पनि प्रेरित गर्दा रहेछन् । तिमी थियो अन्धी, तिमीलाई योग्य साथीको आवश्यकता थियो र मलाई आफ्नो स्वार्थ र आमा बाबुको चाहना पूरा गर्न आवश्यक थियो । यी तीन वटै काम पूरा गर्ने श्रोत तिम्रो फैक्ट्री भएकोले मैले तिमीसँग विवाह गरें । फैक्ट्रीको आमदानीबाट विदेश गएर दुवै जनाले उपचार गराउने मेरो लक्ष्य थियो । तबसम्म भरसक तिमीसँग रात न बिताउने येनकेन बहाना बनाएर छुट्टै बस्ने योजना थियो । तर अभागीहरुको अघि अघि दुर्भाग्य दौडन्छ । विवाह भन्दा ४/५ दिन पहिले तिम्रो फैक्ट्री डढेको रहेछ त्यो कुरा जब तिमीले प्रथम दिन भन्यो तब मेरो टाउको रिंग्यो । म हताश भएँ, एकान्त खोज्नलाई भागी हालें । तिम्रो जीवनलाई झन दुखदायी पो बनाउन पुगेको रहेछु ।"

"जे भए पनि भाग्यले केही साथ दियो । सानीमाको धनले हामी लन्दन गयौं । तिम्रो अप्रेशन पिरियडमा मैले आफ्नो जाँच गरई रहें तिमीलाई भनौं भने कसरी भनौं । कर्मभोग थियो एक्लै भोग्नु थियो । अन्तमा परिणाम .....।"

"परिणाम ! के भयो राहुल के भयो ?" सविताले हतारिएर सोधिन् ।

"अभागीको परिणाम के हुन्थ्यो सविता ? निराशा हात लाग्यो । डाक्टरहरुले धैर्य राख्ने र संयमित रहने सल्लाह दिए । चार पांचवर्षमा त्यो शक्ति आफै फर्कन सक्ने आशा व्यक्त गरे । अब मलाई त झन् ठूलो समस्या भयो । तिमीसँग बस्ने कसरी ? तिमीलाई छोडौं भने अब के भनेर छोडौं, आमा बाबु र समाजलाई के जवाफ दिने ? स्वयं तिमीलाई के जवाफ दिने ? कुनै बाटो देखिएन । तब एउटा ˇ अठोट गरें । एकमात्र उपाय । तिमीलाई अंकमाल गरेर सुख दुःख पोख्ने अभिलाषा त्यागेर तिम्रो उपेक्षा गर्नु नै एक मात्र बाटो रह्यो । तिम्रो पोस्टिङ्ग भयो मैले भन सुन गरेर तिमीलाई दुर्गम पहाडमा धकेलें ।"

"यसै बीचमा सौभाग्यको एउटा सानो किरण देखा पऱ्यो । तिम्रो पूर्व प्यार, तिम्रो सविनय अचानक उदायो । मलाई सजिलो भयो । तिमी आफ्नो संसारमा रमाएकी देखेर मलाई सन्तोष लाग्यो र आफूलाई तिमीदेखि विल्कुल टाढा राख्दै आएँ तर छोडपत्र भने गर्न सकिन यसमा पनि मेरै स्वार्थ छ ।"

"अब के स्वार्थ बाँकी रह्यो ?" सविताले सोधिन् ।

"ठूलो स्वार्थ छ सविता, कमसेकम मेरा बुढा आमा बाबुलाई बुहारीको सुख मिलेको छ ,नातिनी भनेर तिमीहरुकै सन्तानमा सुखी त छन् त्यसैले त दुईपटक तिमी कहाँ पुगेका छन् । उनको सामुन्ने यो इतिहास प्रकट भयो भने के हुन्छ सविता थाह छ ? उनीहरुको

अन्तिम अवस्थामा भुइचालो जानेछ । त्यसैले सविता तिम्रो सुखको लागि मैले आफूलाई अलग राखी रहेछु र आमा बाबुको सुखको लागि यो नाता कायमै राखेको छु । जो गैर हो त्यसको तिमी भोग्या हौ, तिमी मेरी हौ तर म तिमीलाई अंगीकार गर्न सक्दैन । कस्तो विडम्बना हो, सविता कस्तो बिडम्बना हो ? मैले भाग्यसँग सम्झौता गरी सकेको छु ।" उसले टेबिलमा टाउको राख्यो र रुन थाल्यो ।

सविता त आकाशबाट खसे जस्तो भइन् । यति वेदना आफ्नो हृदयमा लुकाएर बसेका रहेछन् उनी । त्यसैले त दुनियाँमा एक्लै छन् । न कोई साथी छन् न त काम काजमा उनको रुचि नै छ । महा दुर्भाग्यमा रहेको अभागी ।

राहुल एकछिन खूब रोयो तब मन केही हलुंगो भयो । सदियौं देखि मनको भार आँसुले हरण गर्दै आएका छन् । दुःखका एकमात्र साथी तिनै त हुन् । उसले फेरी आग्रह गर्दै भन्यो "सविता तिमीहरुको बीचमा म पर्दैन, यति विश्वास गर, अब तमाम नयाँ नयाँ चिकित्सा प्रणाली विकसित भैरहेका छन् मैले ठूला ठूला चिकित्सकहरुसँग सम्पर्क बनाएको छु । अब चिकित्सकहरुले विश्वास दिलाएका छन् एक दुई वर्षमा केही शक्ति फिर्ता आउँछ भनेर । म समयलाई पर्खेर बसेको छु । भाग्यले मेरो साथ दियो भने एक पटक फेरी कसैसँग विवाह गर्नेछु र तिमीलाई पूर्ण मुक्त गरिदिने छु । तबसम्म मेरो बिन्ती छ यो रहस्य रहस्य रहोस् । समाजले बनाई दिएको सम्बन्ध देखावटी रुपमा कायम रहोस् ।" राहु र सविता कहीं धेरै समय सम्म साथै रहन सक्छन र सविता ?"

(८)

राहु र सविता धेरै कालसम्म सँगै रहन सक्दैनन् भने सविता र सविनय धेरैकालसम्म सँगै रहन सक्दछन् त ? उदय र अस्तको समयमा यो विनयशीलता हुन्छ सवितामा तर दियंसो त प्रचण्ड तापले विनयशीलतालाई पर हुत्याई दिएको हुन्छ । यो त प्रकृतिकै नियम हो भने यसको अपवाद कहाँ ?

करीब एक महिना आमाको सेवा सुश्रुवामा रह्यो सविनय । अन्तमा आमा चिरनिन्द्रामा परेपछि काज क्रिया सबै निप्टाएर ऊ हिँड्यो डोटी । अब घर परिवार छोडेर टाढा बस्ने अवस्था रहेन । उता उसलाई पनि भित्रभित्र रोगले खोक्रो पार्दै गएको छ । ऊ स्वयं पनि अस्वस्थ छ ।

फैक्ट्रीमा पुग्दापुग्दै ऊ झन् अस्वस्थ्य भैसकेको थियो । पूरा शरीर तातो तवा झैं गरम थियो र वाकवाकी लागि रहेको थियो । ऊ निढाल भएर पलंगमा लड्यो र तत्काल सवितालाई बोलाउन चौकीदारलाई पठायौं ।

सविनयको आगमन र अस्वस्थ्यताको खबर सवितालाई दुइ घण्टापछि प्राप्त भयो । उनी स्वास्थ्य शिक्षा कार्यक्रममा स्वास्थ्य टोलीका साथ अर्कै गाउँमा गएकी रहेछिन् ।

बादल पनि खटिएर आई सकेको रहेछ । सविनयको खबर पाउना साथ दुवैजना उसको फैक्ट्रीको क्वाटरमा पुगे । दुवैले परीक्षण गरे, केही औषधि मगाए र खुवाए र अैषधिको प्रभाव हेर्न कुर्सीमा बसे ।

सविनयले बडो लालायित र उत्सुक भएर सविताको मुखमा आँखा गडाएको थियो र एक पटक, उनको स्पर्श गर्न पाए हुन्थ्यो भनेर सोच्दै थियो । सविता कुर्सीमा बसेर थकाई लागेको भन्दै टेबुलमा टाउको राखेर दायां पट्टी कुर्सीमा बसेको बादलको मुखमा हेर्दै थिइन् । बादल केही चिन्तित थियो तर सविता लापरवाह देखिन्थिन् उनी मन्द मन्द मुस्कुराउँदै बादलको आँखामा आँखा गाडेकी थिइन् । उनको आँखामा रसमय टिमटिमाहट थियो । प्रेमले रसिएका थिए ठूल ठूला आँखा ।

भनिन्छ आँखा हृदयका आइना हुन्छन् । आँखाका नानीहरु प्रेमले टनाटन भरिएका, आँखा पनि हाँसेका त्यो भावपूर्ण हेराई । आँखाको यही हेराईले त मनको भेद खोली दिन्छ । प्रेमलाई जति लुकाए पनि लुक्नै नसक्ने गराई दिने यी आँखा नै त हुन् । सविनय झस्क्यो । के सविता फेरी..... । अगाडी उसले सोच्नै सकेन । “होइन केही होइन जहाँ धेरै प्रेम हुन्छ त्यहाँ शंका पनि धेरै हुन्छ । मनमनै आफूलाई सान्त्वना दियो । म तिर हेर्दा हेर्दै उतातिर आँखा घुमे होलान् । यो हेराई त म प्रतिको हो ।” संतोष भैहाल्यो उसलाई ।

केही आफन्ते गफगाफ भयो । कुरा कानीमा सविताका आँखामा त्यस्तो ज्योती निरन्तर देख्न थालियो । उसले टाउको झटकेर इर्ष्यालु विचार धपाउन कोशिस गर्दै भन्यो “तपाईं दिनभरी थाकेर आउनु भएको छ बादलजी । अब गएर आराम गर्नुस्, म अलि अलि ठिक छु । सविता यहाँ छँदै छिन् ।”

बादल उठ्यो र हिँड्न उद्यत भयो । अचानक सविता पनि उठिन् “छोरीलाई आज बिहानै देखि छोड्की छु म पनि जान्छु ।” भन्दै उनि पनि हिड्न तयार भइन् ।

सविनय हडबडायो उसले सवितालाई “रुक त सवि, एक छिन अरु बस ।” भन्यो तर सविताले आग्रह अस्वीकार गर्दै हिँडी हालिन् । दुवैजना सँग सँगै सविनयको क्वार्टरबाट निक्लेर बाटोमा आए । सविनयले सवितालई हेर्ने मोह संवरण गर्न सकेन । ऊसले खाटमा बसेर झ्यालबाट बाहिर आँखा दौडायो । बादल र सविता बिल्कुलै अगल बगल, दुवैको बीचमा मुश्किलले ६ इन्चको दुरी, दुवैका हात र पाइला लयबद्ध भएका थिए । दुवैका पाइलामा समान गति समान ताल थियो सरसता थियो र साथै देखिन्थ्यो जीवन्तता पनि । सविनय टाढासम्म हेरी रह्यो । बादलको गेस्टहाउस तिर जाने बाटो छुट्यो उनीहरु अगाडि बढिसकेका थिए । सविनयले लामो साँस फेऱ्यो र निढाल भएर खटियामा ढल्यो ।

एक दिन एक रात उसले खटियामा बितायो । बादल दुइ पटक आयो उसलाई हेर्न तर सविता आइनन् ।

तेश्रो दिन बिहान ऊ सरासर सविता कहाँ गयो । उसलाई देखेर सविता बाहिर आँगनमा आएर उभिन् र यताउताका कुरा गर्न थालिन् । सविनयलाई थकाई अनुभव भैरहेको थियो तर त्यहाँ बस भन्ने कोही भएन ।बस भन्ने चलन भए पो त । तब ऊ आफै बैठक कोठामा गएर बस्यो । सविता साना तिना काममा भित्र बाहिर गर्दै रहिन् उसले पटक पटक आग्रह गर्दा पनि उनी ऊ सँग बस्न गइनन्, छिमेकका केटीहरुलाई डाकेर यो काम गरी देउ त्यो काम गरी देउ भनेर काम अह्राई रहिन् र सविनयको सहनशीलताले सीमा नाघ्यो । ऊ उठ्यो र उनीसँग भान्सामा पुगेर "यो के हो सवि ?" भन्दै च्याप्प हात समात्यो । उनीले झटकेर हात छोडाउदै" क्वार्टरमा गएर आराम गर" भनिन् ।

"मलाई फाइदा बेफाइदा के भयो ? सोध्यौ तिमीले सविता ?"

"आँखाको सामुन्ने देखिएकै छ के सोध्नु पर्‍यो ?"सविताले झर्केर जवाफ दिइन् ।

"तिम्रो यो व्यवहार मेरो समझमा आएन ।" खिन्न भएर सविनयले भन्यो ।"

सविता बोलिनन् ।

"केटीहरुलाई यही बेला किन बोलाएको नि", सविनयले तेज स्वरमा भन्यो ।

"मेरो काम थियो, मैले बोलाएँ तिम्रो के मतलब ।?"

"मतलब त छ, त्यो मतलबको लागि अब साँझ आउँछु भनेर ऊ त्यहाँबाट फर्क्यो ।

"साँझ यहाँ नआउनु, बताई दिएछु । पछाडीबाट सविताको रुखो आवाज सुन्यो उसले ।

क्वार्टरमा फर्केपछि ऊ काटिएको रुख झैं विस्तारामा पछारियो । सविता उसको हातबाट फेरी फुत्की छन् ऊ सोच्न थाल्यो । अब, अब के उपाय रह्यो ? के गर्ने, सविता विनाको जीवन ? नीरस र शुष्क जीवन । बाँचेर के लाभ छ ? उनी त मेरो जीवन ज्योति हुन् । मणि विना सर्प कहीं रहन सक्दछ ? मेरो त मणि लुटियो चोरियो । ऊ धेरै सोच्न सकेन । धुरु धुरु रुन थाल्यो ।

उसको आँखाको चमक, ओंठको मुस्कान सब हरायो । अस्पताल जाँदा बादल त्यहाँ उपस्थित रहन्छ र बजारमा पनि बादलकै साथ हुन्छिन् । उसको क्वार्टरमा उनी जाने कुरै

भएन उनको क्वाटरमा जाँदा आँगनमा उभिएर बाहिरी कुरा सुनेर अपमान सहेर धोबीले लुगा निचोरे झैं आफ्नो मुटु आफै निचोर्दै डेरामा फर्कने बाहेक अरु प्राप्त हुने केही होइन ।

"कस्ती छिन मेरी सविता ?" ऊ संधै तनावग्रस्त रहेर सोची रहन्छ । उनी यस्ती कसरी भइन् । उनलाई डाक्टरले ..... अगाडी उनको अनिष्टको कुरा त उसले सोच्नै सकेन । मेरो भाग्यमा यस्तै आह गर्नु र रुनु नै लेखेको छ ? हो त नि ? यही त लेखेको रहेछ । तर यसपटक उनले यस्तो उपेक्षा गर्ने कारण ? उसको त रुआ बासीमा दिन र रात बित्न लागे । सवितालाई एकान्तमा पाउन उसले जति प्रयत्न गर्दथ्यो त्यतिकै निराशा हात पर्दथ्यो । तर जहाँ चाह त्यहाँ राह भने जस्तै एक दिन उसले अद्‌भुत साहस देखायो । एक दिन साँझ ऊ धमधमाउँदै उनको कोठामा पस्यो । उनी आराम गर्दै रहिछिन् खाटमा । उसले खाटमा नै उनलाई पछाऱ्यो । उनी छटपटिइन् । उठेर बाहिर जाने प्रयत्न गरिन् तर उनको केही नलागेपछि भित्ताको आडेस लगाएर खाटयामा बस्दै "तिमी के चाहन्छौ बिन्नू" भनेर सोधिन् ।

"तिमीलाई, सवि । मात्र तिमीलाई ।"

"त्यो त अब हुँदैन ।"

"किन ?"

"इन, किन केही नाई ।"

"होइन, कारण त बताऊ ।"

"म यसरी रखैल भएर बस्दीन ।

एकछिन घोरियो सविनय र तत्काल एउटा निर्णय लिएर उनको हात समात्दै "ल भर्खरै उठ, मैले स्वीकारे" भन्दै उनलाई तानेर उठाउन खोज्यो ।

"भो भो पर्दैन । अब मलाई कसैको केही बन्नु छैन ।" भन्दै सविताले हात छुटाइन् ।

"अब के मेरो हातमा हात पनि रहन दिन्यौ ?"

"किन हात दिने ? के नाता छ तिमीसँग ?"

"म बाहेक कोई अरुसँग पनि त तिम्रो नाता छैन सवि ।"

"अरु सँग ? को अरुसँग मेरो नाता हुनु पर्ने भन्ठान्छौं ? म लुगा फेरेझै लोग्ने फेर्ने स्त्री हुँ ।" सविताले फत्फताउँदै भनिन् ।

"होइन, होइन ? त्यस्तो पाप म त चिताउँदैन । तिमी मेरी हौ, मात्र मेरी । अरु कसैले हात लगाउने कुरा त पर जाओस्," सविनयले मुट्ठी बाँधेर दाह्रा कटकटाउँदै भन्यो "कसैले आँखा उठाएर तिमीलाई हेरी मात्र दियो भने, तिम्रो शपथ, सविता उसलाई काटी दिन्छु र आफू पनि सेतीमा हाम फाल्छु ।"

सविता चुप लागिन् । ऊ पनि चुप भयो । तमतमाएर रातो भएको मुख फेरी स्वाभाविक भयो, क्रोध र आवेशको ठाउँमा उसको मुखमण्डल फेरी दयार्द भएर आयो र सविताको आँखामा हेर्दै बसी रह्यो ।

"यति ध्यान दिएर के हेरेको ?" यसपटक सविताले सोधिन् ।

"हेरी रहेछु ती ओठ, ती आँखा, ती गाला, त्यो चिउडो, त्यो घाँटी र तिम्रा शरीरका ती अंग प्रत्यंग जो कुनै समयमा मेरा थिए । मेरा लागि थिए" उसले दीर्घ निश्वास छोड्दै भन्यो ।

"अब के भयो ?" सविता मुस्काइन् ।

"तिमी हाँस्छ्यौ सविता । हाँस म अभागी माथि हाँस ।" उसका आँखामा आँसु भरिए । उसले अबरुद्ध कंठले गुनासो गऱ्यो । "तर सवि अब यी कुनै अंग पनि मेरा रहेनन् । मेरो अधिकार सिद्धियो, सिद्धियो हैन र सवि ? उसका आँखामा साउन भदौ उर्लियो । ऊ रुँदै रह्यो सविता चुप लागेर बसी रहिन् । एक छिन पछि सविनयले टाउको उठायो र सविता तिर हेर्दै भन्यो "यही टाउकोमा हात राखेर के भनिथ्यो सवि ? याद गर, मैले कुनै अपराध गरेको छु भने बताई देउ, दण्ड दिने भए त्यो पनि देउ तर सवि यी अंग प्रत्यंग सब तिम्रै हुन् । तिम्रो मात्र हुन् यति त भनि देउ ।"

"तिम्रै त हुन् । अरु कस्का हुन पागल ?" सविताले आखाबाट प्रेम पोख्दै भनिन् ।

सविनय भावविहवल भयो, प्राणदान पाए जस्तो भयो र उसले उनको हात समातेर "साँच्चै हो सवि ?" फेरी भन सवि । फेरी भन । म बहुत खुशी छु" भन्दै तडातड हातमा चुम्बन गर्न थाल्यो ।

उसका रोग, उसका व्यथा सब भागी सकेका थिए । त्यसैले जब सविताले ऐले जाऊ पछि भेटौंला भनिन् तब ऊ आज्ञाकारी बालक झैं खुरुक्क हिँडिहाल्यो ।

भोलीपल्ट उसले आफ्नो क्वार्टरमा बादललाई खाना खाने निम्ता दियो । सवितालाई पनि खबर पठायो आफू पनि भन्न गयो । साँझको समयमा सविता आफ्नी छोरीका साथ पहिले पुगिन् र पुग्ना साथ "बादल जी आउनु भएको छैन ?" भनेर सोधिन् ।

"आउँदै हुनुहोला, हामी बस्दै गरौं" भनेर सविनयले उनलाई सोफामा बस्ने संकेत गऱ्यो र छोरीलाई काखमा उठाएर म्वाई खान थाल्यो । तर, सविता गएर बरण्डामा उभिन् । सविनयको क्वार्टर सविताको क्वार्टर र बादल बसेको गेस्टहाउस त्रिभुजको तीन बिन्दुमा थिए र सविनयको क्वार्टरबाट गेस्ट हाउसको बाहिरी ढोका देखिन्थ्यो । सविताको आँखा त्यही ढोका र बाटोमा दौडिन थाले । पटक-पटक घडी हेर्दै कहाँ हराउनु भयो बादलजी भन्दै व्यग्र हुन थालिन् ।

सविनयले दिएको समय बिती सकेकोले ऊ पनि चिन्तित भयो । हुन त खाना पाक्दै थियो साँझ पर्न मात्र लागेको थियो तर सविता बहुतै चिन्तित देखिन्थिइन् । उनले क्षण-क्षणमा बादल किन आई पुग्नु भएन ?" भनेर सोध्ने र कोठामा पस्दै नपसेर बरण्डामा घरी उभिने घरी कुर्सीमा बस्ने, साडीको आँचलमा गाँठो पार्दै खोल्दै घडी र बाटोमा आँखा दौडाउने र सविनयसँग कुरा नगर्ने, उनको यस ब्यवहारबाट सविनयको मन खिन्न भयो । करीब आधा घण्टा यस्तै बित्यो । जब भान्सेले "खाना पाक्यो साहेब चाडै जिउनार भए वेश होला वर्षा महिनामा बत्तीमा कीरा आउँछन्" भनेर ध्यान आकर्षित गऱ्यो तब उसले खाना पस्कन भनी हाल्यो ।

सविनयले बहुत आग्रह गऱ्यो तर उनी भित्र जान मानिनन् । ऊ पनि बलजफती गरेर उनलाई रिसाउने मौका दिन चाहदैनथ्यो । तसर्थ सबै जनाले बरण्डामा नै खाना खाए । सविता हिँड्न तत्पर भइन्, तर सविनयले एक छिन अरु रुक्ने आग्रह गऱ्यो तर उनी मानिनन् । ।छोरीको औंला समातेर हिँडिन् । सविनय पछि पछि लाग्यो र क्वार्टरसम्म पुऱ्याउन जान्छु भन्यो तर उनी मानिनन् । एक्लै जान्छु भनिन् उनको खुशी नै उसको पनि खुशी । उसले बढी केही गर्न पनि त मिल्दैन । तैपनि बाहिर ढोकामा उनको सामुन्ने उभ्भिएर भन्यो "एक निवेदन गर्छु है सवि अस्वीकार नगर्नु ।"

" के ?"

"सिउँदो किनारमा बनाएर खूब गाढो रातो सिन्दूर भर्नु है मलाई बहुतै मन पर्छ ।"
सविता मुसुक्क हाँसिन र केही नबोलेर हिँडिन् ।

(९)

तीज आयो पञ्चमी आयो सविता खूब रमाइन् तर सविनयको उदासी दूर हुन सकेन । उनले उसलाई नजीक पर्ने मौका नै दिइनन् । तर एउटा नयाँपन के देखियो भने

उनले सविनयले मन पराउने गरे जस्तो श्रृंगार भने अवश्य गर्न लागिन् । त्यो श्रृंगारको भोग गर्न उसले नपाए पनि हेर्न त पाएकै थियो । तर उसलाई यत्तिले संतोष कहाँ ? उनले उसको उपेक्षा गरेको स्पष्ट थियो । यो उपेक्षा सविनयको मुटुको ब्यथा बन्न गएको थियो । त्यसैले ऊ एक दिन दिउँसै उनको क्वार्टरमा पुग्यो र जाना साथ "सविता आज आखिरी निर्णय माग्न आएको छु । तिमी मेरी हौ कि होइन्यौं ?" भनेर सोध्यो ।

पहिले त सविता अचकचाइन् तर पछि भनिन् "कति पटक भनीसकें मेरो पीछा छोड् देउ भनेर, तर तिमी मान्दैनौ त ।"

"होइन सवि यस्तो नभन ।" उसले हात जोड्यो "म बिन्ती गर्छु यस्तो अनर्थ नगरी देउ । तिमी बिना म रहनै सक्दैन । मलाई जुन दिन यो विश्वास हुन जानेछ कि तिमी मेरी रहिनौ, म तत्क्षण प्राण त्यागी दिन्छु । हेर सवि, दुईटीको सिउँदोको सिन्दुर हुँ म, दुई सन्तानको भविष्य हुँ । मलाई आत्महत्या गर्न किन बाध्य गराउँछ्यौ सवि ?"

"जे सुकै होस, जे सुकै गर मलाई के मतलब ?"

"यस्तो न भन हो सवि । मेरो अपराध के छ प्रिय ?"
सविताले उसलाई छोडेर धमधमाउँदै छिमेकीको घर तिर लागिन् ।

आजभोली सविनयलाई निन्द्रा लाग्न छोडे जस्तो छ । हर समय टाउको भारी भएर चड्की रहन्छ । ऊ हमेशा सविताको दुनियामा सविताको कल्पनामा उनीसँगै रहनन्छ । भेट उनीसँग रोज हुन्छ, हुन्छ होइन कि उसले गर्छ, मौका मिल्ना साथ तमाम बिलौना गर्छ तर सबै निरर्थक ।

त्यो दिन, सम्भवतः घटस्थापनाको एकदिन पहिले । उसले बडो अनुनय बिनय गरेथ्यो सवितासँग । "दशैंको चाडपर्व हो सवि शुभकामना दिने लिने समयमा दुर्भावना किन ।" तमाम कुरा तमाम स्तुति । तर बालुवामा पानी हाले जस्तो । त्यति ध्यान वंदन र पूजन भगवानको गरेको भए सम्भवतः भगवान मिल्थे होलान् । यही चिन्तनमा ऊ एकान्त निर्जनमा साँझ देखि बसेको थियो । टाढा कतै घंटाको आवाज आयो टन टन टन.....। गन्यो उसले रातको दस बजी सकेको रहेछ । ऊ जिउंदो लाश झै उठेर हिँड्यो क्वार्टर तर्फ । गेस्ट हाउस तर्फबाट जाँदा भोली घटस्थापना सँगै मनाउन बादललाई निम्त्याउँछु भनि सोच्यो र उसका खुट्टा गेस्टहाउस तिर लागे । त्यहाँ ढोका ढकढकाउँदा चौकीदारले उठेर ढोका खोल्यो उसले "पाहुना डाक्टर साहेब सुती सक्नु भएछ कि जागदै हुनु हुन्छ भनेर सोध्यो ।"

"वहाँको कोठा बाहिरबाट बन्द छ" चौकीदारले भन्यो "वहाँ कुनै कुनै दिन साह्रै अबेर फर्कनु हुन्छ कुनै कुनै दिन रातभरी आउनु हुन्न बिहानी पख मात्र फर्कनु हुन्छ ।"

"कहाँ जाने गर्नु हुन्छ ?" सविनयले आश्चर्य मान्दै सोध्यो ।

"खोइ साहेब, जुन दिन बिहान फर्कनु हुन्छ त्यो दिन कोठा बन्द गरेर ४/५ घण्टा सुत्नु हुन्छ । ठूला बडा मानिस साहेब, कहीं साथीभाईहरुका जुवा तास चल्छ होला ।"

सविनय त्यहाँबाट हिँड्यो । निन्द्रा नलागेकाले कोठामा जान मन लागेको थिएन त्यसैले एक चक्कर बजार तिरबाट लगाउँदै ऊ आफ्नै धुनमा हिँड्दै थियो । ऊ होटल पर्वतको सामुन्ने पुग्दा होटलवालाले बन्द गरी राखेको होटलको सटर भित्रबाट उठ्यो त्यहाँबाट दुई जना जुआडीहरु निस्के, सटर फेरी बन्द भयो । सविनयलाई त्यत्तिकै बादलको बारेमा सोध्न मन लाग्यो र उनीहरुलाई रोक्यो । जुआरीहरुले उसलाई चिनेका रहेछन् उनीहरुले उसलाई नमस्कार गरेर उभिए ।

"माथि होटलमा टोलीका डाक्टर साहब हुनु हुन्छ ?" सविनयले सोध्यो ।

माथि होटलमा होइन वहाँ अर्को महिला डाक्टर साहब कहाँ हुनुहुन्छ । एउटा जुआरीले कुरा स्पष्ट गर्दै भन्यो ।" मेरो छिमेककी छोरीको पेट दुखेथ्यो उसलाई डाक्टर साहबको क्वार्टरमा दस बजे तिर लगेथ्यों त्यहाँ ढोका ढकढकाउँदा दुवै डाक्टर साहबहरुले हेर्नु भयो र दवाई दिनु भयो । छिमेकीहरु घर तिर लागे हडबडीमा हाम्रो केही सामान यहाँ होटलमा छुटेकोले त्यही लिन आएका थियौं ।"

सविनयको सामुन्ने आकाश पृथ्वी सबै नाच्यो । उसको आफ्नै साथी, आफ्नै मित्र, बादलले उसैको पिठ्यूमा छुरा रोप्यो । त्यसैले त सविता बदलिएकी रहेछिन् । कुरा स्पष्ट भै हाल्यो । टाउको चडचडायो र फुट्ला जस्तो भयो । दुवै हातले कन्चट दबाएर ऊ थचक्क बाटोमा बसी हाल्यो । तर तत्काल उसलाई आफ्नो अवस्था र स्थानको ध्यान आयो । बजारमा यसरी बस्न भएन । ऊ उठ्यो त्यहाँबाट र क्वार्टरमा गएर बिना पानीको माछा झै छटपटिन थाल्यो । पागल झैं बडबडाउन र टाउको पडकन थाल्यो ।

रात बित्यो नित्यक्रियाबाट निम्टेर आफ्नो नित्यको पूजास्थलमा गयो । तर त्यहाँ भगवान भए पो भगवानको पूजा अर्चना हुन्थ्यो । उसको हृदयमा त विराजमान छिन् सविता । ढनमनिएर पछारियो भुइँमा । "भगवान तिमी छौ कही? छैनौ छैनौ, छौ भने तिमी पनि अत्याचारी रहेछौं, ओ प्रभु यो प्राण अब यो शरीरमा किन बाँकी छ ? भन्दै रोयो करायो, फोटो र मूर्तिहरु उठायो, पट्क्यो, ठोक्यो, गाली गऱ्यो । पागलपनको प्रारंभ ।

नयाँ जीवनमा पदार्पणको शुभकामना त दिनै पऱ्यो । हो जाऊँ हेरौं कस्ती भएकी छन् सवि । मेरो नाममा गरिएको सिँगार अरुलाई लुटाएपछि कस्ती देखिएलिन् । ऊ सरासर हिँड्यो । देख्नेवालाले प्रातकालीन वायु सेवनमा निस्केको भन्ठाने । ऊ सीधै सविताको क्वार्टरमा गयो । बाहिरको ढोका खुला रहेछ ? कहाँ छ्यौ सविता" भन्दै ऊ

धनधनाउँदै भित्र पस्दै गयो । कतैबाट कुनै आवाज आएन । ऊ सरासर बेड रुममा पस्यो । सविता अल्छी मानेझैं पल्टेकी थिइन् खाटमा ।

"हनीमून कस्तो रह्यो सवि ? ब्यंग गऱ्यो उसले ।

"यहाँ सन्चो छैन तिमीलाई हनीमून परेछ ।" सविताले भनिन् ।

उसको मनमा त आयो कि तिमीलाई सन्चो आजीवन लाग्ने छैन तर भनेन । "ठीक छ सुत म जान्छु" भनेर ऊ हिँड्न खोज्यो । तर सवितामा अचानक परिवर्तन आयो । हठात उसको हात समातेर तानिन् । सविनय झटका खाएर उनीमाथि ढल्न पुग्यो । सविताको बासी र दलित श्रृंगार सविनयको जीवनको आधार बन्न पुग्यो ।

(१०)

दलित श्रृंगारको एक छिनको मात्र मधुर सुवास पाएको आज छ दिन भयो । बीचमा सविताको उस्तै सुखा व्यवहार रह्यो । भोली सप्तमी, दशैंको फूलपातीको पूर्व रात्रीमा बजारका केटाहरुले बजारमा नाच रंगको आयोजना गरेका रहेछन् । सविनय सविताकै चिन्तनमा राती विछिप्त मन निरुद्देश्य यत्र तत्र डुल्दै कार्यक्रम भैराखेको ठाउँमा पुगेको थियो । एक छिन त्यहाँ हाँस्य रंग हेऱ्यो तर ऊ हाँस्न सकेन । उताबाट फर्कदै थियो । अचानक उसको सामुन्ने बादल आई पुग्यो । ऊ गेस्ट हाउस तिरबाट आएको रहेछ । उसले सविनयलाई देख्ना साथ मुख अर्कैतिर फर्कायो र फुर्ती साथ अगाडि बढि हाल्यो । सविनय एक छिन त अक्क न बक्क परेर उभियो तर तत्काल उसका खुट्टा पनि अकस्मात बादलका पछि लागे । उसले आफूलाई बहुतै रोक्यो तर रोक्न सकेन । दुवैको बीचमा करिब २० मिटरको फरक थियो । बादल सविताको क्वार्टरको अगाडि गएर ट्याक्क अडियो । ऊ अडिएको मात्र के थियो ढ्याक्क ढोका खुल्यो र ऊ भित्र पसी हाल्यो ढोका तत्क्षण बन्द भयो ।

यो त साक्षात प्रलयको दृश्य थियो सविनयको लागि । उसको बुद्धिले ठाउँ छोड्यो । ऊ सविताको क्वार्टरको वरीपरी फनफनी घुम्यो । ढोका खटखटाउँ ? नखटखटाऊँ । के फायदा , होइन, हानि नै के छ ? हानि छ, अर्काको कार्यमा किन विघ्न उपस्थित गर्ने ।

ऊ रातभरी कता कता घुमेछ, खोला किनारमा कुन ढुंगामा पछारिएछ कति रोएछ, चीत्कार गरेछ, कपाल लुछेछ, कसलाई थाह ? कुन लेखकको कलममा त्यति शक्ति छ जसले लेख्न सकोस त्यसका पीडा । मौन प्रकृति, चन्द्रमा र ताराले देखे त्यसको वेदना र सुने त्यसको आर्तनाद ।

प्रात कालीन हावा र चराहरुको गीत लहरीले उसको तन्द्रा भंग भयो । खोलाको काखमा प्रकृतिको आँचलमा उसको रात बितेको रहेछ । सविता न सही उनको स्मृति त

साथै थियो ।ऊ उठ्यो र बिस्तारै बिस्तारै डेरा तिर हिँड्यो । ऊ सविताको क्वार्टर देखि अलि परै थियो कि अनायाश त्यसका आँखा उनको ढोकामा पर्न गयो ठिक त्यही क्षण ढोका खुल्यो र झिसमिसे अँध्यारोमा बादल फ्याट्ट ढोकाबाट बाहिर भयो, ढोका बन्द भयो र लामा लामा पाइला चाल्दै बादल उसै तिर आई पुग्यो । सविनयको ठिक सामुन्ने आई पुगेपछि बादलले अगाडी देख्यो सविनयलाई । उसले फेरी मुख अर्को तिर फर्काएर उसलाई देख्दै नदेखे झैं गरेर बडो तेज चालमा गेस्ट हाउस तर्फ गै हाल्यो । यो घटना एकै छिनमा घट्यो ।

"आजको मधुयामिनी कस्तो बित्यो ? आज बेसन्चो त भएन ," मनले भने पनि उसको मानसिक शक्तिले ठाउँ छोडी सकेको हुनाले ऊ सविताको क्वार्टरमा सुखसमाचार सोध्न पस्न सकेन । आफ्नो क्वार्टरमा आएर ढोका बन्द गरेर कपडा च्यात्न थाल्यो । पागलपनका लक्षण स्पष्ट हुन लागेका थिए ।

"मृत्यु किन आई रहेको छैन ? आफैसँग प्रश्न र उत्तरको क्रम चल्यो । अभागीहरुको काल चाँडै कहाँ आउँछ , तब आत्महत्या गर्नु पर्‍यो ? होइन, चार पाँच दिनपछि त बादल जाँदैछ नि । त्यसपछि त सविता उसैकी हुन्छिन् । यो त एक समयमा दुइटा यात्रीलाई आश्रय दिन नसक्ने उनको बानी पो त । आत्म हत्या किन गर्ने ? के उपन्यास र फिल्महरुमा घटित हुने जस्तै फेरी कुनै चमत्कार हुन्छ ? बिलकुल हुन्छ । आशा नै त जीवनको शक्ति हो ? उनी बिना त तिमी मर्न पनि त सक्दैनौ । तिमी सविताका सविनय हो नि ? माथि सविता छन् भन्ने थाह पाएर आफ्नो परिजनलाई छोडेर लामो यात्रा गरेर तिमी कमल झैं त पानीमाथि उम्रेका थियो नि ! सविताकै आगाध प्रेममा बढ्यो, हुर्क्यो, हाँस्यो अब सविताको प्रचण्ड ताप नपाएसम्म तिमी ओइलाउन पनि त सक्दैनौं । तिम्रो मृत्युमा पनि त उनैको सहयोग हुनु पर्दछ । उनीसँग सहयोग माग न ? हृदयले सुझाव दियो ।

त्यही भावनावश उसले कलम उठायो र एकपाना कागज चिट्ठी लेख्न थाल्यो सवितालाई । यसरुपमा आई दिन आह्वान गर्न थाल्यो । चिट्ठी त कविता पो बनेछ ।

चिट्ठी लेखर ऊ कोठाको ढोकामा आयो र नोकरलाई बोलाएर चिट्ठी सवितालाई दिएर आउन भयो । नोकरले चिट्ठी दिएर आयो । ऊ उठ्यो र सेविङ्ग गर्‍यो, नुहायो, लुगा फेर्‍यो र आलमारीमा रहेको सेन्टको शिशी उठायो, जिउमा छर्कन भनेर । तर उसलाई तत्काल सम्झना भयो सविताले कुनै तेल र सेन्टको गन्ध मन पराउँदैनिन् । एउटा फिक्का मुस्कान एक छिनको लागि ओंठमा आयो र तत्काल विलीन भयो । सेन्टको शिशी त्यस्तै राखेर ऊ कोठाबाट बाहिर निस्क्यो ।

एक पटक दर्शन पाए हुन्थ्यो । उनको क्वार्टरमा जान नपरे हुन्थ्यो । त्यहाँ कसरी जाने ? त्यहाँ गएपछि ती पलंग, ती सिरानी, पूरै कोठाले गिज्याएको हेर्न र सहन सक्छ ? सक्दैन । भो त्यहाँ न जाऊँ । ऊ निरुद्देश्य घुम्दा घुम्दै मन्दिर पुग्यो । मन्दिरका सीढी, त्यो कुना जहाँ जाडोमा उसले रात बिताएथ्यो, सबैले उसको उपहास गरी रहे जस्तो लाग्यो ।

ऊ क्वार्टरमा फर्क्यो बिहान नास्ता पनि गरेको थिएन । नास्ता खाना कुनै कुरा पनि ठेगानमा छैन । उसले खाना खाएर कार्यालयमा गएर आफ्नो चेम्बरमा बसेको मात्र के थियो उसलाई खोज्दै बादल आई पुग्यो । चार घण्टा पहिले देखिएको रंग उडेको बादल र अहिले ठाटबाटले आएको बादलमा फरक थियो ।

दुवैले बडो प्रेमले भेटे एक अर्कालाई । हाँसे, मुस्कुराए पनि । तर सविनयको हँसाईमा जीवन थिएन, औपचारिकता र नैराश्यता थियो । खिल-खिलाउँदो हँसीको नमुना बजारमा उपलब्ध भए उसले पनि किनेर मुखमा लगाई लिन्थ्यो, सोच्यो सविनयले । मानिस कस्तो नाटककार हुन्छ । भित्र आत्मा तड्पी रहेछ बाहिर ओंठमा मुस्काईरहेछ ।

बादल भोलीको फ्लाइटबाट आफ्नो प्रस्थानको सूचना दिन आएको थियो । साथै भोली सविताको पति यहाँको स्वास्थ्य कार्यको प्रंगति विवरण लिन र दशैं यतै मान्न आउन लागेको जानकारी गराएको थियो । सविनयमा केही आशा र केही निराशाको संचार भयो । बादललाई आज खानाको लागि आफ्नै क्वार्टरमा निम्त्याउन ठीक पर्छ पर्दैन । आज उसको यहाँको अन्तिम बसाई हो । यो अन्तिम दिन त ऊ सविता कहाँ जाला । निश्चित जान्छ । तर उसको लागि त यो रात्रि पनि कालरात्रि हुने भयो । कि त उसलाई थाह नभैदिए हुन्थ्यो । आज बादल भोली राहुल पर्सी..... ।

भोलीपल्ट बादल त गयो तर राहुल कुनै कारणवश आउन सकेन । भोली आउने रे । आए आओस्, मलाई के ? सविनयले आफ्नो मनलाई बलियो गराउन चाह्यो । आज उनलाई नदेखेको तीन दिन भयो ।हेर्नु त पर्‍यो । हेर्न त पाउनु पर्‍यो ।

सविनयले घडी तिर हेर्‍यो । के गरोस अब ? दुइ बजी रहेको छ । पटक पटक उनको क्वार्टरमा जान उचित लाग्दैन र उनी यहाँ आउदैनिन् । हाट बजारमा, मेला ठेलामा उनी सँग भेटै हुँदैन । ऊ एउटा बाटो गएको हुन्छ उनी अर्कै बाटो गै सकेकी हुन्छिन्, ऊ कुनै दोकानमा पस्छ, सविता त्यहँ पसेर फर्की सकेकी हुन्छिन् । बडो विचित्र कुरा । संयोग नै नजुट्ने ।

उसले सेच्यो अब क्वार्टरमा नगएसम्म उपाय छैन ।

ऊ सविताको क्वार्टरमा पुग्यो । सविता चिया खान लागेकी रहेछिन् । उ ठिंग ढोकामा उभियो र उनको मुखैमा नियालेर हेर्न थाल्यो ।

"के हेरेको यस्तरी ? कहिले मलाई देखेका छैनौ के ? सविताले सोधिन् ।

"आफ्नो जीवनलाई हेरेको । "सविनयले लामो स्वाँस फेर्दै भन्यो "जति हेऱ्यो त्यति प्यास बढ्छ ।"

"फेरी उही पागलपनका कुरा ," सविताले झर्को मान्दै भनिन् ।

"पागल तिमीले नै त बनाएकी हो । म पागल कहाँ थिए र ?"

"बढी बक बक न गर ल चिया खाऊ" उनले एक कप चिया उसको सामुन्ने राखि दिइन् ।

उसले गिलास हातमा लियो दुई घूँट चिया खायो र भन्यो "यो खेल किन खेलछ्यौ सवि ।"

"कुन खेल ?"

"यही मलाई भकुण्डो बनाएर, खेलौना झैं खेल्ने र फ्याँक्ने गरेको खेल ।"

"चुप लाग, धेरै न कराउ ।"

"किन न कराउँ, आज कराउनै आएको छु ।"

"त्यसो भए कराई राख म हिँडे" भनेर सविता कोठाबाट निस्केरआँगनमा गएर गुन्द्रीमा बसिन् ।

सविनय पनि पछि पछि गएर उनको नजिकै उभियो ।

"मलाई एकान्तमा मर्न त देउ, यसरी किन पछि लाग्छौं ?" सविताले भनिन् ।

"तिमी किन मर्नु पऱ्यो सविता ? तिमीले रचेका खेल त बाँकी नै छन् । म जस्तो पढेलेखेका, धन सम्पत्ति, परिवार, पद प्रतिष्ठा सबै भएको ज्ञानी, ध्यानीले मनलाई बहुत सम्झाउने बुझाउने गर्दा पनि जब आफू माथि नियन्त्रण गर्न सकी रहेको छैन र तिमी जस्ती लाई नै आफ्नो जीवन मान्छु भने अकाल मर्नु त मैले हो । मैले सब देखि रहेको छु । सब थाह पाउँछु । सुकर्म र दुष्कर्म सब मैले गरेको छु चोरी मैले गरें, डाँका मैले गरें, ती सबै बाटोमा हिँडी सकेको छु भने मेरो आँखामा छारो हाल्ने तिमीले ? तै पनि म त भन्छु कि तिमी आफ्नो व्यवहारलाई सुधार । म तिम्रो हुँ ।"

"हुँ, मेरो ? मेरो कोई छैन, अब तिमीसँग बिल्कुल सम्बन्ध छैन । जो भयो भयो । अब देखि म कहाँ आउनु पर्दैन । सविता रिसाइन् काटिएको घाउमा नून चुक लागे झैं तिलमिलाइन् ।

"हो । अब साँच्चै सम्बन्ध छैन ?"

"छैन के छैन, अब टाउको न खाऊ ।"

सविनयले साक्षात आफ्नो काल देख्यो । ऊ पनि गुन्द्रीमा थचक्क बस्यो र भन्यो "त्यसो भए सवि, यो हात आज अन्तिम पटक समात्दै छु, अब देखि सविनय तिम्रो टाउको खान, तिमीलाई दुःख दिन आउने छैन । सके यो आफ्नो विन्नुलाई बचाऊ सवि । तिमीलाई बडो पाप लाग्ने छ ।"

सविता मौन रहिन् । सविनयले नै भन्यो "केही आशा गरौं सवि ?"

उनले इनकारमा टाउको हल्लाइन ।

"साँच्चै हो ?" फेरी सोध्यो ?

"साँच्चै हो ।" कठोर स्वर थियो सविताको ।

"त्यसो हुनाले अब अन्तिम हो, अन्तिम दर्शन । लौ सवि विदा तिमी सुखी रहे, मेरो लागि दुःख नमाने, नरोए सवि" भन्दै सविनयले आँखामा छल्केका आँशु पुछ्यो र एक पटक अरु जोडले उनको हात दबाएर उठेर हिँड्यो ।

(११)

नारीको काखमा पुरूषको स्वर्ग छ । नारी विना पुरूष महत्वहीन छ । सविनय आफ्नो क्वार्टरमा आयो र ओछ्यानमा ढल्यो । जीवन र मृत्यु । जीवन त खेल हो । मृत्यु हो अन्तिम सत्य सोच्यो उसले । निरर्थक र दुःखी भएर बाँच्ने किन ? उसले दुवै हातले आफ्नो कञ्चट दबायो । टाउकोका नशाहरू तन्केर चरचराए जस्तो लाग्यो । हँ, टाउकाका नशा फुटे भने ऊ त पागल हुन्छ । पागल ? उसले कल्पनामा देख्यो, लुगाका नाममा चीथडो लगाएको कपाल दाह्री बढेको, धूलोमा लथपथ, सवि, सवि भनेर चिच्याउँदै दौडी रहेको सविनय, पछाडीबाट केटा केटीहरूले इट्टा ढुङ्गा हानेर जिस्क्याई रहेका ।

ऊ सचेत भयो, पागलपनमा सविलाई बदनाम हुने काम हुन सक्दछ, उनको अनिष्ट हुन सक्दछ, त्यो त गलत हो । जसलाई आत्माले प्यार गरिन्छ त्यसको अनिष्ट त सोच्नु पनि हुन्न । पागलपन त आउन दिनु भएन । एक्लै बस्नु भएन । मानिसहरूको माझमा बसेमा मन हलुंगो होला ।

उसले ढोका खुल्लै छोडेर फैक्ट्रीमा गयो । आज चाड पर्वले गर्दा थोरै कर्मचारीहरू काममा थिए । सबैको अभिवादनको उत्तर दिँदै ऊ बड्दै गयो अगाडि, ठूलठूला मशीनहरू सब चलेका थिए । उसले सल्लाका चिरूवा काठका टुक्रालाई खडखड फोडी रहेको मशीनको सामुन्ने उभिएर हेऱ्यो । कस्तो विचित्र छ संसार ? सोच्यो उसले । अगाडि ठूलो ब्वायलरमा लकडीका फर्चीहरू उम्लिंदै थिए । अझ अगाडि बढ्यो । अगाडि विशाल स्टीम इन्जन खडा थियो । मशीनमा जोडिएका त्यसका पट्टाहरू खटपट खटपट गर्दै थिए ईन्जन स्वाँ फ्वाँ गर्दै भाप फाली रहेको थियो ।

सविताको जीवन पनि त यस्तै स्वाँ फ्वाँ गरेर चलेको छ । उनको पनि त साह्रै दुखद जीवन छ । उनी यस्तो चरित्रहीन कसरी भइन् ? उनी त बडो बुद्धिमती, सुहृदया र दयालु छिन् । समाजमा उनी जस्ती योग्य र परोपकारी महिला त काहीं कता कतै मात्र होलान् । उसले ठम्यायौ उनको एकमात्र कमजोरी र ठूलो दोष के त भने उनले आफन्तेको वचन हार्न सक्दीनन् । अत्यधिक शीलवती रहेछिन् । चाटुकार, भोगी, स्वार्थी र स्वयम् पतित प्रवृत्तिका पुरूषहरूले उनको खुल्ला समाजमा जहाँपनि आवत जावत उठबस गर्ने स्वभाव र उदारता, सौम्यता, लज्जाशीलता, शालीनता, दयालुता र शील जस्ता गुणहरूको नाजायज फाइदा उठाई शीलवतीलाई पतित बनाउने गरेका रहेछन् ।

अनि दोषी को त ? सबैले आ-आफना प्रकृति अनुसार विचार गर्लान् । कसैले सवितालाई दोषी भन्ला तर सविनयले भन्दैन । उसले त सवितामा प्रकृतिजन्य कमजोरी अर्थात दृढताको अभाव मात्र देख्दछ । अनि कुनै कमजोरी भएको नारीले के यो समाजमा इज्जत र प्रतिष्ठाकासाथ बाँच्न पाउनु हुँदैन ? बाँच्न न पाउने त होइन, तर पुरूष प्रभुत्वको यो समाजमा पुरुषले चाहे अनुसार बाँच्न पाइने रहेछ । उसले मनमनै विश्लेषण गर्दै समाजमा पुरूषको हैकमको अन्त गरी उसको विचार परिवर्तन गर्नु पर्ने आवश्यकता देख्यो । उसले पुरूष समाजलाई दोषी ठान्यो ।

तर सविता स्वार्थीहरूको भेलमा यदाकदा बगे पनि सविनयसँगको उनको प्यार कता पाखा लाग्छ ? उनी त्यति कठोर किन हुन पुग्छिन् ? अनि कहिले काहीं प्यार पनि गर्छिन् । उनको यो व्यवहारको बारेमा उसले बहुत सोच्यो ।

उसले सोच्यो–कुनै नारी विशेषमा कुलटा र पतित प्रवृत्ति रहेछ भने त्यो कुरा अर्कै हो, अन्यथा नारी जातिमा एक समयमा एक भन्दा बढी पुरूषसँग स्वेक्षाले समागम गर्ने प्रकृति त हुँदैन । अर्को कुरा सविता सामाजिक न्यायको दृष्टिले राहुलकी पत्नी हुन् भने उसको छोरीको नाताले हेर्दा उसकी रखैल पनि हुन । उनलाई राहुलदेखि मुक्ति दिलाएर पूर्णतया अपनाउन नसक्नु उसको आफ्नै कमजोरी हो । यस्तो दोहोरो भूमिकामा सविताको मन विचलित हुन सक्दछ । त्यसैले उनले यदाकदा ऊ भन्दा बलियो सहाराको खोजीमा उसलाई छोडन र अरूलाई समात्न पुगेको हुनु पर्दछ ।

उनको चरित्रको अर्को पाटो पनि हुन सक्दछ । सविता त पश्चिमी सभ्यता मन पराउने नारी हुन् । हिन्दु-नेपाली परिवेश र सामाजिक संस्कारको दायरामा जन्मे हुर्केकी तथा यसै परिवेशसँग बाँधिएकी नारीले सामान्य भावनावश पश्चिमा संस्कार र रीति

नीतिको अभ्यास गर्न थालेपछि दुई संस्कृतिको घर्षणबाट निस्कने फिलिंगोबाट आगो लागेकोले यस्तो दुर्गती र दुर्घटना भएको देखिएको मात्र त हो । पूर्वीया दर्शन र मान्यतामा यौन स्वतन्त्रतालाई घृणित कार्य मानिएकोले त यस्तो दुराग्रह देखिएको हो अन्यथा पश्चिमी जगतमा एकभन्दा बढि पूरुषसँग यौन समागम त सहज र सामान्य कुरा हो । यसको कुनै दुश्परिणामको सम्भावना कमै हुन्छ । हो, सविता भित्र पश्चिमा नारीले कोल्टे फेरेकै कारणबाट पूर्वीया समाजको प्राणी सविनयले सहन गर्न कठिन भैरहेको रहेछ । अंग्रेजी दुनियाको कुनै नारीले आफ्नो प्रेमी अथवा पतिलाई त्यागेर अन्त कतै माया प्रिती लगाएमा त्यो प्रेमी वा पतिको लागि सामान्य कुरा हुन्छ । प्रेमी प्रेमिका फेर्नु भनेको त लुगा फेरेझै सामान्य व्यवहार हो । कोहि कसैको लागि रुँदैन ।

अनि सविनय सविताको लागि कित यस्तो पागल भएको हो ? यहि त अन्तर छ, पश्चिमा र पूर्वी समाजमा । मान्यता र भावना नै अलग-अलग छन् र पो सविनय छट्टपटिएको छ, रन्थनिएको छ वियोगमा । पूर्वीया दर्शनको भावना र विचारलाई पश्चिमा दर्शनले दुश्प्रभावित गरेको कारणबाट नै सविताको व्यवहारमा विचित्रता देखिएको हो । यो व्यवहार विचित्रतालाई सामान्य वा असामान्य जस्तो चाह्यो, तै रुपमा लिन सकिन्छ । सविनयले यसलाई असामान्य मान्दछ भने उही जानोस, उही भोगोस् ।

हुनत समस्त पुरूष अथवा समस्त नारीहरूको चरित्रलाई कुनै एउटै परिभाषामा बाँध्न सकिदैन किनकि 'कुण्ड कुण्डपानी, मुण्ड मुण्ड बुद्धि' भनेर भनिएको छ सबैको भावना,विचार र संवेदना एकनास हुंदैन । विभिन्न कुरामा मनको तरंगले पनि भूमिका खेलेकाृ हुन्छ । साथै नारीहरू पद्मिनी, शंखनी, हस्तनी आदि कइयों किसिमका हुन्छन् भनि शास्त्रीय वर्गीकरण रहेकोले उनी त्यस्तै कुनै वर्गमा पर्न सक्दछिन् र आदर्शवादी परिभाषामा नअटाउन सक्छिन् । उनमा कामुकताको दोष हुन सक्दछ, संसारै त हो । गुण दोष त जेमा पनि छ । त्यसो हो भने त तिनी कुल्टा हुन्, पापिनी हुन् र सविनयकी अपराधिनी हुन् ।

कसैले पनि सविताको चरित्र विश्लेषण गरेर वास्तविकता ठम्याउन नसक्ने भयो । स्वयम् सविताले नै सक्छिन् कि ? भन्नलाई उनी त पुस्तकको पानामा छिन्, तसर्थ उनले भन्न सक्ने कुरै भएन । उनी जीवित स्त्री भएको भएपनि त आफ्नो चरित्रको कारण आफ्नै मनको तरङ्ग अनुसार नै त भन्दी हुन् । अनि ? अनि साँचो कुरा के हो त ? स्वयम् सविनयले पनि त उनी प्रतिको आशक्तिले गर्दा निरपेक्ष चिन्तन गर्न सकि रहेको छैन ।

सविताको व्यवहारको बारेमा सोचनेहरूले आ-आफ्ना विचार र आस्था अनुसार सोचनु स्वाभाविक हो । सबैको एउटै ठोस निर्णय त हुनै सक्दैन तसर्थ उसले पनि जति सोच्दै गयो त्यति किसिमका विचार आई रहे, तर केही निष्कर्ष निकाल्न सकेन । ऊ आकुल व्याकुल, हतास र निराश थियौ । बुद्धिले काम गर्न छोडदै गएको थियौ ।

अब ऊ सीढी नजीक पुगेको थियो । इन्जिनको माथि टपमा पुग्नलाई पातलो सीढी थियो र टप माथि एउटा चौतारा जस्तो बनेको थियो । मिस्त्रीले बीच बीचमा त्यही चौतारामा गएर इन्जिनको गतिविधि देख्ने गर्दथे । ऊ पनि माथि उक्ल्यो र चौतारामा गएर

उभियो । टर्पेनटाइन आयलको बासना र माथिको हावाबाट उसले फुर्ती अनुभव गऱ्यो र चारैतिर हेर्न थाल्यो । सामुन्ने साना ठूला तमाम मशीनहरू, तर आज अधिकांश बन्द छन् । उसको पछाडी चौताराको मुश्किलले पाँच मिटर फरकमा ओह्रालो छ,। तल नदी बगेकी छन् । फैक्ट्रीका फोहरमैला त्यहींबाट तल बगी रहने गर्दछ । अग्लो भीरमाथि विचित्र रूपले प्रकृतिले सम्म पारेको ठाउँमा रहेको फैक्ट्रीको यो टावरबाट दिपायलको आधा बजार छर्लङ्ग देखिन्थ्यो ।

उसको आँखा सविताको क्वार्टर खोज्न थाले, तर त्यहँबाट देखिएन । ऊ निराश भयो र तल तिर हेऱ्यो। स्टीम इन्जिनको ठूलो पाङ्ग्रा फनफनी नाची रहेको थियो । मानिसको जीवन यस्तै त रहेछ । यहाँबाट घुपलुक्क खसेर पहियामा पर्ने हो भने ? सोच्यो उसले र जिऊ सिरिंग भयो ।

उसले बडो ध्यानसँग पांग्रालाई हेरी रह्यो, निकै बेरसम्म । यो पांग्रा मेरो जीवन लीला समाप्त गर्न पर्याप्त छ ? दुर्घटना भन्लान मानिसले, तर सविताले बुझी हाल्छिन् कि यो दुर्घटना होइन । उसले दूषित विचारहरूलाई झटकेर बाहिर निकाल्न कोशिस गर्न थाल्यो । यो के पागलपन हो ? उसको आत्माले उसलाई सम्झाउन लाग्यो “सविता जस्ती पतिताको लागि रून्छौं, तिम्रो पछाडी दौडिने तमाम सविता छन् । मनलाई नियन्त्रणमा लेउ, तिमी त बहुत बुद्धिमान छौं” तर मनले हपाऱ्यो आत्मालाई “यो बुद्धिमत्ताले नै त जीवनलाई नीरसदेखि रहेको छ, के छ र संसारमा । कसले के लुटेको छ यहाँ ? तृप्तको छ ? सब व्यर्थ र ढकोसला मात्र । अतृप्तहरूको भेला मात्र । यो पनि जीवन हो ?, यो संसार असार रहेछ, यहाँ केही सार छैन । भन्नलाई त मर्नु भन्दा बौलाउनु निको भन्छन् तर बौलाएर सविता सविता चिच्याउँदै आफनो र उनको बेइज्जत गर्नु भन्दा त मर्नु नै वेश होला”उसको ठम्म्याइमा यही आयौ ।

उसको मुखमण्डल तमतमाएर रातो भयो, हातका मुट्ठी बाँधिए शरीर तन्क्यो र “सवि” भनेर एक पटक जोडले चिच्यायो र चिच्याहटका साथै उसको शरीर चौताराबाट खसेर त्यही ठूलो पांग्राको बीच पट्टामा पऱ्यो । ऊ पट्टामा पर्ना साथ पट्टा अड्क्यो, जसले गर्दा इन्जिनको स्टीम एकै चोटी बढ्यो र तत्काल एउटा धमाका भयो । इन्जिनको धुजा धुजा आकाशमा उड्यो, सविनय खसेको पांग्रा पनि उसलाई लिएर फनफनी नाच्दै भीरबाट तल खस्यो । एकै छिनमा त्यति ठूलो घटना ?

प्रातःकाल, दशैंको टीका । तमाम मानिस फैक्ट्रीको दुर्घटना हेर्न ओहोर दोहोर गरी रहेका थिए । भीरको तल केही मानिसहरू सविनयको लाशका टुक्रा टाक्री बटुली रहेका थिए । सविता अलि पर, सबैदेखि अलग, अलग उभ्भिएर साडी मुखमा कोचारी कोचारी रूवाई रोक्न कोशिश गरे पनि असमर्थ भएर रूँदै थिइन् ।

“यो दुर्घटना होइन” उनी आफै बडबडाउँदै थिन् “यो दुर्घटना होइन, यो तिम्रो आत्मदाह हो । म पतिता अब यहाँ बसेर के गर्छु म पनि तिमी सँगै आउँछु, विनय मलाई माफ गरी देउ ।” उनले तल देखिन् नदीमा सविनयले बोलाइको छ । तल, भीरको तल बगेको नदी । उनी हाम्फाल्न तत्पर भएर दुवै हात माथि उठाइन् ।

तर त्यही समयमा कसैले उनको काँधमा हात राखी दियो । उनले फर्केर हेरिन् राहुल रहेछ । उनी उसको छातीमा टाउको राखेर विलाप गर्न लागिन् "मेरो बिनय गयो राहुल अब म पनि जान्छु" भन्न लागिन् ।

राहुलले उनको टाउकोमा हात राख्यो र सुमसुमाउन थाल्यो । "यस्तो पागलपन किन सविता ? यो पलायनवादी काममा किन लाग्ने ? सविनय वास्तवमा अभागी रहेछ र तिमी पनि केही मात्रामा अभागिनी छ्यौ तर अभागीहरूले अरूलाई सुभागी बनाउन सके पो । सविनयको छोरा र तिमी दुईको छोरी, उनीहरूले के अपराध गरेका छन् ? हिँड घर जाऊँ, अब यहाँ बस्नु पनि छैन, म त तिमीलाई लिन आएको हो । स्त्री पति कै संरक्षणमा शोभा पाउँछे ।"

सविता एक शव्द पनि बोल्न सकिनन् ।

राहुलले सविताको हात समातेर डोऱ्यायो उनी डोरिदै गइन, पछि पछि ।

समाप्त

अयोध्या प्रसाद श्रीवास्तव

जन्म :- १७ दिसम्बर १९५३

जन्म घर :- बर्दिया महमदपुर गा.वि.स.-२ गणेशपुर

शिक्षा :- एम.ए., एल.एल.बी.

माता पिता :- विष्णु देवी श्रीवास्तव र त्रिलोक नाथ श्रीवास्तव

प्रकाशन संलग्नता :- पचीसौं वर्ष देखि पत्र पत्रिका हरुमा समसामयिक लेख रचना र ज्ञानका विविध क्षेत्रमा निरंतर लेखन कार्य गर्दै आएको ।

सेवा र संलग्नता :- बबई बहुमुखी क्याम्पसको संस्थापक, प्राध्यापक ।

लायन्स क्लब अफ बर्दियाको संस्थापक ।

गायत्री परिवारको समयदानी सदस्य ।

नेपाल सरकारको स्थानीय प्रशासनको पूर्व अधिकृत ।

विभिन्न संस्थाहरुमा सल्लाहकार ।

सामाजिक सेवामा संलग्न ।

निवास :- गुलरिया नगरपालिका वार्ड नं.६ जि.वि.स.रोड

सम्पर्क ०८४- ४२०४९४, www.ayodhyashrivastav.com